## पहिलो परिच्छेद
# शोधपरिचय

### १.१ शोधशीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक 'महाकवि देवकोटाका बाल कविताको अध्ययन' रहेको छ ।

### १.२ शोधको प्रयोजन

यो शोधपत्र त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको प्रयोजनको लागि प्रस्तुत गरिएको छ ।

### १.३ समस्याकथन

नेपाली बालसाहित्यको इतिहासमा प्रथम प्रकाशित पुस्तकाकार बालकृति 'राजकुमार प्रभाकर'(वि.सं १९९७: नेपाली भाषा प्रकाशिनी समिति, काठमाडौं) खण्डकाव्यबाट प्रारम्भ भएको लक्ष्मीप्रसाद देवकोटाको साहित्ययात्रामा विभिन्न विधाका विविध कृतिहरू- 'पुतली' (वि.सं. २००९), 'सुनको बिहान' (वि.सं. २०१०), 'चिल्ला पातहरू' (वि.सं. २०२१), 'छाँगासँग कुरा' (वि.सं. २०२६) तथा 'कटक' (वि.सं. २०२६) बालकृतिहरूका रूपमा देखिएका छन् ।

कविताको आधुनिक कालअन्तर्गत स्वच्छन्दतावादी भावधाराका केन्द्रीय कवि तथा नेपाली साहित्य फाँटका बहुमुखी व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटाले बालसाहित्यिक विधामा अनेक कृतिहरू प्रदान गरेर नेपाली बालसाहित्यमा विशिष्ट योगदान पुर्‍याएका छन् । नेपाली साहित्यका स्वच्छन्दतावादी भावधाराबाट उदाएर स्वच्छन्दतावादी-प्रगतिवादी भावधारालाई लिएर अगाडि बढेका देवकोटाको मूल साहित्यिक विधा कविता नै हो तापनि बालसाहित्यमा मूलतः बालसाहित्यकार (बालकविता र बालखण्डकाव्य रचना) का रूपमा प्रसिद्ध छन् भने साहित्य क्षेत्रमा कवि, खण्डकाव्यकार, महाकाव्यकार, निबन्धकार तथा नाटककारका रूपमा समेत चर्चित छन् । यसरी साहित्यका विविध विधामा कलम दौडाउने देवकोटाको जीवनी, व्यक्तित्व र कृत्तित्वको अध्ययन भएको पाइए तापनि उनका बालसाहित्यका श्रीवृद्धिमा सिर्जित कृतिहरूलाई समेटेर समग्र अध्ययन भएको अहिलेसम्म पाइएन । त्यसैले देवकोटाको बालसाहित्यिक अध्ययन गर्न उपयुक्त ठहरिएको हुँदा केही प्रमुख समस्याहरूमा केन्द्रित रही उनको बालसाहित्यिक योगदानको मूल्याङ्कन गरिएको छ । ती समस्या निम्न बुँदामा रहेका छन् -

१. देवकोटाको पृष्ठभूमिगत जीवनी के-कस्तो रहेको छ ?

२. देवकोटाको बालकविताको विकासक्रम कस्तो रहेको छ ?

३. देवकोटाका प्रकाशित बालकविता सङ्ग्रह तथा बाल खण्डकाव्य कृतिहरू कति रहेका छन् र ती कविता सङ्ग्रहअन्तर्गत के-कति कविताहरू सङ्कलित छन् ?

४. देवकोटाले रचेका बाल कविताकृति भित्रका कविता तथा खण्डकाव्यको अध्ययन कुन-कुन कोणबाट गर्न सकिन्छ ?

५. बालसाहित्यिक कोणबाट कवि देवकोटाको मूल्याङ्कन कसरी गर्न सकिन्छ ?

यिनै मूलभूत समस्याहरू तथा तिनका समाधानका लागि व्यवस्थित अध्ययन प्रस्तुत गरिएको छ ।

## १.४ उद्देश्य

१. देवकोटाको पृष्ठभूमिगत जीवनको चर्चा गर्नु,

२. देवकोटाका बालकविताको विकासक्रमसम्बन्धी जानकारी गर्नु,

३. देवकोटाका प्रकाशित बालकृतिहरू (कविता तथा खण्डकाव्य) को निर्धारण गर्नु तथा ती कवितासङ्ग्रहअन्तर्गतका कविताहरुको पहिचान गर्नु,

४. देवकोटाले रचेका बालसाहित्यिक कृतिहरूको अध्ययन कविता र खण्डकाव्यका आधारभूत तत्त्वहरूका आधारमा गर्नु,

५. बालसाहित्यिक कोणबाट देवकोटाको मूल्याङ्कन मूलतः बालकवि, बालखण्डकाव्यकार, बालकाव्यप्रवृत्तिका साथै उत्तरवर्ती बालसाहित्यिक स्रष्टाका नमुनास्रोतका रूपमा गर्नु 'महाकवि देवकोटाका बालकवितको अध्ययन' नामक शोधपत्रको उद्देश्य रहेको छ ।

## १.५ पूर्वकार्यको समीक्षा

नेपाली बालसाहित्य अन्तर्गत देवकोटाका बालकविताका सम्बन्धमा हालसम्म विशेष अनुसन्धान भएको देखिँदैन । यद्यपि केही प्राज्ञिक वर्गबाट बालगीतको सङ्कलन गर्ने काम भएको पाइन्छ । शोध, सङ्ग्रह, पुस्तक, समालोचना कृतिहरूमा बालकविताहरूको अध्ययन भएको पाइन्छ भने केही पत्र-पत्रिकामा बालसाहित्यको सर्वेक्षण सम्बन्धमा चर्चा तथा उल्लेख गरिएको भेटिन्छ । यस प्रसङ्गमा देवकोटाको बालकविताको सन्दर्भमा वर्तमानसम्म भएका पूर्वाध्ययनको स्थिति यस प्रकार देखिन्छ-

चूडामणि बन्धु र अरुहरु, 'नेपाली बालसाहित्यको सर्वेक्षण' (वि.सं. २०३५ सम्म) लघु अनुसन्धानपत्र, नेपाली केन्द्रीय विभाग, त्रि.वि. २०४२ ।

अम्विकादेवी रिमालले खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यकारिताको वर्णनात्मक अध्ययन (२०३९-४२) नामक शोधग्रन्थमा 'राजकुमार प्रभाकर' (१९९७) को (पृ.३५-४३) तथा 'कटक' खण्डकाव्य (२००४-२००६) को (पृ. ११४-११७) मा चर्चा गरेका छन् ।

कुमारबहादुर जोशीले 'महाकवि देवकोटाको कवितायात्रा र त्यसको मोड उपमोडहरूको विवेचना' (२०४२) नामक विद्यावारिधि शोधग्रन्थमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको कवितायात्रा र त्यसका मोड उपमोडहरूको विवेचना गर्ने क्रममा देवकोटाले रचना गरेका बालकृतिहरूको (पृ. १९६/२२३, २२५ र ४००) विवेचना गरेका छन् ।

महादेव अवस्थीले 'राजकुमार प्रभाकर' गरिमा (वर्ष ३, अङ्क ११, पूर्णाङ्क ३५, कार्तिक २०४२), पृ. ७९ ।

जनकप्रसाद हुमागाईले 'नेपाली साहित्यको स्थान' केही प्रगतिशील प्रतिभाहरू (२०४५, पृ. २१८) मा चर्चा गरेको पाइन्छ ।

कुमारबहादुर जोशीको 'देवकोटाका प्रमुख कविताकृतिका कालक्रमिक विवेचना' (२०४८), सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, काठमाडौं ।

सीता कटवालले 'नेपाली बालकविताको अध्ययन' (२०५०) नामक शोधग्रन्थमा देवकोटाका फुटकर कविताहरूको अध्ययन शीर्षकअन्तर्गत उनका फुटकर कविताहरू 'पुतली' ( २००९), 'सुनको बिहान' (२०१०), 'चिल्लापातहरू' (२०१९), 'छाँगासँग कुरा' (वि.सं. २०२६)मा सङ्कलित छन् तथा कतिपय कविताहरू पत्रपत्रिकामा छरिएका छन् भनी चर्चा गरेको पाइन्छ ( कार्तिक, २०४२, पृ. ७९) ।

वासुदेव त्रिपाठीको 'महाकवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कलित कविताक्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवम् दिशाबोध', गोधुली (अङ्क ५, वर्षाशरद ६, २०५१) ।

प्रमोद प्रधानको 'यसरी अगाडि बढेको छ- नेपाली बालकविता' मधुपर्क (वर्ष ३०, अङ्क ५, पूर्णाङ्क ३४०: असोज २०५३), पृ. ६ ।

चूडामणि बन्धुको 'देवकोटा', साझा प्रकाशन (२०५३)मा देवकोटाका बहुभाषिक व्यक्तित्व र कृतित्व चर्चा गर्ने क्रममा (पृ.२५४, २५९, ३२८, ३३२, ५२०) देवकोटाद्वारा लिखित बालकविताकृति 'पुतली' लेखन तथा प्रकाशन क्रमशः (२०००, २००९), त्यस्तै लोकप्रिय बालकविता 'सुनको विहान' (२०१०), 'चिल्लापातहरू' (२०१९), 'छाँगासँग कुरा' (२०२६) तथा बालखण्डकाव्यकृति 'राजकुमार प्रभाकर' (१९९६/९७) देवकोटाको प्रथम बालकविता-काव्यको विवेचना गरिएको छ ।

महादेव अवस्थीले 'लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता' (२०५६) नामक विद्यावारिधि शोधग्रन्थको लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यकारिताको विकासक्रमको सर्वेक्षण शीर्षक (पृ. ११२)मा 'राजकुमार प्रभाकर' र (पृ.११६) 'कटक'को चर्चा गरेका छन् ।

मोहनप्रसाद घिमिरेले 'बालसाहित्यकार माधवप्रसाद घिमिरे लेखकीय विधागत योगदान' ( २०५६) नामक शोधग्रन्थमा बालकविताहरूको अग्रपङ्क्तिमा लक्ष्मीप्रसाद देवकोटाका कृतिहरू रहेका छन् । उनको 'पुतली' १ (२००९), 'सुनको बिहान' (२००९), 'पुतली' २ (२०१०) र 'चिल्लापातहरू' महत्वपूर्ण छन् । यी कविताहरूमा भविष्यप्रति आशावादी विचार, राष्ट्रप्रेम, ईश्वरप्रति विश्वास, विश्वबन्धुत्व, आत्माको अमरताको सन्देश, नैतिक शिक्षा र सत्चरित्रको निर्माणजस्ता विषयवस्तुप्रति जोड दिइएको देखिन्छ ।

यसैगरी बालकवितामा सबभन्दा पहिलो काव्य 'राजकुमार प्रभाकर' (१९९७) हो । यो बालकाव्य लोककथालाई विषयवस्तु बनाएर लेखिएको छ र यसमा एकाध ठाउँमा सरल भाषाकै प्रयोग भएको छ । यसरी नै देवकोटाले ऐतिहासिक भावभूमिलाई लिएर लेखिएको पहिलो काव्य 'कटक' (२०२६) हो । यसमा नेपालको इतिहासको यथार्थताको जीवन्त चित्रण गर्नुका साथै देशभक्ति, साहस, राष्ट्रिय वीरता, बलिदान र स्वतन्त्रताको स्वर गुन्जिएको छ ।

'छाँगासँग कुरा' (२०२६) देवकोटाको प्राकृतिक छटाको वर्णन र परिवर्तनलाई समेत प्रष्ट्याएको सरल भाषा र आकर्षक शैली रहेको जोशिलो अभिव्यक्तिको कृति हो भनी विवेचना गरेको पाइन्छ ।

महादेव अवस्थीले “नेपाली बालसाहित्यको सयवर्ष” (वि.सं. १९५८-२०५८) नामक कृतिअन्तर्गत ‘नेपाली बालगीत र बालकविता-काव्यको ऐतिहासिक विकासक्रमको रूपरेखा’ (पृ. ३६-३९) शीर्षकमा रहेर नेपाली बालकविताको ऐतिहासिक दोस्रो अवधि (वि.सं. १९९७-२०३६) को थालनी र निर्माणमा आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका कवि लक्ष्मीप्रसाद देवकोटा (जीवनकाल: वि.सं. १९६६-२०१६)को थालनी देवकोटाले बालोचित विषयवस्तुको उपयोग गरी रचेको ‘राजकुमार प्रभाकर’ खण्डकाव्यको प्रकाशन (वि.सं. १९९७) का घटनाबाट भएको छ र उनकै ‘पुतली’,(रका. २००० र प्रका. २००९) र ‘सुनको बिहान’ (रका. वि.स. २००० र प्रका. २०१०)जस्ता बालकविता सङ्ग्रहमार्फत् नेपाली बालसाहित्यक्षेत्रमा ठोस कदम चालिएको हो ।

उनका ‘छाँगासँग कुरा’ (रका/प्रका. २००४/२०२६), ‘चिल्लापातहरू’ (रका. २०१२/१३, प्रका २०२१) कविता तथा बालोचित विषयवस्तुगत सरलता, सरसता एवम् श्रुतिमधुर लय रहेको छ । कल्पनाको उच्च उडान र त्यसले बोक्ने साङ्गीतिक भाषाशैलीको प्रवाहमयता देवकोटाका बालकविताका खास पहिचान हुन् भनी बालकृतिको औचित्यमाथि प्रकाश पारेका छन् ।

## १.६ शोधकार्यको औचित्य र महत्त्व

नेपाली साहित्यफाँटका बहुमुखी प्रतिभाका धनी लक्ष्मीप्रसाद देवकोटाको बालसाहित्य-यात्रा आरम्भ वि.सं. १९९६/१९९७ को ‘राजकुमार प्रभाकर’ (बालकाव्य) खण्डकाव्यबाट भएको हो । बालसाहित्य सिर्जनाको औपचारिक परम्पराको थालनी यसै खण्डकाव्यमार्फत् भएको हुँदा देवकोटालाई आधुनिक बालसाहित्य क्षेत्रका प्रमुख अग्रणी व्यक्तित्व मानिन्छ । यस कृतिबाट सुरु भएको उनका सिर्जनाले नेपाली बालसाहित्यजगत् अन्तर्गत बालकविता विधामा उल्लेख्य योगदान दिएको पाइन्छ । जसले गर्दा उनका बालकविताहरूको अध्ययन-विश्लेषण तथा मूल्याङ्कन गर्न औचित्यपूर्ण ठहर्छ ।

देवकोटाका बालकविताको अध्ययनबाट पाठकहरूलाई नेपाली बालसाहित्यिक पृष्ठभूमि, विकासक्रम, सिद्धान्तका बारेमा जानकारी लिन तथा नेपाली बालकविताको प्रकृतिसम्बन्धी ऐतिहासिक ज्ञान दिलाउने हुँदा उक्त शीर्षकको शोधपत्रको औचित्य रहेको पाइन्छ । यसरी नै बालकवि देवकोटाको बालसाहित्यिक पृष्ठभूमि, प्रेरणा र प्रभाव, बालसाहित्ययात्रा, बालकविताकृति (कविता र खण्डकाव्य)को खोज, अध्ययन, विश्लेषण बालकविता-काव्यगत प्रकृति, बालकवि एवम् बालखण्डकाव्यकार व्यक्तित्वका साथै उत्तरवर्ती बालसाहित्यिक स्रष्टाका नमुना स्रोतका रूपमा समेत जानकारी गराउन अध्ययन सर्वेक्षण गर्न तथा विश्लेषण र मूल्याङ्कन गरी देवकोटालाई बालसाहित्य क्षेत्रका एक सिद्धहस्त व्यक्तित्वका रूपमा चिनाउन ‘महाकवि लक्ष्मीप्रसाद देवकोटाका बालकविताको अध्ययन’ नामक शोधपत्रको औचित्य र महत्व नितान्त अपरिहार्य रहेको देखिन्छ ।

यसरी लुकेर रहेका सिर्जनाका पालुवाहरूलाई प्राज्ञिक वर्गसमक्ष उजागर गर्ने काम उल्लेखनीय हुन्छ । यसैगरी नेपाली बालसाहित्यरूपी बगैंचामा लटरम्म फुलेका अनगिन्ती सुवासित फूलहरूमध्ये एउटा सुन्दर फूल हो ‘बालकाविता’ । यसै भावलाई मनन गर्दै देवकोटाले बालबालिकालाई मनोरञ्जनात्मक शैलीमा उनीहरूमा बौद्धिक खुराक प्रदान गर्न उनका बालकविताहरू अत्यन्त लोकप्रिय ठहरिएका हुँदा देवकोटाका बालकविताको अध्ययनको औचित्य र महत्व रहेको पाइन्छ । यसको साथै शोधकर्तालाई देवकोटाको बालसाहित्य अन्तर्गत बालकविता

विधाको विशिष्टता हासिल गर्न, शोधकर्तालाई शोधकार्यसँग परिचित र उन्मुख गराउनमा पनि यस शोधको कार्य-औचित्यको पुष्टि गर्दछ । समष्टिमा बालसाहित्यिक स्रष्टाका सिर्जनाका विकासमा टेवा पुऱ्याउने तथा बालबालिकाका सिर्जनात्मक एवम् बौद्धिक पक्षमा समेत उल्लेख्य सहयोग पुग्ने हुँदा उक्त शोधपत्रको औचित्य र महत्व अत्यन्त आवश्य रहेको ठहर्छ ।

## १.७ शोधपत्रको क्षेत्र र सीमा

बालसाहित्यकार लक्ष्मीप्रसाद देवकोटाको शोधपत्रको प्रमुख क्षेत्र बालकविता विधा एवम् बालसाहित्य फाँट हो । मुख्यतः उनका बालकृतिहरू (कवितासङ्ग्रह तथा खण्डकाव्य)को अध्ययन, अनुसन्धान, विश्लेषणद्वारा देवकोटालाई बालसाहित्यिक घेराभित्र राखेर उनको बालसाहित्यिक योगदानको मात्र मूल्याङ्कन गर्नु उपर्युक्त शोधपत्रको सीमा रहेको छ ।

## १.८ सामग्री सङ्कलन तथा शोधविधि

प्रस्तुत शोधपत्र लेखनका क्रममा पुस्तकालयीय अध्ययन विधिका सम्बद्ध पुस्तक-पत्रपत्रिका तथा सन्दर्भसामग्रीहरूको अध्ययन गरी सामग्री सङ्कलन गरिएको छ । उक्त शोधपत्र बालसाहित्य सिद्धान्तको विवेचनाात्मक शैलीमा तयार गरिएको हो ।

## १.९ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई सङ्गठित एवम् व्यवस्थित रूपमा प्रस्तुत गर्न निम्नलिखित सात परिच्छेदमा विभाजन गरिएको छ –

१. पहिलोपरिच्छेदः शोधपरिचय

२. दोस्रो परिच्छेदः लक्ष्मीप्रसाद देवकोटाको परिचय

३. तेस्रो परिच्छेदः देवकोटाका कवितायात्रा र काव्यप्रवृत्ति

४. चौथो परिच्छेदः बालकविताको सिद्धान्त र नेपाली बालकविताको विकासक्रम

५. पाँचौ परिच्छेदः महाकवि देवकोटाका बालकविताको अध्ययन

६. छैंठौं परिच्छेदः बालसाहित्यिक कोणबाट देवकोटाको मूल्याङ्कन

७. सातौं परिच्छेदः उपसंहार

सन्दर्भग्रन्थसूची

## दोस्रो परिच्छेद

# लक्ष्मीप्रसाद देवकोटाको परिचय

### २.१ वंशाणुगत पृष्ठभूमि तथा जन्म

लक्ष्मीप्रसाद देवकोटाका पूर्खा पश्चिम नेपालको कर्णाली अञ्चलबाट गोरखा बसाइँ सरेका थिए । पछि उनका बराजु गोरखाबाट काठमाडौं भोटाहिटीमा बसाइँ सरे । त्यहाँबाट पनि उनका पिता पण्डित तिलमाधव देवकोटा (वि.सं. १९०९-९२) काठमाडौंकै कमलपोखरीमा बसाइँ सर्न पुगे ।[१] यसरी देवकोटको वंशाणुगत पृष्ठभूमि स्थानान्तरण गर्दै काठमाडौं प्रवेश भएको पाइन्छ ।

लक्ष्मीप्रसाद देवकोटाको जन्म वि.सं. १९६६ साल कार्तिक २७ गते शुक्रबार राति ९:५४ बजे डिल्लीबजार कमलपोखरीमा भएको थियो । पिता पण्डित तिलमाधव देवकोटाकी कान्छी धर्मपत्नी अमरराज्यलक्ष्मीदेवीको कोखबाट उनको जन्म भएको हो । उक्त दिन नेपालीहरूको महान् पर्व तिहारको लक्ष्मीपूजा परेको हुँदा उनको नाम नक्षत्र अनुसार 'ति'बाट जुरेको थियो । त्यस अनुरूप उनलाई 'तीर्थमाधव' नामाकरण गरियो । तर बाबु आमाले लक्ष्मीप्रसादकै नामले बोलाउन थाले ।[२] यद्यपि उनी लक्ष्मीको प्रसाद नभई सरस्वतीप्रसाद बनेर नेपाली सहित्यको फाँटका बुहचर्चित महाकविका रूपमा देखापरे ।

### २.२ बाल्यकाल

लक्ष्मीप्रसाद देवकोटाको बाल्यकाल प्रकृतिको रमणीय वातावरणसँगै बितेको थियो । पिता पण्डित तिलमाधव देवकोटाको संस्कृत शिक्षाको प्रभाव, दाजु लेखनाथको अङ्ग्रेजी शिक्षाप्रतिको झुकाव, पारिवारिक स्नेहपूर्ण, सुसंस्कृत शैक्षिक वातावरणकै सेरोफेरोमा उनको बाल्यकाल बितेको थियो ।

प्रकृतिमै रमाउन चाहने देवकोटा बाल्यकालमा एकोहोरो स्वभावका थिए । लामो समयसम्म एकै खालको प्रवृत्ति देखाउने देवकोटाको यो प्रभाव उनका रचनाकृतिहरूमा समेत परेको थियो । अध्ययन र लेखनमा लगनशील देवकोटा हाँस खेलमा आनन्द लिन्थे ।[३] उनको साधनाको प्रतिफल स्वरूप उनी नेपाली साहित्यमा 'आशुकवि' समेत बन्न पुगे ।

लक्ष्मीप्रसाद देवकोटाको बाल्यकाल शान्त, सरल र प्राकृतिक थियो जुन कुराको पुष्टि स्वयम् देवकोटाद्वारा लिखित निबन्ध 'दारिमको रूखनेर'मा उनले यसरी व्यक्त गरेको छन् :

> *"डिल्लीबजार कमलपोखरी जहाँ म जन्मेको थिएँ, रमाइलो ठाउँ छ । उँचा, हवालु जग्गा छानेर स्वर्गबासी पूज्य पिताज्यूबाट बनाइएको घरसामुन्ने एक बारी छ । त्यस बारीका डिलका तल अझ ठूलो बारी छ जहाँ हामीहरू बालककालमा खेल्ने गर्दथ्यौं । ती दुई बारीका बीचमा एक नर्कटघारी थियो, म सम्झन्छु । त्यस तल्लो बारीमा भोगटे, काइँयो, रिट्ठा, पारिजात, नासपाती, आलुबखडा, आरु, मयल,*

[१] चूडामणि बन्धु, **देवकोटा**, (काठमाडौं : साझाप्रकाशन, २०३५) पृ.३ ।

[२] पूर्ववत्, पृ. ४ ।

[३] पूर्ववत्, पृ. ६ ।

*कनकचम्पा, कल्की र खरीका अनेक बोट थिए । त्यहाँ चढ्नु चहार्नुमा फुर्सदी समय बित्दथ्यो । त्यस उपवनलाई देख्दा म शैशवानन्दको कल्पना गर्दछु ।"*[४]

## २.३ शिक्षा

वि.सं. १९७१ सालमा पाँच वर्षको कलिलो उमेरमै पण्डित तिलमाधव देवकोटाले आफ्नो छोरा लक्ष्मीप्रसादलाई शिक्षारम्भ गराउँदा उनले 'क' देखि 'त्र' सम्मको अक्षरज्ञान पहिला नै हासिल गरिसकेका थिए । उक्त कुरा देवकोटाले 'कवि हुने धुनमा' निबन्धमा उल्लेख गरेका छन् ।[५]

पण्डित तिलमाधव देवकोटाले छोरो लक्ष्मीप्रसादको व्रतबन्ध आठ वर्षको उमेरमा गरिदिएका थिए । 'गायत्री मन्त्र दिनु बाबुको अधिकार हो, भिक्षा दिनु माइको' भन्ने परम्परागत चलन अनुसार उनले गायत्री मन्त्र पनि सुनाए । व्रतबन्धपछि पण्डित तिलमाधव देवकोटाले छोरा लक्ष्मीप्रसादलाई संस्कृतका श्लोक, स्तोत्र, अमरकोश लय हालेर पढ्न सिकाए । त्यसबेला देवकोटको स्मरणशक्ति बेजोडको थियो । पिताले लेखेर दिएका श्लोकहरू एकपटक पढेपछि उनी नहेरीकनै दोहोऱ्याउन सक्थे । यही विलक्षण प्रतिभाका कारण तिलमाधवले छोरालाई प्रशंसा गरी 'सरस्वतीको अवतार' भन्दथे ।[६]

घरायसी शिक्षापछि विद्यालय शिक्षाका निम्ति देवकोटा उनका दाजु र आमाका जोडमा वि.सं. १९७७ सालको चैत महिनामा दरवार स्कुलमा पाँचौं कक्षामा भर्ना भए ।[७] अध्ययनकै क्रममा उनले कविताहरू लेखी साथीहरूलाई सुनाएर आफूप्रति आकर्षित समेत तुल्याएका थिए । यसका साथै पढाइमा पनि आफ्नो लगनशीलता कायम राखेका थिए ।

वि.सं. १९८० को अन्त्यतिर उनका सहयात्री साथी फणीन्द्रप्रसाद लोहनीले आठौं कक्षामा पढ्दा-पढ्दै नवौं श्रेणीको अर्धवार्षिक परीक्षा दिई एक कक्षा फड्केको देखेपछि देवकोटामा पनि ईर्ष्याको भावना पलाएर आयो । यसपछि अध्ययनको साहस र धैर्य बटुलेर नवौं कक्षाको वार्षिक परीक्षामा सामेल भई तृतीय स्थान लिई सफलता प्राप्त गरेर कक्षा फड्को मारे ।[८]

तीक्ष्ण प्रतिभा भएका देवकोटा भारतको पटनाबोर्डबाट वि.सं. १९८२ मा म्याट्रिक प्रथम श्रेणीमा उत्तीर्ण भए । यसपछि वि.सं.१९८३ मा त्रिचन्द्र कलेज (काठमाडौं) मा भर्ना भए ।[९] यसरी वि.सं. १९८५ मा लक्ष्मीप्रसाद देवकोटा आई. एस्सी. परीक्षामा सामेल भई द्वितीय श्रेणीमा उत्तीर्ण भए ।[१०]

---

[४] ऐजन ।

[५] पूर्ववत्, पृ. ५ ।

[६] पूर्ववत्, पृ. ८ ।

[७] पूर्ववत्, पृ. १० ।

[८] महादेव अवस्थी, **लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता,** (काठमाडौं एकता बुक्स डिस्ट्रिब्यूटर्स प्रा. लि. थापाथली, २०६१) पृ. २६ ।

[९] कुमारबहादुर जोशी, **देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना,** (सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, बालाजु, २०४८) पृ. ५ ।

[१०] महादेव अवस्थी, पूर्ववत्, पृ. २७ ।

त्यसपछि लक्ष्मीप्रसाद देवकोटा वि.सं. १९८५ मा बी. ए. मा भर्ना भई अध्ययन गर्न थाले भने वि.सं. १९८६ फागुनमा उनले बी.ए.को परीक्षा दिए । उनी उक्त परीक्षामा द्वितीय श्रेणीमा उतीर्ण भएको खबर वि.सं. १९८७ को जेठ महिनाको गोरखापत्रमा छापियो । त्यो साल नेपालबाट बी.ए. उतीर्ण गर्ने देवकोटा एकजना मात्र थिए ।[११] यसरी उनी बीस वर्षको उमेरमा बी.ए. को उपाधि हासिल गर्न सफल भए ।

बी.ए. उत्तीर्ण भएपछि लक्ष्मीप्रसाद देवकोटा भारत गई अङ्ग्रेजी पढ्न राणाशासकसँग छात्रवृत्तिको निम्ति निवेदन गरे तर उनलाई कानुन पढ्न स्वीकृति दिइयो । सोही बमोजिम उनलाई बी.एल. पढ्न वि.सं. १९८८ मा पटनातर्फ पठाइयो । वि.सं. १९९० मा लक्ष्मीप्रसाद देवकोटाले बी.एल. दोस्रो वर्षको परीक्षा दिए । यसैसाल उनी बी.एल. उतीर्ण पनि भए ।[१२]

अङ्ग्रेजी पढ्ने अनुमति मागेका देवकोटा यस अभिलाषाबाट वञ्चित भएपछि बी.एल. अध्ययनकै क्रममा अङ्ग्रेजी एम.ए. का पाठ्यपुस्तकको स्वाध्ययन पनि गर्न थाले भने अङ्ग्रेजी विषयमा एम.ए. पूरा गर्न कलकत्ताबाट पुस्तक ल्याई विश्वविद्यालयमा प्राइभेट विद्यार्थीका रूपमा अङ्ग्रेजी विषय एम.ए.को फारम पनि भरेका थिए । तर शारीरिक अस्वस्थताका कारण उनले परीक्षा दिन सकेनन् ।[१३]

## २.४ पारिवारिक जीवन तथा घटना कार्य

लक्ष्मीप्रसाद देवकोटाको पारिवारिक जीवन सुरुका केही समय सुखद् र मनोरञ्जनात्मक थियो । पछि उनको जीवन ज्यादै कष्टकर तथा सङ्घर्षपूर्ण तरिकाले बित्न पुग्यो । वि.सं. १९८१ मा पन्ध्र वर्षको किशोर वयमा नै काठमाडौंको चालिसे थरकी ब्राह्मणकी छोरी मनदेवीसँग लक्ष्मीप्रसाद देवकोटाको विवाह भयो । विवाहपछि उनमा रहेका लज्जा र सङ्कोच हट्न गए । यसपछि उनले पारिवारिक र सामाजिक कार्यहरूमा पहिलेभन्दा बढी ध्यान दिन थाले ।[१४]

लक्ष्मीप्रसाद देवकोटको पारिवारिक स्थिति सामान्य थियो । मध्यम वर्गीय परिवारमा जन्मिएका देवकोटा बाबुको पण्डित कार्यबाट आर्जित रकम तथा दाजु लेखनाथको अङ्ग्रेजी विषयको ट्यूसनको आयस्रोतमा आश्रित थियो । आमाको ‘पढ्नुपर्छ-कमाउनुपर्छ’ भन्ने उपदेश बमोजिम आई.एस्सी. अध्ययन गर्दा देखि नै लक्ष्मीप्रसाद देवकोटाले बिहान-बेलुका विद्यार्थीहरूलाई ट्यूसन पढाउन सुरु गरे ।[१५]

वि.सं. १९८५ को. आई.एस्सी. अध्ययनकै क्रममा देवकोटाको प्रथम सन्तानका रूपमा जेठी छोरी सावित्रीको जन्म भयो ।[१६] पारिवारिक आर्थिक बोझलाई कम गर्न देवकोटा बी.ए. पढ्दै

---

[११] पूर्ववत्, पृ. २८ ।

[१२] पूर्ववत्, पृ. २९ ।

[१३] पूर्ववत्, पृ. २७ ।

[१४] पूर्ववत्, पृ. २६ ।

[१५] पूर्ववत्, पृ. २७ ।

[१६] ऐजन ।

गर्दा पहिलेभन्दा बढी समय ट्यूसनवृत्तिमा लागे । यस समय दिनको १०-१२ घण्टा दैनिक खट्न थाले ।[१७] यसकारण देवकोटाको स्वाध्ययन तथा आयस्रोतमा समेत राम्रो हुन पुगेको थियो ।

वि.सं. १९८७ मा उनको बी.ए. दोस्रो वर्षको अध्ययन गर्दा देवकोटाका सहपाठीहरूले सार्वजनिक रूपमा 'जनपुस्तकालय' खोल्ने निर्णय गरेको हुँदा देवकोटा उक्त समूहमा सहभागी भई सहयोगीका रूपमा कार्य गर्न थाले । सो कार्य राणाहरूका नजरमा नराम्रो मानिने भएकोले उनका साथीहरूलाई प्रतिव्यक्ति रू.१०० जरिवाना तथा ३-३ वर्षको जेलसजाय तत्कालीन श्री ३ भीमशमशेरले सुनाए । तर देवकोटालाई भने आइन्दा देशद्रोही कार्यमा नलाग्ने शर्तसहित रू.१००।- को जरिवाना स्वरूप माफी दिइयो ।[१८]

वि.सं. १९८९ मा लक्ष्मीप्रसाद देवकोटाको जेठो छोरो प्रकाशको जन्म भयो । यस समय देवकोटाले बी.एल. प्रथम वर्षको परीक्षा पनि उतीर्ण गरे ।[१९]

वि.सं. १९९० मा आइपुग्दा देवकोटाले बी.ए., बी.एल. सम्मको औपचारिक शिक्षा हासिल गरिसकेका थिए भने अङ्ग्रेजी एम.ए. मा प्राइभेट अध्ययनरत थिए । यहाँसम्म आइपुग्दा उनले नेपाली तथा अङ्ग्रेजी भाषामा कविता-गीत र नाटक सिर्जनात्मक अभ्यास पनि बढाउँदै लगेका थिए । कानुन पढे पनि देवकोटाले निजी तथा सरकारी सेवामा लाग्ने चासो देखाएनन् बरु बी.ए. सम्मको अङ्ग्रेजी भाषा साहित्यको अध्ययनले अङ्ग्रेजी विषयकै मास्टर बनेर ट्यूसन पढाए । मूलतः कानुन पढेपनि देवकोटाको रुचि अङ्ग्रेजीको अध्यापन तथा साहित्य-सिर्जनामै थियो । यही ज्ञान, सीप, अनुभव नै उनका साहित्य-सिर्जनाको प्रेरणाविन्दु रह्यो ।[२०]

यसरी देवकोटाको पारिवारिक घटना, समयअभाव, कार्यव्यस्तता, साहित्यसाधना तथा प्रतिकूल स्वास्थ्यको कारण सदैव विश्रान्ति हुन पुगी अङ्ग्रेजीमा एम.ए. गर्ने धोको अधुरै रहन गयो । यद्यपि साहित्य सिर्जनामा भने पूर्णता नै पाएको देखिन्छ ।

वि.सं. १९९० पूर्वसम्म देवकोटाका सम्पूर्ण पढाइ "जाँचका अङ्क बढाउन र खोस्टा बटुल्न" मा नै सीमित थियो । तर स्वच्छन्दतावादी प्रकृतिवादी विचारबाट प्रभावित "सत्यम् शिवम् सुन्दरम्" को मान्यतालाई वरण गर्दै रुसोको प्रकृतिवादतर्फ फर्कनुपर्छ भन्ने सिद्धान्तअनुरूप प्रतिदिन तेह्र घण्टा ट्यूसन गर्न थाले ।[२१]

वि.सं. १९९०-९१ का समयवधिमा देवकोटाको परिवार फराकिलो भइसकेको छ । पच्चीस जनाजतिको परिवारले ढाकिएको घर चलाउन देवकोटाको दाजुलाई धौ-धौ परेको उक्त समयमा लक्ष्मीप्रसादले ट्यूसन पढाएर परिवारमा हुने आर्थिक भारलाई केही हलुको बनाए । यसैबीच वि.सं. १९९१ असार २४ गते उनकी आमा अमरराज्यलक्ष्मीदेवीको मृत्यु हुनगयो ।[२२] यस दुःखद् शोकावधिको पीडालाई सहन गर्दै देवकोटा पुनः आफ्नो साहित्यिक यात्रामा तल्लीन रहे । यस

[१७] पूर्ववत्, पृ. २८ ।

[१८] ऐजन ।

[१९] पूर्ववत्, पृ. २९ ।

[२०] पूर्ववत्, पृ. ३०-९१ ।

[२१] पूर्ववत्, पृ. ३२-३३ ।

[२२] ऐजन ।

समय देवकोटा स्वच्छन्दवादी भावधाराका कविताहरू 'पूर्णिमाको जलधि' र 'गरिब' लिएर नेपथ्यमय कविता यात्राबाट सार्वजनिक कवितायात्रामा देखापरे ।

वि.सं. १९९२ जेठ २५ गते लक्ष्मीप्रसाद देवकोटाका बाबु तिलमाधव देवकोटाको पनि निधन भयो भने यसै साल जन्मेकी दुई महिनाकी माहिली छोरीको समेत देहवसान भयो ।[२३] यसरी देवकोटाले दुई वर्षभित्रै परिवारका तीन सदस्यको मृत्युको शोक र पीडालाई सहनुपऱ्यो । यो दैवी बज्रपातको प्रभावले देवकोटा मानसिक रूपले नै विक्षिप्त बन्न पुगे । उनको जीवनमा घटित सबैभन्दा ठूलो र मर्मस्पर्शी रूपमा देखापऱ्यो जसका प्रभाव उनका साहित्य रचनामा पनि प्रत्यक्ष परेको देखिन्छ ।

भिखारी कविता सङ्ग्रह (वि.सं. २०१०) मा सङ्ग्रहित 'पागल' शीर्षकको कविता उनलाई मानसिक उपचारका निम्ति राँची लगिएको र भारतका महापण्डित साङ्कृत्यायनले देवकोटालाई पागल भनी सङ्केत गर्दै लेखेका एक लेखको प्रतिक्रियास्वरूप देवकोटाले लेखेको एक उत्कृष्ट कविता हो ।[२४] यस कवितामार्फत उनले आफूलाई पागल भएको देख्नेलाई नै पागलका रूपमा झटारो हानेका छन् भने सम्पूर्ण मानवलाई नै पागलको फेटा गुथ्न बाध्य बनाएका छन् । यद्यपि उनी पागलपनबाट मुक्त हुन खोजेका छन् ।

यसरी लक्ष्मीप्रसाद देवकोटाले जीवनमा पारिवारिक घटनाको ठूलो शोक सहनुपऱ्यो । एकातिर माता-पिताको मृत्युले पीडित बनेका देवकोटामा आफ्नै माहिली छोरीको समेत निधनले गर्दा थप शोकभार व्यहोर्नुपऱ्यो । यद्यपि उनमा भएको धैर्यका कारण उनले आफूलाई असामान्य रूपबाटै नियन्त्रण गर्दै आफ्ना जीवनयात्रालाई निरन्तरता दिँदै गए ।

पारिवारिक जीवनमा ठूलो हलचल पैदा भएपछि देवकोटाको जीवन क्रमशः जटिलतातर्फ उन्मुख हुँदै जान थाल्यो । एकातिर परिवारको सदस्यहरूको निधनले शोकाकूल बनेका देवकोटामा घरायसी व्यवहारसम्बन्धी आर्थिक भार समेत थपियो । ट्यूसन कार्यमा सञ्चालित परिवार मातापिताको काजकाम गर्दा लागेको धनखर्चबाट ऋणभारले कमजोर बन्न पुगे । यसले देवकोटाको व्यक्तिगत तथा साहित्यिक जीवनमा नै उतारचढाव देखियो । त्यतिबेला मानसिक सन्ताप र व्यावहारिक समस्याबाट छुटकार पाउन वनकालीको वन, भण्डारखालको बगैंचा र सुन्दरीजल जस्ता काठमाडौंको स्थानीय प्राकृतिक स्थलहरूको आश्रय लिन थालेको बुझिन्छ ।[२५]

उपर्युक्त घटना-अनुभवका प्रभाव उनका कविता रचनामा समेत प्रत्यक्ष-अप्रत्यक्ष रूपमा परेको थियो । 'पागल' कविता देवकोटाका मानसिक विचलन तथा आर्थिक सङ्कटले निम्त्याएको साहित्यिक परिणाम हो । यसैगरी उनको साहित्य सिर्जनामा स्वच्छन्दतावादी, प्रकृतितर्फको उन्मुखता, मानवतावादी-प्रगतिवादी, क्रान्तिचेत तथा अध्यात्मचेत समेत अभिव्यक्तिगत हुन पुगेको देखिन्छ ।

---

[२३] पूर्ववत्, पृ. ३३-३४ ।

[२४] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. २८३ ।

[२५] महादेव अवस्थी, पूर्ववत् पृ. ३४ ।

वि.सं. १९९३ मा लक्ष्मीप्रसाद देवकोटाका माहिला छोरा कृष्णप्रसादको जन्म भयो ।[२६] पारिवारिक शोकभार तथा आर्थिक भारका कारण देवकोटा वि.सं. १९९५ मा मानसिक रूपमा अस्वस्थ बन्न पुगे । खासगरी उनका पारिवारिक घटना, आर्थिक सङ्कट, देशमा जल्दोबल्दो अस्थिर राजनैतिक अवस्था, दोस्रो विश्वयुद्धको प्रभाव, कलकत्तामा हिन्दू र मुस्लिमबीचको द्वन्द अनि आफ्नै शारीरिक अस्वास्थताका कारण उनलाई वि.सं. १९९५ मा उपचारका निम्ति राँची अस्पतालमा भर्ना गरियो ।[२७]

वि.सं. १९९६ मा लक्ष्मीप्रसाद देवकोटाका दाजुभाइहरू बीच अंशवण्ड भयो ।[२८] उनी संयुक्त परिवारबाट भिन्न भएर आफ्ना जहानहरूका साथ बस्न थाले । यद्यपि देवकोटा साहित्य सिर्जना तथा प्रकाशनबाट अलग भएनन् र साहित्यलाई नै निरन्तरता दिने कार्यमा व्यस्त बन्दै गए । यसैसाल बालखण्डकाव्य 'राजकुमार प्रभाकर'को रचना गरेर पहिलो खण्डकाव्य कृति लेखनको थालनी गरे ।

वि.सं. १९९७ मा देवकोटाले अघिल्लो वर्ष लेखेका शास्त्रीय छन्दमा आधारित बाल साहित्यिक खण्डकाव्यकृति 'राजकुमार प्रभाकर' कविताको प्रथम प्रकाशन गरे । उक्तसाल उनी फेरि अस्वस्थ भए । यसपछि हावापानी फेर्न दुई-तीन महिनाजति मामेससुराली भिल्टुङ (नुवाकोट) गई बसे । स्वस्थ प्राकृतिक वातावरणका कारण उनको मस्तिष्कलाई शान्ति मिल्यो र उनी स्वस्थ भए ।[२९]

वि.सं. १९९८ सालमा उनकी काइँली छोरी मीराको जन्म भयो । यसैगरी वि.सं. १९९९ मा देवकोटाले जेठो छोरो प्रकाशको व्रतबन्ध गरिदिए ।[३०] यसरी उनले सन्तानका निम्ति बाबुले गर्नुपर्ने कर्तव्यहरूको एक अंश पूरा गरे ।

वि.सं. २००० सालमा लक्ष्मीप्रसाद देवकोटा 'नेपाली भाषानुवाद परिषद्' मा नेपाली पुस्तक लेखकमा भर्ना भए । यसबेला मासिक तलव रू.७० उनको पारिश्रमिक थियो । यसबाट प्राप्त रकम र ट्यूसनबाट भएको आम्दानीबाट उनले घरायसी आर्थिक समस्या समाधान गरी दिनचर्या बिताएका थिए । देवकोटाले यस जागिरलाई वि.सं. २००० देखि २००३ असारसम्म निरन्तरता दिए ।[३१] यसपछि देवकोटा प्रगतिवादी स्वच्छन्दभाव बोकेर साहित्य सिर्जनामा तल्लीन रहे । यसले उनलाई नेपाली साहित्यका स्वच्छन्दतावादी भावधाराका दृष्टिले प्रथम मौलिक एवम् ऐतिहासिक महाकवि समेत बनायो जसमा उनको 'भाषानुवाद परिषद्' को जागिरलाई एक सशक्त पूर्वाधारकै रूपमा लिन सकिन्छ ।

वि.सं. २००२ मा लक्ष्मीप्रसाद देवकोटाले आफ्नी जेठी छोरी सावित्रीको विवाह र माहिला छोरा कृष्णप्रसादको प्रतबन्ध गरिदिए । यसैसाल उनकी कान्छी छोरी मुनाको पनि जन्म भयो ।[३२]

---

[२६] पूर्ववत्, पृ. ३५ ।

[२७] पूर्ववत्, पृ. ३६ ।

[२८] पूर्ववत्, पृ. २७ ।

[२९] पूर्ववत्, पृ. ३७ ।

[३०] पूर्ववत्, पृ. ३९ ।

[३१] पूर्ववत्, पृ. ३०-४० ।

[३२] पूर्ववत्, पृ. ४१ ।

यसरी उनको पारिवारिक जिम्मेवारी बढ्दै गयो । यसैगरी साहित्य-सिर्जना 'शाकुन्तल' महाकाव्य ( वि.सं. २००२) को रचना तथा प्रकाशन गरी उनको जीवनीको एक अभिन्न अंशको रूपमा लिएर अघि बढे ।

वि.सं. २००३ सालको असारमा देवकोटा त्रिचन्द्र कलेजमा अङ्ग्रेजी र नेपाली प्राध्यापकमा नियुक्त भए ।[३३] भाषानुवाद परिषद्को लेखनपेशा तथा कलेजको शिक्षण पेशाले गर्दा उनी आफ्ना कार्यमा बढी व्यस्त बन्न पुगे ।

वि.सं. २००४ साल साउन ३ गते देवकोटा त्रिचन्द्र कलेजको जागिर छोडेर भारतको वनारसतर्फ लागे । त्यहाँ पुगेर भट्टराई बन्धु (गोपालप्रसाद भट्टराई तथा कृष्णप्रसाद भट्टराई) सँग रहेर साहित्य रचना र प्रकाशन गरी नेपाली जहाँनिया राणाशासनको विरोधमा क्रान्तिमा सामेल भए ।[३४] जसले नेपालको एकतन्त्री राणाशासनको अन्त्य गराउन जटिल सङ्घर्ष गरे । यसले वि.सं. २००७ को प्रजातन्त्र स्थापनामा समेत बलियो टेवा पुगेको थियो । यसै साल उनका माहिला छोरा कृष्णप्रसादको देहावसान भयो ।[३५]

वि.सं. २००५ को मध्यवधितिर देवकोटाकी धर्मपत्नी 'मनकुमारी देवकोटा' वनारस पुगिन् । सो समय देवकोटा आर्थिक र शारीरिक दुबै रूपबाट कमजोर बनेका थिए । यसपछि उनको शरीर थप अस्वस्थ बन्दै गयो र साहित्य रचनासमेत गर्न नसक्ने भए ।[३६]

वि.सं. २००६ मा देवकोटा शारीरिक अस्वस्थताका कारण थप असरले गर्दा बोल्नसमेत नसक्ने भए । उनका साथीहरूबाट उनलाई व्यवास्ता गरियो । यसबाट उनले प्राण नै त्याग गर्नुपर्ने अवस्था सिर्जना भयो । फलस्वरूप विदेशमा मर्नुभन्दा स्वदेशमा फर्केर बाँकी जीवन जिउन उत्तम ठानी यसैसालको दशैँतिर पत्नी मनदेवीका साथ काठमाडौं फर्के । यसपछि उनी एक महिनाजति दाजुभाइसँग रहेर स्वास्थ्योपचार गराए । स्वास्थ्यमा सुधार आएपछि उनले मैतीदेवीमा किनेको घर 'कविकुञ्ज' मा बसी ट्यूसनकार्य पुनः थालनी गरी कष्टकर जीवन गुजार्न थाले ।[३७] यसबाट परिवार तथा उनले केही हदसम्म शारीरिक र मानसिक राहत पाए ।

वि.सं. २००७ सालमा नेपालमा प्रजातन्त्रको अभ्युदयपछि सामाजिक राजनैतिक क्रियाकलापलाई स्वतन्त्रतापूर्वक अभिव्यक्त गर्न थाले । यसैगरी तन र मन दुबैलाई साहित्य-सिर्जना तथा समाजसेवी कार्यमा आबद्ध गराए । यसपछिका बाँकी दिनहरू देवकोटाले सामाजिक, शैक्षिक र साहित्यिक कार्यहरूमा बिताए ।[३८]

घरखर्च टार्न दैनिक १८ घण्टा ट्यूसन गर्दा देवकोटाको आर्थिक अवस्थामा सुधार आएन । फलस्वरूप वि.सं. २००७ सालमा उनको घरको बिजुलीको लाइन समेत

[३३] पूर्ववत्, पृ. ४२ ।

[३४] पूर्ववत्, पृ. ४७ ।

[३५] P]hg .

[३६] पूर्ववत्, पृ. ४८ ।

[३७] ऐजन ।

[३८] पूर्ववत्, पृ. ५१ ।

काटियो ।[३९] यसले गर्दा उनी शारीरिक तथा मानसिक पिडाले थप सङ्कटमा परे भने उनको परिवारमा समेत उतारचढाव हुन पुग्यो ।

वि.सं. २००८ मा देवकोटाको आर्थिक अवस्था सुधार्न 'नेपाल साँस्कृतिक परिषद्'ले केही महिनासम्म सहयोग स्वरूप मासिक भत्ता रू.१५०।- प्रदान गऱ्यो । यसैसाल उनको साहिंलो छोरो 'पद्मप्रासाद'को जन्म भयो ।[४०]

वि.सं. २००९ सालमा देवकोटा राजा त्रिभुवनबाट 'सल्लाहकार समिति'मा मनोनीत भए । यसैसालको असार महिनामा सो समितिको सभापति पदमा चुनाव लड्दा १४ मत प्राप्त गरी पराजय भोग्न पुगे ।[४१] यसबाट उनले राजनीतिको तीतो अनुभव समेत हासिल गरे भन्न सकिन्छ ।

वि.सं. २०११ सालमा देवकोटा बुद्धिजीवी वर्गको प्रतिनिधिका रूपमा 'सल्लाहकारसभा' मा पुनः राजा त्रिभुवनबाट मनोनीत भए र विरोधी दलका नेता पनि चुनिए ।[४२] उक्त जिम्मेवार व्यक्तित्वका हैसियतले सरकारद्वारा प्रस्तुत बजेट भाषणविरूद्ध कडा आलोचना गरे । यसका कारण सरकारले पदबाट राजीनामा दिन बाध्य हुनुपऱ्यो ।

वि.सं.२०१२ सालमा लेखक संघका तर्फबाट प्रजातान्त्रिक शासन र शीघ्र चुनावका पक्षमा आफ्ना धारणाहरू व्यक्त गरे । यसै समय उनी 'त्रिभुवन विश्वविद्यालय कमिसन'को सदस्यमा पनि मनोनीत भए ।[४३] यसरी देवकोटा प्राज्ञिक वर्गको एक सक्रिय व्यक्तित्वका रूपमा समेत रहेर शिक्षा विकासका रचनात्मक/निर्माणत्मक कार्यमा आवद्ध रहे ।

वि.सं. २०१४ असार ९ गते स्थापित 'नेपाल एकेडेमीको साहित्य विभाग'को सदस्यमा नियुक्त भए भने साउन ११ गतेदेखि कार्तिक २९ गतेसम्मको तीन महिनावधि शिक्षा तथा स्वायत्त शासन मन्त्री समेत भएर काम गरे ।[४४] सोही अवधिमा आफ्नो अधिकार बमोजिम शिक्षाक्षेत्रमा लगानी तथा विश्वविद्यालय क्याम्पस आदिको स्थापना र सञ्चालन प्रक्रियामा उनका गहकिला भनाइहरू समेत पेश गरी कार्यान्वयन पनि गरे । यसै साल देवकोटाका कान्छा छोरा दीपकको जन्म पनि भयो ।[४५]

## २.५ भ्रमण

लक्ष्मीप्रसाद देवकोटाको जीवनी तथा साहित्यसँग निकट सम्बन्ध रहेको महत्त्वपूर्ण पक्षहरूमध्ये भ्रमण एक उल्लेख्य पक्ष मानिन्छ । स्वदेशमा विविध ग्रामीण तथा सहरी यात्राका साथै परदेश अर्थात अन्तर्राष्ट्रिय विश्वभ्रमण समेत गरेका देवकोटाको साहित्य-सिर्जना विकास र विस्तारमा उनको भ्रमण व्यक्तित्वको उल्लेखनीय प्रभाव परेको देखिन्छ । ती यसप्रकार छन् -

---

[३९] पूर्ववत्, पृ. ५२ ।

[४०] ऐजन ।

[४१] ऐजन ।

[४२] ऐजन ।

[४३] पूर्ववत्, पृ. ५३ ।

[४४] पूर्ववत्, पृ. ५३-५४ ।

[४५] पूर्ववत्, पृ. ५६-५७ .

वि.सं. १९८९ सालमा पटनाको अध्ययनकालमा नै देवकोटाले उत्तर भारतका केही स्थानहरूको यात्रा गर्ने क्रममा काशी हिन्दू विश्वविद्यालयको अवलोकन र प्रयागसङ्गमको स्नान गर्नाका साथै कानपुरका उद्योगहरू, लखनउका बुर्काबालीहरू, दिल्लीको कुतुबुमिनार, आगराको ताजमहल एवम् मथुराका मनिहर पनि हेरे ।[४६]

वि.सं. १९९४ को मीनपचासको विदामा देवकोटा भद्रकाली हाउस, काठमाडौंको साझेदार जनकलाल श्रेष्ठको छोरो र आफ्ना शिष्य उदयलाल श्रेष्ठको अनुरोधमा कलकत्ता गए । त्यहाँ देवकोटाले रचेका 'अत्यन्त राम्रो स्वदेश हाम्रो....र 'फूल फुलेको बागमा ......' भन्ने दुई गीत भद्रकाली हाउसको निम्ति भद्रकाली रेकर्डमा भरिए । यसै सिलसिलामा नै देवकोटाले कलकत्ता बम्बईको यात्रा गरे ।[४७]

यसरी नै तामाङ सँस्कृतिमा आधारित खण्डकाव्य 'लूनी' (वि.सं.२००१)को प्रेरणा स्रोतका रूपमा रहेको देवकोटाको स्वदेशी यात्रा वि.सं. १९९५ को गोसाइँथान यात्रालाई लिन सकिन्छ ।[४८] यसैगरी वि.सं. २००४ सालको चैतको अन्त्यतिर देवकोटाले दार्जिलिङ, खर्साङ र कालिम्पोङको भ्रमण गरे ।[४९] वि.सं. २००५ सालको माघतिर उनी 'हिमालय छात्रासंघ'को अनुरोधमा कलकत्ता गए ।[५०]

वि.सं. २००९ साल देवकोटा 'नेपाली भाषा-प्रचारक संघ'को अपिलमा करफोक सम्मेलनमा भाग लिन गए र त्यसैक्रममा उनी दार्जिलिङ पनि पुगे ।[५१] यसैसाल अर्थात् वि.सं. २००९ साल उनी 'पश्चिम बङ्गाल शिक्षा पाठ्यपुस्तक समिति'को आग्रहमा पुनः दार्जिलिङ गए । त्यसक्रममा देवकोटा कालिम्पोङ र गन्तोकसम्म पनि पुगे ।[५२]

वि.सं. २००९ साल चैत्र ५ गते पाल्पामा आयोजित कवि सम्मेलनका निम्ति भ्रमण गरेको तथा उक्त समयमा 'पाल्पा' र 'साथी' यी दुई कविता देवकोटाले तत्काल रचेर सुनाएका कविता हुन् भनी डा. कुमारबहादुर जोशीले बताएका छन् ।[५३]

विदेश भ्रमणका दृष्टिले वि.सं. २०१० साल लक्ष्मीप्रसाद देवकोटाका निम्ति निकै उल्लेखनीय वर्ष रह्यो । यस सालको साउनमा नेपाली प्रतिनिधि मण्डलमा सामेल भई उनले रूमानियामा सम्पन्न 'चौधौं विश्वयुवक महोत्सव'का लागि भाग लिने क्रममा यात्रा सम्पन्न गरे । यसै सिलसिलामा उनले चेकोस्लाभाकिया हुँदै मस्को पुगी रूसको भ्रमण समेत गरे ।[५४]

---

[४६] पूर्ववत्, पृ. २९-३० ।

[४७] पूर्ववत्, पृ. ५७ ।

[४८] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १२२ ।

[४९] महादेव अवस्थी, पूर्ववत् , पृ. ४७-४८ ।

[५०] पूर्ववत्, पृ. ४८ ।

[५१] पूर्ववत्, पृ. ५२ ।

[५२] ऐजन ।

[५३] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १२२ ।

[५४] महादेव अवस्थी, पूर्ववत्, पृ. ५३ ।

त्यसपछि सोही प्रतिनिधिमण्डलसँगै चीन पुगी उनले त्यहाँका राष्ट्रिय दिवसमा भाग लिनुका साथै चिनियाँ कम्युनिष्ट पार्टीका अध्यक्ष 'माओत्सेतुङ' सँग भेट गरे ।[५५] वि.सं. २०११ साल देवकोटा नेपाली पाठ्यपुस्तकको निर्धारणको लागि दार्जिलिङको भ्रमणमा पनि गए ।[५६] यस सालको चैतमा देवकोटा 'एसियाली जनसम्मेलन'मा भाग लिन गएको 'नेपाली प्रतिनिधि मण्डलमा सामेल भई भारतको राजधानी दिल्ली गए र यस क्रममा उनले अगराको ताजमहलको निरीक्षणसँगै भारतका केही अन्य सहरको पनि भ्रमण गरे ।[५७]

वि.सं. २०१३ साल पुस महिनामा दिल्लीमा भएको 'प्रथम एसियाली लेखक सम्मेलन'मा गएको नेपाली प्रतिनिधि मण्डलको नेतृत्त्व देवकोटाले नै गरे । यसैबेला 'अल इण्डिया रेडियो'बाट उनका कविताहरू पनि प्रसारित भए ।[५८] वि.सं. २०१४ सालको फागुनमा उनले भारतीय विश्वविद्यालयको भ्रमण गरेको देखिन्छ ।[५९]

वि.सं. २०१५ सालमा 'अफ्रो एसियाली लेखक सम्मेलन' मा भागलिन तासकन्दबाट उनलाई निमन्त्रणा गरियो । यसक्रममा देवकोटाले आफ्नी धर्मपत्नी मनदेवीकासाथ माधवप्रसाद घिमिरेसँगै त्यहाँसम्मको भ्रमण गरे । सो अवसरमा उनले नेपाली भाषा साहित्यको महत्त्वलाई विश्वसामु प्रभावकारी ढङ्गले परिचित तुल्याए ।[६०] यसरी देवकोटाले गरेको विविध राष्ट्रिय तथा अन्तराष्ट्रिय भ्रमण व्यक्तित्वले उनलाई एक सशक्त कवि व्यक्तित्वको रूपमा समेत चिनाउन उल्लेखनीय भूमिका खेल्यो ।

लक्ष्मीप्रसाद देवकोटाको जीवनीसँग जोडिएका विविध पक्षहरूमध्ये उनको एक महत्त्वपूर्ण व्यक्तित्वका रूपमा 'भ्रमण' देखापर्दछ भन्न सकिन्छ । देवकोटाको साहित्य-सिर्जनासँग साक्षात सम्बन्ध राख्ने यी रमणीय भ्रमणकार्य उनकै जीवनका साहित्यिक, शैक्षिक-प्रशासनिक तथा बुद्धिजीवी पक्षहरूमा यिनै घटना अनुभव अनि ज्ञानका पक्षहरूको अन्योन्यश्रित सम्बन्ध रहेको छ भन्न उचित देखिन्छ ।

## २.६ देहवसान

लक्ष्मीप्रसाद देवकोटाको जीवनयात्राको अन्तिम वर्ष वि.सं. २०१६ साल हो । भारतको वनारस प्रवासदेखि शारीरिक समस्या तीव्र रूपमा बढ्दै गएको थियो । पटक-पटकको रोगको उपचार गर्दै उनी मास्तिष्क र शरीरलाई पीडा दिँदै सङ्घर्षरत रूपमा आफ्नो पारिवारिक तथा साहित्यिक जिम्मेवारी बहन गर्दै गए भने दिनदिनै क्यान्सर रोगले उनलाई ग्रसित बनाउँदै थियो ।

असह्य वेदना र आर्थिक अभावका कारण उनी आहात बनिसकेका थिए । औषधी उपचार गराउन पैसाको अभाव थियो । सापटी लिएर यसै सालको वैशाख २२ गते शान्तभवन अस्पतालमा उपचार गर्न गए । यद्यपि उनलाई डाक्टरले उपचारका निम्ति विभिन्न संघसंस्था तथा

[५५] ऐजन ।

[५६] पूर्ववत्, पृ. ५३ ।

[५७] ऐजन ।

[५८] पूर्ववत्, पृ. ५६ ।

[५९] पूर्ववत्, पृ. ५७ ।

[६०] ऐजन ।

व्यक्तिसँगको अनुरोधबाट उनको जागिरकालको आठ महिनाको रोक्का तलबमध्ये ७ महिनाको तलब दिइयो । यस्तै स्वर्गीय राजा महेन्द्रबाट सहयोग रू.५००० बक्स भयो ।[६१]

यसैगरी अन्य स्थानीय सङ्घसंस्था र विद्यार्थीहरूले पनि चन्दा सङ्कलन गरी उनको उपचारमा सहयोग पुऱ्याए । यसपछि असार ६ गते स्वास्थ्योपचारका निम्ति कलकत्ता गए । यसको निम्ति रोयल नेपाल एकेडेमीका सदस्यहरूले उनको सहयोगका लागि १५ दिनको तलब पठाए । १ महिना लामो समय बस्दा पनि रोग निको हुने नदेखिएपछि उनी काठमाडौं फर्के । त्यसपछि क्यान्सर रोगबाट मुक्ति पाउन उनले मस्को जाने इच्छा व्यक्त गरेका थिए । यद्यपि आर्थिक अभावका कारण उनको यो चाहना पूरा हुन सकेन ।

यसपछि उनका वेदनारूपी भावहरूलाई समेटेर भाइ मधुसुदनसँग मिलेर देवकोटाले बैशाख (वि.सं. २००६) मा 'जन्मोत्सव र मुटुको थोपा' कविता संङ्ग्रह प्रकाशन गरे । यसैसाल क्यान्सरग्रस्त अवस्थामै 'छहरा' कविता संग्रहको भूमिका लेखे ।[६२]

ग्लुकोज, फलफूलको रस तथा बरफको झोलमा प्राण जोगाउन बाध्य बनेका देवकोटालाई दोस्रो पटक पुनः शान्तभवन अस्पतालमा भर्ना गरियो । उक्त समयमा उनले भक्तिरस भावका कविता 'प्रलयवेदना' लगायत अन्य मर्मस्पर्शी कविताहरू 'सङ्कल्प हाम्रो फलोस्', 'म शून्यमा शून्यसरी' र अङ्ग्रेजी कविता 'लाइफ इज द रिचेष्ट फिष्ट', 'टु गड', 'प्रमिथियन पेन आई वियर' लेखे ।

उपर्युक्त रचनाहरूले मानिसलाई सांसारिक जीवनबाट आध्यात्मिक जीवनतर्फ डोऱ्याउँदै जीवनको शून्यताको बोध गराउन प्रेरित गरेको देखिन्छ । उपचारको क्रममा रगत दिनुपर्ने सल्लाह पाएपछि उनले जीवनलाई थप कष्टबाट छिटै मुक्त गर्न त्यसप्रति आभार जनाउँदै पशुपति आर्यघाट जाने इच्छा व्यक्त गरे । उनलाई त्यहाँ लगियो ।

भाद्र २८ गते देवकोटाले कवि शिरोमणि लेखनाथ पौड्यालसँग ज्ञान-भक्तिका कुरा गरे । अर्को दिन २९ गते लेखनाथ र लक्ष्मीप्रसादले आँखाबाट अश्रुधारा बगाउँदै अन्तिम विदावारी लिए । सोही दिन उनलाई भेट्न आएका मन्त्री गणेशमानसिंहप्रति नयाँ नेपालनिर्माण र प्रजातन्त्रको विकासको भावना व्यक्त गरे । यसैगरी प्रत्येक नेपाली र विश्वमानव समुदायप्रति बन्धुत्वको भावना प्रकट गर्नुका साथै नेपालीको सुनौलो भविष्यको कामना गर्दै वि.सं. २०१६ साल भाद्र २९ गते साँझ ६ बजेर १० मिनेट जाँदा नेपाली धरतीबाट सँधैका लागि विदा लिए । यद्यपि उनको नाम नेपाली इतिहासमा जीवन्त रूपमा रहेको छ ।[६३]

## २.६ सम्मान तथा पुरस्कार

लक्ष्मीप्रसाद देवकोटाको जीवनी तथा व्यक्तित्वको प्रत्यक्ष वा अप्रत्यक्ष रूपबाट साहित्य-सिर्जनामा पारेको प्रभाव तथा त्यसबाट प्राप्त प्रसिद्धिको मूल्य उनको सम्मान तथा पुरस्कार व्यक्तित्व हो ।

---

[६१] पूर्ववत्, पृ. ५९ ।

[६२] पूर्ववत्, पृ. ५९-६० ।

[६३] पूर्ववत्, पृ. ६०-६१ ।

उनको प्रथम कविता मानिएको 'घनघोर दुःख सागर...' बाट नेपाली कविता साहित्यमा पदार्पण (उदाउन) पुगेका हुन् देवकोटा । आफ्ना तीक्ष्ण बौद्धिकक्षमता, गहिरो चिन्तन, निरन्तरको कविता-साधना, पूर्वीय र पाश्चात्य दर्शनहरूको अध्ययन, आफ्नै स्वाध्ययन, विविध प्रेरणा तथा घटना अनुभवबाट कविताको परिष्कार र परिमार्जन गर्दै देवकोटाले साहित्य-सिर्जना गरे ।

प्रत्येक कार्य-अनुभव र संसर्ग आदिबाट ज्ञान बटुल्दै कविताको सिर्जना गर्ने देवकोटा विशेष गरी बालसाहित्यकार, कवि, खण्डकाव्यकार तथा महाकविका साथै निबन्धकारकै रूपमा समेत स्थापित भए । नेपाली कविता साहित्यमा स्वच्छन्दतावादी धाराका प्रवर्तन, प्रबर्द्धन र विस्तारमा गरेका उल्लेख्य योगदानका आधारमा उनले विविध सम्मान तथा पुरस्कार प्राप्त गरे । ती हुन्-

वि.सं. १९८७ मा लिखित 'भो-भो दिदी जान्न म ता' गीत लयबद्ध गरी लैनचौरको मञ्चमा नाचेर गाउँदा धेरै राम्रो भनी अङ्ग्रेजहरूबाट तक्मा र प्रमाणपत्र पाएको तथा अरूगीत पनि त्यसैगरी गाउँदा निकै लोकप्रिय बनेका र आफूले नाम कमाएको कुरा मा. रत्नदासले यसको लेखक (डा. कुमारबहादुर जोशी)लाई दिएको लिखित अन्तर्वार्तामा उल्लेख गरेका छन् ।[६४]

-कोमलनाथ पौड्याल (देवकोटा बी.एल. पढ्न पटना बस्दा ४ महिनाजति सँगै बसेका साथी) बाट प्राप्त जानकारी अनुसार देवकोटाले पटनामा बी. एल. पढ्न बस्दाखेरी वि.सं. १९८९ सालको भदौ महिनामा नेपालमा भीमशमशेरको मृत्युपश्चात जुद्ध शमशेर श्री ३ भएको खुशीयालीमा उनको तारिफ गर्दै लेखेको तथा उसबेला पटनामा सानो पुस्तिकाको रूपमा छपाएर कविले काठमाडौं ल्याई ठाउँ-ठाउँमा बाँकी दिएको र श्री ३ जुद्धकहाँ पनि पठाएको १०-१२ श्लोकको स्तुति-कविता (जुद्धस्तुति) कविता हो । उक्त रचना सुनेपछि श्री ३ जुद्धबाट रू.१०००।-को नगद बक्सिस प्राप्त गरे ।

आशुकविको उपाधि[६५] (कलकत्तामा देवेन्द्रराज उपाध्यायको अनुरोधमा तुरून्त रचना गरी श्रुतिलेख गराइएको ९३ श्लोकको मात्रा छन्दको 'आँसु' शीर्षकको कविताको निम्ति देवेन्द्रराज उपाध्यायले देवकोटालाई दिएको उपाधि)

इलेक्ट्रिक कवि (विजुली कवि) को उपाधि[६६]

वि.सं. २००९ साल असोज २५ गते दार्जिलिङका नागरिकका तर्फबाट आयोजित प्रीतिभोजमा 'तीनोटा हामी नेपाली चरी' भन्ने कविता खाँदा-खाँदै रची सुनाएपछि साहित्यकार पारसमणि प्रधानले देवकोटालाई दिएका उपाधि ।

हुलाक टिकटको प्रकाशनार्थ (वि.सं. २०२१) सम्मान तथा पुरस्कार ।[६७]

देवकोटाको मृत्युमा सरकारले उनको सम्झनामा आधा झण्डा झुकाएर सबै सरकारी कार्यालयहरूलाई आधा दिनको र शिक्षण संस्थाहरूलाई पूरा दिनको विदा दियो ।[६८]

---

[६४] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. ८ ।

[६५] देवेन्द्रराज उपाध्याय, **आशुकवि लक्ष्मीप्रसाद देवकोटा**, (भारती १:१०, २००६ चैत्र) पृ. १७-५४ ।

[६६] महादेव अवस्थी, पूर्ववत्, पृ. ५४ ।

[६७] वासुदेव त्रिपाठी र अन्य, **नेपाली कविता भाग-४**, (काठमाडौं : साझा प्रकाशन, पुल्चोक, २०६०), पृ. १९५ ।

[६८] महादेव अवस्थी, पूर्ववत् पृ. ६२ ।

उनको औषधोपचारको सिलसिलामा परिवारलाई लागेको ऋण तिर्न बाईस हजार (रू.२२,०००।-) कृया गर्न तीन हजार (रू.३०००।-) दिने र उनका नाबालक छोरा बालिग नभएसम्म मासिक रू.१००।- भत्ता दिने प्रशंसनीय निर्णय पनि त्यतिबेलाको प्रजातन्त्रिक सरकारले गऱ्यो ।[६९]

नेपाली साहित्यमा उनले गरेको योगदानको स्मरण गरी 'नेपाल राजकीय प्रज्ञा-प्रतिस्ठानले वि.सं. २०२३ सालमा उनलाई मरणोपरान्त त्रिभुवन पुरस्कार प्रदान गरी उनीप्रति सम्मान जनायो ।[७०]

त्यसैगरी उनका नाममा देशभित्रका विभिन्न ठाउँमा देवकोटा पुस्तकालय, देवकोटा मेमोरियल कलेज, देवकोटा काव्यप्रतिस्ठान तथा साँस्कृतिक-साहित्यिक संस्था आदि पनि स्थापित भए ।

उनका योगदानको स्मरण गरी विभिन्न पत्रिकाहरूले पनि 'देवकोटा-विशेषाङ्क' निकालिसकेका छन् भने उनका बारेमा प्रशस्त पुस्तक एवम् लेखहरूको लेखन-प्रकाशन हुनाका साथै केही अनुसन्धान कार्य भइसकेका र केही भइरहेका पनि छन् ।[७१]

उनका नाममा विभिन्न संस्था-प्रतिस्ठान आदिले छात्रवृत्ति विद्वतावृत्ति एवम् पुरस्कार आदिको स्थापना गरेका छन् । उनले नेपाली साहित्यमा गरेका योगदानको सम्झना गरी प्रत्येक वर्ष कार्तिक कृष्णअमावश्या वा लक्ष्मीपूजाका दिन देशभित्र र बाहिरका नेपाली साहित्यिक-शैक्षिक संस्थाप्रतिष्ठान आदिले श्रद्धापूर्वक उनको जन्म जयन्ती मनाउँछन् ।

उपर्युक्त देवकोटाको जीवनीसँग अकाट्य सम्बन्ध रहेका विविध व्यक्तित्वहरू-सामाजिक, शैक्षिक, भ्रमणशील, आशुकवित्व, प्रशासनिक, योजनाकार व्यक्तित्व, स्छच्छन्दतावादी, स्वच्छन्दतावादी-प्रगतिवादी साथै देवकोटासँग सम्बन्धित विविध सम्मान, पुरस्कार, उपाधि तथा सम्झनाका पत्रहरू नै देवकोटाका समग्र परिचय हुन् भन्न सकिन्छ ।

---

[६९] ऐजन ।

[७०] ऐजन ।

[७१] ऐजन ।

### तेस्रो परिच्छेद

# देवकोटाका कवितयात्रा र काव्यप्रवृति

लक्ष्मीप्रसाद देवकोटाको जीवनकाल (वि.सं. १९६६-२०१६) को लगभग चालीसवर्ष लामो कवितायात्रालाई विभिन्न विद्धान्हरूले आ-आफ्नै विचारले प्रस्तुत गरेका छन् । यस क्रममा सर्वप्रथम डा. वासुदेव त्रिपाठीले वि.सं. २०३१ सालमा देवकोटाको कविता यात्रालाई दुई भाग ( पूर्वार्द्ध र उत्तरार्द्ध) मा बाँडेको पाइन्छ । यस अनुरूप त्रिपाठीले देवकोटाका कवित्वको प्रष्फुटन तथा अभ्यासकाललाई छोडेर वि.सं. १९९१-२०१६ का बीचको पच्चीस वर्षे सार्वजनिक कविता यात्रालाई पूर्वार्द्ध (वि.सं. १९९१-२००३) र उत्तरार्द्ध (वि.सं. २००४-२०१६) का बराबरी समयावधिमा आधारित दुई चरणमा वर्गीकरण गरेका छन् ।[७२]

लक्ष्मीप्रसाद देवकोटाको कवितायात्राका मोड-उपमोडहरूको निर्धारण, विश्लेषण र मूल्याङ्कनमा सीमित रहेर डा.कुमारबहादुर जोशीले देवकोटाको कवितायात्रालाई दशकको रूपमा प्रमुख चार दशकमा विभाजन गरेका छन् ।[७३]

१. पहिलो दशक (वि.सं. १९७६-१९८६ : कवित्वको पृष्ठभूमि वा पूर्वाभ्यासकाल)

२. दोस्रो दशक (वि.सं. १९८७-१९९६ : स्वच्छन्दतावादी काव्यज्वारको बीजाङ्कुरण, प्रष्फुटन, काव्यप्रकाशन तथा विस्तार

३. तेस्रो दशक (वि.सं. १९९७-२००६ : स्वच्छन्दतावादी काव्यज्वारको चरमोत्कर्ष, स्वच्छन्दतावादी-प्रगतिवादी वरण एवम् स्वच्छन्द-रहस्यवादी वरण)

४. चौथो दशक (वि.सं. २००७-२०१६ : स्वच्छन्दतावादी-अध्यात्मवादी प्रवृति तथा परिष्कार-परिमार्जन)

यसैगरी डा. महादेव अवस्थीले वासुदेव त्रिपाठी र कुमारबहादुर जोशी दुवैलाई समेटेर देवकोटाका कवितायात्रालाई दुई चरण (नेपथ्यकालीन चरण : १९७६-१९९०, सार्वजनिक चरण : १९९१-२०१६) मा वर्गीकरण गरेका छन् ।[७४] यसमा पनि नेपथ्यकालीन चरणअन्तर्गत दुई उपचरण रहेका छन्- १.पहिलो चरण (वि.सं. १९७६-१९८२) र २.दोस्रो चरण (वि.सं. १९८३-१९९०) तथा सार्वजनिक चरणअन्तर्गत चार उपचरण देखापर्दछन्-१.पहिलो चरण (वि.सं. १९९१-९९), दोस्रोचरण (वि.सं. २०००-२००३ कार्तिक), तेस्रो चरण (वि.सं २००३ मङ्सिर- २००९) र ४.चौथो चरण (वि.सं.२०१०-२०१६) ।

लक्ष्मीप्रसाद देवकोटाको कवितायात्राका चरण-विभाजनका उपर्युक्त विभिन्न पूर्वस्थापना : सम्भाव्यता र समस्याहरूलाई समेत दृष्टिगत गर्दा खासगरी उनका कवितालेखन समय तथा काव्यगत प्रवृत्तिका आधारमा समग्र जीवनकालीन काव्यकृति समयलाई निम्न रूपमा हेर्न सान्दर्भिक हुने देखिन्छ-

---

[७२] कुमारबहादुर जोशी, **महाकवि देवकोटा र उनका महाकाव्य**, (काठमाडौं : सहयोगी प्रकाशन, २०३१) पृ. ३९-४१ ।

[७३] कुमारबहादुर जोशी, **देवकोटाका कावितायात्राको विश्लेषण र मूल्याङ्कन**, (काठमाडौं : साझाप्रकाशन, २०४७) पृ. २७-५४ ।

[७४] महादेव अवस्थी, पूर्ववत्, पृ. ७१-७३ ।

१.नेपथ्यकालीन चरण (वि.सं. १९७६-१९९०)

२.सार्वजनिक चरण (वि.सं. १९९१-२०१६)

(क) विशुद्ध स्वच्छन्दतावादी चरण (वि.सं.१९९१-२००३)

(ख) स्वच्छन्दतावादी-प्रगतिवादी चरण (वि.सं.२००४-२०१६)

## ३.१ नेपथ्यकालीन चरण (वि.सं. १९७६-१९९०)

लक्ष्मीप्रसाद देवकोटाको जीवनकालको दसौं वसन्त अर्थात् वि.सं. १९७६ सालदेखि कवित्व प्रष्फुटन भई यसको पूर्वाभ्यास, स्वच्छन्दतावादी काव्यबीजको बीजाङ्कुरण तथा सार्वजनिक कवितायात्राको पूर्वसन्ध्याकालीन अवधि नेपथ्यकालीन कविता यात्रा (वि.सं. १९७६-१९९०) हो ।

संस्कृत, अङ्ग्रेजी तथा नेपाली शिक्षाको सुसंस्कृत वातावरण पाएका देवकोटाले पिताको प्रभावमा परेर श्रीमद्भागवत गीताको 'गरीब' कविता संस्कृतमा लेखेर पितालाई देखाए तर त्यसलाई एक नजर सरसरी लगाई फालिदिएर भन्नुभो-"यस्ता बेकम्मा कविता लेख्नु व्यर्थ छ ।" पिताको यस अभिव्यक्तिले देवकोटामा संस्कृत रचनाप्रति नैराश्य छायो र संस्कृतलाई विश्रान्ति दिई नेपाली कविता रचना गर्नतर्फ विचार परिवर्तन गरे । फलस्वरूप भाउजूको प्रेरणाबाट "म त अभागिनी पो भएँ" भन्ने विरहको कविता "गाङ्गुली ट्रान्सलेशनका पानामा तलमाथि खाली ठाउँमा" लेखेको चर्चा देवकोटा आफैंले 'कवि हुने धुन' (निबन्ध)मा गरेका छन् ।[७५] उनको उक्त रचनाहरूलाई कविताको अभ्यासकालको रूपमा लिन सकिन्छ ।

लक्ष्मीप्रसाद देवकोटाको कवितायात्राको आरम्भ दशवर्षे कलिलो बाल्यावस्थादेखि नै सुरु भयो भने यसअघि नै उनले कवित्वभ्यास गरिसकेका थिए । उनको कविता आरम्भको प्रथम रचित कविता यस्तो छ :[७६]

*"घनघोर दुःखसागर संसार जान भाई*
*नगर घमण्ड कहिले मर्नू छ हामीलाई ।"*

देवकोटाले रचेका उपर्युक्त कविता/काव्य उनको जन्मअवधिमा १० वर्षको (वि.सं.१९७६) उमेरमा उनकै पिता र भाउजूको प्रभाव तथा प्रेरणामा लेखिएको हो । यसअघि लेखिएका संस्कृत कविता अप्राप्य तथा नेपाली कवितांश अपूर्ण रहेकाले यो कविता "घनघोर दुःखसागर" नै देवकोटाले बाल्यकालमा लेखेका प्रथम कविता हुन गएको हो र यसैबाट देवकोटाले काव्ययात्राको प्रारम्भ गरेका थिए ।

घरायसी तथा शैक्षिक वातावरणका कारण जीवनको कलिलै वसन्तमा कवित्व ज्ञान प्राप्त गरिसकेका देवकोटाले वि.सं. १९७७ को चैत्र महिनामा दाजु र आमाको आग्रहमा दरबार हाइस्कूलमा पाँचौं कक्षामा भर्ना भई औपचारिक अध्ययन आरम्भ गर्न थाले । यसको एकवर्षपछि अर्थात् छैटों कक्षामा पुग्दा देखि नै उनले कविता रचनायात्रा सुरु गरे ।

---

[७५] चूडामणि बन्धु, **देवकोटा**, (काठमाडौं : साझाप्रकाशन, २०३५), पृ. ९ ।

[७६] ऐजन ।

यस क्रममा 'वीर राजकुमार', 'सुकुमार राजकुमारी', 'राजदरवार', 'रानीपोखरी' जस्ता कविता रचना गरेर साथीहरूलाई सुनाएको र साथीहरूले कसैले 'सुकलगुण्डा' त कसैले 'नक्कली मजुर' भनी टिप्पणी गरेका थिए भन्ने चर्चा समेत पाइन्छ ।[७७]

यसैगरी 'दरवार स्कूल' कविता १५ मिनेटमै लेखेर कक्षाका साथीहरूलाई तथा शिक्षकहरूलाई सुनाएको जसबाट शिक्षकले 'फक्रँदो कवि' (Budding poet) को उपनाम दिएको कुरा देवकोटाकै निकटवर्ती सहपाठी चन्द्रबहादुर श्रेष्ठ (सी.बी. श्रेष्ठ)ले दिएको जानकारीबाट प्राप्त हुन्छ ।[७८]

यसरी नै आठौं कक्षामा पढ्दा आफ्ना सहपाठी पिनाकीप्रसाद अचार्यले जापनमा गएको भुकम्पका बारेमा लेखेको छन्दोबद्ध कविता मन पराएर कापीमा सारेको र त्यसपछि आफूले पनि कविता लेखेर सुनाएका थिए ।

यसपछि वि.सं. १९८३ मा त्रिचन्द्र कलेजमा आई.एस्सी. पढ्दा शिक्षक शारदाप्रसाद मुखर्जीको मृत्युमा एक विषादजनक कविता (एलिजी) अङ्ग्रेजीमा पटनामा बस्दा लेखेको चर्चा देवकोटा आफैंले गरेका छन् ।[७९]

त्रिचन्द्र कलेजमा भर्ना भएदेखि नै देवकोटाको स्वाध्ययन, तीव्र स्मरणशक्ति, तीक्ष्ण प्रतिभा, गहिरो साधना तथा विविध शास्त्रीय ज्ञानका कारण कविता रचना अनि नमुनामा 'दि व्यालेड सावित्री एण्ड सत्यवान्' (वि.सं. १९८४-८५) को रचना गरे । यस्तै शेक्सपियरको 'आएज यू लाइक इट' (अङ्ग्रेजी)का केही अंश नेपालीमा रूपान्तरण गरेका थिए ।[८०]

यसैगरी देवकोटाको वि.सं. १९८७ सालका कविताकृतिका रूपमा जम्मा ४ वटा गीत रहेका छन् । यी गीतहरू मा. रत्नदास-प्रकाशबाट प्राप्त भएका हुन् ।[८१] ती हुन् :

१.तोतेबोली नफुट्दैमा

२.नपाऊँ पोइ घुर्ने

३.फुल्यो आलुवखडा

४.भो-भो दिदी जान्न म त ।

यसपछि वि.सं. १९८८ मा देवकोटा बी.एल. पढ्न भारतको पटना कलेजमा बस्दाखेरी कलेजको पत्रिकामा छपाउने प्रेमका १ दर्जन कविता अङ्ग्रेजी भाषामा लेखेका थिए ।[८२]

यसरी नै देवकोटाको पटना-अध्ययनकै क्रममा वि.सं. १९८९ मा नेपालका तत्कालीन श्री ३ भीमशमशेरको मृत्यु तथा जुद्ध शमशेरको उदयमा खुशीयाली स्वरूप जुद्धको तारिफ गर्दै

---

[७७] कुमारबहादुर जोशी, पूर्ववत्, पृ.३ ।

[७८] पूर्ववत्, पृ. ३-४ ।

[७९] ऐजन ।

[८०] पूर्ववत्, पृ. ६ ।

[८१] पूर्ववत्, पृ. ७-८ ।

[८२] पूर्ववत्, पृ. १२-१३ ।

स्तुतिपरक कविता (काव्य) लेखेर छपाएको र त्यसबाट श्री ३ जुद्धले रू.१०००।- नगद बक्सिस समेत दिएको कुरा उनका पटना सहपाठी कोमलनाथ पौड्यालले बताएका छन् ।[८३] उक्त कवितांश यसप्रकार छ :

*उदयभो रविको र उठें अब*
*किरणले घर झट्ट उज्यालियो ।*
*समय भो आज प्रभातको*
*भजन गर्न भनेर अघि सरें ।*

*फूल चुनेर लिई पढ-अक्षर*
*उनी सिलोक-थुङ्गा र थुङ्गा गरी*
*म पहिराउँछु यो कविता भनी*
*जल लिएँ अनि निर्मल भक्तिको*

वि.सं. १९८९ सालका कविताकृतिपछि देवकोटाको कवित्व उक्त सालको कवितांशमा प्रकट हुँदै एकैचोटि 'सावित्री-सत्यवान' (पद्यनाटक) देखापर्दछ । वि.सं. १९८९ पछि भेटिएको रचना हुँदा यस रचनालाई देवकोटाको वि.सं. १९९० का रचनामध्ये प्रतिनिधि नाट्य रचनाका रूपमा लिन सकिन्छ ।

उक्त रचना वि.सं. १९९७ सालमा आएर प्रथमपटक प्रकाशन भएको देखिन्छ । यद्यपि सो रचना हाल उपलब्ध छैन ।[८४] हाल प्राप्त 'सावित्री-सत्यवान्'को प्रकाशन वि.सं.२०२४ रहेको देखिन्छ । यस अर्थमा सो नाट्यकृतिलाई दास्रो प्रकाशित नाटक हो भन्न सकिन्छ । यसरी देवकोटाको वि.सं. १९९० मा लिखित काव्यकृतिको रूपमा यही एउटा पद्य नाटक 'सावित्री-सत्यवान' (प्रकाशन वि.सं. २०२४) अहिले उपलब्ध छ ।

यसैगरी देवकोटाका वि.सं. १९९०-९१ सालका कविताकृतिमा चाहिं राष्ट्रिय अभिलेखालयमा सुरक्षित कवि देवकोटाकै हस्ताक्षरमा रहेको पाण्डुलिपिका कविता जन्मोत्सव र मुटुका थोपामा सङ्कलित कविता तथा मास्टर रत्नदास प्रकाशबाट प्राप्त ५ वटा गीत, गजल अनि पूर्णदास श्रेष्ठबाट प्राप्त २९ वटा कविता रहेका छन् ।[८५]

### ३.१.१ नेपथ्यकालीन चरणका काव्यप्रवृत्ति

१. नियतिवादी चेतको प्रयोग एवम् मृत्युबोध चेतना,
२. नारी पीडाको उद्घाटन,
३. नारी पुरुष समानताको सङ्खघोष,
४. विभिन्न अलङ्कारको उचित र सारगर्भित प्रयोग,
५. शासक स्तुति,
७. छन्द कौशलमा कमजोरी,
८. स्वच्छन्दतावादी कविताको ज्ञानार्जन ।
९. स्वच्छन्दतावादी कविताको बीजारोपण तथा अङ्कुरण आदि ।

[८३] पूर्ववत्, पृ. १४ ।
[८४] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. १४-१५ ।
[८५] पूर्ववत्, पृ. २१ ।

वस्तुतः लक्ष्मीप्रसाद देवकोटाको साहित्यसाधना, स्वच्छन्दतावादी वरण अनि त्यस अनुरूप कवित्वभ्यास गरी उनको सार्वजनिक प्रकाशनको निम्ति आत्मबल प्राप्त गर्नु नै उपलब्धि हो भन्न सकिन्छ ।

### ३.२ सार्वजनिक चरण (वि. सं. १९९१–२०१६)

#### ३.२.१ विशुद्ध स्वच्छन्दतावादी चरण (वि.सं. १९९१–२००३)

वि.सं. १९९१-२००३ को अवधि कवि लक्ष्मीप्रासद देवकोटाको विशुद्ध स्वच्छन्दतावादी काव्यधाराको चरण हो । यसअन्तर्गत वि.सं. १९९१ साल देवकोटाको साहित्यसिर्जनाको प्रकाशन एवम् कविताको सार्वजनिक काल हो । यस समय उनी स्वच्छन्द-प्रकृतिवादी, मानवतावादी, रहस्यवादी, छायावादी काव्यज्वारको रचना तथा प्रकाशनमार्फत नेपाली साहित्यको कविताफाँटमा पदार्पण गरे जुन उनको कविता प्रकाशनको प्रथम सार्वजनिक चरण हो । उक्त चरणमा देवकोटाले २ वटा फुटकर कविता रचना तथा प्रकाशन गरी लोकमानसका बीचमा देखा परेको देखिन्छ ।[८६] ती हुन् :

१. पूर्णिमाको जलधि (मङ्सिर १५, गोरखापत्र)

२. गरीब (फागुन १:१ शारदा)

लक्ष्मीप्रसाद देवकोटाको वि.सं. १९९१ को गोरखापत्रमा प्रकाशित पहिलो कविता ‘पूर्णिमाको जलधि’ यस्तो छ :[८७]

*“पूर्णिमाको सुन्दरतामा उछिलियि, उछिलियि गहिराई*
*उठ्छन् लहरी भाषातटमा ठकुरायी*
*गम्भीरताको गुँज्दछ गाना मेरो प्राण पवन*
*भावहरूका उठ्छन् लहरी लहरायी-लहरायी”*

शब्द, भाव, व्यञ्जन, अलङ्कार, विम्व अनि प्रतीकका धनी कवि देवकोटाको उपर्युक्त कविताले साँच्चै नै प्राकृतिक स्वच्छन्दतावादी जीवनदृष्टि प्रस्तुत गर्दछ । उक्त कुराको पुष्टि देवकोटाकै शब्दबाट भएको देखिन्छ । नेपाली साहित्यको इतिहासमा ‘सर्वश्रेष्ठ पुरुष’का सम्बन्धमा उनी भन्दछन्-“कवि बोलोस-जसरी चराहरू बोल्दछन्, न कि जसरी उस्तादहरू कसरत गर्छन् , हृदयले हृदयलाई बोलाओस् कवितामा, न कि आडम्बरलाई ।”[८८]

पंक्षीको कूजनजस्तै कविको काव्यसिर्जना हुनुपर्छ । अर्थात् सहजता नै कविता हो-प्रतिभाको सङ्गीत नै गान हुनुपर्छ -काठको रियाज होइन । ‘उद्योगैतक गर्छु आज म सखें ! बन्दा नबन्ला कसो । यसैगरी कविता जादूबाट जगत बनाउनु यसैहोला सजिलो कहाँ ।[८९] यसैगरी कवि

---

[८६] पूर्ववत्, पृ. ४७ ।

[८७] स्वयम्भूलाल श्रेष्ठ, ‘महाकवि देवकोटा : संक्षिप्त जीवनी र केही संस्मरण’, **भानु**, (देवकोटा विशेषाङ्क, वर्ष ५, अङ्क), पृ. १८५ फागुन ।

[८८] वासुदेव त्रिपाठी, ‘देवकोटाको काव्य-सृजना : उनैका आत्म स्वीकृतिहरू’, **भानु** (देवकोटा विशेषाङ्क, वर्ष ५, अङ्क १२), पृ. ४३७-४१ ।

[८९] ऐजन ।

देवकोटाका वि.सं. १९९२ का कविताकृतिका रूपमा तीन रचना भेटिएका छन् जसमध्ये 'मुनामदन' (झ्याउरे खण्डकाव्य) एक महत्त्वपूर्ण कृतिको रूपमा रहेको छ।[९०] अरू कविताकृतिमध्ये 'मुनामदन'का बारेमा देवकोटा विषयक सबैभन्दा पहिलो ग्रन्थका लेखक नित्यराज पाण्डेको भनाइ यस्तो रहेको छ :

कविजीको सर्वप्रथम प्रकाशित पुस्तक मुनामदन हो । यो १९९६ सालदेखि प्रकाशित भएर अहिलेसम्म पाँचौं आकृतिसम्म निस्केको रहेछ ।[९१] यस सन्दर्भमा स्वयम् देवकोटाका केही हरफ पनि उल्लेखनीय छन् र ती हुन् :

> *"मैले ४ दिनभित्र रातका २-२ घण्टा ट्यूशनपछि लगाएर मुनामदन नामक एक झ्याउरे काव्यको रचना गरें ।.....यस काव्यलाई छपाएँ । मैले झ्याउरे कवि बनेर कविता जगत्मा पहिलो बाजी पदार्पण गरें । जब सूर्यविक्रम ज्ञवालीले "नेपालका दुई लाल" नामक एक लेखमा दार्जिलिङबाट मेरो मुनामदन तथा श्री सिद्धिचरणका कविताउपर प्रकाश गर्नुभयो ।"*

साँच्चै ज्ञवालीले चर्चा गरेझैं देवकोटाको 'मुनामदन' आज सम्पूर्ण नेपालीका माझ लोकप्रिय बनेको छ । यसमा एकातिर धनको भौतिक आकर्षण रहेको छ भने अर्कोतिर प्रेमको आत्मीयता । धन-सम्पत्तिकै मोहजालमा परी आमा, श्रीमती (मुना) तथा अन्तमा स्वयम् मदनले जीवन त्याग गरेको मर्मस्पर्शी, कारुणिक वेदनाले युक्त यस खण्डकाव्यमार्फत आदर्श मानवीय आत्मिक प्रेमको अमरवाणीहरू प्रकट भएका छन् । भौतिक सुख-सुविधारूपी धनसम्पत्तिप्रति वितृष्णा जगाई निश्छल प्रेमको अमर सन्देश दिन उक्त खण्डकाव्य वास्तवमा नेपालीहरूको आफ्नो जीवनगाथा ओकाल्न सफल देखिन्छ । यसको मूलभाव समेट्ने केही हरफहरू :

> *"हातका मैला सुनका थैला, के गर्नु धनले*
> *साग र सिस्नु खाएको वेस आनन्द मनले"*
>
> -मुनामदन, २०३८, पृ.२ ।

उल्लिखित कवितांश देवकोटाका समग्र खण्डकाव्यमध्येकै एक उत्कृष्ट खण्डकाव्यपङ्क्ति हो जुन उद्गारले सम्पूर्ण नेपालीको साझा विचार, समस्या र पीडालाई अभिव्यक्त गरेको छ । यसरी यस खण्डकाव्यमा नेपाली समाजमा हुने गरेका तथा हुनसक्ने सम्भाव्य घटनाहरू प्रकटीकरण भएका छन् ।

कवि लक्ष्मीप्रसाद देवकोटाको काव्ययात्राको विशुद्ध स्वच्छन्दतावादी चरण (वि.सं. १९९१-२००३) कविता/काव्यसिर्जना तथा प्रकाशनका दृष्टिले महत्त्वपूर्ण चरण (मोड) हो । साहित्यको फुटकर कवितादेखि लिएर खण्डकाव्य हुँदै महाकाव्यको समेत रचना तथा प्रकाशन देवकोटाले यस चरणमा गरे । साथै कवि, खण्डकाव्यकार र महाकविसमेत बन्न पुगे जसले नेपाली साहित्यमा प्रथम स्वच्छन्दतावादी मौलिक, ऐतिहासिक एवम् गुणात्मक महाकविका रूपमा चिनायो । उनको

---

[९०] कुमारबहादुर जोशी, पूर्ववत्, पृ. ५२ ।
[९१] पूर्ववत्, पृ. ५७ ।

पहिचानको श्रेय 'मुनामदन', 'कुञ्जिनी' (खण्डकाव्य), 'राजकुमार प्रभाकर' (बालकाव्य) तथा 'शाकुन्तल' (महाकाव्य : २००२) लाई मिल्दछ । यिनै काव्यकृतिबाट देवकोटाले प्रसिद्धि कमाए ।

उपर्युक्त कृतिहरूबाहेक देवकोटाको यस चरणका काव्यकृतिहरूमा अन्य केही चर्चित रचनाकृतिहरू निम्न छन् : 'गाइन् तिनले घँसिया गीत', 'अत्यन्त राम्रो स्वदेश हाम्रो', 'किसान', 'घाँसी', 'यात्रा', 'सन्ध्या', 'प्रश्नोत्तर', 'राजकुमार प्रभाकर', 'पुतली', 'सुनको विहान', 'लूनी', 'तिण्लिङ्गी', 'दुष्यन्त-शकुन्तला भेट', 'सुलोचना' (रचना), 'नवभाषोद्गार' (संस्कृत, नेवारी भाषा, नेपाली, अङ्ग्रेजी, फ्रेन्च, जर्मन, हिन्दी, उर्दू, बङ्गाली) नौ भाषामा लिखित कविता तथा कविताइतर निबन्धअन्तर्गत लक्ष्मी निबन्ध सङ्ग्रह (प्रकाशन वि.सं. २००२) रहेका छन् ।

कवि एवम् महाकवि लक्ष्मीप्रसाद देवकोटाको सार्वजनिक कविता यात्राअन्तर्गत रहेको विशुद्ध स्वच्छन्दतावादी चरणको अन्तिम वर्ष वि.सं. २००२ साल हो भने स्वच्छन्दतावादी भावधाराका काव्यरचनाबाट स्वच्छन्दतावादी-प्रगतिवादी काव्यसिर्जनाको बीजाङ्कुरण समय हो । उक्त सालमा देवकोटाद्वारा रचित 'एक डल्लो आलु', 'सेता राप झझल्किने', 'राजर्षि जुद्ध' जस्ता फुटकर कविता रचना तथा प्रकाशन भएको पाइन्छ ।

यसैगरी गरीब 'गोरे' र धनी 'कुञ्जिनी' बीचको आत्मिक प्रेमसम्बन्धबाट सिर्जित दुवैको दुःखद् घटनामा आधारित कारुणिक तथा मर्मस्पर्शी भाव संयोजित कविकल्पित साहित्यिक रचनाकृति 'कुञ्जिनी' (खण्डकाव्य) को रचना र प्रकाशनको समय हो ।[९२] राजा दुष्यन्त शिकार खेल्न जाँदा जङ्गलमा शाकुन्तलसँग भेटघाट र आपसी सम्बन्धको कथामा आधारित खण्डकाव्य 'दुष्यन्त शाकुन्तल भेट' को रचना गरे ।[९३]

यसरी नै स्वच्छन्दतावादी भावधाराको गाङ्गेय प्रवाहरूपी, मानवतावादी, प्रकृतिप्रेम, आदर्शप्रेम, अतीततर्फको उन्मुखता, रहस्यवादी जीवनदृष्टि, नगर-सभ्यता तथा स्वच्छ ग्रामीण सभ्यताको आकर्षण, भौतिक-अध्यात्मिक दर्शनले पूर्ण, ईश्वर, प्रकृति र मानवबीचको रहस्यमय आत्मिक सम्बन्ध रहेको आशुकवित्वको अभिव्यक्तिगत सिर्जनात्मक रचना 'शाकुन्तल' (महाकाव्य) लेखन र प्रकाशनको दृष्टिले महत्त्वपूर्ण काल मानिन्छ ।

वर्तमान सभ्यताहीन समाजप्रतिको नैराश्य तथा प्राचीन सभ्य समाजप्रतिको माया-मोह, नेपाली समाजको साँस्कृतिक चित्रण, समानता र विश्वबन्धुत्वको जीवनदृष्टि अनि पूर्वीय महाकाव्य ढाँचाबाट प्रथम स्वच्छन्दतावादी, मौलिक एवम् ऐतिहासिक रूपले शाकुन्तल महाकाव्य उल्लेखनीय र एक महत्त्वपूर्ण काव्यकृतिको रूपमा देखिन्छ ।

प्रकृति, ईश्वर र मानवको त्रिकोणात्मक अन्तः सम्बन्ध देखाउने यस विशालकाय महाकाव्य ग्रन्थ 'शाकुन्तल'को रचना जम्मा ३ महिनामा गरेको कुरा देवकोटा स्वयम्ले भूमिका लेखनमा बताएका छन् ।[९४]

> *"नेपाली महाकाव्य आइसल्याण्डको सर्पजस्तो थियो । मलाई अभाव पूरा गर्न इच्छा पहलाएर आयो र लेखें । लेखें तीनै महिनामा; रातीराती बसेर*

---

[९२] पूर्ववत्, पृ. १३२-१३३ ।

[९३] ऐजन ।

[९४] पूर्ववत् पृ. १-३४

*फुर्सदमा । कलम विजुली झैं दौड्यो तर कति उज्यालो आयो म भन्न सक्तिनँ ।"*

यसरी देवकोटाले महाकाव्यको अभावपूर्ति गर्ने माध्यमका रूपमा शाकुन्तलको रचना तथा प्रकाशन गरेपनि यो महाकाव्य ऐतिहासिक, गुणात्मक, मौलिक, साँस्कृतिक, आध्यात्मिक, भौतिक, मानवतावादी जीवनदर्शन, शैक्षिक-बौद्धिक दृष्टिले नेपाली साहित्यकै एक सर्वोत्कृष्ट स्वच्छन्दतावादी महाकाव्यको रूपमा देखा परेको छ । यसैबाट देवकोटा नेपाली साहित्यमा स्वच्छन्दतावादी भावधाराका केन्द्रीय महाकविका रूपमा स्थापित भएका हुन् । यसको रचना र प्रकाशनको उत्प्रेरणाबाट अन्य 'सुलोचना', 'प्रमिथस' आदि उत्कृष्ट महाकाव्य लेख्न उनी सफल भए । त्यसैले शाकुन्तल महाकाव्यको आफ्नै मौलिक तथा ऐतिहासिक महत्त्व रहेको छ ।

### ३.२.१.१ विशुद्ध स्वच्छन्दतावादी चरणका काव्यप्रवृत्ति

कवि एवम् महाकवि लक्ष्मीप्रसाद देवकोटाको सार्वजनिक कविता यात्राअन्तर्गत रहेको विशुद्ध स्वच्छन्दतावादी काव्यसिर्जनाको समष्टिगत अध्ययन तथा विश्लेषणबाट उक्त चरणका निम्निलिखित काव्य प्रवृत्तिहरू देखापर्दछन् :

१. विशुद्ध स्वच्छन्दतावादी मान्यताको वरण,

२. मानवतावादी स्वरको गुञ्जन,

३. लोकलय तथा विविध वर्णमात्रिक छन्दको प्रयोग,

४. काल्पनिक एवम् तिलस्मीपनको प्रयोग (राजकुमार प्रभाकर),

५. सरलता, बोधगम्यता र साधारण पाठकले समेत ठम्याउन सक्ने कृतिहरूको रचना ( मुनामदन, राजकुमार प्रभाकर, गरीब आदि),

६. परिष्कारवादको स्पर्शसहित सौन्दर्यचेतको क्रमिक आरोहतर्फको गतिशीलता,

७. स्वच्छन्दतावादी-प्रगतिवादी काव्यसिर्जनातर्फको उन्मुखता,

८. प्रकृतिको मानवीकरण, सौन्दर्यात्मकताजस्ता पक्षको उजागर,

९. आशुकवित्वमूलक कृतिरचना तथा महाकवित्व धारणा,

१०. सुकोमल तथा ललित भाषिक शिल्पविधान,

११. विशुद्ध स्वच्छन्दतावादी काव्यप्रवृत्तिको विश्रान्ति तथा स्वच्छन्दतावादी-प्रगतिवादी क्रान्तिचेतको बीजाङ्कुरण आदि ।

### ३.२.२ स्वच्छन्दतावादी-प्रगतिवादी चरण (वि.सं. २००४-२०१६)

महाकवि लक्ष्मीप्रसाद देवकोटाको काव्यसिर्जनाको वि.सं. २००४-२०१६ को अवधि स्वच्छन्दतावादी-प्रगतिवादी चरण हो । यस चरणको प्रारम्भिक समयमा देवकोटाको कविता-काव्य सिर्जनाको रूप परिवर्तन भएर देखापऱ्यो । विशुद्ध स्वच्छन्दतावादी काव्यप्रवृत्तिलाई प्रगतिवादी ढाँचामा रूपान्तरण गरी स्वच्छन्दतावादी-प्रगतिवादी एवम् क्रान्तिकारी भावधाराका कविता लिएर उनी नेपाली साहित्यमा उत्रिए । यसले नेपालका तत्कालीन शासकहरूप्रति व्यङ्ग्य-विद्रोहको स्वर गुञ्जन गऱ्यो । नेपाली समाज र नेपालीहरूमाथिको अन्याय-अत्याचार र शोषण तथा परतन्त्री राणाशासनको विरुद्धमा विशेष गरी देवकोटाले काव्यकृतिको सिर्जना गरे ।

यस अवधिमा देवकोटा 'प्रभुजी भेडो वनाऊ !', 'भाँचू कि मेरो कलम', 'मेरो सर्टिफिकेटलाई' जस्ता गद्यमर्दना (ओजस्वी) शैलीका काव्यकृति लिएर देखापरे । वि.सं. २००४ देवकोटाका स्वच्छन्दतावादी-प्रगतिवादी चरणको सशक्त प्रयोगकालीन प्रारम्भिक समय हो । यसै समयमा रचित काव्यरचना नै उनका प्रगतिवादी-क्रान्तिकारी भावधाराका प्रभावपरक रचनाका रूपमा देखिए ।[९५]

लक्ष्मीप्रसाद देवकोटाका प्रगतिवादी-क्रन्तिकारी भावधाराको सशक्तकाल वि.सं. २००४-२००६ को प्रवासकालीन समय हो । वनारस बसेर नेपालीहरूको स्वतन्त्रता र समानताको लागि जहाँनियाँ राणाशासकविरूद्ध उनले साहित्यिक आन्दोलन गरे । यो उनले नेपाल र नेपाली जनताको मुक्तिको लागि गरेको उल्लेखनीय कार्य हो । देवकोटाका प्रवासकालमा रचित/प्रकाशित स्वच्छन्दतावादी-प्रगतिवादी काव्यकृतिहरू निम्न लिखित रहेका छन् । ती हुन्-

'भावना गाङ्गेय', 'आकाश बोल्छ', 'छाँगासँग कुरा', 'वसन्ती', 'मायाविनी सर्सी', 'नवरस', 'कटक', 'मैना', 'पहाडी पुकार', 'नाला', 'युगवाणी', 'सृजामाता', 'आँसु' आदि । यसैगरी देवकोटाले वि.सं. २००७ तिर रचना सुरु गरेर वि.सं. २०१०-१२ तिर लेखनकार्य सकेका मानवतावादी स्वरको प्रखर काव्यकृति 'प्रमिथस' महाकाव्य हो । ग्रीसेली पुराकथालाई विषयवस्तु बनाएर नेपालको प्रतीकात्मक दृश्य झल्काइएको उक्त कृति भाव र कल्पनाले उच्च रहेको छ ।

स्वच्छन्दतावादी-प्रगतिवादी काव्यचरणको उत्कृष्ट महाकाव्यकै रूपमा चर्चित उक्त महाकाव्य सम्पूर्ण नेपालीहरूका इच्छा, चाहना र आवश्यकतासँग अधिकमात्रामा मेल खान पुगेको देखिन्छ । 'प्रमिथस' महाकाव्य उच्च कल्पना, जादूगर शैली, मर्मस्पशी भाव, गाढा र नवीन शब्दको उचित संयोजनले युक्त गद्यशैलीमा लिखित यस महाकाव्यको आफ्नै मौलिक एवम् ऐतिहासिक पहिचान रहेको छ ।

यसैगरी महाकवि लक्ष्मीप्रसाद देवकोटाका स्वच्छन्दतावादी-प्रगतिवादी चरणका क्रान्तिकारी (परिवर्तनकारी) अन्य कविताकृतिहरूमध्ये केही उल्लेख्य प्रतिनिधि कृतिहरू निम्न रहेका छन् -

'मरुभूमि', 'नीला पहाड', 'चरी', 'मीन पचास', 'दालभात डुकु', 'भरियाले भारी उचाल्यो', 'पागल', 'आँधी', 'गधा बोल्छ', 'पूर्णाचाकी स्वास्नी मरी', 'चिडियाहरू', 'कृषिबाला',(गीतिनाट्य), 'भूतलाई झटारो', 'ढुङ्गाफोर्दीलाई', 'अहो मलाई ताजूब लाग्छ', 'झण्झाप्रति', 'हुरीको गीत', 'मानिस विराट', 'एक सुन्दरी वेश्याप्रति', 'गौंथली', 'जित्नु छ साथी ! जिताउनु छ साथी', 'स्वतन्त्रता हो मानवता रे', 'युग बालक', 'नयाँ जवाना' (रमिता), 'नासमझको गाँठो', 'एशिया', 'भ्यागुर नारान', 'नयाँ सत्यकलि सम्वाद' आदि ।

कवि एवम् महाकवि लक्ष्मीप्रसाद देवकोटाको स्वच्छन्दतावादी-प्रगतिवादी चरणको अन्तिम वर्ष अर्थात् उनको जीवनी र साहित्यसिर्जनाको विश्रान्तिकाल वि.सं. २०१६ हो । यस समय देवकोटाको प्रगतिवादी चेत आध्यात्मवादी चेतमा परिवर्तन हुन पुग्यो जसले गर्दा उनको स्वच्छन्दतावादी-प्रगतिवादी चरण (वि.सं. २००४-२०१६) स्वच्छन्दतावादी-अध्यात्मवादी भावमा केन्द्रित रह्यो । उक्त समय देवकोटा शारीरिक एवम् मानसिक रूपले निकै ग्रस्त बन्न पुगे । यस

[९५] पूर्ववत्, पृ. २११ ।

समय उनलाई जीवनप्रतिको नैराश्य र मृत्युन्मुख प्रवृत्तिले डोऱ्याएको पाइन्छ । यसकारण देवकोटा भौतिक संसारबाट विमुख हुन पुगी आध्यात्मिक जगततर्फ उन्मुख देखिए । जीवनमा गरेका गल्ती-भूल आदिको प्रायश्चित्त गर्न पुगे ।

यसरी नै मान्छेको मृत्यु एकदिन अनिवार्य छ, अमूल्य जीवनलाई मानवसेवामा लगाउनुपर्छ र बाँचुन्जेल मानिसले कर्तव्य गरिरहनुपर्छ भन्ने मानवतावादी सन्देश उनका यस वर्षका काव्यरचनामा रहेको पाइन्छ ।

वि.सं. २०१६ साल लक्ष्मीप्रसाद देवकोटाको अन्तिम साहित्यिक-सिर्जनात्मक वर्ष हो । अर्थात् स्वच्छन्दतावादी-प्रगतिवादी काव्य सिर्जनाको चिर निद्राकाल हो, भनौं उनको देहवसानको दुःखद समय । जीवनको अन्तिम अवस्थामा पनि साहित्यसिर्जना मै समर्पित देवकोटाले असह्य शारीरिक र मानसिक वेदनाका बाबजुद पनि कविता रचनामा निरन्तरता दिए । उनले यस अवधिमा निम्न लिखित साहित्यरचना गरे । ती हुन्-

'प्रलयवेदना', 'सङ्कल्प हाम्रो फलोस्', 'शून्यमा शून्यसरी' । यसैगरी अङ्ग्रेजी रचना 'Life is the richest feast' (जीवन सबैभन्दा रमाइलो भोज हो), ' Promothean pain I bear' (म प्रमिथसले जस्तै दुःख भोग्दैछु )

उपर्युक्त कविताहरू देवकोटाले मृत्युको पीडाले छट्पटाएर सहन नसकेको असह्य वेदनारूपी पीडाको अभिव्यक्ति हो । अर्थात् उनले मर्नुअघि भोगेका कठिनाइ, पीडा तथा दुःखवेदनाको कारुणिक मर्मस्पर्शी भावहरूको प्रकटीकरण हो । यस समय देवकोटाले नास्तिक प्रवृत्तिलाई छोडेर पूर्णतः आस्तिक प्रवृत्तिलाई अङ्गाल्न पुगे । ईश्वर (श्रीकृष्ण) नै सबै जीवित प्राणीका मालिक हुन्, मानिसले सबै वस्तु र कार्यमा विजय पाउन सक्छ तर भगवानमाथि उसले विजय पाउन सक्दैन र उहाँको (परमात्मको) सृष्टिक्रमको नियममा चल्नुपर्छ । त्यसैले संसारमा मानव जन्म हुन्छ र मृत्यु पनि ।

यसरी देवकोटाले जीवनमा कृष्ण परमात्मालाई खुशी पार्न नसकेको कुरा मनन गर्दै, उहाँप्रति क्षमायाचनाका अभिव्यक्ति 'शून्यमा शून्यसरी' कवितामार्फत यसरी व्यक्त गरेका छन् । -

*"रहेछ संसार निशा समान,*
*आएन ज्यूँदै रहँदा नि ज्ञान ।*
*आखिर श्रीकृष्ण रहेछ एक*
*न भक्ति भो, ज्ञान, नभो विवेक ।"*

### ३.२.२.१ स्वच्छन्दतावादी-प्रगतिवादी चरणका काव्यप्रवृत्ति

लक्ष्मीप्रसाद देवकोटाका स्वच्छन्दतावादी-प्रगतिवादी रचनाका समग्र काव्यसिर्जनाको अध्ययन तथा विश्लेषण गर्दा निम्नलिखित काव्यप्रवृत्ति देखापर्दछ । ती निम्न छन्-

१. स्वच्छन्दतावादी स्वरभित्रै प्रगतिवादको अङ्कुरण र त्यसको विस्तार,
२. गद्यकविताप्रतिको विशेष आकर्षण,
३. सरल र कोमल काव्यशैलीबाट जटिल एवम् ओजस्वी भाषाशैलीको प्रयोग,
४. कविता (काव्यकृति) को परिष्कार तथा परिमार्जन (परिवर्द्धित मुनामदन वि.सं.२०१५)

५. स्वच्छन्दतावादी-प्रगतिवादी चेतको निरन्तरता,

६. कविता, खण्डकाव्य, महाकाव्यका साथै गजलको समेत रचना,

७. नवीन सन्दर्भबाट प्रकृतिको प्रयोग जस्तो प्रकृतिलाई मानवीकरण (झण्झावर्णन कविता),

८. कविता (काव्य) सिर्जनाको द्रुतता (आशुकवि शैली),

९. हल्का मनोरञ्जन दिने खालका हास्यात्मक र प्रहसनात्मक शैलीका कविताको रचना ( वि.सं. २०१५ मा 'भ्यागुर नारन' खण्डकाव्य प्रकाशन,

१०. जीवनप्रतिको नैराश्य र मृत्युन्मुखता,

११. आध्यात्मवादी चेत मुखरित,

१२. शारीरिक एवम् मानसिक पीडाको कवितात्मक अभिव्यक्ति,

१३. नेपाली रचनाका अलावा अङ्ग्रेजीमा कविता-सिर्जना,

१४. राष्ट्रवादी, मानवतावादी, साहित्यिक प्रेम, नैतिक-अध्यात्मवादी जीवनदृष्टि प्रस्तुत,

१५. प्रकृति, ईश्वर र मानवको अन्तःसम्बन्धको रहस्यमय चित्रण आदि ।

नेपाली साहित्यका बहुमुखी व्यक्तित्व कवि एवम् महाकवि लक्ष्मीप्रसाद देवकोटाका समग्र साहित्यिक प्रवृतिका आधारमा उनका मुख्यतः कविताको अभ्यास एवम् नेपथ्यकाल, सार्वजनिक काल एवम् विशुद्ध स्वच्छन्दतावादी चरण तथा स्वच्छन्दतावादी-प्रगतिवादी चरण गरी निम्न तीन चरण रहेको देखिन्छ । यसैगरी स्वच्छन्द प्राकृतिक चित्रण, मानवतावादी-प्रगतिवादी दृष्टि तथा अध्यात्मवादी जीवनदर्शन उनका समग्र काव्यकृतिका प्रवृत्ति हुन् भन्न सकिन्छ ।

यसरी साहित्यका विविध विधा (कविता, निबन्ध, खण्डकाव्य, महाकाव्य, कथा, उपन्यास, समालोचना, नाटक, गीत, गजल, अनुदित प्रबन्ध आदि)मा कलम चलाउने सशक्त साहित्यिक प्रतिभा हुन् लक्ष्मीप्रसाद देवकोटा जसले दश वर्षको कलिलो वसन्तदेखि साहित्यसिर्जनामा लागि जीवनको अन्तिम विश्रान्तिसम्म पनि काव्यरचना गरेर नेपाली साहित्यिक भण्डारमा अमूल्य योगदान दिए ।

## चौथो परिच्छेद

# बालकविता सिद्धान्त र नेपाली बालकविताको विकासक्रम

## ४.१ बालकविताको सिद्धान्त

### ४.१.१ बालकविताको स्वरूप

बालसाहित्यका विविध विधाहरूमध्ये एक प्रमुख विधा हो 'बालकविता' । 'बाल' र 'कविता' दुई भिन्न शब्दका समासित रूप नै बालकविता हो । अङ्ग्रेजीका Children र Poem(Poetry) शब्दका समानार्थी रूपमा 'बालकविता' रहेको छ । बाल कविता बालबालिकासँग सम्बद्ध साहित्य हो । जन्मेदेखि किशोरवयसम्मका केटाकेटीलाई लक्षित गरी बालकविता लेखिन्छ । बालबालिकालाई मनोरञ्जन दिई उनीहरूलाई अपेक्षित ज्ञान, सीप र अभिव्यक्ति प्रदान गर्ने लयात्मक, रागात्मक, कलात्मक, श्रुतिमधुर, साङ्गीतिक, आलङ्कारिक तथा सौन्दर्यशील अभिव्यक्तिको प्रभावकारी माध्यम नै बालकाविता हो । बालकवितालाई बालसाहित्यका अन्यविधाबाट भिन्न तुल्याउने पक्षहरू बालकविताका मूलतत्वहरू नै हुन् । ती निम्न छन् -

(क) विषयवस्तु (ख) चरित्र (ग) उक्तिढाँचा (घ) लयविधान

(ङ) भाषाशैली (च) उद्देश्य ।

### ४.१.२ बालकविताको परिभाषा

बालकवितालाई चिनाउने क्रममा विभिन्न विद्वानहरूले आ-आफ्नै किसिमका विचार प्रस्तुत गरेका छन जसमध्ये केही विद्वानहरूका परिभाषा बालकविताका सन्दर्भमा औचित्यपूर्ण हुने देखिन्छ । ती यस प्रकार छन् -

"केही आचार्यले वात्सल्यलाई दशौं रस मानेका छन् जसको स्थायीभाव स्नेह (माया) नै हुन्छ । बालगीत आमाबाबुको वात्सल्य प्रेमको प्रतीक हो । सन्तान जन्मने बित्तिकै प्रत्येक आमा कौशल्या र यशोदा भइहाल्छिन र राम र कृष्ण उनको काखमा खेल्न थाल्दछन्-त्यसबखत जे मनमा आउँछ त्यही लययुक्त भई बालगीतको रूपमा प्रष्फुटित हुन्छ । प्रायः बालगीतको जन्म पनि यसैगरी भएको होला ।"[९६] यसरी शिशुको जन्मसँगै उनीहरूसँग रम्ने-रमाउने तथा खेल्ने-खेलाउने अनि जिस्कने क्रममा अभिव्यक्तिहरू लयात्मक बनेर आइदिंदा बाल्यगीत (शिशुगीत) एवम् कविता बन्न पुग्दछ ।

"बालबालिकाहरू बढ्दै र परिपक्व हुँदै गएपछि अरूमाथि भरपर्ने कार्य कम हुँदै जान्छ ।"[९७] अनिमात्र उनीहरूको कलिलो बालमस्तिष्क विकसित हुँदै जान्छ भने सहज वातावरण तथा सरल व्यवहार नै उनीहरूको मानसिक विकासको सफल माध्यम बन्न पुग्दछ ।

बालकवितालाई चिनाउने क्रममा बालसाहित्यकार रमेश विकलको परिभाषा यस्तो छ- "बालकविता र बालगीतमा बालबालिकाको मनोरञ्जनका साथै केही ज्ञानको सन्देश दिने सूक्ष्म प्रवृत्ति हुन्छ तर बालगीतको दोस्रो भेद शिशुगीत चाहिं पूर्णतया मनोरञ्जनका लागि रचिएको हुन्छ

---

[९६] रेवतीरमणलाल, **मैथिली बालगीत**, बालसाहित्य, (काठमाडौं, नेबासास ६: २०५०) पृ. ४८ ।

[९७] कोमलवदन मल्ल र अन्य, **कलिला बालबालिकाहरूको सामाजिक विकासलाई बुझ्ने प्रारम्भिक बाल्यवस्था विकासको सिद्धान्त**, (काठमाडौं : डीनको कार्यालाय; शिक्षा सङ्काय त्रि.वि. कीर्तिपुर, २०५०) पृ. १२४ ।

।"[९८] बालकविता र बालगीतको उद्देश्य मूल रूपमा बालकहरूलाई मनोरञ्जन दिनु भएपनि नैतिक आचरण सम्बन्धी शिक्षाप्रदान गरी उनीहरूलाई सत्मार्गमा लगाउन प्रेरित गर्दछ भन्न सकिन्छ ।

बंगाली विद्वान असिरञ्जनदास गुप्तले बालकवितासम्बन्धी परिभाषा यसरी दिएका छन्- "बालकविताले सुकोमल बालबालिकाहरूका हृदयलाई आल्हादित गराउनुपर्छ । यस्तो कविताले नानीहरूका कानमा सङ्गीतमय ध्वनिको सिर्जना गर्छ र नानीहरूले चाल नपाई तिनीहरूको उपदेश प्रदान गर्छ ।"[९९] अन्य साहित्यमा जस्तै बालसाहित्यमा पनि मनोविज्ञानको सर्वोपरी भूमिका रहने भएकोले यसैअन्तर्गत रहेको एक महत्वपूर्ण विधा बालकवितामा बालमनोविज्ञानलाई अधिक महत्व दिएमा मात्र बालकको मन/जित्न सकिन्छ ।

बालकविता एवम् बालगीतका रचनाकार ध्रुवकृष्ण दीप बालकवितालाई चिनाउने क्रममा यसो भन्दछन्- "यो केबल चिरबिर हो चराहरूको; चिच्याहट होइन कसैको । गुनगान हो यो हाम्रा नानीहरूको; गन्थन होइन कसैको । यो केटाकेटीहरू जस्तै कलिलो, उनीहरूको स्वभावजस्तै सरल र उनीहरूको स्वरजस्तै सुमधुर हुनुपर्छ । बालगीतमा यी गुणहरू भएनन् भने हाम्रा नानीहरू गीत गाउनुको सट्टा गीत कराउने भएर निस्कन्छन् ।"[१००] यसरी बालबालिकाको कलिलो मस्तिष्कमा गुञ्जिएका सङ्गीतमय साहित्यिक ध्वनिहरूले उनीहरूको मानसिक विकास हुन्छ । सरलता, सहजता, सुकोमलता, सङ्गीतात्मकता, लयात्मकता एवम् मधुर शब्दहरूको सुनाइ तथा लेखाइद्वारा उनीहरू परिपक्व बन्ने अवसर प्राप्त गर्दछन् ।

बालकवितालाई चिनाउने क्रममा बालसाहित्यकार भिक्टर प्रधानले बालकविताको परिभाषा यसरी दिएका छन् । "कविता प्राचीनकालदेखि मौखिक परम्पराको रूपमा चल्दै आएको एक लोकप्रिय साहित्यिक विधा हो । कविताका लय, अनुप्रास, सूर, ताल, आलङ्कारिकता र श्लोकबद्धता जस्तो पक्ष नै यसलाई अन्य विधाबाट पृथक बनाउने तत्व हुन् ।"[१०१] बालकविता बालबालिकालाई मनोरञ्जन तथा ज्ञान दिनको लागि लेखिने हुनाले सरल र स्वाभाविक हुन्छ । बालकविता सबै उमेरका बालबालिकाका निम्ति प्रिय हुने गर्दछ । रागात्मक, कलात्मक, आलङ्कारिक एवम् सौन्दर्यात्मक, भाषाको अपेक्षा कविताले राख्दछ । सङ्गीतात्मकता, भावपूर्ण माधुर्य तथा सङ्क्षिप्तता हुनु कविताको विशेषता मानिन्छ ।

उपर्युक्त विविध विद्वान तथा बालसाहित्यकारहरूका परिभाषाबाट निष्कर्षमा बालकविता भन्नाले ती लयात्मक, साङ्गीतिक, गीतिमय, मधुर तथा शब्दहरूको लालित्यपूर्ण रमणीय ध्वनि गुञ्जनलाई बुझाउँछ । यसले शिशु तथा सूक्ष्म रूपमा शिक्षा, ज्ञान, उपदेश आदिको सन्देश दिने महत्वपूर्ण कार्य गर्दछ भन्न सकिन्छ ।

[९८] रमेश विकल, **बालसाहित्य**, (काठमाडौं, नेबासासः २०५०) पृ. ३ ।

[९९] प्रमोद प्रधान, 'यसरी अगाडि बढेको छ-नेपाली बालकविता' **मधुपर्क**, (वर्ष ३०: अङ्क ५, पूर्णाङ्क ३४०: असोज २०५४) पृ. ६ ।

[१००] प्रमोद प्रधान, 'यसरी अगाडि बढेको छ-'नेपाली बालकविता', **मधुपर्क**, (वर्ष ३०: अङ्क ५, पूर्णाङ्क ३४०, असोज २०५४) पृ. ६ ।

[१०१] भिक्टर प्रधान, **बालसाहित्यको सिद्धान्त र शोधप्रक्रिया**, (अप्रकाशित लेख) पृ.६ ।

### ४.१.३ बालकविताको वर्गीकरण

बालबालिकालाई सिर्जनात्मक कार्यमा प्रवृत्त गराउन महत्वपूर्ण भूमिका रहेको बालसाहित्य अन्तर्गतको एक प्रमुख विधा 'कविता' हो । बालबालिकाहरूलाई साहित्यिक ज्ञान, सीप तथा धारणा प्रदान गर्ने बालकवितालाई मुख्यतः २ भागमा विभाजन गरेर हेर्न सकिन्छ -१. प्रौढहरूद्वारा बालबालिकाका निम्ति रचित कविता, २.स्वयं बालबालिकाद्वारा रचिएको कविता ।

**१. प्रौढहरूद्वारा बालबालिकाका निम्ति रचित कविता–**

बालरुचि, स्वभाव तथा क्षमतालाई ध्यानमा राखी नैतिकता र मनोविज्ञान आदिको समेत ख्याल गरी मनोरञ्जनात्मक रूपमा सरल र सहज तरिकाले बालबालिकाको बौद्धिक विकास, ज्ञान र सीपको वृद्धि गर्ने उद्देश्यले प्रौढहरूद्वारा लेखिएका कविता बालकविता हुन् ।

**२. स्वयं बालबालिकाद्वारा रचिएको कविता–**

बालबालिकाको इच्छा र चाहनाअनुरूप आफ्नो ज्ञान, सीप र क्षमताले सकेअनुसार उनीहरू स्वयंले रचना गरेका साहित्यिक लेख-रचना आदि यसअन्तर्गत पर्दछन् । उनीहरूको मन-मस्तिष्कको मनोरञ्जन तथा सिर्जनात्मक प्रतिभाका विकास र विस्तारको लागि बालबालिकाले कविता लेख्ने गर्दछन् । यस्ता रचनाहरू बाल साहित्यिक कृति मुना, गोरखापत्र, कान्तिपुर तथा विविध पत्रपत्रिकामा तथा एफ. एम.बाट समेत प्रसारण हुने गरेको पाइन्छ ।

## ४.२ नेपाली बालकविताको विकासक्रम

### ४.२.१ विषयप्रवेश

बालसाहित्यका विविध विधाहरूमध्ये 'बालकविता' एक प्रमुख लोकप्रिय विधा हो । बालबालिकालाई मनोरञ्जन दिएर सिर्जनात्मक, मानसिक तथा बौद्धिक विकास गराउन सशक्त मानिने उक्त विधा हिजोआज बालसाहित्यको अभिन्न अङ्गको रूपमा देखापरेको छ । बालबालिकाका निम्ति अत्यन्तै प्रभावकारी रहेको यस विधाको इतिहास निकै पुरानो छ । प्राथमिककालीन कवि भानुभक्त आचार्य (१८७१-१९२५)का 'अलकापुरी कान्तिपुरी' गीतिकाव्य तथा 'रामायण' महाकाव्यभित्रका 'रामको वनगमन' जस्ता काव्यांशलाई बालपाठ्यकविताका रूपमा प्रस्तुत गरेको पाइन्छ । यद्यपि वि.सं. १९५८ मा शिक्षाप्रेमी तथा समाजसेवी जयपृथ्वीबहादुर सिंहको पहलमा शैक्षिक पाठ्यसामग्रीका रूपमा बालरचनाहरू देखापरे जसलाई आधुनिक बालकविता बीजारोपणको पहिलो प्रयास मानिन्छ । नेपाली बालकविता (बालगीत, कविता र काव्य)को विकासक्रम सम्बन्धी विविध विद्वानहरूले आ-आफ्नै धारणा प्रस्तुत गरेका छन जसमध्ये डा. महादेव अवस्थीको विचार उल्लेखनीय देखिन्छ । उनले बालकविताको विकासक्रमलाई तीन खण्डमा विभाजन गरेका छन् ।[१०२]

### ४.२.२ पहिलो चरण (१९७०–१९९६)

नेपालमा वि.सं. १९७० मा 'गोरखा भाषा प्रकाशिनी समिति'को स्थापना भएपछि बालबालिकाका निम्ति 'गोरखा शिक्षा' पाठ्यपुस्तकको पहिलो भाग (१९७२) र दोस्रो भाग

---

[१०२] महादेव अवस्थी, **नेपाली बालसाहित्यको सयवर्ष**, 'नेपाली बालगीत र बालकविताकाव्यको ऐतिहासिक विकासक्रमको रूपरेखा', (१९५८-२०५८) पृ. ३६-४६ ।

(१९७३) मा गरी परिष्कारवादी कवि शिरोमणि लेखनाथ पौड्याल (१९४१-२०२२)का आधा दर्जन बालकविताहरू प्रकाशित भए । पहिलो भागमा 'दशैं', 'तिहार', 'ईश्वरस्तुति' तथा दोस्रो भागमा 'हिउँदका दिन', 'म कस्तो हुँ ?' र 'इन्द्रधनु' छापियो । भाषिक सरलता र श्रुतिमधुरता रहेको उक्त लघु कविताहरूमा संस्कृतिप्रेम, ईश्वरनिष्ठा, तीव्र गीतिगुण, प्रकृतिप्रेम तथा कल्पनात्मक उडान पाइन्छ । यिनै विशेषताका कारण उनका बालकविताहरू नेपाली बालसाहित्य संसारकै अमर रचना ठहरिएका छन् ।

यसैगरी यस चरणमा देखा परेका अर्का सशक्त प्रतिभा हुन् पारसमणि प्रधान (१९५५-२०४२) । प्रधानले भारतबाट भारतेली नेपाली बालबालिकाका निम्ति 'म्याकमिलन एण्ड कम्पनी' ( कलकत्ता) बाट 'सिंह र मूसो', 'पशुपंक्षीको युद्ध', 'घमण्डी भ्यागुतो', 'जाली माकुरो', 'गोठालो र बाघ' जस्ता बालकविताहरू प्रकाशन गरे । श्रुतिमधुर गीतिगुणले युक्त, आख्यानात्मक सरसता जस्ता प्रवृत्ति उनका ती रचनाहरूमा पाइन्छ जुन बालकविताका खास पहिचान हुन् । परिष्कारवादी मान्यतास्वरुप देखापरेको यस अवधि बालबालिकाको मनोवृत्तिको केन्द्रीयतामा सीमित रहेको पाइन्छ ।

### ४.२.३ दोस्रो चरण (१९८७–२०३६)

नेपाली बालकविताको दोस्रो अवधि आधुनिक नेपाली कविताको केन्द्रीय वृत्तभित्र निर्मित भएको देखिन्छ । यसको थालनी र निर्माणमा आधुनिक नेपाली कविताको स्वच्छन्दतावादी धाराका प्रवर्तक कवि लक्ष्मीप्रसाद देवकोटा (१९६६-२०१६)को अग्रणी भूमिका रहेको छ । यसैगरी यसै धाराका अर्का कवि माधवप्रसाद घिमिरे (१९७६) को यस अवधि निर्माणमा केन्द्रीय भूमिका रहेको पाइन्छ । दोस्रो चरणको थालनी देवकोटाले बालोचित विषयवस्तुको उपयोग गरी रचेको 'राजकुमार प्रभाकर' खण्डकाव्यको प्रकाशन (१९९७) घटनाबाट भएको हो र उनकै 'पुतली' ( २००० र २००९), 'सुनको विहान' (२००० र २०१०) जस्ता बालकविता सङ्ग्रहमार्फत यस अवधि निर्माणमा ल्लेख्य योगदान पुगेको छ । उनकै चिल्लपातहरू (२०१२,१३/२०२१), 'छाँगासँग कुरा' (२००४/२०२६) कवितासङ्ग्रह तथा 'कटक' (२००४/२०२६) खण्डकाव्य रहेका छन् । बालोचित विषयवस्तुको उपयोग स्वतन्त्र काल्पनिक उडान, प्रकृति, मानवता एवम् ईश्वरीयतालाई विषयवस्तु बनाउने स्वच्छन्दतावादी शैलीको प्रयोग बालोचित श्रुतिमधुर सङ्गीतको प्रसारण, वर्णमात्रिक, मात्रिक र वार्णिक लोकछन्द गरी तीनै थरीका कल्पनाको उच्च उडान र त्यसैलाई बहन गर्ने सङ्गीतपूर्ण एवम् लयदार भाषाशैलीको प्रवाहमयता उनका बालकविताका खास पहिचान हुन् ।

नेपाली बालकविताको यस अवधिमा देखापरेका अर्का बालप्रतिभा हुन् 'माधवप्रसाद घिमिरे' । उनका बालकविताकृतिका रूपमा तीनओटा बालकविता सङ्ग्रह प्रकाशित छन् । ती हुन्- 'घामपानी' (२०१०), 'बाललहरी' (२०२५) र 'सुनपङ्खी चरी' (२०५३), । यस अवधिमा उनका 'घामपानी' र 'बाललहरी' दुई बालकविता सङ्ग्रह प्रकाशित भए । मूल प्रवृत्तिका रूपमा स्वच्छन्दतावादी प्रवृत्तिलाई आत्मसात् गर्दै अगाडि बढेका घिमिरेका तीनैओटा गीत-कविताहरू बालबालिकाका निम्ति ज्यादै लोकप्रिय रहेका छन् । श्रुतिमधुर लयात्मक सङ्गीत, मिठासपूर्ण भावयोजना, प्रचुर सौन्दर्यपरक भाषाशैली, प्रकृति, वनस्पति, जीवमण्डल तथा मानव समाजको

सौन्दर्यात्मक अभिव्यक्तिका साथै उच्च कल्पनाको स्वच्छन्द प्राकृतिक चित्रण जस्ता विशेषता उनका बालव्यक्तित्वको पहिचान हुन् । 'घामपानी' र 'बालालहरी' भित्रका कविता/गीतले दोस्रो चरणको जग बसाउन केन्द्रीय भूमिका खेलेका छन् । पछिल्ला समयमा प्रकाशित 'सुनपङ्खी चरी' गीतमालाका रूपमा श्रव्यचक्का (गीतिक्यासेट) समेत प्रकाशित भएको छ । यिनै बालकृतिबाट उनी नेपाली बालकविता क्षेत्रका महान् स्रष्टाका रूपमा प्रतिष्ठित छन् । समष्टिमा दोस्रो चरण स्वच्छन्दतावादी भावधाराको मूल प्रवृत्तिस्वरुप यिनै दुई बालहस्ती देवकोटा र घिमिरेका केन्द्रीयतामा अगाडि बढेको पाइन्छ । तर पनि यस अवधिमा थुप्रै बालस्रष्टाहरूले प्रशस्त योगदान दिए जसमध्ये केही चर्चित स्रष्टा र तिनका बालकृतिहरू निम्न देखिन्छन् -ध्रुव दवाडी ('बालविनोद', कवितासङ्ग्रह २०१४), कृष्णप्रसाद पराजुली ('रमाइला नानी' १-३, कवितासङ्ग्रह, क्रमशः २०४४ र २०४७), कुलमणि देवकोटा ('पुतलीको फूल', कवितासङ्ग्रह, २०२५), बालकृष्ण पोखरेल ('रसिला कविता' तथा 'साना नानी', कवितासङ्ग्रह, २०२५) ।

### ४.२.४ तेस्रो चरण (२०३७-२०५८)

बालकविताको तेस्रो अवधि मूलतः राजनीतिक पृष्ठभूमिको सेरोफेरोमा केन्द्रित रहेको पाइन्छ । वि.सं. २०३७ को जनमत सङ्ग्रहको घोषणा, २०४६ को बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको पुनर्वहाली, २०४७ को संविधानसभा, २०४८ को प्रतिनिधिसभाको चुनाव, २०५१ को प्रतिनिधि सभाको विघटन एवम् मध्यावधि चुनाव, २०५६को दोस्रो चुनाव तथा २०५८को प्रतिनिधि सभाको विघटनजस्ता महत्वपूर्ण घटनाक्रमले बालकविता सिर्जनामा प्रत्यक्ष प्रभाव पारेको पाइन्छ । यसै परिप्रेक्ष्यमा रहेर बालस्रष्टाहरूले बालकविताको सिर्जना गरेर यस अवधिलाई पूर्णता दिएको देखिन्छ । राजनीतिक क्रियाकलालापले बालकविता क्षेत्रमा अनुकूल-प्रतिकूल दुबै किसिमको गति लिएको भएपनि यस बीचमा नेपालमा द्रुतताका साथ भएको शिक्षणसंस्था एवम् प्रकाशन संस्थाको विकासले नेपाली बालसाहित्यिक क्षेत्रको विकासका निम्ति निकै नै सकारात्मक वातावरण सिर्जना गर्‍यो । फलस्वरुप थुप्रै कलमवीरहरूले बालकविताका क्षेत्रमा कलम चलाउन थाले । यस चरणको थप उल्लेख्य प्राप्तिका रुपमा बालगीतका श्रव्य चक्काहरूको समेत उत्पादन हुन पुग्यो । यसको प्रवर्द्धन र विस्तारमा व्यक्तिगत साथै केही संस्थाहरूले पनि उल्लेख्य योगदान दिएको पाइन्छ । संस्थागत रूपमा स्वर्णिम हाइस्कुल, नेपाल बालसाहित्य समाज तथा देशभित्रका नेपाली साहित्य सम्मेलन र देश बाहिरबाट दार्जीलिङको सहयोगमा आयोजित नेपाली बालगीत-कार्यशालामा रचिएका २२० ओटा गीतहरूको सङ्ग्रह 'नवपल्लव' सन् १९९७ (वि.सं. २०५४)को प्रकाशनले बाल-कविता क्षेत्रमा महत्वपूर्ण भूमिका खेलेको देखिन्छ । यस अवधिका बालकविताहरूमा मूल रूपमा शुद्ध स्वच्छन्दतावादी धारा र प्रगतिवाद मिश्रित स्वच्छन्दतावादी धाराकै प्रवृत्ति देखापर्दछन् ।

यस अवधिका बालकविताहरूमा लघुप्रकार आयामका बालकविता/गीतका सङ्ग्रहहरू नै बढी मात्रामा प्रकाशित भएको देखिन्छ भने मझौला आकार-प्रकारका केही बालकाव्य ('पानीपानी', 'पुतली', 'सन्तको छाता' आदि) पनि प्रकाशित भएको पाइन्छ । प्रवृत्तिगत रूपमा बालकविताको विषयवस्तुको मुख्य सेरोफेरो प्रकृति र मानवजगतका विभिन्न पक्षबाटै निर्मित भएको देखिन्छ । मूल रूपमा पूर्वचरणका कविता प्रवृत्तिलाई आत्मसात् गर्दै केही प्रगतिवादी स्वरका थप प्रवृत्तिलिएर तेस्रो चरण अगाडि बढेको पाइन्छ । विशेषतः स्वच्छन्दवाद तथा प्रगतिवादको मिश्रित कविताप्रवृत्तिहरू नै यस समयावधिका बालकविताप्रवृत्ति रहेको देखिन्छ । यस चरणमा देखिएका

केही चर्चित बालस्रष्टा तथा तिनका बालकृतिहरू निम्न छन् -'दैवज्ञराज न्यौपाने' ('तोतेबोली', 'गाउँ खाने कविता', 'बालसंसार', 'सबै हाम्रा साथी', कविता सङ्ग्रह, प्रका. क्रमशः २०३८, २०४३, २०५३ तथा २०५६) । रामबाबु सुवेदी ('जमुनीको छोरो', 'बाँ बाँ बाच्छी', बालकविता सङ्ग्रह, प्रका. क्रमशः २०४१, २०४४, 'पानीपानी' काव्य, २०४९, 'भँगेरी' कवितासङ्गह, २०५१, 'बालबोध', कवितासङ्ग्रह, २०५३, 'नेपाल आमा', गीतमाला, २०५६, 'नेपालका छोराछोरी', गीतमाला (श्रव्यगीतिचक्का सहित), २०५८ । ध्रुवकृष्ण दीप ('बालभोग', 'मनभोग', 'तिलौरी', 'बालपोष', 'पुष्टकारी', 'हातेमालो' तथा 'सुनखरी' गीतसङ्ग्रह, प्रका. क्रमशः २०४३, २०४४, २०५४, २०५५, २०५५, २०५६, २०५८ । शारदारमण नेपाल ('हात्ती', 'फूलबारीको चरी', 'मान्छे बच्चा बालक म', 'दिदीभाइ मिलिजुली', कवितासङ्ग्रह तथा 'पुतली' काव्य, प्रका. क्रमशः २०४३, २०४४, २०४९, २०५५, २०५७ । पद्मप्रसाद देवकोटा ('अनलचरी', काव्य, २०५६ एवम् दुर्गालाल श्रेष्ठ 'कागजको डुङ्गा' गीतमाला (श्रव्यगीत चक्का सहित), तथा 'सन्तको छाता', काव्य ( श्रव्यगीति चक्कासहित २०५८ रहेका छन् ।

## ४.२.५ नेपाली बालकविताको समष्टिगत प्रवृत्ति

१. कविताको मुक्तक रूपदेखि लिएर लघु वा फुटकर किसिमका बालकविता तथा बालगीतहरूका रचनाको उल्लेख्य प्राप्ति हुनुका साथै मझौला बालकाव्यहरू पनि प्रकाशित पाइन्छन् ।

२. चारथरी छन्दढाँचा (वर्णमात्रिक, वार्णिक/लोकलय, मात्रिक र गद्यकवितात्मक) हरूमध्ये गद्यकविता ढाँचा बाहेक अन्य तीन लयको सशक्त प्रयोग भएको देखिन्छ । वर्णमात्रिक र मात्रिक छन्दढाँचामा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे र दैवज्ञराज न्यौपानेले उत्कृष्टता देखाएका छन् । मात्रिक र वार्णिक छन्दमा देवकोटा र घिमिरेका साथै कृष्णप्रसाद पराजुली, रामबाबु सुवेदी, दुर्गालाल श्रेष्ठले कलम चलाएका छन् ।

३. लय र अनुप्रासमा उल्लेख्य सफलता तथा सङ्गीतात्मक किसिमका रचनामा भने कम सफलता देखिए पनि, नेपाली लोकलयको प्रयोगकै प्रधान्य भेटिएको पाइन्छ ।

४. कविप्रौढोक्ति र कविनिबद्ध वक्तृप्रौढोक्ति गरी दुबै किसिमका उक्ति संरचना देखिन्छ ।

५. रमाइला बिम्ब, प्रतीक तथा आलङ्कारिक भाषिक शिल्पविधानको सौन्दर्यात्मक प्रस्तुतीकरण पाइन्छ ।

६. विषयवस्तुका रूपमा प्रकृतिजगत, पशुपंक्षीजगत तथा मानवजगतअन्तर्गत (चाडपर्व, रहनसहन, खानपान, पोसाक, परिवार-नातासम्बन्ध, पेसागत श्रमसीप, विज्ञानक्षेत्रका उपलब्धि, इतिहासका घटना, पात्र, मनोविज्ञान, रुचि, स्वभाव, नैतिकता, सदाचार, विश्वास, खेलमेल आदि पक्षसँग सम्बन्धित कुराहरूको र प्रकृतिप्रेम, मानवप्रेम, देशप्रेम समेतजस्ता अभिवृत्तिका बालोपयोगी रूपमा रोचक चित्रण गरिएको पाइन्छ ।

७. बालकविताको भाषा, सरल, सरस र श्रुतिमधुर पाइनु, भाषागत वर्णयोजना आनुप्रासिक श्रुतिमधुरता, शब्दयोजना, काव्ययोजना, श्लोक/ अनुच्छेदयोजना, भावानुकूल लालित्य, रसिलो-भरिलोपन, सहज, बोधगम्यता, सम्प्रेष्यता पाइन्छ । तिनमा प्रायः प्रसाद एवम् माधुर्य गुणयुक्त शैलीको प्रधान्य देखिन्छ ।

**पाँचौं परिच्छेद**

# महाकवि देवकोटाका बालकविताको अध्ययन

## ५.१ देवकोटाको बालसाहित्यिक पृष्ठभूमि

नेपाली बालसाहित्य क्षेत्रका अटल स्तम्भकार लक्ष्मीप्रसाद देवकोटाको बालसाहित्यिक यात्राको पृष्ठभूमि निकै रोचक र आनन्दमय रहेको पाइन्छ । उनी बालबालिकाहरूलाई फुर्सदको समयमा कथा सुनाउने र तिनै कथाका माध्यमबाट आफू अनि उनीहरूलाई मनोरञ्जनात्मक रूपबाट बालबालिकाहरूमा नैतिक, बौद्धिक, मानसिक, चारित्रिक, धार्मिक-साँस्कृतिक सामाजिक तथा संवेगात्मक विकास गराउने गर्दथे ।

विशेषगरी बालबालिकाहरूसँग रमाउन चाहने देवकोटा मधुर, साङ्गीतिक तथा मिठासपूर्ण लयमा बालबालिकालाई कथा सुनाउने गर्दथे । प्राय: लोकजगतका विषयवस्तु टिपेर तिनीहरूलाई श्रृङ्खलाबद्ध मालामा उनेर रोचक कथाका रूपमा पस्कने देवकोटाको बालसाहित्यको सिर्जनात्मक पृष्ठभूमि कविकल्पित दन्तेकथाबाट सुरुभएको हो । यसबाट प्रारम्भ भएको उनको बालसाहित्ययात्रा पछि कविताविधाको रूपमा देखापऱ्यो जुनविधाले उनलाई प्रसिद्धिको शिखर चुम्न सफल बनायो । प्रकृतिको सुन्दर वातावरणमा बालबालिकाहरूका साथ रम्न अनि रमाउन चाहने देवकोटाको बालकवितायात्रा सिर्जनाको पृष्ठभूमिगत आधारका रूपमा उनकै सुन्दर कल्पनारुपी दन्तेकथा, रमणीय प्राकृतिक सेरोफेरो तथा कलिला अबोध, निश्छल बालबालिकाहरू सँगको मनोरञ्जनात्मक खेलसम्बन्ध रहेको पाइन्छ ।

## ५.२ प्रेरणा र प्रभाव

केटाकेटीसँग बसेर कथा भन्दाभन्दै देवकोटा बालसहित्य रचनातर्फ प्रेरित भएका थिए । यस सम्बन्धमा केटाकेटीहरूसँग बसेर कथा भन्दाभन्दै उनैका निमित्त श्लोकमा शीघ्रतया लेखिएको.....[१०३] भन्ने देवकोटा स्वयम्‌को आत्मस्वीकृति छ । उनी बालसाहित्य लेखनतर्फ प्रेरित हुनुमा उनका जीवनीमा परेको लोकजीवनको सरल, निश्छल वातावरण तथा दन्ते कथालाई मान्न सकिन्छ । देवकोटाको बालकविता सिर्जनामा एकातिर लोकजीवनको प्रभाव परेको छ भने अर्कोतिर अध्ययन गर्दै जाँदा उनले प्राप्त गरेका ज्ञान, बौद्धिक चातुर्य, बालमनोविज्ञान सम्बन्धी अवधारणा, समसामयिक गतिविधि तथा आफ्ना अग्रज कवि शिरोमणि लेखनाथ पौड्याल तथा पारसमणि प्रधानका बालरचना अनि स्वत:स्र्फूत कविकल्पना नै हो भन्न उपयुक्त ठहर्छ ।

## ५.३ बालसाहित्य लेखनको थालनी

बालकवि लक्ष्मीप्रसाद देवकोटाको बालसाहित्यलेखनमा कलम त्यतिबेला दौडिएको पाइन्छ जतिबेला नेपालमा बालसाहित्यका क्षेत्रमा कलम चलाउनेहरूको सङ्ख्या अत्यन्त न्यून थियो । आधुनिक बालकविता यात्राका दोस्रो चरण (वि.सं. १९९७-२०३६)का केन्द्रीय बालस्रष्टाका रूपमा देखापरेका स्वच्छन्दतावादी-रहस्यवादी भावधाराका प्रवर्तक देवकोटाको बालसाहित्य लेखनको थालनी वि.सं. १९९६ को 'राजकुमार प्रभाकर' (खण्डकाव्य)बाट भएको हो । वि.सं. १९९७ सालमा

[१०३] लक्ष्मीप्रसाद देवकोटा, **समर्पण**, राजकुमार प्रभाकर, (काठमाडौं: साझाप्रकाशन, २०४९) ।

प्रकाशित यसै (बालकाव्य) खण्डकाव्यमार्फत देवकोटा नेपाली बालसाहित्यजगतमा पदार्पण भएका हुन् । लोकजीवनमा प्रचलित दन्तेकथालाई यस खण्डकाव्यको विषयवस्तु बनाइएको छ । राजकुमार र राजकुमारीको रोमाञ्चक प्रेमाख्यानको सन्दर्भबाट समसामयिक राष्ट्रिय गतिविधिको चित्रण गरी मानवअधिकारको पक्षमा सशक्त ध्वनि गुञ्जिएको छ । बालबालिकालाई मनोञ्जन दिई उनीहरूको सिर्जनात्मक, बौद्धिक तथा संवेगात्मक विकासका दृष्टिले उक्त कृति निकै महत्वपूर्ण रहेको छ ।

### ५.४ बालसाहित्य लेखनसम्बन्धी धारणा

कुमारबहादुर जोशीले "देवकोटाको बाल कवितामा सबभन्दा पहिला काव्य 'राजकुमार प्रभाकर' (वि.सं. १९९७) हो । यो बालकाव्य लोककथालाई विषयवस्तु बनाएर लेखिएको छ । यस काव्यमा एकाध ठाउँमा सरल भाषाकै प्रयोग भएको छ ।"[१०४] भनी चर्चा गरेको पाइन्छ । यद्यपि बालसाहित्य सम्बन्धी देवकोटा स्वयम्को धारणा भने प्रस्तुत भएको पाइँदैन । उपर्युक्त भनाइबाट देवकोटाका विचारमा बालसाहित्य लेखनको धारणा लोकजीवनमा प्रचलित कविकल्पित दन्तेकथा हो जसले बालबालिकालाई मनोरञ्जन तथा बौद्धिकज्ञान दुबै दिनसक्छ ।

## ५.५ प्रमुख मोड र प्रवृत्ति

### ५.५.१ विषयवस्तु चिनारी

नेपाली साहित्याकाशमा बहुआयामिक व्यक्तित्व लक्ष्मीप्रसाद देवकोटाको मूल प्रवृत्ति स्वच्छन्दतावादी-रहस्यवादी जीवनवृत्ति हो । यसै मान्यतालाई वरण गर्दै साहित्यको प्रमुख विधा कविता विधागन्तर्गत खण्डकाव्य र महाकाव्य लेखनलाई चरमोत्कर्ष विन्दुमा पुऱ्याई कवि, खण्डकाव्यकार तथा माहकविकै रूपमा चर्चित देवकोटाको अर्को प्रसिद्धिको पाटो बालसाहित्यलेखन हो । वि.सं. १९९६/९७ बाट आरम्भ भएको उनका बालसाहित्यिक यात्रालाई सान्दर्भिक ठहर्ने हुँदा उनका कवितायात्रालाई मोटामोटी ३ चरणमा विभाजन गरिएको छ-

१. प्रथम चरण (वि.सं. १९९६/९७-१९९९)
२. द्वितीय चरण (वि.सं. २०००-२००४)
३. तृतीय चरण (वि.सं. २००९-२०१२/१३)

### ५.५.२ प्रथम चरण (१९९६/९७ -१९९९)

बालकवि लक्ष्मीप्रसाद देवकोटाको बालकवितायात्रा वि.सं. १९९६ मा रचित 'राजकुमार प्रभाकर' (बालकाव्य) खण्डकाव्यबाट सुरु भएको हो । यसको वि.सं. १९९७ को सार्वजनिक प्रकाशनपछि उनको यात्रा क्रमशः अगाडि बढ्न थाल्यो । केटाकेटीहरूलाई राजकुमार र राजकुमारीको प्रेमपूर्ण काल्पनिक कथा सुनाउँदा-सुनाउँदै त्यसै कथाको कथात्मक अभिव्यक्ति गरी उनले उक्त खण्डकाव्य रचेका हुन् । यसमा असत्यको अन्त्य र सत्यको विजयोद्घाटनको रहस्यात्मक प्रस्तुतीकरण, स्वच्छन्दतावादी वरण, प्रेममय काल्पनिक दन्तेकथाको कवितात्मक अभिव्यक्ति जस्ता विशेषतामा प्रथम चरण केन्द्रित रहेको देखिन्छ । उनको उक्त कृति नै यस चरणको प्रतिनिधिमूलक काव्यकृति भएर देखा परेको छ ।

---

[१०४] कुमारबहादुर जोशी, **राजकुमार प्रभाकर**, महाकवि देवकोटाको कवितायात्रा र त्यसका मोड उपमोडको विवेचना, शोधपत्र, (२०४२) पृ. १९६ ।

### ५.५.३ द्वितीय चरण (२०००–२००४)

लक्ष्मीप्रसाद देवकोटाको बालकवितायात्राको महत्वपूर्ण चरण द्वितीय चरण हो । खण्डकाव्यबाट कवितालाई कलम घुमाउँदै यस अवधिमा उनले बालबालिकाहरूका निम्ति निकै लोकप्रिय कवितासङ्ग्रह 'पुतली' र 'सुनको विहान' (२०००) तथा 'छाँगासँग कुरा' (२००४) जस्ता ३ उल्लेख्य बालकविताकृति रचना गरे । यसै समय 'कटक' (२००४) खण्डकाव्य पनि सिर्जना गरे । यस चरणमा लेखिएका उनका अर्को 'छाँगासँग कुरा' (कविता सङ्ग्रह) को प्रकाशन भने देवकोटाको मृत्युपछि वि.सं. २०२६ मा आएर भएको देखिन्छ । यस भित्रका कविताहरूमा पूर्ववत् कविता प्रवृत्तिका साथै प्राकृतिक सौन्दर्यप्रति देवकोटाको स्वच्छन्दतावादी-रहस्यवादी काव्यचेतको तीव्रता पाइन्छ । प्रकृतिमा रहेका स्वच्छ र निर्मल छाँगा-छहरा, झरना, नदीनाला, वनस्पति, चराचुरूङ्गी, पहाड, पर्वत तथा मनोजगतजस्ता विषयवस्तुप्रति देवकोटाको अत्याधिक आकर्षण रहेको देखिन्छ । यसैगरी देवकोटाको देहवसानपछि वि.सं. २०२६ मा नै उनको 'कटक' खण्डकाव्य प्रकाशन भएको पाइन्छ । ऐतिहासिक भावभूमिलाई लिएर रचिएको पहिलो खण्डकाव्य कटकमा नेपाली लोकलयको प्रयोगद्वारा गोर्खाली वीरहरूको ऐतिहासिक वीरताको वर्णन ओजस्वी ढङ्गमा गरिएको छ । नेपालको इतिहासमा वि.सं. १८७१ तिर गोर्खाली सैनिकहरूले अङ्ग्रेज शैन्यशक्तमाथि देखाएको वीरताको वर्णन व्यक्त भएको पाइन्छ । देवकोटाको कवितायात्राको प्रमुख चरणका रूपमा रहेको दोस्रो चरणमा सबैभन्दा बढी ४ ओटा बालकृतिहरू उनका उल्लेख्य प्राप्ति रहेको देखिन्छ । यद्यपि यस अवधि ती कृतिहरु रचनामा मात्रै समिति रहे ।

### ५.५.४ तृतीय चरण (वि.सं.२००९–२०१२/१३)

बालकविताको अग्रपङ्क्तिमा रहेका देवकोटाका वि.सं. २००० सालमा रचित 'पुतली' र 'सुनको विहान' यसै चरणको प्रारम्भिक वर्षहरूमा प्रकाशन भएको पाइन्छ । 'पुतली' तथा 'सुनको विहान' (२०१०) का प्रकाशनपछि वि.सं. २०१२/१३ मा 'चिल्लापातहरू' (कवितासङ्ग्रह)को रचनामार्फत देखापरे जसको प्रकाशन उनको स्वर्गवासपछि वि.सं. २०२१ सालमा उनकी धर्मपत्नी मनदेवी देवकोटाको प्रकाशकत्वमा भयो । देवकोटाका बालसाहित्यलाई प्रतिनिधित्व गर्ने उनका उत्कृष्ट बालकृतिहरूमा यिनै कवितासङ्ग्रह देखिन्छन् । रचना, प्रकाशन तथा बालोपयोगी विशेषताले पूर्ण रहेका उनका यस चरणका प्रकाशित कविताहरूमा निम्न विशेषताहरू पाइन्छन्- ईश्वरप्रति विश्वास, राष्ट्रप्रेम, भक्तिभावना, विश्वबन्धुत्व, घरव्यवहार र सामाजिक चालचलन, भविष्यप्रति आशावादी, आत्माको अमरताको सन्देश, बुद्धिपरीक्षा र चेतना, मानवेतर प्राणी पशुपंक्षी र कीराफट्याङ्ग्रा, स्वर्गीयजगत, आकाशजगत, प्राकृतिकजगत तथा वनस्पतिहरूको सौन्दर्यको कलात्मक चित्रण रहेका छन् । यसरी देवकोटाका बालकवितायात्राका तीन प्रमुख चरणअन्तर्गत यस चरणमा दुई कृति प्रकाशन तथा एक कृतिको रचना भएको देखिन्छ । समष्टिमा बालबालिकाका निम्ति लोकप्रिय रहेका उत्कृष्ट बालकविता सङ्ग्रह 'पुतली', 'सुनको विहान' र 'चिल्लापातहरू'को प्रकाशन तथा रचनाले गर्दा तेस्रो चरण सबैभन्दा प्रभावकारी एवम् महत्वपूर्ण चरण हो भन्दा फरक नपर्ला ।

## ५.६ राजकुमार प्रभाकर (खण्डकाव्य) को विश्लेषण

बालकवि लक्ष्मीप्रसाद देवकोटाले रचना गरेको प्रथम बालकाव्य एवम् कविताकृति 'राजकुमार प्रभाकर' हो । यसको रचना वि.सं. १९९६ र प्रकाशन वि.सं. १९९७ मा 'नेपाली भाषा प्रकाशिनी समिति' बाट भएको हो । तत्कालीन राणाशासकीय प्रवृतिसमेत झल्किएको यस काव्यको मुख्य ध्येय बालबालिकालाई मनोरञ्जनात्मक शैलीमा शिक्षा दिई उनीहरूको बौद्धिक, संवेगात्मक एवम् मानसिक विकास गराउनु हो । केटाकेटीहरूलाई मनोरञ्जन दिने क्रममा सिर्जित काल्पनिक दन्तेकथा तथा केटाकेटीहरू नै उक्त काव्यरचनाको प्रेरणा र प्रभावस्रोत मानिन्छ । यस कृतिको अध्ययन विश्लेषण निम्न कोणबाट गरेर हेर्न सकिन्छ :

### विषयवस्तु

"केटाकेटीहरूसँग बसेर कथा भन्दाभन्दै उनैका निमित्त श्लोकमा शीघ्रतया लेखिएको...."[१०५] भन्ने स्वयम् देवकोटाको आत्मस्वीकृतिबाट यस काव्यको विषयवस्तुगत प्रेरणा स्रोत कविकल्पना हो भन्ने बुझिन्छ । यस काव्यमा कविले 'राजकुमार प्रभाकर' र 'राजकुमारी' ( मायावी सुन्दरी) बीचको प्रेमलाई विषयवस्तु बनाएका छन् ।

### शीर्षक

'राजकुमार प्रभाकर' खण्डकाव्यको शीर्षक विधानप्रमुख पुरुषपात्र 'राजकुमार प्रभाकर'को नामबाट राखिएको छ । यहाँ 'राजकुमार' शब्दले नायक चरित्रको सामाजिक-राजनैतिक स्तर र 'प्रभाकर' शब्दले यसका प्रमुख पात्रको व्यक्ति नामलाई बुझाई यस खण्डकाव्यमा राजकुमार प्रभाकरको कार्यको चित्रण गर्ने विषयवस्तुसँग पनि सम्बन्ध गाँसेको देखिन्छ । संरचनात्मक दृष्टिले हेर्दा पनि 'राजकुमार प्रभाकर' भन्ने पात्र यसका तीन खण्डमा विभाजित देखिन्छ । यसकारण उक्त खण्डकव्यकृतिको शीर्षक सार्थक एवम् सङ्गतिपूर्ण छ भन्न सकिन्छ ।

### आख्यानात्मक संरचना

### १. कथावस्तु

'राजकुमार प्रभाकर' खण्डकाव्यको संरचनात्मक स्वरूपलाई हेर्दा यसमा जम्मा तीन खण्ड देखापर्दछन् भने पृष्ठ संख्याको आयाम कूल अठार रहेको छ । तीन खण्डमा विभाजित कथावस्तुलाई आदि, मध्य र अन्त्यको श्रृङ्खलाबद्ध घटनाक्रममा मिलाइएको छ । दरवारबाट सिकार खेल्न वनतर्फ गएका 'राजकुमार प्रभाकर'को वनबीचमै कुनै सुन्दरीसँग भेट भएको घटनाबाट यस खण्डकाव्यको कथावस्तु थालिएको छ । 'राजकुमार प्रभाकर'ले सुन्दरी राजकुमारीद्वारा वनमै रचिएको मायावी महलमा 'राजकुमारी'सँग सुख-सयल गरेको मध्यभाग हुँदै राजकुमारमा भोगविलासप्रति वितृष्णा पैदा भएको र उसले ब्रह्मसत्य एवम् आफ्नो कर्तव्यसमेत बुझी घर फर्की आफूलाई आफ्नो बाबु आमाका सेवामा लगाएको घटनामा पुगी कथावस्तुको अन्त्य भएको छ ।

---

[१०५] लक्ष्मीप्रसाद देवकोटा, **समर्पण**, राजकुमार प्रभाकर, (काठमाडौं : साझा प्रकाशन, २०२४) ।

## २. पात्रविधान

कथावस्तुलाई गति दिई आरम्भबाट उत्कर्षसम्म पुऱ्याउन र उद्धेश्यमूलक फलप्राप्तिको निम्ति पात्र वा चरित्र अपरिहार्य हुन्छ । यस अनुरूप 'राजकुमार प्रभाकर' खण्डकाव्यमा पनि विविध पात्रहरूको चयन गरिएको छ । जसअन्तर्गत राजा सुदर्शन, उनका दुई रानीहरू, राजकुमार प्रभाकर, राजकुमारी वा नृपकुमारी तथा सुन्दरी युवतीहरू । यीमध्ये प्रभाकर र राजकुमारीको मात्र मुख्य भूमिका भएको हुँदा दुई प्रमुख पात्रहरूको मात्र चित्रण गर्ने प्रयास गरिएको छ । ती यसप्रकार छन्-

### १. राजकुमार प्रभाकर

राजकुमार प्रभाकर यस खण्डकाव्यको प्रमुख पुरुष पात्र हो । अर्थात नायक चरित्र हो । अध्ययनमा लगनशील, दीनहीनप्रति दयावान र एकान्तप्रेमको सौखिन प्रवृत्ति उसका प्रारम्भिक अवस्थामा देखिन्छ । हिंसा गर्न रुचि राख्ने दरवारिया सामन्तीवृत्ति अनुरूप यहाँ उसलाई सिकारीको रूपमा उपस्थित गरिएको छ । युवा व्यक्तित्वले पूर्ण देखिने प्रभाकर नारी सौन्दर्यप्रति आकर्षित देखिन्छ । फलस्वरूप जङ्गलमा सिकार गर्न गएको राजकुमार मायावी सुन्दरी (राजकुमारी)को मायाजालमा फसेर आफ्नो कर्तव्य र अधिकार बिर्सन पुग्छ । पछि यथार्थताको बोध भएपछि क्षणिक वास्नायुक्त भोगविलासलाई त्यागेर आफ्नो दरबारतर्फ फर्किएर माता-पिताको सेवा तथा राजकाजमा व्यस्त बन्न पुगी बह्मानन्द लिन्छ ।

### २. राजकुमारी (मायावी सुन्दरी)

राजकुमारी यस खण्डकाव्यकी प्रमुख नारी पात्र हो । अर्थात् नायिका चरित्र हो । राजकुमार सिकार खेल्न जाँदा जङ्गलमा भेटिएकी राजकुमारी सुन्दरी र वासनाकी प्रतिमूर्ति छे जो आफ्नो इच्छाविपरीत बिहे गरिन लाग्दा घरबाट भागी त्यहाँ पुगेकी हुन्छे । उसको हावभावमय अभिनयबाट राजकुमारलाई आकर्षित गरी जङ्गलबीचमै सुन्दरताको महल सिर्जना गरी भोगविलासमा लिप्त गराउँछे जसले गर्दा ऊ एउटी जादुगर्नीका रूपमा समेत चिनिएकी छ । यस्ता भोगवासनाहरू टिकाउ नहुने हुनाले राजकुमारको अध्ययनको ज्ञानबाट राजकुमारीको मायावी संसार ध्वस्त हुन पुग्छ । यसरी ऊ पराजित नारीको रूपमा अन्तत : देखिन्छे ।

## परिवेश विधान

प्रस्तुत खण्डकाव्यमा काल्पनिक देश मथुरावती राज्य (नगर), जङ्गल र मायावी राज्य गरी जम्मा तीन स्थानको चित्रण गरिएको छ । तिनै तीन स्थानमा सम्पूर्ण पात्रका क्रियाकलाप घटित भएका छन् । परिवेश वर्णनका रूपमा मथुरावती राज्यका सौन्दर्यको वर्णन, राजकुमार सिकार गर्न गएको ठाउँ मायावी राज्यको कामुक वातावरणको वर्णन, घटना वा कथावस्तु र पात्रका परिवेशअनुसार यसमा प्रकृतिको शान्त, राजसी र भयानक स्वरूपको पनि चित्रण गरिएको छ । आन्तरिक वातावरण-चित्रणका दृष्टिले इच्छाविपरीत विवाह हुन लागेकी राजकुमारी जङ्गलमा गई बसेकी घटनाबाट तत्कालीन सामन्ती समाजको आन्तरिक वातावरण यहाँ व्यञ्जित भएको छ । मायावी राज्यमा भएको राजकुमार-राजकुमारीको मिलनमा झल्किने भोगविलासमय वातावरणको चित्रणले राणाकालीन दरवारिया आन्तरिक भोगविलासमय वातावरणतर्फ सङ्केत गरेको छ ।

राजकुमारले लुकिछिपी पढेको र भोगविलासको तुच्छता बुझेको घटनाको चर्चाले तत्कालीन परिवेशमा नेपाली जनताले खुला रूपमा पढ्न नपाए पनि उनीहरू सचेत र जागृत बन्दै रहेको युगीन वातावरणको अभिव्यञ्जना आदि उक्त खण्डकाव्यको परिवेशविधान रहेको देखिन्छ ।

## भावविधान

भावविधानका दृष्टिले 'राजकुमार प्रभाकर' खण्डकाव्य उच्च रहेको छ । यसमा अङ्गी रसको रुपमा शान्त रसको परिपाक  भएको छ । त्यसैगरी अङ्गरसका रूपमा श्रृङ्गार, वीर र भयानक रसको अभिव्यक्ति भएको छ । कुतहल, माधुर्य, हावभाव विभ्रम, विलास, केलि, रोमाञ्चकजस्ता, अनुभाव एवम् मोह, आवेग, लज्जा, उत्सुकता, उन्माद, स्वप्न, औत्सुक्य आदि सञ्चारी भावद्वारा रति स्थायी भाव जगाई सम्भोग श्रृङ्गार रसको परिपाक भएको छ । यसैगरी मायावी राज्यको विनाशमा भयानक रसको प्रयोग भएको छ । भोगविलासको तुच्छताबोध तथा आध्यात्मिक ब्रह्मबोधतर्फको उन्मुखताबाट 'शम' स्थायीभाव जागृत गराई शान्त रसको अभिव्यक्ति प्रकट भएको छ । तत्कालीन राणाहरूको सामन्तीवादी प्रवृत्तिको चित्रणद्वारा दरवारीया विकृति-विसङ्गतिमा सुधार गरी देश र जनातालाई शिक्षाको सुनौलो अवसार प्रदान गराउनु एवम् नारी शोषण, अन्याय, अत्याचार जस्ता घृणित क्रियाकलापको निराकरण गरी स्वस्थ र सभ्य शैक्षिक नेपाली समाजको सिर्जना गर्ने अभीष्ट नै 'राजकुमार प्रभाकर' खण्डकाव्यको केन्द्रीय भावविधान हो । प्रेमभावयुक्त व्यङ्ग्यात्मक स्वरभाव गुञ्जित खण्डकाव्यको एक अंश यस्तो रहेको छ -

केही झस्किई चट्ट फर्किइ<br>
युवती हेर्दछिन् ती खडा भई;<br>
शरमले गरी लाली चढ्दछ<br>
निहुरी माथ क्यै नजर उठ्दछ ।

## लयविधान

'राजकुमार प्रभाकर'को लयविधानलाई हेर्दा यसमा बद्धलयको प्रयोग भएको छ । यसअन्तर्गत दसवटा वर्णमात्रिक छन्दको प्रयोग भएको देखिन्छ । ती हुन्-'स्वागता', 'शार्दूलविक्रीडित', 'उपजाति', 'वियोगिनी', 'मालिनी', 'पृथ्वी', 'अनुष्टुप', 'अपरान्तिका', 'शिखारिणी' र 'वसन्ततिलका' । यीमध्ये 'स्वगता' र 'शार्दूलविक्रीडित' छन्दको प्रयोग तीनपटक र वियोगिनी छन्दको प्रयोग दुईपटक गरी पूरा खण्डकाव्यभित्र जम्मा चौधपटक छन्दपरिवर्तन भएको छ । छन्दानुशासनविना नै कविले श्लोकयोजना मिलाउने उक्त काव्य लयात्मक, कवितात्मक, साङ्गीतिक, मधुर र रागात्मक बनेको छ भने बाह्य तथा अन्तः सङ्गीतले खण्डकाव्य सार्थक बनेको छ ।

## भाषाशैली

यस खण्डकाव्यमा सरल, सङ्क्षिप्त र सहज भाषाशैलीको प्रयोग भएको छ । संस्कृत तत्सम, तद्भव तथा आगन्तुक स्रोतका शब्दले भाषिक विविधता सिर्जना गरेको छ । कविवक्तृप्रौढोक्ति शैलीमा कविका विचारहरू प्रवाहपूर्ण ओजस्वी शैलीमा व्यक्त गरिएको

छ । अभिधा, लक्ष्यार्थ एवम् व्यञ्जनार्थ तीन किसिमका शब्द शक्तिको प्रयोग रहेको छ । विम्व, प्रतीक तथा अलङ्कारको मिश्रित प्रयोगले कविताको भाषाशैली रागात्मक एवम् कलात्मक बनेको छ । समग्रमा काव्यको भाषाशैली सम्वादात्मक, उपदेशात्मक, कवितात्मक, लयात्मक, श्रुतिमधुर, रमणीय, रागात्मक एवम् आलङ्कारिक रहेको देखिन्छ । यद्यपि केही जटिल भाषाशैलीको प्रयोगले खण्डकाव्य क्लिष्ट र दुर्बोध्य समेत बन्न पुगेको छ ।

**उद्धेश्य**

'राजकुमार प्रभाकर' खण्डकाव्यको उद्धेश्य बालबालिकाहरूलाई मनोरञ्जन दिनु हो भने यसको साथसाथै उनीहरूलाई सामाजिक-साँस्कृतिक, नैतिक-चारित्रिक, बौद्धिक-मानसिक, संवेगात्मक एवम् शैक्षिक ज्ञान दिनु हो । कलिला बालमस्तिष्कमा काल्पनिक दन्तेकथाको माध्यमबाट उनीहरूलाई शिक्षा दिई पठनपाठनमा रुचि तथा उत्सुकता जगाउन र धेरै भन्दा धेरै ज्ञान-विवेक, कल्पना तथा चिन्तन गर्ने बानीको विकास गराउनु यस खण्डकाव्यको मूलभूत उद्देश्य रहेको छ ।

**आयाम**

उपर्युक्त खण्डकाव्य जम्मा १७ पृष्ठमा पूर्ण भएको छ । यसमा जम्मा तीन खण्ड रहेका छन् । उक्त तीन खण्डमा विविध वर्णमात्रिक छन्दमा जम्मा ३९३ कवितात्मक पङ्क्ति छन् र तिनलाई वर्णमात्रिक छन्दका जस्ता श्लोक ढाँचामा चाहिँ प्रस्तुत गरिएको छैन । ती कवितात्मक पङ्क्तिहरूलाई वर्णमात्रिक छन्दका जस्तो चतुष्पदी श्लोक ढाँचामा राखी हेर्दा यस खण्डकाव्यले जम्मा १०४ $^{१}/_{२}$ श्लोकको लमाइको आयामका साथै विविध वर्णमात्रिक छन्दप्रयोगमा आधारित चौडाइको आयाम प्राप्त गरेको देखिन्छ । काव्यको आयाम लमाइ, चौडाइ र गहिराइ तीनै कोणबाट पूर्ण देखिन्छ । समग्रमा राजकुमार प्रभाकरको कवितात्मक आयाम मझौला किसिमको रहेको पाइन्छ ।

### ५.६.१ 'राजकुमार प्रभाकर' (खण्डकाव्य) को काव्यप्रवृत्तिगत मूल्याङ्कन

१. बालसाहित्य (खण्डकाव्य) सिर्जनाको प्रथम प्रकाशित कृति हुनु,

२. शास्त्रीय लयको छन्दगत विविधता पाइनु,

३. भाषिक सरलता, सुकोमलता, अनुप्रासीयता, लयात्मकता, श्रुतिमधुरता, कलात्मकता, बोधगम्यता एवम् सम्प्रेष्यता,

४. बिम्ब प्रतीक तथा अलङ्कारको कलात्मक संयोजन,

५. तीव्र कल्पना र उच्च सौन्दर्यको प्रस्ततुतीकरण,

६. मनोरञ्जनात्मकता, उपदेशात्मकता, कल्पनात्मकता, बौद्धिकता, राष्ट्रियता एवम् प्रकृतिप्रेममयता,

७. मानवतावादी-अध्यात्मवादी स्वरको गुञ्जन,

८. स्वच्छन्दतावादी, रहस्यवादी प्रवृत्तिको वरण आदि ।

उपर्युक्त प्रवृत्तिका आधारमा देवकोटाको 'राजकुमार प्रभाकर' खण्डकाव्य बालबालिकाको मनोरञ्जनात्मक, सिर्जनात्मक एवम् बौद्धिक विकासका निम्ति उपयोगीमूलक रहेको छ भन्न सकिन्छ ।

## ५.७ 'पुतली' (कविता संग्रह) को विश्लेषण

'पुतली' बालकवि एवम् बालसाहित्यकार लक्ष्मीप्रसाद देवकोटाद्वारा वि.सं. २००० सालमा रचित तथा वि.सं. २००९ सालमा नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशित एक उत्कृष्ट कविताकृति हो । बालबालिकालाई मनोरञ्जन दिई बौद्धिक तथा मानसिक विकास गराउन प्रभावकारी भूमिका निर्वाह गर्न सफल यस कविताकृतिमा जम्मा १५ वटा बालकविताहरू सङ्कलित छन् । ती हुन्-१.'पुतली', २.'इन्द्रधनु', ३.'ढुङ्गा-बुहारी', ४.'छ बहिनी', ५. 'साँचो', ६. 'पानी', ७. 'आमा', ८. 'सपनाहरु', ९.'वसन्तबेला', १०.'सम्झना' ११.'भँगेरी', १२.'के हो नेपाल भन्ने', १३.'सुनेको कथा', १४.'भित्ताको मुख', १५.'जुहारी' । उपर्युक्त कविताहरूको विश्लेषण कविताका निम्न तत्वहरूका आधारमा गर्न सकिन्छ :

### १. 'पुतली'

### विषयवस्तु

कीराफट्याङ्ग्राजगतलाई विषयवस्तु बनाएर रचिएको 'पुतली' देवकोटाको बालकविताकृति 'पुतली' (कवितासङ्ग्रह)को प्रतिनिधिमूलक कविता हो । यसमा पुतलीको सौन्दर्यात्मक चित्रण गरिएको छ ।

### संरचना

संरचनात्मक आधारमा यस कवितामा बाह्य र आन्तरिक गरी दुईओटा संरचना रहेका छन् । बाह्यअन्तर्गत जम्मा ६८ हरफे पङ्क्तिपुञ्जको १७ श्लोक तथा पृष्ठ ५ (पृ. १-५)को लघु आयामगत संरचना यसमा पाइन्छ । आन्तरिक संरचनाका रूपमा भाव र आख्यानको कलात्मक संयोजन, कल्पना र सौन्दर्यको अधिक प्रयोग, झिनो आख्यान र गाढा भावव्यञ्जन तथा स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिगत संरचना रहेका छन् ।

### भावविधान

पुतलीको स्वच्छन्द प्रवृत्तिको चित्रण, रूपसौन्दर्यको वर्णन, यसको उत्पत्तिको रहस्यमय सृष्टिनियम, अहिंसा, दया, माया, करुणा जस्ता नैतिक भावनाको कदर तथा प्रेम र स्नेहले पुतलीलाई हेर्नुपर्छ भन्ने आध्यात्मिक भावसन्देश यस कवितामार्फत व्यक्त भएको छ । शृङ्गारिक रसको 'रति'स्थायी भावले पूर्ण उक्त कविताको भाव यस्तो देखिन्छ-

*सौन्दर्य रूप भजेर रँगी ।*
*त्यहाँ हुने जो रस चुस्नु सँगी ॥*
*त्यही सबै स्वर्ग भनेर जान ।*
*मिल्ला त्यहाँ ईश्वर गन्ध पान ॥*

**लयविधान**

यस कवितामा प्रत्येक दुई-दुई हरफको अन्तमा ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रसीय लययोजनाको प्रयोग भएको छ । कविताको बाह्य तथा अन्तः लयप्रवाहले यसको लयविधान साङ्गीतिक, श्रृतिमधुर तथा लयात्मक बनेको छ ।

**भाषाशैली**

यस कविताको भाषाशैली सरल, सङ्क्षिप्त र सहज रहेको छ । यद्यपि कहीँ जटिल शब्दको पनि प्रयोग भएको देखिन्छ । शब्दगत विविधता तथा आलङ्कारिक श्लोकरचनाले कविताको भाषाशैली कलात्मक, रागात्मक, गेयात्मक तथा सौन्दर्यपूर्ण बनेको छ जसले गर्दा कविता बोधगम्य तथा सम्प्रेष्यमूलक रहेको पाइन्छ । कविप्रौढोक्ति उक्तिढाँचाको मधुर भाषाशैली यसमा रहेको छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिई उनीहरूको नैतिक-चारित्रिक, बौद्धिक, संवेगात्मक विकास गराउनुका साथै उपदेशमूलक सन्देश दिई आध्यात्मिक जीवनजगततर्फ प्रेरित गर्नु यस कविताको उद्देश्य हो । यसैगरी प्राकृतिक बाग-बगैंचाको रमणीय चित्रणद्वारा स्वच्छन्दतावादी-रहस्यवादी भाव उद्घाटन गर्नु उक्त कविताको अर्को उद्देश्य रहेको देखिन्छ ।

**'इन्द्रधनु'**

**विषयवस्तु**

प्रकृतिप्रेमसम्बन्धी विषयवस्तु रहेको यस कवितामा इन्द्रधनुको चित्रण गरिएको छ । इन्द्र देवताले दानवको संहार गर्ने साधनको रूपमा यहाँ इन्द्रधनुको सौन्दर्यात्मक महिमागान गाइएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनामा जम्मा ४० हरफे कवितापुञ्ज रहेका छन् जसमा १० श्लोक देखिन्छ । पृष्ठ ३ (पृ.६-८)को लघु आयामको संरचना यस कवितामा रहेको छ । यसैगरी भाव र आख्यानको उचित संयोजन, कल्पना र सौन्दर्यको प्रस्तुतीकरण, झिनो आख्यान तथा गाढा भावव्यञ्जन आदि यसको आन्तरिक संरचनात्मक पक्ष हुन् ।

**भावविधान**

वनजङ्गल, फूल-बगैंचा आदि प्राकृतिक सेरोफेरोलाई कविताको परिवेश बनाइएको 'इन्द्रधनु' कविताको भावविधान गाढा रहेको छ । इन्द्रधनुको मूल्य, औचित्य, महत्वको महिमागान गाउनु, इन्द्रधनुलाई दानवको संहारको प्रतीकका रूपमा चित्रण गर्नु, पृथ्वीलोकमा रहेका सम्पूर्ण मानवको भलाइ तथा उद्धार गर्नु तथा मानव अशान्तिलाई शान्तिमा परिणत गर्ने सशक्त हतियार इन्द्रको धनु हो भन्ने भाव उक्त कविताको मूल सार रहेको छ । विविध रसले युक्त यस कवितामा वीर रसको स्थायी भावको परिपाक रहेको देखिन्छ । जस्तै-

*देव राक्षस भएर लडाइँ*

*आज बादल जगत्‌तिर आई ।*
*घर्र धर्रपछिको डरलाग्दो*
*हेर यो विजयको धनु जाग्दो ॥*

**लयविधान**

यस कवितामा प्रत्येक दुई-दुई हरफको अन्त्यमा ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय लययोजनाको निर्वाह भएको छ । कविताको बाह्य तथा अन्तः लयप्रवाहले यसको लयविधान श्रुतिमधुर, लयात्मक, कलात्मक, रागात्मक तथा सङ्गीतमय बनेको छ ।

**भाषाशैली**

सरल, सङ्क्षिप्त र स्वाभाविक शब्दसंयोजन यस कविताको भाषाशैलीगत पक्ष रहेको छ । शब्दस्रोतगत विविधताले भाषिक सौन्दर्य सिर्जना गरेको छ । यसमा कविप्रौढोक्ति कथनपद्धति, वर्णनात्मक शैलीको प्रयोग तथा कविताको भाषाशैली कलात्मक, रागात्मक, आलङ्कारिक, सौन्दर्यपूर्ण देखिन्छ । समग्रमा यसमा सरल, बोधगम्य र सम्प्रेष्यमूलक भाषाशैलीको प्रयोग भेटिन्छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिई उनीहरूमा रहेका आन्तरिक प्रतिभाहरूको प्रष्फुटन, विकास र विस्तार गर्नुका साथै अन्याय-अत्याचार विरुद्ध शारीरिक तथा मानसिक दुवै रूपबाट सक्रिय बनाई स्वतन्त्र मानव अधिकारको चेतनाको विकास गराउनु उक्त कविताको उद्देश्य हो ।

**‘ढुङ्गा-बुहारी’**

**विषयवस्तु**

ढुङ्गाजस्तो कठोर मन भएकी बुहारीको चरित्र चित्रण गरेर रचिएको सामाजिक चालचलन र घरव्यवहारसम्बन्धी विषयवस्तु अङ्गालिएको कविता हो ‘ढुङ्गा-बुहारी’ । यस कवितामा मानवलाई निर्जीव वस्तु ढुङ्गाको प्राकृतिक आयाम दिइएको छ भने यसैको सेरोफेरोमा कविताको विषयवस्तु केन्द्रित रहेको छ ।

**संरचना**

यस कविताका बाह्य संरचनाका रूपमा जम्मा २४ हरफे कवितापुञ्जको ६ श्लोक रहेको छ । यसमा पृष्ठ ३ (पृ.९-११) को लघु आयामगत संरचना भएतापनि कविताको संरचना आफैंमा पूर्ण छ । आन्तरिक संरचनाअन्तर्गत भाव र आख्यानको कलात्मक संयोजन, कल्पना र सौन्दर्यको बहुप्रयोग, आख्यान तथा गाढा भावव्यञ्जन आदिको आन्तरिक संरचना रहेको देखिन्छ ।

**भावविधान**

यस कविताको भावविधान प्रतीकात्मक एवम् व्यञ्जनात्मक रहेको छ । समग्र नेपाली समाजका बुहारीहरूको साझा मनोवृत्तिको विश्लेषण गर्ने, बुहारीको रिसाउने, ठुस्किने, चिडिने, स्वार्थी, घमण्डी, छुच्याइँ, छलकपट र अहम् भावनाको उद्घाटन गर्ने प्रयास गरिएको छ । जुन

कविताको भावविधान हो । विविध रसले युक्त यस कवितामा हास्य रसको 'हाँसो' स्थायीभावको परिपाक रहेको छ । जस्तै-

*कस्तो चुस्स वता ? रिसाउन त्यस्सै*
*के काम चोसो लिइस् ?*
*यस्तो ठुस्स बनेर घुस्स कसरी*
*साह्रै रिसाही भइस् !*

**लयविधान**

यस कवितामा श्लोकको पहिलो र तेस्रो तथा देस्रो र चौथो हरफमा क्रमशः १२ र ७ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय लयको प्रयोग भएको छ । बाह्य तथा आन्तरिक लयले कविता सङ्गीतमय, लयात्मक र श्रुतिमधुर बनेको छ ।

**भाषाशैली**

सरल, सहज, व्यावहारिक चलनचल्तीको भाषाप्रयोगले कविताको भाषाशैली बोधगम्य एवम् सम्प्रेष्यमूलक बनेको छ । तीनै स्रोतका शब्दहरूको मिश्रित संयोजन, कविप्रौढोक्ति उक्तिको वर्णनात्मक शैली, प्रतीक र अलङ्कारको सुन्दर प्रयोगले यसको भाषाशैली रागात्मक, कलात्मक, व्यङ्यात्मक, रसिलो तथा चोटिलो बन्न पुगेको छ ।

**उद्देश्य**

हास्यव्याङ्ग्यात्मक शैलीमा बालबालिकालाई मनोरञ्जन दिई बुहारीहरूमा चारित्रिक सुधारको नैतिक सन्देश दिनु यस कविताको उद्देश्य हो । यसैगरी बालबालिकामा पनि घरायसी तथा व्यवहारिक क्रियाकलापको जानकारी गराउनु, नीति-आचरण, व्यवहार, कार्य आदिमा सुधार ल्याउनुका साथै उनीहरूको बौद्धिक, मानसिक र संवेगात्मक शक्तिको विकास गराउनु उक्त कविताको उद्देश्य रहेको देखिन्छ ।

**'छ बहिनी'**

**विषयवस्तु**

छ जना बहिनीहरूलाई सम्बोधन गरी रचिएको कविता हो 'छ बहिनी' । मानवजगतलाई विषयवस्तु बनाई लेखिएको यस कवितामा ती बहिनीहरूको कलात्मक, स्वच्छन्द र स्फूर्त मनोरञ्जनपूर्ण नृत्यबाट प्राकृतिक स्वच्छन्दता र सौन्दर्यको चित्रात्मक दृश्य प्रस्तुत गरिएको छ ।

**संरचना**

यस कविताको बाह्य, संरचनाअन्तर्गत जम्मा ६ खण्डको असमान कविताश्लोक रहेका छन् । कुनैमा १२ हरफे पङ्क्तिपुञ्ज छन् त, कुनैमा चौध हरफे पुञ्ज । साथै पृष्ठ ६ (पृ.१२-१७)को लघुतम आयामको संरचना यसमा पाइन्छ । आन्तरिक रूपमा भने भाव र आख्यानको कलात्मक संयोजन, झिनो आख्यान तथा गाढा भावव्यञ्जन, कल्पना र सौन्दर्यको अधिक प्रयोग एवम् स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक संयोजन रहेको पाइन्छ ।

**भावविधान**

स्वच्छन्दतावादी प्रवृत्तिको उच्च काल्पनिक चित्रको प्रस्तुतीकरण गर्नु यस कविताको भावविधान हो । मानवलाई प्राकृतिक आयामद्वारा प्रस्तुत गरी जसरी वर्षा ऋतुको गडगडाहट पानीले सारा प्राकृतिक जगतको धूलो, हिलो र फोहर मैला फालेर अशुद्ध वातावरणलाई शुद्ध बनाउँछ, त्यसैगरी ६ ओटा बहिनीहरूको निश्छल, स्वच्छ, स्र्फूत र आकर्षक नाचले पनि प्राकृतिक स्वच्छता एवम् सौन्दर्य सिर्जना गर्नुपर्छ । यसले मानव मस्तिष्क र हृदयलाई शान्त, शीतल र पवित्र बनाओस् भन्ने गाढा भावव्यञ्जन कवितामा प्रतीकात्मक तवरले व्यक्त भएको छ । विविध रसले युक्त उक्त कवितामा श्रृङ्गारिक रसको बाहुल्यता रहेको छ । जस्तै-

*नाच नाच बहिनी मेरी*

*हे वसन्त प्यारी ।*

*सकल ऋतुकी फूल रानी !*

*रङ्गले सिंगारी ।*

**लयविधान**

यस कवितामा पहिलो र तेस्रो तथा दोस्रो र चौथो हरफमा क्रमशः ९ अक्षरे अनि ६ अक्षरे मात्रा छन्दको प्रयोग भएको छ । वर्ण र शब्दको आवृत्तिले कविताको बाह्य तथा आन्तरिक लययोजनाले कविता साङ्गीतिक, श्रुतिमधुर, र लयात्मक बन्न पुगेको छ । समग्रमा अनुप्रासयुक्त लयसंयोजनाको प्रयोग सफल रूपमा भएको छ ।

**भाषाशैली**

सरल, सङ्क्षिप्त र स्वाभाविक शब्दहरूको प्रयोगले यस कविताको भाषाशैली सुबोध्य एवम् सम्प्रेष्यमूलक बनेको छ । विविध स्रोतगत शब्दप्रयोगले भाषिक विविधता सिर्जिएको छ । कविनिबद्धवक्तृप्रौढोक्ति उक्तिढाँचाको वर्णनात्मक तथा चित्रात्मक शैलीले युक्त उक्त कवितामा प्रयोग भएको प्रतीकात्मक र आलङ्कारिक भाषिक रूपले भाषाशैलीगत कलात्मक, रागात्मक, श्रुतिमाधुर्य तथा सौन्दर्यसिर्जना गरेको छ ।

**उद्देश्य**

बालबालिकालाई खेलजगतप्रति रुचि जगाउनु, शैक्षिक तथा अतिरिक्त क्रियाकलापमा सहभागी गराउनु, मनोरञ्जन प्रदान गर्नु, बौद्धिक तथा मानसिक क्षमताको विकास गराउनु, प्राकृतिक सौन्दर्यप्रति आकर्षणभाव जगाउनु एवम् स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिको प्रकट गर्नु उक्त कविताको उद्देश्य रहेको पाइन्छ ।

**'साँचो'**

**विषयवस्तु**

मानव मनोजगतलाई विषयवस्तु बनाई रचिएको यस कवितामा बालबालिकालाई सत्‌बुद्धि, सत्‌विचार र सत्‌कर्ममा प्रेरित गराउने नैतिक सन्देशमूलक क्रियाकलापको चित्रण गरिएको छ भने आध्यात्मिक जगततर्फ ध्यानकर्षण गरिएको छ ।

**संरचना**

यस कवितामा शास्त्रीयलयको १५ अक्षरे वसन्ततिलका छन्दको अन्त्यानुप्रसीय लयसंरचना रहेको छ जसमा ३२ हरफे कवितापुञ्जमा रहेको कविताको श्लोक संख्या ८ ओटा रहेका छन् । पृ. ३ (पृ. १८-२०)को लघु आयामगत संरचना बाह्य संरचनाका रूपमा रहेका छन् । यसैगरी आन्तरिक संरचनाअन्तर्गत भाव तथा आख्यानको अन्तःसंयोजन, मसिनो आख्यान तथा गहिरो भावव्यञ्जन, कल्पना र सौन्दर्यको अधिक प्रयोग एवम् स्वच्छन्दतावादी मनोवृत्तिको कलात्मक संयोजन यसमा रहेको छ ।

**भावविधान**

बाह्यजगत तथा मनोजगतलाई परिवेशका रूपमा चित्रण गरिएको यस कवितामा मानवमनभित्र रोगका रूपमा जरा गाडेर बसेको कालो विचार एवम् झूट र असत्य विचारको त्याग गरी सधैं साँचो बोल्नुपर्छ, सत्यव्यवहार गर्नुपर्छ, इमान्दार र असल बन्नुपर्छ भन्ने नैतिक सन्देशमूलक भाव व्यक्त भएको छ । सच्चा र आदर्श बन्नका लागि ईश्वरसँग प्रार्थना गर्नुपर्छ जसले मनमा शान्ति छाउँछ र अज्ञानतारूपी रोग हटाएर मनलाई उज्यालो र प्रशन्न बनाइदिन्छ भन्दै कुविचार र असत्यभाव बोकेकाप्रति व्यङ्ग्य प्रहार गर्दै उनीहरूको चारित्रिक सुधार गर्नु उक्त कविताको भावपक्ष रहेको देखिन्छ । शान्तरसको निर्वाह भएको उक्त कवितामा 'शम' स्थायी भावको परिपाक रहेको छ भने अन्य विविध यस रसहरूको समेत मिश्रित प्रयोग यसमा भएको पाइन्छ । जस्तै-

*यौटा कुना छ मनमा बहुतै अँध्यारो*
*लुक्ने त्यहाँ सकल झूट विचार साह्रो ।*
*त्यो रोगको घर छ छन् त्यस बीच हाउ*
*संझेर ईश्वर त्यतातिर घाम लाऊ ॥१॥*

**लयविधान**

यस कवितामा १४ अक्षरे वसन्ततिलका छन्दको अन्त्यानुप्रास लयसंयोजन रहेको छ । वर्ण तथा शब्दको आवृत्तिले कविताको बाह्य तथा अन्तः लयसिर्जना भएको छ जसले गर्दा कविताको लय मधुर, साङ्गीतिक, लयात्मक तथा मिठासयुक्त बनेको छ ।

**भाषाशैली**

उक्त कवितामा सरल, सम्प्रेष्य र बोधगम्य भाषाशैलीको प्रयोग भएको छ । सङ्क्षिप्त र सहज शब्दको संयोजन यहाँ पाइन्छ । चित्रात्मक तथा वर्णनात्मक शैलीको प्रयोगले कविताको भाषिक शिल्पविधान कलात्मक बनेको छ । कविप्रौढोक्ति उक्तिढाँचामा रचित यस कविताको भाषाशैली, आलङ्कारिक, रागात्मक, सौन्दर्यमूलक तथा ओजस्वी खालको रहेको छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिई भक्तिभाव, प्रार्थना, ईश्वरीय प्रेम, नैतिक सन्देश, सत्चरित्र, सामाजिक मेलमिलाप, समानता, एकता र आध्यामिक भावनातर्फ प्रेरित गराउनुका साथै उनीहरूको चेतनाको विकास गराउनु यस कविताको मूलभूत उद्देश्य हो ।

**'पानी'**

**विषयवस्तु**

प्रकृतिजगतबाट विषववस्तु लिइएको 'पानी' कवितामा पानीको मूल्य, महिमा र औचित्यको सौन्दर्यात्मक वर्णन गरिएको छ । पानीको व्याख्या गर्नु तथा यसको महत्वबोध गराउने अर्थमा विषयवस्तु केन्द्रित रहेको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा ५६ हरफको १४ श्लोक कविता रहेका छन् । पृष्ठ ४ (पृ.२१-२४) को लघु आयामको संरचना यसमा पाइन्छ । आन्तरिक संरचनाका रूपमा भाव तथा आख्यानको समुचित संयोजन, झिनो आख्यान तथा गाढा भावव्यञ्जन कल्पना र सौन्दर्यको अधिकता एवम् स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक जीवनदृष्टिगत संयोजन रहेको पाइन्छ ।

**भावविधान**

प्रकृतिका सम्पूर्ण मानव, मानवेतर प्राणी एवम् वनस्पतिवृक्ष आदिलाई पानीको आवश्यकता पर्दछ । पानीविना कुनै पनि जीव तथा प्राणी वनस्पतिको अस्तित्व सम्भव हुँदैन । पानी प्राणीहरूको दैनिक आवश्यकताको अपरिहार्य वस्तु हो । यसको सदुपयोग गर्न जरुरी छ भन्दै पानीका विविध सौन्दर्यात्मक रूपहरू-हुस्सु, वाफ, शीत, वर्षा, बरफ आदिको रचना तथा यसको जलकण(शीत) मोतीका दानातुल्य छन् भन्ने स्वच्छन्द भाव यसमा अभिव्यक्त भएको छ । यसरी पानीको औचित्य, स्वरूप आदिको महत्व र महिमागान नै कविताको भावविधान हो भन्न सकिन्छ । विविध रसले युक्त उक्त कवितामा वीर रसको 'उत्साह' स्थायी भाव प्रकट भएको छ । जस्तै-

*मैं झैं छैन विचित्र क्यै अरू कुरा संसारमा सुन्दर*
*मेरो बास समुद्रमा छ गहिरो नीलो बडे मन्दिर ।*
*अन्तै छैन जहाँ अगाध जलको छन् छालको उर्लन*
*ठूला फीँज लगाउने सिउरमा गड्गड् पहाडै भन ।*

**लयविधान**

यस कवितामा शास्त्रीय लयढाँचाको १९ अक्षरे शार्दूलविक्रीडित छन्दको अन्त्यानुप्रासीय लययोजनाको निर्वाह भएको छ । वर्ण तथा शब्दको समुचित प्रयोगले कवितामा बाह्य र अन्तःलय सिर्जना भएको छ । यसले गर्दा कविता लयात्मक, साङ्गीतिक र श्रुतिमधुर बनेको छ ।

**भाषाशैली**

यस कवितामा सरल, सम्प्रेष्य एवम् बोधगम्य भाषाशैलीको प्रयोग भएको छ । शब्दस्रोतगत विविधताले भाषिक कलात्मकता प्रदान गरेको छ । सङ्क्षिप्त तथा सहज भाषिक शिल्पविधानका साथै कविको एकलापीय आत्म कथानात्मक शैलीप्रयोग, चित्रात्मक अनि वर्णनात्मकशैली संयोजनले कविताको भाषाशैली ओजस्वी, रागात्मक, कलात्मक तथा सौन्दर्यात्मक रहेको देखिन्छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिई प्राकृतिक सौन्दर्य तथा पानीको स्वच्छन्द उन्मुक्त गाना गाउनु, पानीप्रतिको आकर्षक भाव सिर्जना गराई बालबालिकालाई पानीको औचित्यको महिमागान गराउँदै जीवनजगतमा यसको फाइदा तथा सदुपयोग गर्ने उपयुक्त चेतनाको विकास गराउनु यस कविताको उद्देश्य हो ।

**'आमा'**

**विषयवस्तु**

आमाको महिमा र महत्वको आधारमा 'आमा' शीर्षकको कविता रचिएको हो । विषयवस्तुगत स्रोतको रूपमा प्रकृतिजगतलाई अङ्गालिएको यस कवितामा आमालाई मानव सन्तानको सृष्टिकर्ता, पलानकर्ता तथा संरक्षणकर्ताको रूपमा हेरिएको छ ।

**संरचना**

संरचनाका बाह्य रूपअन्तर्गत ११६ हरफे पङ्क्तिपुञ्ज तथा २९ श्लोक रहेका छन भने पृष्ठ ८ (पृ.२५-३२)को लघु आयामगत संरचनाले बाह्य संरचना पूर्ण देखिन्छ । त्यसैगरी आन्तरिक संरचनामा भाव र आख्यानको कलात्मक  मसिनो आख्यान एवम् गाढा भावसंरचना, कल्पना र सौन्दर्यको उचित प्रयोग संयोजन तथा स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिगत संरचना रहेको पाइन्छ ।

**भावविधान**

यस कविताको भावगत पक्षलाई हेर्दा धरती माता, सृष्टिकी ज्योति, संसार देखाउने पथ प्रदर्शक, नारीदेवता, सन्तानकी जननी, पालनपोषणकर्ता, ज्ञानकी ज्योति, सुखसयल, हाँसखेल र मनोरञ्जन प्रदान गराउने जादूगर तथा सम्पूर्ण दुःखपीडालाई शान्त र शीतल पारिदिने अमृतरूपी औषधी आमा हुन् । त्यसैले आमाप्रतिको सम्मान, कदर, आफ्नो अधिकार एवम् कर्तव्य बिर्सनु हुँदैन भन्ने भाव यस कवितामार्फत व्यक्त भएको छ भने आमाको औचित्य र महत्वको महिमा गान गाउनु यसको अर्को पक्ष रहेको पाइन्छ । विविध रसले युक्त यस कवितामा शान्त एवम् श्रृङ्गाररसको मिश्रित संयोजन तथा 'वात्सल्य' स्थायी भाव रहेको छ । जस्तै-

*हेर हेर कलिली कति राम्री*
*रंगदार रसिली सब हाम्री*
*जन्मभूमि वन-पर्वती-वाली*
*स्वर्ग झैं अमृतकी सदी थाली ।*

**लयविधान**

यस कविताको लय ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय ढाँचाको रहेको छ । वर्ण तथा शब्दको आवृत्तिले कविताको बाह्य तथा अन्तःलय सिर्जना भएको छ जसले कविता साङ्गीतिक, लयात्मक, गेयात्मक एवम् श्रुतिमधुर बनेको छ ।

**भाषशैली**

यस कवितामा प्रयोग भएका भाषाशैली सरल छ । छोटा र स्वाभाविक शब्द चयनले भाषा सरल, बोधगम्य तथा सम्प्रेष्यमूलक बनेको छ । कविको आत्मलापी वर्णनात्मक शैलीमा रचित उक्त कवितामा विविध स्रोतका शब्दहरू प्रयुक्त छन् । यसैगरी चित्रात्मक तथा आलङ्कारिक भाषाशैलीको कलात्मक संयोजनले कविता रागात्मक एवम् सौन्दर्यात्मक हुनुका साथै उच्च रहेको छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिनु, आमाप्रति श्रद्धाभाव जगाउनु, सम्मान-कदर गर्नु, आज्ञाकारी बन्नु, सत्कर्ममा लाग्नु, नीति-आचरणको पालना गर्नु, ठूलालाई आदर-सत्कार गर्नु, आमाको सेवा, शूश्रुषा गर्नु तथा आमालाई सँधै जन्म, कर्म र फल दिने देवताको रूपमा भक्तिभाव राख्नुपर्ने जस्ता ज्ञान एवम् उपदेशमूलक सन्देश दिनु यस कविताको उद्देश्य हो ।

**'सपनाहरू'**

**विषयवस्तु**

यस कविताको विषयवस्तु मनोजगत रहेको छ । मानिस सुत्दा चेतन र अचेतन मनका बीच अर्थात अर्धचेतन अवस्थामा मस्तिष्कमा आउने अनुभवजन्य वा नवीन वस्तुको दृश्यविधान नै सपनाहरू हुन् । यसैको वर्णनमा 'सपनाहरू' कविता निर्मित छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत १६ हरफे पङ्क्तिपुञ्जको ४ श्लोक रहेका छन् । पृष्ठ २ (पृ. ३३-३४) को लघुआयामगत संरचना यसमा रहेको छ । आन्तरिक संरचनाका रूपमा झिनो आख्यान तथा गाढा भाव, कल्पना र सौन्दर्यको अधिक प्रयोग एवम् मनोप्रवृत्तिको सुन्दर चित्रात्मक प्रस्तुतीकरण अन्तःसम्बन्ध रहेका छन् ।

**भावविधान**

मानव मनको अर्धचेतन अवस्थाको चित्रण अथवा सपनाको रहस्यमय चित्रण, सपनाको आनन्द, कौतूहलता, भ्रम, अनुभव, अनुभूति आदिको उद्घाटन गरी यसको औचित्य र महत्वको महिमागान गाउनु यस कविताको भावविधान हो । सपनाको स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टि प्रस्तुत गर्नु यसको अर्को मर्म रहेको छ । विविध रसको कलात्मक प्रयोग भएको यस कवितामा शान्त रसको 'शम' स्थायी भावको परिपाक रहेको छ । जस्तै-

*आउँछन् कि दिलमा भन साथी*

*चम्म चम्म सपना बहुभाँति ।*
*पंखादार हलुका अति मीठा*
*पक्रिने मन हुँदै पर छीटा ।*

**लयविधान**

यस कवितामा ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय लयविधान रहेको छ । वर्ण र शब्दको आवृत्तिले बाह्य तथा अन्तःसङ्गीत सिर्जना भएको छ भने कविताको लयविधान साङ्गीतिक, लयात्मक एवम् श्रुतिमधुर रहेको छ ।

**भाषाशैली**

यस कविताको भाषाशैली सरल, सहज एवम् स्वाभाविक छ । सङ्क्षिप्त शब्दप्रयोग तथा बहुस्रोतगत शब्दसंयोजनले भाषिक विविधता सिर्जना गरेको छ भने भाषाशैलीगत कलात्मकता, रागात्मकता, आलङ्कारिकता, सौन्दर्यात्मकता प्रदान गरेको छ । कविप्रौढोक्ति उक्तिढाँचाको वर्णनात्मक एवम् सम्वादात्मक तथा चित्रात्मक शैलीको प्रयोग हुनु कविताको भाषाशैलीगत पहिचान हो । समष्टिमा कविता सरल, बोधगम्य र सम्प्रेष्यमूलक हुनु भाषिक शिल्पविधानगत विशेषता रहेको देखिन्छ ।

**उद्देश्य**

यस कविताको उद्देश्य बालबालिकालाई मानवीय मनोजगतसँग साक्षात गराउनु हो । सपनामा देखेका रमणीय दृश्यहरूबाट मन-मस्तिष्कलाई खुशी र प्रफुल्ल बनाई उनीहरूलाई मानसिक, संवेगात्मक, बौद्धिक एवम् भावात्मक तथा सूक्ष्म अनुभव र अनुभूतिको स्मरण गराई सोच्ने तीव्र कल्पनाशक्तिको विकास गराउनु रहेको छ ।

**'वसन्तबेला'**

**विषयवस्तु**

वसन्तकालीन ऋतुको समयलाई आधारमानेर रचिएको कविता शीर्षक हो 'वसन्तबेला' । प्रकृतिजगतलाई वसन्त ऋतुको समयमा देखिने हरियाली स्वच्छ र सुन्दर प्रकृतिजगतको वर्णन सौन्दर्यात्मक ढङ्गमा गरिएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाका रूपमा जम्मा ४४ हरफे कवितापुञ्जको ११ श्लोक तथा पृष्ठ ४ (पृ.३५-३८) को लघुआयामगत पूर्ण संरचना रहेको छ । आन्तरिक संरचनामा चाहिं भाव र आख्यानको उचित संयोजन, मसिनो आख्यान तर गहिरो भावव्यञ्जन, कल्पना र सौन्दर्यको रागात्मक एवम् कलात्मक अन्तः संरचना रहेको छ ।

**भावविधान**

वसन्त ऋतुको सौन्दर्यात्मक चित्रण गर्नु, महिमागान गाउनु, कोइलीको मधुर साङ्गीतिक धुनको वर्णन गर्नु, स्वच्छन्दतावादी-रहस्यवादी प्रकृतिवादी जीवनदृष्टिको प्रस्तुतीकरण गर्नु कविता-शीर्षकको भाव रहेको पाइन्छ । प्राकृतिक तत्वहरूको विषयमा बालबालिकालाई ज्ञान दिलाई

प्रकृतिको स्वच्छन्द र स्वच्छ वातावरणतर्फ उनीहरूको ध्यानकर्षण गराउनु तथा वसन्त ऋतुको महिमागान गर्नु यस कविताको भाव विधान रहेको देखिन्छ । विविध रसयुक्त उक्त कवितामा शान्त रसको 'शम' स्थायी भावको परिपाक रहेको छ । जस्तै-

*कोइली छ वनकी सब बोली*
*बोल्दछे अमृतको रस घोली ।*
*बन्छु एक म स्वदेश निमित्त*
*कोइलीसरि फुलाउन चित्त ।*

**लयविधान**

यस कवितामा ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय लययोजना रहेको छ । वर्ण तथा शब्दको आवृत्तिद्वारा बाह्य तथा आन्तरिक लय सिर्जना भएको छ । लयविधानका दृष्टिले कविता सङ्गीतमय, श्रुतिमधुर एवम् लयात्मक रहेको छ ।

**भाषाशैली**

यस कवितामा सरल शब्द र पदावलीको प्रयोग भएको छ । सङ्क्षिप्त र सहज एवम् स्वाभाविक शब्दसंयोजनले कविता सरल, बोधगम्य र सम्प्रेष्यमूलक बनेको छ । विविध स्रोतबाट शब्दहरूको चयन भएबाट भाषाशैलीगत विविधता सिर्जना भएको छ । शैलीशिल्पका रूपमा कविको कविप्रौढोक्ति ढाँचा र वर्णनात्मक शैलीको प्रवाह रहेको छ । समष्टिमा कवितामा सरल बोधगम्य, कलात्मक, रागात्मक, सौन्दर्यात्मक र आलङ्कारिक भाषाशैलीको प्रयोग भएको छ ।

**उद्धेश्य**

बालबालिकाहरूलाई प्राकृतिक दृश्य, वस्तु तथा वसन्तयामको सौन्दयप्रति आकर्षित गराई प्रकृतिको वनस्पतिसम्बन्धी ज्ञान दिनु, पंक्षी, वातावरण, प्रकृति आदिको बारेमा बौद्धिक एवम् चेतनाको विकास गराउनु उपर्युक्त कविताको उद्देश्य हो ।

**'सम्झना'**

**विषयवस्तु**

कविको आफ्नो देश (नेपाल)प्रतिको स्मृतिको आधारमा 'सम्झना' कविता रचिएको हो । यस कविताको विषयवस्तु मनोजगत रहेको छ । कविको जीवनका दुःखद घटना अनुभूतिको पुनःस्मरण यस कवितामार्फत भएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा ६ पङ्क्तिपुञ्जको १$^{१}/_{२}$ श्लोक कविता पाइन्छ । त्यसैगरी पृष्ठ २ (पृ.३९-४०)को लघुआयामको पूर्ण संरचना रहेको छ । आन्तरिक संरचनामा भने विषयवस्तु र भावको कलात्मक संयोजन, झिनो आख्यान र गाढा भावव्यजन' तीव्र कल्पना एवम् सौन्दर्यको समीकरण आदि रहेको छ ।

**भावविधान**

प्रस्तुत कवितामा कविले जीवनका अनमोल इच्छारूपी सपनाहरू साँचेर राखेको र ती पूरा गर्न नपाउँदा उनको मन दुःखित र निराश भएको भाव व्यक्त भएको छ । देशप्रेम, राष्ट्रिय गौरव, मातृभूमिको गुनगान, नेपाल र नेपालीप्रतिको आस्था, राष्ट्रको मूल्यबोध, राष्ट्रप्रतिको कर्तव्य र अधिकार, राष्ट्रिय एकता र अखण्डता जस्ता पक्षहरूमा सम्पूर्ण नेपालीको ध्यानकेन्द्रित गराउनुपर्छ भन्ने मूल सन्देश उक्त कविताको भावभूमि रहेको छ । यसरी नै नेपाली भाषा, साहित्य र संस्कृतिसँग परिचित गराउनु कविताको अर्को भावपक्ष रहेको देखिन्छ । विविध रसको मिश्रित प्रयोग पाइने यस कवितामा करुण रसको 'शोक' स्थायीभावको प्रवाह रहेको छ । जस्तै-

*जब सम्झन्छु मन मन मेरो महिमा मोहन देश ।*

*आँसू भरिँदै आउँछ गहमा सरसर बन्दछ केश ॥*

**लयविधान**

यस कवितामा मुक्त छन्दको अन्त्यानुप्रासीय लययोजनाको निर्वाह भएको छ । असमान वर्ण र मात्राको प्रयोग यसमा पाइन्छ । वर्ण तथा शब्दको आवृत्तिले यसको बाह्य तथा अन्तःलय सङ्गीतात्मक, गेयात्मक एवम् माधूर्यपूर्ण रहेको छ ।

**भाषाशैली**

प्रस्तुत कविताको भाषाशैली सरल, सहज र स्वाभाविक रहेको छ । सरल र छोटा शब्दहरूको समुचित प्रयोगले कविता बोधगम्य बनेको छ । शब्द तथा वर्णहरूको आवृत्तिले कवितालाई साङ्गीतिक झङ्कारयुक्त बनाएको छ । कविको एकलापीय आत्मकथनात्मक शैली यसमा रहेको छ जसले गर्दा कविता सनसनीपूर्ण बनेको छ । समग्रमा कवितामा आलङ्कारिक, चित्रात्मक, कलात्मक, रागात्मक एवम् सुन्दर भाषाशैलीको प्रयोग भएको छ ।

**उद्देश्य**

बालबालिकाहरूलाई राष्ट्रप्रति भक्तिप्रेम, आस्था, माया-ममता, राष्ट्रिय गौरवगाथा एवम् राष्ट्रको मूल्यबोध गराउनु यस कविताको उद्देश्य हो । यसैगरी स्वदेशलाई देवताको स्वर्गको रूपमा हेर्नुपर्छ भन्ने सन्देश दिनु तथा बालबौद्धिक चेतनाको विकास गराउनु उद्देश्य रहेको छ साथै कविको देशप्रेमको उच्च भावको प्रस्तुत गर्नु कविताको अर्को उद्देश्य देखिन्छ ।

**'भंगेरी'**

**विषयवस्तु**

यस कविताको विषयवस्तु पंक्षीजगत रहेको छ । प्रकृतिको हरियाली रमणीय जङ्गलमा स्वच्छन्द जीवन बिताउने चरी भंगेरीको कलात्मक चित्रण यस 'भंगेरी' शीर्षक कवितामा गरिएको छ । भंगेरीको माध्यमबाट मानवतावादी सन्देश प्रवाह गर्नु कविताको विषयवस्तुगत अभिप्राय रहेको छ ।

**संरचना**

प्रस्तुत कविताको बाह्य संरचनाका रूपमा जम्मा १०८ हरफे कवितापुञ्ज रहेको छ जसमा २७ ओटा कविताश्लोक छन् । पृष्ठगत रूपबाट हेर्दा पृष्ठ ८ (पृ.४१-४७)को लघु आयामको पूर्ण संरचना रहेको छ । आन्तरिक संरचनाका आधारमा यसमा विषयवस्तु र भावको

कलात्मक संयोजन, भिनो आख्यान तथा गाढा भावव्यजन, कल्पना र सौन्दर्यको उच्चता, स्वच्छन्दवादी भावगत संरचना आदि रहेका छन् ।

**भावविधान**

स्वच्छन्द प्राकृतिक वातावरण, बागबगैंचा, वनस्पति, वनजङ्गल तथा मानवीय आध्यात्मजगततर्फ मानव मनलाई केन्द्रित गराउनु यस कविताको भावपक्ष देखिन्छ । सानी बालिकाले आफ्ना बाबुलाई अहिंसाको ज्ञान दिएर समग्र मानवलाई अस्तित्ववादी-आध्यात्मवादी र मानवतावादी दर्शनको पाठ सिकाउनु उक्त कविताको मूलभाव हो । यस कवितामार्फत कविले अखण्डता, समानता, भातृत्वता तथा सार्वभौमसत्ताको असीम इच्छारूपी भाव व्यक्त गरेका छन् । विविध रसले रसिलो र मीठो बनेको उक्त कवितामा करूण रसको परिपाक भएको छ । जस्तै-

*नछोपूँ भो बाबा त्यसकन फुका जीवन दिउँ*
*हलुका आनन्दी फुटकर भुवा हात न लिउँ ।*
*चरीलाई भन्छन् छुन पनि त्यसै लाग्दछ विष*
*हुँदा मैला हामी छलकपटका दास विवश ॥*

**लयविधान**

उपर्युक्त कवितामा १७ अक्षरे शिखरिणी छन्दको अन्त्यानुप्रासीय लय छ । वर्ण र शब्दको उचित समीकरणले बाह्य तथा आन्तरिक लय सिर्जना भएको छ । लयविधानका दृष्टिले कविता सङ्गीतमय, श्रुतिमधुर, रागात्मक तथा लयात्मक बनेको छ ।

**भाषाशैली**

यस कवितामा सरल भाषाशैलीको प्रयोग भएको छ । सङ्क्षिप्त र स्वाभाविक शब्दसंयोजनले कविताको भाषाशैली बोधगम्य र सम्प्रेष्यमूलक बनेको छ । विविध स्रोतका शब्दहरूको उपयोगबाट कवितामा भाषाशैलीगत विविधता देखापरेको छ । शैलीका रूपमा सम्वादात्मक शैलीको प्रयोग भएको छ जसले गर्दा कविता रोचक, प्रभावकारी र रमणीय बनेको छ । उक्त कवितामा कविप्रौढोक्ति शैलीको प्रयोग पाइन्छ । समग्रमा कविताको भाषाशैली आलङ्कारिक, कलात्मक, रागात्मक तथा सौन्दर्यपूर्ण रहेको छ ।

**उद्देश्य**

भंगेरीको जीवनचित्रणबाट बालबालिकालाई मनोरञ्जन दिई उनीहरूमा नैतिक-चारित्रिक, धार्मिक-आध्यात्मिक, सामाजिक-साँस्कृतिक भावनाको विकास गराउनु, अहिंसाभावको सिर्जना गर्नु तथा स्वच्छन्द प्राकृतिक एवम् पंक्षीजगततर्फ आकर्षण गराउनु 'भंगेरी' कविताको उद्देश्य रहेको छ ।

**'के हो नेपाल भन्ने ?'**

**विषयवस्तु**

नेपाल राष्ट्रको महिमा र गौरवलाई लिएर रचिएको कविता हो 'के हो नेपाल भन्ने ?' । राष्ट्रप्रेम एवम् राष्ट्रभक्तिलाई यहाँ कविताको विषयवस्तु बनाएको छ । नेपाल राष्ट्रको अर्थ, मूल्य र महत्व नेपालीहरूलाई सोधिएको प्रश्नमा उक्त कविताको विषयवस्तु आधारित छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा १२ हरफको कवितापुञ्ज तथा ३ श्लोकको कविता रहेको छ । पृष्ठ १ (पृ.४८)को लघु आयामको पूर्ण संरचना यसमा पाइन्छ । आन्तरिक संरचनामा भने भाव र आख्यानको कलात्मक संयोजन, झिनो आख्यान तथा गाढा भावव्यञ्जन, कल्पना र सौन्दर्यको अधिक प्रयोग, बाह्य तथा अन्तः साङ्गीतिक संरचना रहेका छन् ।

**भावविधान**

नेपाल राष्ट्रको सौन्दर्यपूर्ण गौरवगाथा गाउनु यस कविताको भावपक्ष हो । स्वदेशको प्राकृतिक स्वच्छन्द प्रेमको महिमा गान गाउनु, राष्ट्रको मूल्य र महत्वको बोध गराउनु, राष्ट्रिय एकता, सामाजिक, साँस्कृतिक, जातीय एकताको भाव सिर्जना गराउनु तथा नेपाललाई स्वतन्त्र र नेपालको प्राकृतिक रमणीय वातावरणको स्वच्छन्द चित्रण गर्नु यस कविताको भाव विधान रहेको पाइन्छ । विविध रसको मिश्रित संयोजनले रसिलो बनेको यस कवितामा वीररस प्रधान 'उत्साह' स्थायी भावको परिपाक भएको छ । जस्तै-

*के हो नेपाल भन्ने सब मुटुको ढुकढुकी एकबार*
*यौटा आँखा सबैको झनन्न गरिने झल्किने एकतार ।*
*यौटा गान चलेको कलकल मनमा झल्किँदै बारबार*
*यौटा छाना उज्यालो झलमल सजिने कोटि नक्षत्रदार ॥*

**लयविधान**

यस कवितामा २१ अक्षरे स्रग्धरा छन्दको प्रयोग भएको छ जसमा अन्त्यानुप्रासीय लयसंयोजन रहेको छ । वर्ण, मात्रा र शब्दको उचित समीकरणले कविताको लय सङ्गीतमय, लयात्मक तथा श्रुतिमधुर बनेको छ । समग्रमा उक्त कवितामा बाह्य तथा अन्त लयको संयोजन सफल रूपमा भएको छ ।

**भाषाशैली**

प्रस्तुत कवितामा सरल, सङ्क्षिप्त र स्वाभाविक भाषाशैलीको प्रयोग भएको छ । हिन्दी ( नजरकन, क्या, कहानी) तत्सम (नित) तथा आगन्तुक र झर्रा नेपाली शब्दप्रयोगले कविताको भाषाशैली ओजस्वी र चोटिलो बनेको छ । कविको एकलापीय प्रश्नोत्तर शैलीको भाषिक शिल्पविधान तथा आलङ्कारिक भाषाको प्रयोगद्वारा कविताको भाषाशैली कलात्मक, गेयात्मक, रागात्मक तथा माधुर्यपूर्ण बनेको छ ।

**उद्देश्य**

बालबालिकाहरूलाई मनोरञ्जन दिनु, हास्यात्मकता प्रदान गर्नु, राष्ट्रिय प्रेमभाव र भक्तिभावको सिर्जना गराउनु, कल्पना र चिन्तन शक्तिको विकास गराउनु, बौद्धिक तथा मानसिक

विकास गराउनुका साथै स्वच्छन्दतावादी-रहस्यवादी, प्राकृतिक एवम् राष्ट्रिय सौन्दर्यप्रति आकर्षणभाव जगाउनु उक्त कविताको उद्देश्य रहेको छ ।

**'सुनेको कथा'**

**विषयवस्तु**

'सुनेको कथा' देशप्रेम एवम् राष्ट्रप्रेमसम्बन्धी विषयवस्तुमा रचित कविता-शीर्षक हो । यस कवितामा कविले बाह्य देशको उन्नति र प्रगतिका सम्बन्धमा सुनेका कथालाई पुनर्जीवित गर्ने सिलसिलामा आफ्नो देशको विकास तथा उज्वल भविष्य बनाउने असीम चाहना व्यक्त गरेका छन् ।

**संरचना**

प्रस्तुत कवितामा जम्मा ८ हरफे २ श्लोकको कविता रहेको छ जसमा पृष्ठ १ (पृ. ४९)को लघुतम आख्यानगत संरचना पाइन्छ । उक्त संरचना कविताको बाह्य संरचना हो । त्यसैगरी आन्तरिक संरचनाका रूपमा भने विषयवस्तु र भावको कलात्मक समीकरण, मसिनो आख्यान तथा गाढा भावव्यञ्जन, कल्पना र सौन्दर्यको तीव्रताका साथै स्वच्छन्दतावादी चेतको अन्तः संयोजन रहेको छ ।

**भावविधान**

यस कविताको भावविधान उच्च र सौन्दर्यपूर्ण रहेको छ । कविले अन्य देशहरूका बारेमा सुनेका झलमल्ल र रसिला कथाबाट देशलाई स्वर्ग बनाउने अनेक सपनासाथ गहभरि आँसु झारेको र ती वीरकथाहरूले मुटु फुलेर आई आफू मर्माहत बनेको हृदयस्पर्शी दुःखद भाव प्रकट गर्नु उक्त कविताको भावविधान रहेको देखिन्छ । नेपालीलाई स्वतन्त्रता, समानता, हक-अधिकार र शिक्षाको ज्योति प्रदान गर्ने अभीष्ट रहेको र त्यसको लागि देश बनाउन कविको सपनासरि बन्ने स्वच्छन्दतावादी-रहस्यवादी उच्च काल्पनिक सौन्दर्यभाव यस कवितामार्फत व्यक्त भएको छ । देश र जनताप्रति आफूले केही पनि गर्न नसकेको चिन्तन र शोकप्रवाहमूलक करुण रसयुक्त भाव यसरी व्यक्त भएको छ । जस्तै-

*जब सुन्दछु देश अरूहरूका*
*झलमल्ल कथा रसिला र निका ।*
*तब आउँदछन् गहमा कनिका*
*सपनाहरूका साथ अनेक निका ॥*

**लयविधान**

उपर्युक्त कवितामा १२ अक्षरे तोटक छन्दको अन्त्यानुप्रासीय लययोजना पाइन्छ । वर्ण तथा शब्दको आवृत्तिले कवितामा बाह्य तथा अन्तःअनुप्रास सिर्जना भएको छ । लयविधानको दृष्टिले कविता साङ्गीतिक श्रुतिमधुर, सौन्दयपरक तथा लयात्मक रहेको छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र स्वाभाविक भाषाशैलीको प्रयोग भएको छ जसले गर्दा कविता बोधगम्य तथा सम्प्रेष्यमूलक बन्न पुगेको पाइन्छ । विविध स्रोतका शब्दसंयोजनले भाषिक कलात्मकता थपेको छ भने शैलीशिल्पका रूपमा कविको कविप्रौढोक्ति वर्णनात्मकशैली रहेको छ । यसैगरी आलङ्कारिक भाषाशैलीको प्रयोग यस कवितामा पाइन्छ । समष्टिमा कविताको भाषाशैली सरल, सुबोध्य, कलात्मक, रागात्मक तथा श्रुतिमधुर रहेको छ ।

**उद्देश्य**

बालबालिकाहरूलाई वीरहरूको कथामा आधारित कवितामार्फत मनोरञ्जन दिनु तथा राष्ट्रिय मुक्ति र स्वतन्त्रताको लागि साहसी र पुरुषार्थी वीर बन्नुपर्छ भन्ने यसको उद्देश्य हो । उनीहरूको बौद्धिक, काल्पनिक तथा संवेगात्मक विकास गराई राष्ट्रप्रति बफादार बन्नु र देश भक्तिभावको धारणाको विकास गराउनु यस कविताको उद्देश्य रेहेको देखिन्छ ।

**'भित्ताको मुख'**

**विषयवस्तु**

निर्जीव वस्तु भित्तालाई मनवीकृत रूप दिई रचिएको कविताको शीर्षक हो 'भित्ताको मुख' । कविले उक्त कवितालाई दुःखसुखका भाव बिसाउने माध्यम बनाएका छन् । मनोजगतलाई विषयवस्तु बनाएर लेखिएको यस कवितामा काल्पनिक रहस्यवादी भाव प्रकट भएको छ ।

**संरचना**

बाह्य संरचना अन्तर्गत जम्मा १६ हरफे कवितापुञ्जको ४ श्लोक रहेको छ जसमा पृष्ठ २ (पृ.५०-५१) को लघु आयामगत संरचना रहेको पाइन्छ । आन्तरिक संरचनाका रूपमा विषयवस्तु र भावको कलात्मक संयोजन, झिनो आख्यान तथा गहिरो भावव्यञ्जन एवम् कल्पना र सौन्दर्यको अधिक प्रयोग रहेको भेटिन्छ ।

**भावविधान**

यस कवितामा आत्मकेन्द्रित भाव रहेको छ । अटल निर्जीव वस्तु 'भित्ता'लाई मानवीय आयाम दिई उच्च कल्पनारूपी रहस्यवादी-सौन्दर्यात्मक भाव यस कविताको भावविधानको रूपमा देखिएको छ । निर्जीव वस्तु पनि मानवको दुःखसुखको साथी बन्दछ भन्ने भाव प्रकट गर्दै कुराकानी र विचार सञ्चार गर्ने साधनको रूपमा घरको भित्तालाई लिइएको छ । कविले आफूले सुनेका चित्त भर्ने कहानीलाई आफ्नो रोजाइको भित्तालाई सुनाउने तथा यसबाट आफ्नो मनलाई शान्ति दिलाउने एवम् जीवनको सहरा समेत हो भन्ने भाव व्यक्त गरेका छन् । विविध रसले युक्त यस कवितामा हास्यरसको 'हाँसो' स्थायी भावको परिपाक भएको छ । जस्तै-

*मुख छ कति मजाको*
*हेर भित्ता विचार ।*
*नजर लगाए मात्र*
*देखिन्छ क्या र ?*

**लयविधान**

प्रस्तुत कवितामा मात्रा छन्दको ८ अक्षरे अन्त्यानुप्रासीय लययोजनाको प्रयोग भएको छ । बाह्य तथा आन्तरिक लयविधान यसमा पाइन्छ । वर्ण तथा शब्दको आवृत्तिले कवितामा बाह्य तथा अन्तः साङ्गीतिक, श्रुतिमधुर, कलात्मक एवम् रागात्मक लय योजनाको निर्वाह भएको छ ।

**भाषाशैली**

यस कविताको भाषाशैली सरल छ । सङ्क्षिप्त, सरल र स्वाभाविक शब्द प्रयोगले कविताको भाषाशैली बोधगम्य र सम्प्रेष्यमूलक बनेको छ । तद्भव तथा आगन्तुक स्रोतका शब्द संयोजन यसमा पाइन्छ । कविको एकलापीय आत्मपरक शैली एवम् वर्णनात्मक शैलीको निर्वाह तथा आलङ्कारिक भाषिक शैलीको प्रयोगले भाषाशैली कलात्मक, रागात्मक, गेयात्मक र श्रुतिमधुर रहेको छ ।

**उद्देश्य**

बालबालिकालाई हास्यव्यङ्ग्यात्मक शैलीमा मनोरञ्जन प्रदान गरी उनीहरूमा काल्पनिक, बौद्धिक तथा चेतनामूलक शक्तिको विकास गराउनुका साथै स्वच्छन्दतावादी-रहस्यवादी तीव्र कल्पनाको उच्च सौन्दर्यात्मकताप्रति प्रेरित गराउनु उक्त कविताको उद्देश्य रहेको छ ।

**‘जुहारी’**

**विषयवस्तु**

जुहारी कविता कविको बालकविता ‘पुतली’ (कविता सङ्ग्रह) को अन्तिम कविता हो । हस्यौली-ठट्यौली प्रेमभावमय शैलीमा रचित उक्त कविता बुद्धि परीक्षा र चेतनाबोधसम्बन्धी विषयवस्तुमा आधारित छ । केटाकेटीको मायाप्रेमलाई गीतको माध्यमबाट प्रस्तुत गरी मनलाई आनन्द दिने माध्यममका रूपमा ‘जुहारी’ कविता-शीर्षकको विषयवस्तु सार्थक छ ।

**संरचना**

यस कविताको बाह्य संरचनामा जम्मा ४८ हरफे पङ्क्तिपुञ्जको १२ श्लोक रहेका छन् । साथै पृष्ठ ४ (पृ.५२-५५)को लघु आयामको पूर्ण संरचना रहेको छ । आन्तरिक संरचनाअन्तर्गत प्रत्येक दुई-दुई हरफमा अन्त्यानुप्रासीय शैलीको प्रयोग भएको छ । विषयवस्तु र भावबीच सुगठित संयोजन, कल्पना र सौन्दर्यको प्राचुर्य, झिनो आख्यान तथा गाढा भावव्यञ्जन एवम् आख्यानभाव बोक्न सके आन्तरिक संरचनाले कविता पूर्ण बनेको छ ।

**भावविधान**

भावविधानका दृष्टिले कविता मार्मिक बनेको छ । प्रेमी-प्रेमिकाको यौन आकर्षणका आन्तरिक प्रेमभाव प्रकट भएको यस कवितामा हास्यव्यङ्ग्यात्मक तथा ठट्यौली अभिव्यक्ति, हृदयमनोरञ्जन एवम् काल्पनिक र बौद्धिक क्षमताको प्रष्फुटन गर्नु कविताको भावविधान रहेको पाइन्छ । विविध रसको मिश्रित संयोजनले मिठासयुक्त बनेको उक्त कवितामा श्रृङ्गार रसको रति (प्रेम) स्थायी भाव प्रकट भएको छ ।

**लयविधान**

यस कवितामा मुक्त गीतिलयको प्रयोग भएको पाइन्छ । अन्त्यानुप्रास लयविधानले कवितालाई सङ्गीतमय, श्रुतिमधुर एवम् लयात्मक बनाएको छ भने गीतिलयले कवितालाई साङ्गीतिक-झङ्कार प्रदान गरेको छ । समष्टिमा बाह्य तथा अन्तः सङ्गीतात्मक लयको कलात्मक प्रयोगले कविता मीठो र रसिलो बन्न पुगेको छ । जस्तै-

प्रश्न- हिउँदकी चरी पखेटा उडी गाउँछे रोएर
एक दुई दाना हिर्देका पाना भनूँ कि छोएर ?
उत्तर - बादल बुन्ने सपना जस्ता गानाले छोएर
ओठकी सिटी प्रेमकी छिटी सुनुँला रोएर

**भाषाशैली**

प्रस्तुत कवितामा सरल र सहज, सुबोध्य शब्दको प्रयोग भएको छ । कवि निबद्धवक्तृ प्रौढोक्ति उक्तिढाँचाको प्रश्नोत्तर शैलीको प्रयोगले कविताको भाषाशैलीमा सरलता, कलात्मकता, गीतिमयता एवम् भाषिक अलङ्कारिकता सिर्जना भएको छ । समग्रमा कविताको विविध स्रोतगत शब्दप्रयोग, जोशिलो र ओजस्वी भाषिक शिल्पयोजना, कलात्मक एवम् भाषाशैलीका साथै लयात्मक र श्रुतिमधुर सङ्गीतमूलक भाषाशैलीको संयोजन उक्त कवितामा रहेको पाइन्छ ।

**उद्देश्य**

प्रेमी-प्रेमिकाको हस्यौली-ठट्यौलीपूर्ण गीतिमय प्रश्नोत्तर शैलीबाट बालबालिकाहरूलाई मनोरञ्जन प्रदान गर्नु, मानसिक, संवेगात्मक, काल्पनिक तथा बौद्धिक विकास गराउनु, मनका प्रेमभाव स्वतःस्फूर्त प्रकट गराउनु, पढाइप्रति रुचि जगाउनु तथा लैङ्गिक समानताको अवधारणा जगाउनु 'जुहारी' कविताको उद्देश्य रहेको पाइन्छ ।

**५.७.१ 'पुतली' (कविता सङ्ग्रह)को काव्यप्रवृत्तिगत मूल्याङ्कन**

'पुतली' भित्रका सम्पूर्ण कविताहरूको अध्ययन तथा विश्लेषण गर्दा मोटमोटी रूपमा निम्न प्रवृतिहरू देखापर्दछन् :

१. विषयवस्तुगत प्रवृत्ति

२. लयविधानगत प्रवृत्ति

३. रसविधानगत प्रवृत्ति

४. भाषाशैली एवम् उक्तिढाँचागत प्रवृत्ति

५. उद्देश्यगत प्रवृत्ति

६. कृतिगत प्रवृत्ति

**१. विषयवस्तुगत प्रवृत्ति**

यसअन्तर्गत १.कीरा-फट्याङ्ग्राजगत, २.प्रकृतिजगत ३.सामाजिक चालचलन र घरव्यवहार, ४.मनोजगत, ५.पंक्षीजगत, ६.राष्ट्रप्रेम एवम् देशभक्तिभाव अनि ७.बुद्धिपरीक्षा तथा चेतनाबोधसम्बन्धी गरी जम्मा ७ ओटा विषयवस्तुगत प्रवृत्ति पाइन्छ । यसबमोजिम रहेका कविताहरूको सूची निम्नानुसार क्रमशः प्रस्तुत गरिन्छ -१. 'पुतली', २.'इन्द्रधनु', 'पानी', 'आमा', 'वसन्त', (प्रकृतिजगत सम्बन्धी) ३.'ढुङ्गा-बुहारी', ४.'छ बहिनी', 'साँचो', 'सपनाहरू', 'सम्झना' र 'भित्ताको मुख', ५.'भँगेरी', ६.'के हो नेपाल भन्ने ?', 'सुनेको कथा', ७.'जुहारी' ।

**२. लयविधानगत प्रवृत्ति**

यसअन्तर्गत १.मात्रा छन्द, २.वसन्ततिलका, ३.मुक्त छन्द, ४.शिखरिणी छन्द, ५.स्रग्धरा, ६.तोटक तथा ७. मुक्त गीतिलय गरी जम्मा ७ ओटा छन्दविधानगत प्रवृत्ति पाइन्छ । यस अनुसार रहेका कविताहरूको सूची निम्नानुसार क्रमशः प्रस्तुत गरिन्छ- १.'पुतली', 'इन्द्रधनु', 'ढुङ्गा-बुहारी', 'छ बहिनी', 'आमा', 'सपनाहरू', 'वसन्तबेला', 'भित्ताको मुख' २.'साँचो', ३.'सम्झना', ४.'भँगेरी', ५.'के हो नेपाल भन्ने ?' ६.'सुनेको कथा', ७.'जुहारी' ।

**३. रसभावगत प्रवृत्ति**

यस अन्तर्गत १.'श्रृङ्गार' (प्रेम/वात्सल्य), २.'वीररस' (उत्साह), ३.'हास्यरस' (हाँसो), ४.'शान्त रस' (शम) तथा ५.करुण रस (शोक/चिन्ता) गरी जम्मा ५ किसिमका रसभावगत प्रवृत्ति पाइन्छ । यस अन्तर्गत रहेका कविताहरूको सूची निम्नानुसार क्रमशः प्रस्तुत गरिन्छ -१.'पुतली',

'छ बहिनी', 'आमा', 'जुहारी', २.'इन्द्रधनु', 'पानी', 'के हो नेपाल भन्ने ?', ३.'ढुङ्गा-बुहारी', 'भित्ताको मुख', ४.'साँचो', 'सपनाहरू', 'वसन्तबेला', ५.'सम्झना', 'भँगेरी', 'सुनेको कथा' ।

## ४. भाषाशैली एवम् उक्तिढाचागत प्रवृत्ति

यसअन्तर्गत १.कवि प्रौढोक्ति तथा २.कविनिबद्ध वक्तृप्रौढोक्ति शैलीको निम्न २ ओटा उक्ति ढाँचागत प्रवृत्ति पाइन्छ । तिनीहरूभित्र रहेका कविताहरूको सूची निम्नानुसार प्रस्तुत गरिन्छ -१.कविप्रौढोक्ति शैलीमा 'इन्द्रधनु', 'छ बहिनी', 'साँचो', 'पानी', 'आमा', 'वसन्तबेला', 'सम्झना', 'के हो नेपाल भन्ने ?' र 'भित्ताको मुख' गरी जम्मा १० ओटा कविता रहेका छन् । यसैगरी कवि निबद्ध बाह्यप्रौढोक्ति शैलीमा-'पुतली', 'ढुङ्गा-बुहारी', 'भँगेरी', 'सपनाहरू', 'सुनेको कथा', तथा 'जुहारी' गरी जम्मा ६ वटा कविताहरू रहेको पाइन्छ ।

## ५. उद्देश्यगत प्रवृत्ति

यस अन्तर्गत १.हास्यमनोरञ्जनात्मक उद्देश्य (भित्ताको मुख), २.नैतिक उपदेशमूलक उद्देश्य ('पुतली', 'ढुङ्गा-बुहारी', 'भँगेरी'), ३.चेतनामूलक ('इन्द्रधनु'), ४.खेलजगतप्रति प्रेरित उद्देश्य ('छ बहिनी'), ५.ईश्वरीय भक्तिभावगत उद्देश्य ('साँचो'), ६.प्राकृतिक सौन्दर्यप्रतिको आकर्षण ( 'पानी', 'वसन्तबेला'), ७.श्रद्धा तथा सम्मानमूलक ('आमा'), ८.कल्पनाशक्तिको विकास ( 'सपनाहरू'), ९. राष्ट्रप्रेम तथा देशभक्ति ('सम्झना', 'के हो नेपाल भन्ने ?', 'सुनेको कथा') १०.सामाजिक मेलमिलाप तथा प्रेमभावसिर्जना ('जुहारी') गरी जम्मा १० किसिमका उद्देश्यगत प्रवृतिहरू रहेका छन् ।

## ६. कृतिगत प्रवृत्ति

यस अन्तर्गत- १.स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्तिमा 'पुतली', 'पानी', 'वसन्तबेला', 'सपना', तथा 'सम्झना' गरी जम्मा ५ कविता रहेका छन् । २.प्रगतिवादी प्रवृत्तिमा 'इन्द्रधनु', 'जुहारी' गरी २ कविता, ३.हास्यव्यङ्ग्यात्मक प्रवृत्तिमा 'भित्ताको मुख', 'ढुङ्गा-बुहारी' गरी जम्मा २ कविता, ४.अस्तित्ववादी प्रवृत्तिमा 'भँगेरी'१.कविता ५.नीतिवादी प्रवृत्तिमा 'साँचो'१ कविता, ६.आदर्शवादी प्रवृत्तिमा 'के हो नेपाल भन्ने ?' गरी ६ किसिमका कृतिगत प्रवृत्तिहरू पाइन्छन् ।

समष्टिमा देवकोटाका बालकविताकृति 'पुतली' (कवितासङ्ग्रह) विषयवस्तुगत प्रवृत्तिका आधारमा, लयविधान, रसविधानगत, भाषाशैलीगत उक्तिढाँचा र कृतिगत प्रवृत्तिका आधारमा मूल्याङ्कन गर्दा प्रकृतिजगत विषयवस्तुअन्तर्गत सबैभन्दा बढी जम्मा ८ ओटा कविता र कीरा-फट्याङ्ग्रा जगत, सामाजिक चालचलन र घरव्यवहार तथा पङ्छीजगतसम्बन्धी कम १/१ ओटा कविता रहेका छन् । लयविधानगत प्रवृत्तिका आधारमा सबैभन्दा बढी मात्राछन्दका ८ ओटा तथा कम वसन्ततिलका, स्रग्धरा, तोटक र मुक्तगीतिलयका १/१ कविता रहेका छन् । रसविधानका दृष्टिले सबैभन्दा बढी श्रृङ्गारस भावका ४ ओटा तथा कम हास्यरसका २ ओटा छन् ।

यसरी नै भाषाशैलीगत उक्ति ढाँचाका आधारमा सबैभन्दा बढी कविप्रौढोक्ति शैलीका १० ओटा तथा कम कविनिबद्ध-वक्तृप्रौढोक्ति शैलीका ५ ओटा कविता छन् । उद्देश्यगत रुपबाट हेर्दा सबैभन्दा बढी नैतिक उपदेशसम्बन्धी ३ ओटा तथा कम हास्यमनोरञ्जन, चेतनामूलक, खेलजगत, ईश्वरीय भक्तिभाव, श्रद्धा-सम्मान, कल्पनाविकास र सामाजिक मेलमिलाप तथा प्रेमभावका १/१

ओटा रहेका छन् । कृतिगत प्रवृत्तिका आधारमा सवैभन्दा बढी स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्तिका ५ ओटा तथा कम अस्तित्ववादी र नीतिवादीका १/१ कविता रहेका छन् ।

समग्रमा देवकोटाकको बालकवितासङ्ग्रह 'पुतली' भित्रका जम्मा १५ ओटा कविताहरुको अध्ययन तथा विश्लेषण गर्दा उनका कविताहरु स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्तिअनुरुप प्रकृतिको सौन्दर्यतर्फको आकर्षण गराउने उद्देश्यले रचिएको पाइन्छ । यिनै उद्देश्यमा केन्द्रित रहेर बालबालिकालाई सुन्दर प्राकृतिक चित्रणबाट मनोरञ्जन दिई उनीहरुलाई नैतिक उपदेशसम्बन्धी, चेतनामूलक, हास्यमनोरञ्जन, खेलजगतसम्बन्धी, ईश्वरीय भक्तिभाव, श्रद्धा-सम्मान, राष्ट्रप्रेम तथा देशभक्ति, कल्पनाशक्तिको विकास, सामाजिक मेलमिलाप तथा प्रेमभाव सिर्जना एवम् प्राकृतिक सौन्दर्यतर्फको आकर्षणप्रति प्रेरित गराउने उद्देश्यका कोणबाट 'पुतली' कविताकृति बालबालिकाहरुका निम्ति सिर्जनात्मक, बौद्धिक तथा मानसिक क्षमता प्रष्फुटन, विकास र विस्तारका दृष्टिले प्रभावकारी र लोकप्रिय कृति बनेको छ ।

## ५.८ 'सुनको विहान' (कविता संङ्ग्रह) को विश्लेषण

'सुनको विहान' कवितासङ्ग्रह बालसाहित्यकार लक्ष्मीप्रसाद देवकोटाद्वारा वि.सं.२००० सालमा रचिएर वि.सं.२०१० सालमा नेपाली भाषा प्रकाशिनी समितिबाट प्रकाशित उत्कृष्ट बालकविता कृति हो । बालबालिकालाई मनोरञ्जनात्मक ढङ्गबाट शिक्षा दिई उनीहरूको बौद्धिक, मानसिक एवम् कल्पनाको विकास गराउने उद्देश्यले प्रभावकारी मानिएको उक्त सङ्ग्रहमा जम्मा १९ वटा बालकविताहरू सङ्ग्रहित छन् । ती हुन-१.'सुनको विहान', २.'पाप लाग्छ', ३.'पैसा', ४.'सिंह र मूसा', ५.'वर्षा', ६.'मास्टरजी', ७. 'पल्टन', ८.'सौन्दर्य उपासना', ९.'फूल-परी', १०.'किताब-चरो', ११.'धूलो', १२.'नेपाली सलाई बट्ट', १३.'कुहुकुहु', १४.'तस्वीर', १५.'हैसा बूढीको मुख', १६.'गाउँदिने कथा', १७.'पृथ्वी भकुण्डो', १८.'जुनि', १९. 'झ्याँगघर' । उपर्युक्त कविताहरूको विश्लेषण कविताका निम्न तत्वहरूका आधारमा गर्न सकिन्छ :

### 'सुनको विहान'

### विषयवस्तु

प्राकृतिक विषयवस्तुमा आधारित 'सुनको विहान' कविता यस कविता सङ्ग्रहमा सङ्ग्रहित समग्र कविताहरूको प्रतिनिधिमूलक कविता हो । प्राकृतिक सौन्दर्यको उपासनाका रूपमा यस कविताको शीर्षक चयन गरिएको छ । राष्ट्रलाई  सुनजस्तै टल्किने गहनाको उपमा दिँदै कविले स्वच्छन्दतावादी-रहस्यवादी विचार पोखेका छन् ।

### संरचना

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा ३ श्लोकको १२ हरफे पङ्क्तिपुञ्ज पाइन्छ जसमा पृष्ठ १ को लघुआयामगत संरचना रहेको छ । आन्तरिक संरचनाको रूपमा विषयवस्तु र भावको कलात्मक संयोजन, प्राकृतिक सौन्दर्यको रमणीय चित्रण, भाव र कल्पनाको अन्त:सम्बन्ध, झिनो आख्यान तथा गाढा भावव्यञ्जन रहेको पाइन्छ ।

### भावविधान

सूर्योदयपछिको प्रथम सुनौलो विहानीले रातको सबै अन्धकार हटाएर सारा जगतलाई उज्यालो बनाएजस्तै नेपाली जनताको चेतनारूपी शिक्षाको उदयले देशमा विद्यमान निरंकुश राणाशासनको अन्त्य गरी मानवतावादी प्रजातान्त्रिक शासनको स्थापना हुनुपर्छ । यसबाट नेपालीले मुक्ति र शान्तिको सास फेर्न पाउनेछन् भन्ने सम्भाव्यपूर्ण रहस्यवादी तीव्र काल्पनिक भाव यस कवितामा प्रकट भएको छ । विविध रसले युक्त उक्त कवितामा वीररस प्रधान 'उत्साह' स्थायी भावको परिपाक रहेको छ । जस्तै-

*सुनको दिन एक उदाउँछ रे*
*यस देश खुलीकन आउँछ रे*
*रँगिला सब बादल छाउँछ रे*
जल चंचल भैकन गाउँछ रे !

**लयविधान**

यस कवितामा १२ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय लययोजना पाइन्छ । वर्ण र शब्दको आवृत्तिले कवितामा बाह्य तथा अन्तःलय सिर्जना भएको छ । यसले गर्दा कविताको लय साङ्गीतिक, लयात्मक र श्रुतिमधुर बनेको छ ।

**भाषाशैली**

प्रस्तुत कवितामा भावअनुकूल आख्यान संरचना बोक्न सक्ने सरल, सङ्क्षिप्त र स्वाभाविक भाषाशैलीको प्रयोग भएको छ । तीनै स्रोतका शब्दसंयोजन, कविप्रौढोक्ति कथनपद्धति, वर्णनात्मक भाषिक शैली तथा आलङ्कारिक भाषाशैलीको प्रयोगले यसको भाषिक शिल्प कलात्मक, रागात्मक, ओजस्वी एवम् सौन्दर्यात्मक बनेको छ ।

**उद्देश्य**

उपर्युक्त कविताको उद्देश्य बालबालिकालाई मनोरञ्जन दिनु, प्राकृतिक सौन्दर्यको वर्णन गर्नु, राष्ट्रिय उन्मुक्तिको महिमागान गाउनु, स्वतन्त्रता, समानता र सार्वभौमसत्ताका निम्ति जोशिलो भाव पैदा गर्नु, उच्च कल्पना र बौद्धिकताको विकास गर्नु आदि रहेको छ ।

**'पाप लाग्छ'**

**विषयवस्तु**

बालबालिकालाई नैतिक चरित्रको पथ प्रदर्शन गराउने तथा आध्यात्मिक सन्देश प्रदान गराउने प्रयोजनमा रचित मनोरञ्जनात्मक एवम् बौद्धिक कविता हो 'पाप लाग्छ' । बालबालिकाका निम्ति अधिक लोकप्रिय रहेको उक्त कविता कक्षा ४ को 'मेरो नेपाली किताब' अन्तर्गत पृष्ठ ७ मा उद्धृत गरिएको छ । यस कविताको विषयवस्तु भक्तिभावना रहेको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाका रूपमा जम्मा ६ श्लोकको २४ हरफे कवितापुञ्ज पाइन्छ जसमा पृष्ठ २ (पृ. २-३)को लघुआयामगत संरचना रहेको छ । आन्तरिक संरचनामा भने विषयवस्तु र भावको उचित संयोजन, झिनो आख्यान तथा गहिरो भावव्यञ्जन, तीव्र कल्पना र

उच्च सौन्दर्यको कलात्मक संयोजन तथा स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिगत समीकरण रहेको छ ।

**भावविधान**

प्रकृतिको सुन्दर काखमा फुलेका फूल र कोपिलाको माध्यमबाट आध्यात्मिक ज्ञान दिनु यस कविताको भावविधान हो । फूलको सौन्दर्यको रमणीय चित्रण गर्नु, पङ्छीहरूको हिंसा नगर्नु, जीवात्माप्रति दया, माया, स्नेह र करुणाको भाव जगाउनु, फूलजस्तै सुवासित हुनु र पङ्छीजस्तै स्वच्छन्द अनि स्फूर्त हुनु, ईश्वरप्रति आस्था र भक्तिभाव जगाउनुका साथै स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक जीवनजगतप्रति बालबालिकालाई केन्द्रित गराई उनीहरूलाई सत्मार्गमा लगाउनु यस कविताको मूलभाव रहेको पाइन्छ । विविध रसले मिठासपूर्ण बनेको उक्त कवितामा शान्तरसको 'शम' स्थायीको प्रधानता रहेको छ । जस्तै-

*नटिप्नु हेर कोपिला !*
*नचुँड्नु पाप लाग्दछ ।*
*नच्यात्नु फूल नानि हो !*
*दया र धर्म भाग्दछ ॥*

**लयविधान**

प्रस्तुत कवितामा १६ अक्षरको अनुष्टुप छन्दको अन्त्यानुप्रासीय लययोजना पाइन्छ । वर्ण र मात्राको आवृत्तिले कवितामा बाह्य तथा आन्तरिक लय सिर्जना भएको छ । लयको कलात्मक संयोजनले कवितामा साङ्गीतिक गीतिमयता, श्रुतिमाधुर्य र लयात्मकता सिर्जना भएको पाइन्छ ।

**भाषाशैली**

सहज, सरल, सङ्क्षिप्त शब्दहरूको प्रयोगले कविताको भाषाशैली स्तरीय बनेको छ । तीनै स्रोतका शब्द चयनले भाषाशैलीगत विविधता सिर्जना भएको छ । कविनिबद्ध वक्तृपौढोक्ति उक्तिढाँचाको वर्णनात्मक शैलीको आलङ्कारिक भाषाशैली यसमा पाइन्छ । समष्टिमा कलात्मक, रागात्मक, लयात्मक, श्रुतिमधुर भाषाशैलीको प्रयोग यस कवितामा देखिन्छ ।

**उद्देश्य**

बालबालिकालाई प्राकृतिक-स्वच्छन्दतावादी-रहस्यवादी सुन्दर पुष्पको कोपिलाबाट नैतिक तथा आध्यात्मिक ज्ञान दिलाउनु यस कविताको उद्देश्य हो । यसरी नै मनोरञ्जनात्मक शैलीमा उनीहरूलाई बौद्धिक, धार्मिक-साँस्कृतिक, ईश्वरप्रति भक्तिभाव तथा जीव तथा प्राणीप्रति स्नेह, करुणा भाव जगाई प्रकृति र कीराफट्याङ्ग्राका साथै पङ्छीहरूको स्वच्छन्द जीवनतर्फको उन्मुखता यस कविताको उद्देश्य रहेको पाइन्छ ।

**'पैसा'**

**विषयवस्तु**

सामाजिक चालचलन र घरायसी व्यवहार सम्बन्धी विषयवस्तुमा आधारित कविता-शीर्षक हो 'पैसा' । पैसालाई नै जीवन ठान्ने सङ्कीर्ण प्रवृति भएका मानिसलाई व्यङ्ग्यवाण प्रहार गर्न सफल यस कवितामा पैसाको महिमा गाइएको छ ।

**संरचना**

बाह्य संरचनाका रूपमा यस कवितामा जम्मा $८^{१}/_{२}$ श्लोकको ३४ हरफे कवितापुञ्ज रहेको छ । यसैगरी पृष्ठ संख्या २ (पृ.४-५) को लघु आयामको संरचना यसमा पाइन्छ । आन्तरिक संरचनाका रूपमा विषयवस्तु र भावबीच कलात्मक संयोजन, झिनो आख्यान तथा गाढा भावव्यञ्जन र अन्त्यानुप्रासीय शैलीको साङ्गीतिक संरचना रहेको छ ।

**भावविधान**

पैसाको विकृति-विसङ्गतिप्रति छेड हान्नु र मानिसको सम्मानजनक नैतिक चरित्रमा पैसाले अपमानको दाग लगाउँछ भन्ने भाव पैसा कवितामार्फत व्यक्त भएको छ । पैसाको अधिकताले मानिसलाई मनमा चिन्ता बढाउँछ, लुटपाट, हत्या, हिंसा जस्ता कुभावनाको विकास गराउँछ, पापको नरकमा मान्छेलाई पुऱ्याउँछ भनी पैसाको उचित प्रयोग र मह□वबोध गराउनु उक्त कविताको भावविधान रहेको पाइन्छ । व्यङ्ग्यात्मक शैलीमा मानवीय दुष्प्रवृत्तिप्रति छेड हानी उनीहरूको चरित्रनिर्माण गराउनु कविताको भावसन्देश रहेको छ । विविध रसभावयुक्त उक्त कवितामा रौद्र रसको स्थायीभाव 'रीस' रहेको पाइन्छ । जस्तै-

*यो पापको तर छ बीउ अनेक काला*
*चल्छन् छुरी र तरबार अनेक भाला ।*
*चिन्ता बढाउँछ यही मनभित्र ज्वाला*
*यो दुःखको घर छ घोर खराब छाला ॥*

**लयविधान**

यस कवितामा १४ अक्षरे वसन्ततिलका छन्दको अन्त्यानुप्रासीय लयसंयोजन रहेको छ । अन्त्यानुप्रास र मध्यानुप्रासले कविता लयात्मक बनेको छ । नियमित वर्ण र शब्दको आवृत्तिले कवितालाई साङ्गीतिक, श्रुतिमधुर, सौन्दर्यपूर्ण र रमणीय बनाएको छ । समग्रमा बाह्य तथा अन्तः सङ्गीतलय विधानको कलात्मक प्रयोग यसमा पाइन्छ ।

**भाषाशैली**

प्रस्तुत कवितामा सरल एवम् सहज भाषाशैलीको प्रयोग भएको छ । छोटा र चोटिला शब्दसंयोजनले कविताको भाषाशैली स्तरीय बनेको छ । कविप्रौढोक्ति कथनपद्धति शैली, प्रतीकात्मक तथा आलङ्कारिक भाषाशैलीको प्रयोगबाट कविताको भाषाशैली कलात्मक, रागात्मक, सम्प्रेष्य, सुबोध्य बन्नुका साथै श्रुतिमधुर तथा सङ्गीतमय बनेको छ ।

**उद्देश्य**

बालकालिकालाई पैसाको अर्थ, प्रयोग, विकृति-विसङ्गति र महत्वबोध मनोरञ्जनात्मक रूपमा गराउनु यस कविताको उद्देश्य हो । उनीहरूमा बौद्धिक, चेतनामूलक, नैतिक-चारित्रिक, सामाजिक-साँस्कृतिक पक्ष आदिको समेत विकास गराउनु 'पैसा' कविताको उद्देश्य रहेको पाइन्छ ।

**'सिंह र मूसो'**

**विषयवस्तु**

पशुजगतलाई विषयवस्तु बनाएर रचिएको कविता हो 'सिंह र मूसो' । यस कवितामा सिंह र मूसोको सम्वादात्मक वर्णनात्मक शैलीबाट बौद्धिक तथा चेतनामूलक शिक्षा दिने जमर्को गरिएको छ । सिंह र मूसोको भावनात्मक सम्बन्धको प्रस्तुतीकरण गर्नु कविताको अभिप्राय रहेको छ ।

**संरचना**

बाह्य संरचनाअन्तर्गत जम्मा १३ श्लोकका ५२ हरफे पङ्क्तिपुञ्ज तथा पृ.५ (पृ.६-१०)को लघुसंरचना रहेको छ । आन्तरिक संरचनाअन्तर्गत प्रत्येक दुई-दुई हरफका बीचमा अन्त्यानुप्रासीय लय संरचना, वर्ण तथा शब्दको आवृत्तिले बाह्य तथा अन्तः सङ्गीत सिर्जना गर्नु, भाव तथा आख्यानबीच सुगठित संयोजन, झिनो आख्यान र गाढा व्यञ्जन तथा भाव र कल्पनाको सौन्दर्यपूर्ण कलात्मक संरचना रहेका छन् ।

**भावविधान**

हरेक प्राणीमा आवश्यक तत्व बल र बुद्धिमध्ये बुद्धि तत्व प्रबल हुन्छ । बुद्धिले व्यक्तिलाई चेतना प्रदान गर्छ र यसबाट गरिएको काम सफल हुन्छ । तर बलको घमण्डमा हुने कार्य असफल हुन्छ । बुद्धि र चेतनाले मानिस आफू र अरूलाई मृत्युमुखी अवस्थामा समेत बचाउन सक्छ । जसरी मूसोको बुद्धिले सिंहबाट आफू बचेर पछि पासोमा परेको सिंहलाई त्यसबाट उम्केर जीवन बचाउन सहयोग पुऱ्यायो, त्यसैगरी एकले अर्कोलाई अप्ठ्यारोमा मद्दत गर्दा पछि उसलाई पनि विपदमा सहयोग मिल्छ भन्ने नैतिक उपदेशमूलक सन्देश प्रदान गर्नु यस कविताको भावपक्ष रहेको पाइन्छ । यसरी खेलमनोरञ्जनात्मक शैलीमा चेतना र बौद्धिकताको ज्ञान दिनु उक्त कविताको भावविधान हो भन्न सकिन्छ । रस-भावका दृष्टिले अद्भुत, हास्य र शान्त रसको प्रयोग भएको कवितामा अद्भुत रसको 'आश्चर्य' स्थायी भावको प्रवाह भएको छ ।

**लयविधान**

प्रस्तुत कवितामा शास्त्रीय लयको १७ अक्षरे शिखरिणी छन्दको अन्त्यानुप्रासीय लययोजनाको प्रयोग भएको पाइन्छ । प्रत्येक हरफको अन्तमा दोहोरिने वर्ण र शब्दहरूले कवितालाई लयात्मक, साङ्गीतिक, श्रुतिमधुर बनाएको छ । समष्टिमा यस कविताको लय उत्कृष्ट रहेको छ । जस्तै-

*यसो भन्दै हाँसी मुसुमुसु मुसे दाँतहरूले*
*चपायो त्यो डोरी किरिकिरि गरी काट्न उसले ।*
*फुकी सिंहै साह्रै खुश हुन गई भन्दछ त्यहाँ*
*"त्यसै सानो संझी गरिलिन खिसो हुन्छ र कहाँ ?"* ।

**भाषाशैली**

सरल, सङ्क्षिप्त, सहज र स्वभाविक शब्दशैलीको प्रयोगले कविताको भाषाशैली सरल र बोधगम्य बनेको छ । विविध स्रोतबाट कवितामा प्रयोग गरिएको शब्द संयोजनले भाषाशैलीगत विविधता देखापर्नुका साथै प्रतीक र अलङ्कारको समेत उचित निर्वाह भएको छ । नाटकीय एवम् सम्वादात्मक शैलीको मिश्रित कथनपद्धतिको उक्ति ढाँचामा वर्णित यस कवितामा उच्च कल्पना र गहिरो भावयुक्त पद/पदावलीको प्रयोग पाइन्छ जसले गर्दा कविता रोचक, आकर्षक, लयात्मक, गेयात्मक, रागात्मक, कलात्मक एवम् सौन्दर्ययुक्त बन्न पुगेको छ । यिनै प्रवृत्तिहरू उक्त कविताको भाषाशैलीगत पहिचान रहेको देखिन्छ ।

**उद्देश्य**

सिंह र मूसोको ठट्यौली नाटकीय क्रियाकलापबाट बालबालिकालाई मनोरञ्जन दिई उनीहरूको बौद्धिक एवम् चेतनामूलक शक्तिको विकास गराउनु यस कविताको उद्देश्य हो । यसरी कुनै वस्तु, व्यक्ति वा प्राणीको बलभन्दा बुद्धि (चेतना) शक्तिशाली हुन्छ, बौद्धिकताले व्यक्तिलाई सङ्कटको घडीमा समेत आफू र अरूलाई बचाउँछ । त्यसैले बद्धिलाई श्रेष्ठ शक्तिको रूपमा स्वीकार्नुपर्छ । बलमा कहिल्यै घमण्ड गर्नु हुँदैन र दुःखमा एक अर्कालाई सहयोग गर्नुपर्छ भन्ने उपदेश बालबालिकालाई प्रदान गर्नु उक्त कविताको उद्देश्य रहेको पाइन्छ ।

**'वर्षा'**

**विषयवस्तु**

प्राकृतिक सौन्दर्यको वर्णनमा आधारित 'वर्षा' कविताको विषयवस्तु प्राकृतिक जीवनजगतबाट लिइएको हो । पानी पर्दा वा वर्षा हुँदाको समयको कलात्मक रमणीय चित्रण यस कवितामा गरिएको छ । वर्षाको श्रुतिमधुर विविध ध्वनि तथा डरलाग्दा तुफान आँधीबेहरी, चट्याङ, विजुली आदिको वर्णन गर्दै सामुहिक जलकण बाफ बनेर पानीको रूपमा पृथ्वीमा खस्ने जलवृष्टिको स्वच्छन्दतावादी-रहस्यवादी आकर्षणद्वारा प्राकृतिक सौन्दर्यप्रति बालबालिकालाई प्रेरित गर्नु 'वर्षा' कविताको अभिप्राय रहेको छ ।

**संरचना**

प्रस्तुत कविताको बाह्य संरचना अन्तर्गत जम्मा ३$^{१}/_{२}$ श्लोक अर्थात चार, छ र चार हरफे कवितापुञ्जको कूल १४ पङ्क्ति रहेका छन् । पृष्ठ २ (पृ.११-१२) को अघुआयामको संरचना यसमा रहेको छ । आन्तरिक संरचनाका रूपमा प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लययोजना, भाव र विषयवस्तुको सुगठित संयोजन, तीव्र कल्पना र सौन्दर्यको अधिकता आदि रहेको पाइन्छ ।

**भावविधान**

'वर्षा' कविताको मूलभाव स्वच्छन्दतावादी रहस्यवादी भावको प्रकटीकरण गर्नु हो । प्रकृतिको स्वच्छन्द, सफा र निर्मल वातावरणप्रति बालबालिकालाई प्रेरित गर्नु तथा वर्षाको आनन्द, भय, औचित्य र महत्वको महिमागान गाउनु उक्त कविताको मूल भाव रहेको पाइन्छ ।

विविध रसले युक्त यस कवितामा अद्‌भुत रसको 'आश्चर्य' स्थायीभावको बाहुल्यता रहेको छ । जस्तै-

*ओहो ! घार्घार् घार्घार्*
*झरझर ओ भार्भार् !*
*झिलिल्लिलि झिल*
*सिलसिल मिलमिल मिल !*

**लयविधान**

प्रस्तुत कवितामा प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयप्रवाह भएको छ । मुक्त लयमा रचित उक्त कवितामा असमान वर्णको शब्दसंयोजन रहेको छ । यद्यपि तिनीहरूले बाह्य तथा अन्तःलय सिर्जना गरेका छन् । यसरी कवितालाई लयको माध्यमबाट सङ्गीतमय, गेयात्मक र श्रुतिमधुर बनाएको छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र सहज भाषाशैलीको प्रयोग भएको छ । तीनै स्रोतको शब्द तथा अनुकरणात्मक शब्द (घार्घार, झर्झर, ह्वार्रह्वार्र, झं-झं, सिर्सिर, दरदर आदि)को अधिक प्रयोग, कलात्मक, रागात्मक, लयात्मक एवम् आलङ्कारिक भाषाशैलीको सुन्दर प्रस्तुतीकरण यसमा पाइन्छ । कविप्रौढोक्ति उक्तिढाँचाको एकलापीय वर्णनात्मक शैलीको सुन्दर प्रयोगले कवितामा सौन्दर्य प्रदान गरेको छ ।

**उद्देश्य**

बालबालिकालाई स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक जीवनजगततर्फ उन्मुख गराउनु 'वर्षा' कविताको उद्देश्य हो । वर्षाको विविध स्वभाव तथा कार्य चित्रणबाट उनीहरूलाई मनोरञ्जन दिई बौद्धिक, मानसिक, संवेगात्मक विकास गराउनुका साथै स्वच्छन्दतावादी स्वरको अभिव्यक्ति गर्नु यस कविताको उद्देश्य रहेको छ ।

**'मास्टरजी'**

**विषयवस्तु**

बालबालिकाहरूलाई नीति-आचरण तथा ज्ञानगुनका शिक्षादिने गुरुका रूपमा 'मास्टरजी' कविता रचिएको हो । सामाजिक चालचलन र घरव्यवहार सम्बन्धी विषयवस्तुलाई आधार बनाई लिखित यस कवितामा तत्कालीन युगका शिक्षकहरूको चरित्र-स्वभाव, क्षमता र छलछामजस्ता प्रवृत्तिको चित्रण गरिएको छ ।

**संरचना**

प्रस्तुत कविताको बाह्य संरचनाअन्तर्गत ५ श्लोकको जम्मा २० हरफे कवितापुञ्ज रहेको छ जसमा पृष्ठ २ (पृ. १३-१४)को लघुतम पूर्ण संरचना पाइन्छ । आन्तरिक संरचनामा भने विषयवस्तु र भावको सुगठित संयोजन, झिनो आख्यान तथा गाढा भावव्यञ्जन, व्यङ्ग्यात्मक तथा कलात्मक संरचनाका साथै कल्पना र भावको अन्तः सङ्गीतमय संरचना रहेको छ ।

**भावविधान**

विद्यार्थीलाई पढाएर ज्ञानगुनका सन्देशद्वारा योग्य र असल राष्ट्रिय शैक्षिक जनशक्ति निर्माण गर्ने महत्वपूर्ण जिम्मेवारी बोकेका शिक्षकहरूको विषयगत ज्ञानको असक्षमता, शिक्षणप्रतिको हेलचेक्रयाइँ, नियम र अनुशासनविहीन प्रवृत्ति तथा जिम्मेवारीप्रतिको व्यवास्ता गर्ने शिक्षकहरुको चरित्र चित्रण गर्नु यस कविताको भावभूमि हो । विद्यार्थीमाथि कठोर अनुशासनको नियम लगाई शिक्षण पेशालाई कमाउने मात्र साधनको रूपमा हेर्ने मास्टरहरूको नीच प्रवृत्ति र खराब स्वभावप्रतिको व्यङ्ग्यप्रहारद्वारा उनीहरूमा चेतनाको विकास गराई नैतिक जिम्मेवारीको भावना सिर्जना गराउनु यस कविताको भावविधानगत पक्ष रहेको छ । शान्त, अद्‌भुत तथा हास्य रसयुक्त उक्त कवितामा 'हाँसो' स्थायीभावको परिपाक देखिन्छ । जस्तै-

*बोके दाढी चुस्स परेको सानो चिउँडोको आधार ।*
*तहलाइन्छन् काला जूँघा दुइ औंलाले वारंवार ॥*
*हात दाहिना बेत छ लामो अथवा चड्कनच्यूरा ।*
*लुले लुले भै दहरा चड्कन दिन सक्छन् ती एक हजार ॥*

**लयविधान**

यस कवितामा शास्त्रीय लयको अन्त्यानुप्रासीय मात्रा छन्दको  सङ्गीतमय लयसंयोजन रहेको छ । नियमित वर्ण र शब्दको आवृत्तिले कविताको लयविधान रागात्मक, लयात्मक, साङ्गीतिक एवम् श्रुतिमधुर रहेको पाइन्छ । समष्टिमा लयको निर्वाह सुन्दर कलात्मक ढङ्गबाट भएको देखिन्छ ।

**भाषाशैली**

प्रस्तुत कविताको भाषाशैली सरल, सङ्क्षिप्त र स्वाभाविक रहेको छ जसले गर्दा कविता बोधगम्य र सम्प्रेष्यमूलक बन्न पुगेको छ । तीनै स्रोतका शब्द संयोजनले भाषिक शिल्पविधानगत विविधता सिर्जना भएको छ । कविप्रौढोक्ति उक्तिढाँचाको आत्मपरक वर्णनात्मक शैली तथा व्यङ्ग्यात्मक शैलीको चोटिलो भाषाशैलीको प्रयोग यसमा पाइन्छ । यसरी विम्व, प्रतीक र अलङ्कारयुक्त भाषाशैलीको प्रयोगले भाषिक शिल्पशैलीगत कलात्मकता, रागात्मकता एवम् श्रुतिरम्यता प्रदान गरेको छ ।

**उद्देश्य**

शिक्षकहरूको चारित्रिक स्वभावको व्यङ्ग्यात्मक उद्घाटनद्वारा बालबालिकालाई मनोरञ्जन दिई शिक्षकहरूबाट सतर्क रहनुपर्ने, पढाइप्रति लगनशील हुनुपर्ने, अनुशासन र नियमको पालना गर्नुपर्छ भन्ने सन्देश दिनु यस कविताको उद्देश्य हो । धैर्य र सहनशीलता जस्ता गुणहरू निर्माण गरी आफ्नो कर्तव्य र अधिकारप्रति दुबै वर्गले उत्तरदायी हुनुपर्छ भन्दै असल र दक्ष शिक्षकसँग शिक्षा लिनुपर्छ भन्ने नैतिक एवम् बौद्धिक सन्देश दिनु उपर्युक्त कविताको उद्देश्य पाइन्छ ।

**'पल्टन'**

**विषयवस्तु**

देशप्रेम वा राष्ट्रभक्तिसम्बन्धी विषयवस्तु लिएर लेखिएको प्रस्तुत 'पल्टन' कवितामा देशको महिमा र गुनगान गाइएको छ । राष्टिय अस्तित्व र गौरव बचाउनको निम्ति 'पल्टन' (सैनिक समूह)लाई तालिम दिई विदेशी शत्रुहरूसँग लड्न दिएको उपदेश वर्णनका रूपमा यस कविताको विषयवस्तु केन्द्रित रहेको छ ।

**संरचना**

प्रस्तुत कविताको बाह्यसंरचना अन्तर्गत २२ श्लोकको जम्मा ८८ हरफे कवितापुञ्ज रहेको छ जसमा पृष्ठ ६ (पृ.१५-२०)को लघु आयामगत संरचना पाइन्छ । आन्तरिक संरचनामा चाहिं विषयवस्तु र भावको कलात्मक अन्तःसम्बन्ध, झिनो आख्यान एवम् गहिरो भावव्यञ्जन र प्रचुर कल्पनाशीलताको आख्यानात्मक भावसंरचना यसमा रहेको छ ।

**भावविधान**

भावका दृष्टिले कविता उच्च रहेको छ । राष्ट्रिय स्वतन्त्रता, अखण्डता, राष्ट्रभक्ति, राष्ट्रिय गौरव, वीरता, स्वाभिमान, सार्वभौमिकता र स्वायत्तताका निम्ति विदेशी शत्रुसँग डटेर लड्नुपर्छ भन्ने भाव यस कवितामा सिर्जिएको छ । मातृभूमि आफ्नो जीवनभन्दा पनि प्यारो हुन्छ, राष्ट्रको स्वतन्त्रता नै नेपालीको पहिचान हो भन्दै साहस र धैर्यको सहायताले जातीय तथा राष्ट्रिय स्वाभिमानका निम्ति कर्मक्षेत्रमा लाग्न गरिएको अग्रह उक्त कविताको भावभूमि रहेको पाइन्छ । विविध रसले युक्त यस कवितामा वीररसको 'उत्साह' स्थायीभावको परिपाक रहेको छ । जस्तै-

*ढरर ढम्म ढरर ढम्म*
*ढ्वाङ ठोक सारा !*
*आज जानुपर्छ नानी*
*देश निम्ति प्यारा !*

**लयविधान**

यस कवितामा गीतिमय लयको प्रयोग भएको छ । प्रत्येक श्लोकको दोस्रो र चौथो हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयविधानको कलात्मक संयोजन रहेको पाइन्छ । वर्ण र शब्दको सुगठित संरचनाले अन्तःलय सिर्जना गरेको छ । आख्यान, भाव र कल्पनाको मिश्रित प्रयोगले कविता लयात्मक, सङ्गीतात्मक, गेयात्मक तथा श्रुतिमधुर बनेको छ ।

**भाषाशैली**

प्रस्तुत कविताको भाषाशैली सरल, सङ्क्षिप्त, बोधगम्य र सम्प्रेष्यमूलक रहेको छ । विविध स्रोतका शब्दसंयोजनले कविताको भाषाशैलीमा अलङ्कार तथा प्रतीकको सुन्दर संयोजन समेत रहेको पाइन्छ । कविनिबद्ध वक्तृप्रौढोक्ति उक्ति ढाँचाको वर्णनात्मक शैलीले कविताको भाषाशैली साङ्गीतिक, कलात्मक, लयात्मक तथा ओजस्वी बन्न पुगेको छ ।

**उद्देश्य**

बालबालिकालाई खेलक्रियाकलापमा सहभागी गराई उनीहरूलाई मनोरञ्जन दिनु, राष्ट्रिय चेतना, देशभक्तिभावना, राष्ट्रप्रेम, राष्ट्रको महिमा, राष्ट्रप्रति बफदार, कर्मठ र इमान्दार बन्नुपर्छ भन्ने उद्देश्य यस कविताको रहेको छ । यसरी नै बालबालिकामा बौद्धिकता, हार्दिकता, संवेगात्मकता जस्ता पक्षको विकास गराउनु उक्त कविताको उद्देश्य रहेको पाइन्छ ।

**'सौन्दर्य–उपासना'**

**विषयवस्तु**

प्राकृतिक सुन्दरताको महिमागानमा रचिएको कविता 'सौन्दर्य-उपासाना' हो । सुष्टिका विविध वस्तुहरूको स्वच्छन्दतावादी वर्णन यस कवितामा पाइन्छ । प्रकृतिजगतलाई विषयवस्तु बनाई रचिएको उक्त कवितामा फूलको सुन्दरताको वर्णन, फूलको सुगन्धको मोह, सफा, चम्किलो, निर्मल र शीतल चन्द्रमाको वर्णन, झिलिमिलि तारा तथा आकाशको सौन्दर्यको चित्रण यस कवितामा गरिएको छ ।

**संरचना**

प्रस्तुत कविताको बाह्य संरचनामा जम्मा ९ श्लोकको ३६ हरफे पङ्क्तिपुञ्ज रहेको छ जसमा पृष्ठ ३ (पृ.२१-२३) को लघु आयामगत संरचना पाइन्छ । यसैगरी आन्तरिक संरचनाका रूपमा भाव र आख्यानको सुगठित संयोजन, झिनो आख्यान तथा गाढा भाव व्यञ्जन कल्पना र सौन्दर्यको अधिक प्रयोग, स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक छटाको कलात्मक प्रस्तुतीकरण आदि रहेका छन् ।

**भावविधान**

प्राकृतिक सौन्दर्यको वर्णन तथा स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिको भाव व्यक्त गर्नु यस कविताको भावविधान हो । प्रकृतिका वस्तुहरूको महिमागान गर्नु, बालबालिकालाई सृष्टिको सुन्दरताप्रति आकर्षित गराउनु, प्रकृतिका हराभरा पुष्प, खुला आकाश, चम्किला तारा शीतल र निर्मल चन्द्रमाको कलात्मक चित्रणबाट मनोरञ्जन दिई उनीहरूको बौद्धिक, हार्दिक एवम् तीव्रकल्पना शक्तिको विकास गराउनु यस कविताको भाव रहेको पाइन्छ । उक्त कवितामा प्रयुक्त शान्त, अद्भुत, श्रृङ्गार आदि रसमध्ये अद्भुत रसको 'आश्चर्य' स्थायी भाव भएको छ ।

**लयविधान**

प्रस्तुत कवितामा ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रास लययोजनाको कलात्मक संयोजन भएको छ । प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रास लय देखापर्नुले कविता लयात्मक, साङ्गीतिक, श्रुतिमधुर, गेयात्मक तथा सौन्दर्यपूर्ण रहेको छ । बाह्य तथा अन्तःसङ्गीतमय लयसंयोजनले कविता रमणीय बनेको छ । लयको सुन्दर प्रयोग यसरी भएको देखिन्छ-

*नीलो कचौरासरिको आकाश*
*घोप्ट्याइएको रस भर्न खास ।*
*के त्यो उज्यालो जुन झर्छ याहाँ ?*
*हो स्वर्गको अमृत खास याहा ॥*

**भाषाशैली**

उपर्युक्त कवितामा सरल, सङ्क्षिप्त, स्वाभाविक एवम् बोधगम्य भाषाशैलीको प्रयोग भएको पाइन्छ । विविध स्रोतबाट सङ्कलित शब्दले भाषिक कलात्मकता, आलङ्कारिकता तथा सौन्दर्य प्रदान गरेका छन् । कविप्रौढोक्ति उक्तिढाँचाको एकालापीय वर्णनात्मक शैलीको सनसनीपूर्ण निर्वाह गर्दा भाषाशैलीमा श्रुतिमधुरता, साङ्गीतिकता, गेयात्मकता तथा लयात्मकता सिर्जना भएको छ ।

**उद्देश्य**

प्रकृतिमा रहेका विविध वस्तुहरूको कलात्मक चित्रणबाट बालबालिकाहरूलाई मनोरञ्जन दिई स्वच्छन्दतावादी-रहस्यवादी उच्च कल्पनाशील जीवनदृष्टितर्फ उन्मुख गराउनु उक्त कविताको उद्देश्य हो । यसैगरी प्राकृतिक सौन्दर्यको महिमा गाउनु यसको अर्को उद्देश्य रहेको पाइन्छ ।

**फूलपरी**

बगैंचाका सुन्दर एवम् सुवासित फूललाई 'परी' अर्थात् अप्सराको रूपमा तुलना गरी रचिएको कविता हो 'फूलपरी' । यस कवितामा कविले प्रकृतिजगतलाई कविताको विषयवस्तु बनाएका छन् । उच्च कल्पना र प्राकृतिक सौन्दर्यको स्वच्छन्दतावादी-रहस्यवादी चित्रण यस कवितामा पाइन्छ । मगमग वास्नादार फूलसँग लेखकले गरेको अप्सरारूपी फूलको जवानीले युक्त सौन्दर्यको चित्रण गर्नु यस कविताको विषयवस्तु हो ।

**संरचना**

'फूलपरी' कविताको बाह्यसंरचनाका रूपमा यसमा जम्मा ४० कवितापुञ्ज रहेका छन् । १० ओटा कविताश्लोक तथा ३ पृष्ठ (पृ. २४-२६) को लघु संरचनागत आयाम रहेको छ । यसैगरी आन्तरिक संरचनाअन्तर्गत दुई-दुई हरफको अन्तमा अन्त्यानुप्रासीय लय तथा विषयवस्तु, भाव र कल्पनाबीचको सङ्गठित संयोजन रहेको देखिन्छ । झिनो आख्यान भएपनि गाढा भावले आन्तरिक संरचनालाई सशक्त बनाएको छ । बाह्य र आन्तरिक दुबै कोणबाट कविताको संरचना प्रवल रहेको छ ।

**भावविधान**

प्राकृतिक सौन्दर्यमा रम्न अनि रमाउन चाहने बालकवि देवकोटाको रूचिको प्रमुख क्षेत्र स्वच्छन्दतावादी-प्रकृतिवादी तथा रहस्यवादी साहित्यिक क्षेत्र हो । प्रकृतिमा फूलेका सुन्दर हराभरा फूलहरूको रूपरङ्ग तथा गुणविशेषताको वर्णनात्मक अभिव्यक्ति गरी बालबालिकालाई प्रकृतिमा स्वच्छन्द भावले रमाउन दिनु तथा उनीहरूको काल्पनिक, बौद्धिक तथा मानसिक पक्षको विकास गराउनु 'फूलपरी' कविताको मूल भाव रहेको छ । यसमा शान्त रसको परिपाक भएको छ । जस्तै-

*बगैंचामा मेरा रङविरङका छन् कतिपरी*

*कलीला क्या राम्रा मुसुमुसु हुने बोल्दछ सरि ।*

*सिंगारेका छाँटी मगमग छिटा अत्तर मिही*
*लगाएका सारी नरम रंगिला रेशमसरि ॥*

**लयविधान**

यस कवितामा शास्त्रीय लयअन्तर्गत १७ अक्षरे शिखरिणी छन्दको प्रयोग भएको छ । प्रत्येक दुई-दुई हरफको अन्तमा अन्त्यानुप्रास योजना मिलेको छ । यसले गर्दा कविताको बाह्य तथा आन्तरिक लयप्रवाह साङ्गीतिक, सुमधुर, रमणीय र लयात्मक बनेको छ । कविताको मूल प्राणत□व मानिने यस कविताको विशिष्ट सौन्दर्यपूर्ण लयले कविता उच्च बनेको छ ।

**भाषाशैली**

यस कवितामा बालबालिकाले सजिलै बुझ्न सक्ने छोटा, सरल र सहज भाषाशैली प्रयोग गरिएको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दले भाषाशैलीमा विविधता ल्याएको छ । कविको स्वच्छन्दतावादी-उच्च कल्पनाको प्रस्तुतीकरण वर्णनात्मक शैलीमा भएको छ । कविले फूलपरीलाई उनीहरूको सौन्दर्यशिल्पबारे गरिएको प्रश्नोत्तर शैली कविताको स्वच्छन्दतावादी-रहस्यवादी भाव व्यक्त गर्ने प्रधान शैलीको रूपमा आएको छ । लयात्मकता, साङ्गीतिकता, श्रुतिमाधुर्य, लालित्य आदि हुनु यस कविताको भाषाशैली हो । यसरी विम्व, प्रतीक र अलङ्कारको प्रयोग कविताभित्र पाइएबाट भाषाशैली थप आकर्षक बनेको छ ।

**उद्देश्य**

फूलको विविध रूपरंङ्ग र चरित्रचित्रण गरी स्वच्छन्दतावादी-रहस्यवादी भावद्वारा बालबालिकामा साङ्गीतिक मनोरञ्जन दिई प्राकृतिक वस्तुहरूको ज्ञान दिनु यस कविताको उद्देश्य हो । फूललाई स्वर्गकी अप्सरा वा परीको रूपमा मानवीकरण गरी फूलको सौन्दर्यको रहस्योद्घाटन गर्नु तथा प्रकृतितर्फ बालबालिकालाई ध्यानाकर्षण गराई उनीहरूको बौद्धिक, काल्पनिक, मानसिक तथा संवेगात्मक विकास गर्नु 'फूलपरी' कविताको ध्येय हो ।

**'किताब-चरो'**

**विषयवस्तु**

ज्ञान-विज्ञानको प्रमुख साधन पाठ्यपुस्तकलाई पङ्छीको आयाम दिई रचिएको देवकोटाको बालमनोरञ्जनप्रधान कविता हो 'किताब-चरो' । चरोको स्वच्छन्द जीवनसँग किताबलाई तुलना गरेर यो कविता रचिएको छ । जसरी चरो स्वतन्त्र रूपमा प्रकृतिका विविध देश देशान्तरको विचरण गर्दछ, त्यसैगरी कविले किताबबाट विश्वका कुनाकाप्चाका नवीन ज्ञानगुनका कुराहरू प्राप्त गर्दछ भन्ने स्वच्छन्दतावादी-सौन्दर्यतावादी-रहस्यवादीभाव प्रकट भएको छ । किताबलाई चरोको रूपमा वर्णन गरिएको प्रसङ्गबाट उक्त कविता उद्यृत छ ।

**संरचना**

यस कविताका दुई संरचना अनुरूप बाह्य संरचनामा जम्मा ३२ पङ्क्तिपुञ्जको कविता रहेको छ । यसअन्तर्गत जम्मा ८ श्लोक कविता रहेका छन् । लघुसंरचनामा आधारित उक्त कवितामा कूल ३ पृष्ठ (पृ.२७-२९) छन् । यसैगरी आन्तरिक संरचनाको कोणबाट हेर्दा यसमा प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय योजनाको सफल प्रवाह भएको छ । भाव र

विषयवस्तुलाई उच्च कल्पनाले सुगठित बनाएको छ । मसिनो आख्यान भएपनि कविताको बाह्य तथा अन्तःलयले कविताको संरचना सशक्त, सङ्गीतमय, श्रुतिमधुर र लालित्यपूर्ण बनेको छ ।

**भावविधान**

भावगत दुष्टिले हेर्दा यस कवितामा उच्च सौन्दर्यमय काल्पनिक भावप्रवाह भएको छ । उच्च कल्पनाको तीव्रता स्वच्छन्दतावादी-रहस्यवादी रूपबाट प्रकट गर्नु यसको भाव रहेको छ । किताबलाई चरोको रूपमा तुलना गरेर कविले किताबको स्वच्छन्द ज्ञानस्रोतको चित्रण गरेका छन् । जसरी चरोले देश विदेशका विविध स्थानमा स्वच्छन्द भावले स्वतन्त्र विचरण गर्न सक्दछ, त्यसैगरी किताब (पाठ्यपुस्तक)ले पनि विश्वमा दिनप्रतिदिन प्राप्त हुने नवीन ज्ञानविज्ञानका सन्देशलाई सङ्कलन गरी मानवलाई शिक्षा दिने गर्दछ भन्ने भाव यसमा व्यक्त भएको छ । मूल रूपमा कवि (देवकोटा)ले चरोले यात्रागर्दा प्राप्त गरेको आनन्द झैं आफूले पनि पुस्तक पढ्दा देशविदेश भ्रमणको सुन्दर कल्पना गर्न पुग्दछन् र विविध देश देशान्तरको जैविक तथा प्राकृतिक सौन्दर्यमा रमाउन पुग्छन् । यसरी चरोको माध्यमबाट बौद्धिक ज्ञानको साधन पुस्तकको स्वच्छन्द, रहस्यपूर्ण, सौन्दर्यात्मक महिमागान गाउनु र बालबालिकालाई मनोरञ्जनात्मक रूपबाट किताबको महत्व दर्शाउनु यस कविताको भावभूमि रहेको देखिन्छ । रहस्यवादी रूपबाट यस कवितामा स्थायी भावको रूपमा आश्चर्यवादी अद्भुत रस तथा शान्तरस भावको परिपाक भएको छ । जस्तै-

*कति सुन्दर हेर किताब-चरो*
*दुइ पंख फिंजाउँछ यो बिचरो ।*
*कति थोप्लिइ खोल्दछ झिल्मिल यो*
*म त मग्न बनीकन हेर्छु अहो ॥*

**लयविधान**

उपर्युक्त कवितामा प्रत्येक दुई-दुई हरफमा अन्त्यानुप्रसीय लययोजना प्रवाह भएको छ । यसले गर्दा कविता लयात्मक बनेको छ । कविताको बाह्य तथा आन्तरिक लय संयोजनले कविता सङ्गीतात्मक, गेयात्मक, श्रुतिमधुर एवम् रमणीय बनेको छ । कविताको १२ अक्षरे मात्रा छन्दको लयले कवितालाई अन्तः र बाह्य सङ्गीतलय प्रदान गरेको छ ।

**भाषाशैली**

यस कवितामा सरल र बोधगम्य भाषाशैलीको प्रयोग भएको छ । छोटा र सङ्क्षिप्त पद-पदावलीको प्रयोगले कविता च्वाट्ट र रसिलो बनेको छ । ठाउँठाउँमा तद्भव, तत्सम र आगन्तुक स्रोतका शब्दले थप रौनकता सिर्जना गरेको छ । कविको उच्च कल्पनाको एकालापीय वर्णनात्मक भाषाशैली यसमा प्रयोग भएको छ । विविध विम्व, अलङ्कार र प्रतीकका माध्यमबाट कविताको भाषाशैली सशक्त बनेको छ । कविको स्वच्छन्दतावादी-रहस्यवादी आत्मकथनीय पद्धतिको प्रवाहमय शैलीले कविताको भाषाशैलीमा साङ्गीतिकता, श्रुतिमाधुर्यता, रमणीयता प्रदान गरेको छ ।

**उद्देश्य**

किताबलाई चरोको रूपमा प्रस्तुत गरी उच्च काल्पनिक सौन्दर्यको चित्रणद्वारा बालबालिकालाई मनोरञ्जन दिनु यस कविताको उद्देश्य हो । यसैगरी किताबी ज्ञानबाट बालबालिकाको बौद्धिक, मानसिक, काल्पनिक, सिर्जनात्मक तथा संवेगात्मक पक्षको विकास

गराउनु र किताब पढ्दाको आनन्द, किताबको महत्व र महिमा बालबालिकालाई बुझाउनु उक्त कविताको उद्देश्य हो ।

**धूलो**

द्रव्यवाचक नाम शब्दमा आधारित कविताको नाम 'धूलो' हो । स्वदेशको मातृभूमिलाई सङ्केत गर्दै बालकवि देवकोटाले स्वदेशको अमृतरूपी माटोको कण धूलोको वर्णन गरेका छन् । देशप्रेम एवम् राष्ट्रप्रेमको महिमागानमा आधारित यस कविताको विषयवस्तु स्वदेशगान हो अर्थात् मातृभूमिको गौरवगाथा 'धूलो' कविताको विषयवस्तु रहेको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत प्रत्येक दोस्रो र चौथो हरफको अन्त्यमा अन्त्यानुप्रास योजना रहेको छ । ८ हरफे पङ्क्तिपुञ्ज, पृष्ठसंख्या १ (पृ.३०) तथा लघु संरचना आयाम यस कविताको बाह्य संरचना हो । यसैगरी अन्तः संरचनाका रूपमा विषयवस्तु र भावको उच्चसंयोजित, बाह्य तथा आन्तरिक सङ्गीतात्मक आख्यान संरचना, कल्पना र सौन्दर्यको रहस्यमयी समीकरण आदिले कविताको संरचना लयात्मक, श्रुतिमधुर, भावमयी, सशक्त र प्रभावपूर्ण बनेको छ ।

**भावविधान**

बालकवि देवकोटाको राष्ट्रप्रतिको असीम प्रेमभाव प्रकट गरिएको यस कवितामा निस्वार्थ मनोभाव प्रस्तुत भएको छ । देवकोटा राष्ट्र र नेपालीप्रति दिलभावदेखि नै समर्पित हुनु यस कविताको भावविधान हो । कविको स्वदेश वा नेपालप्रतिको उच्च स्वच्छन्दतावादी विचार यस कवितामा प्रस्तुत भएको छ । नेपाली धूलोलाई पानी बनेर सिंचाइ गर्ने र वास्नादार फूल फुलाई तमाम नेपालीलाई सुगन्धित तुल्याउने चाहना यहाँ कविले गरेका छन् । अश्रुधाराहरूलाई जलकण बनाई नेपाली भूमिमा सुगन्ध रोपी नेपालीलाई हँसाउने र नचाउने स्वच्छन्दतावादी-रहस्यवादी असीम काल्पनिक सौन्दर्यका प्रस्तुतीकरण गर्नु उक्त कविताको भावविधान देखिन्छ । करूण रस र शान्तः रसभावको परिपाक यस कवितामा भएको पाइन्छ । जस्तै-

*धूलो यो छ स्वदेशको म यसमा पानी बनी मिल्दछु*
*बर्बर बर गहमा बनीकन सदा रोइ यहाँ झर्दछु ।*
*यो मेरोपन मेटिने असल हो वास्ना भएको कण*
*फूल्ने मै छु पछाडि फूल यसमा सुँघ्ने हजारौं जना ॥*

**लयविधान**

यस कवितामा १९ अक्षरे शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ । जसले सङ्गीतमय लयविधान सिर्जना गरेको छ । प्रत्येक दुई-दुई हरफको अन्तमा अन्त्यानुप्रासीय लय संयोजन रहेको छ । यसले गर्दा कविता श्रुतिमधुर, गेयात्मक, लयात्मक एवम् रमणीय बनेको छ । वर्ण र शब्दको समुचित प्रयोगले कविताको बाह्य तथा आन्तरिक दुबैसंरचनालाई लयात्मक एवम् लयप्रधान बनाएको छ ।

**भाषाशैली**

'धूलो' कवितामा सरल भाषाशैली प्रयोग गरिएको छ । सङ्क्षिप्त, सहज र स्वाभाविक शब्दप्रयोगले कविता सरल एवम् प्रभावकारी बनेको छ । तद्भव, तत्सम, आगन्तुक र अनुकरणात्मक शब्द (बर्बर) को प्रयोगले भाषाशैली कलात्मक बनेको छ । कविको एकलापीय/आत्मकथनीय शैलीको प्रयोग यसमा भएको छ जसले कविता प्रवाहमय, सुकोमल, सौन्दर्यपूर्ण र रागात्मक बनेको छ । विम्व, प्रतीक र अलङ्कारको प्रयोगले कविताको सौन्दर्यमा थप प्रभावकारिता सिर्जना गरेको छ ।

**उद्देश्य**

बालबालिकाहरूलाई मनोरञ्जनात्मक ढङ्गबाट शिक्षा दिनु स्वदेशी माटो (धूलो)को महत्व र महिमा दर्शाउनु यस कविताको उद्देश्य हो । यसैगरी राष्ट्रियता, देशभक्तिप्रति बालबालिकालाई प्रेरित गर्नु यस कविताको अन्य उद्देश्य रहेको छ । समग्रमा उनीहरूलाई राष्ट्रप्रति वफादार बन्न, नेपाल र नेपालीप्रति सकारात्मक भावले हेर्नका साथै बौद्धिक, काल्पनिक, मानसिक तथा संवेगात्मक विकास गरी स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टितर्फ प्रेरित गराउनु उक्त कविताको मूल उद्देश्य देखिन्छ ।

निष्कर्षमा माथि उल्लिखित विषयवस्तु, संरचना, भाव, लय, भाषाशैली तथा उद्देश्यका कोणबाट कविता बालबालिका निम्ति प्रभावकारी नै देखिन्छ ।

**'नेपाली सलाइ बट्ट'**

सलाईको झिल्कोलाई संसार उज्यालो छर्ने प्रकाशसँग तुलना गर्दै नेपालीहरूको महिमागान गाइएको कविता 'नेपाली सलाई बट्ट' हो । देशभक्ति तथा राष्ट्रप्रेमको भावभूमिलाई विषयवस्तु बनाएर उक्त कविता रचिएको छ । सलाईको विविध उच्च सौन्दर्यपूर्ण, कलात्मक एवम् रागात्मक वर्णनमा यस कविताको विषयवस्तु आधारित छ ।

**संरचना**

यस कवितामा बाह्य संरचनाअन्तर्गत ८ पङ्क्तिपुञ्जको २ श्लोक छन् भने १ पृष्ठ (पृ.३१)को लघु आयामको संरचना रहेको छ । आन्तरिक संरचनाका रूपमा यस कवितामा प्रत्येक दुई-दुई हरफको अन्तमा अन्त्यानुप्रासीय लय संरचना रहेको देखिन्छ । भाव, आख्यान र कवि कल्पनाको उच्च संयोजन यहाँ रहेको छ । कवितामा झिनो आख्यान तर गहिरो भाव मिश्रित अन्तः संरचना छ । समग्रमा बाह्य तथा आन्तरिक दुबै कोणबाट यस कविता साङ्गीतिक एवम् लयात्मक छ ।

**भावविधान**

भावविधानका दुष्टिले यो कविता उच्च रहेको छ । सूर्यको किरण झैं बनेर स्वदेशमा झलमल्ल ज्योति छर्न पाउँ (सकूँ) भन्ने कविको प्रगाढ चाहना रहेको देखिन्छ । सूर्यको किरण बनेर देशमा शिक्षा-दीक्षाको नवीन प्रकाश छरी देशलाई नवयुगमा प्रवेश गराउने कविको प्रबल इच्छा प्रकट हुनु यस कविताको भावविधान रहेको छ । आफूलाई एउटा सलाईको झिल्कोको रूपमा उदाउने कल्पना कविले गरेका छन् । देशमा अँध्यारो हटाएर उज्यालो ल्याउने त्यस्तो बत्ती खाँचो भएको र त्यसमा कुनै व्यक्तिको कल्पनामा आफूलाई सङ्केत गर्नु यस कविताको भाव रहेको देखिन्छ शान्तरसभावको परिपाक रहेको उक्त कविताको श्लोक यस्तो छ :

*जहाँ झिलमिलाउँदै किरणलाई छर्वर गरी*

*झलल्ल छ उदाउँदो धपधपाउँदो बेसरी ॥*

*मुहार, अति लाल सब गुलाफ झैं सूर्य छन्,*

*झझल्ल कवि झाँगका संग हरा खुल्ला गर्दछन् ॥*

**लयविधान**

यस कविताको लयविधान अन्त्यानुप्रसीय लयमा आधारित रहेको छ । प्रत्येक दुई-दुई हरफको अन्तमा आएको अनुप्रासीय शैलीले कविता लयात्मक बनेको छ । १७ अक्षरको पृथ्वी छन्दमा रचित उक्त कविताको बाह्य तथा आन्तरिक लय साङ्गीतिक, श्रुतिमधुर एवम् रमणीय बनेको छ । वर्ण र शब्दको आवृत्तिले कवितामा थप सौन्दर्य प्रदान गरेको छ ।

**भाषाशैली**

भाषाशैलीगत दृष्टिले उक्त कवितामा छोटा, सरल र स्वाभाविक शब्दहरूको प्रयोग भएको छ जसले कविता सरल र बोधगम्य हुन पुगेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगले कवितामा शैलीगत विविधता सिर्जना गरेको छ । कविको आत्मलापीय कथनपद्धति यस कविताको भाषाशैली रहेको छ ।

ठाउँठाउँमा विम्ब, प्रतीक र अलङ्कारले भाषाशैली चोटिलो एवम् स्तरीय समेत बनाएको छ । समग्रमा कलात्मक, रागात्मक तथा सौन्दर्ययुक्त भाषिकशिल्प विधान उपर्युक्त कवितामा रहेको छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जनात्मक शैलीमा देशभक्तिको भावनाप्रति प्रेरित गर्नु यस कविताको उद्देश्य देखिन्छ । सलाईको माध्यमबाट स्वदेशमा छाएको अशिक्षारूपी अन्धकारलाई हटाएर शिक्षाको ज्योति छर्नुपर्ने प्रगाढ सपनामय इच्छा कविले व्यक्त गर्नु कविताको उद्देश्य मानिन्छ । समष्टिमा बालबालिकाको बौद्धिककताको विकास गर्ने, उच्च कल्पना शक्तिको प्रष्फुटन तथा प्रवर्द्धन गर्ने अनि उनीहरूको मानसिक र संवेगात्मक विकास गराउनु उक्त कविताको उद्देश्य हो भन्न सकिन्छ ।

**कुहुकुहु**

**विषयवस्तु**

कोइलीको स्वच्छन्दतावादी मधुर स्वरलाई वर्णनको विषयवस्तु बनाई रचिएको कविता हो 'कुहुकुहु' । प्रकृतिजगतअन्तर्गत पङ्छीवर्गको कोइलीको मीठो धुनसँग केन्द्रित कवितामा देवकोटाको उच्च सौन्दर्याभिव्यक्त गरिएको छ । कोइलीको मीठो आवाजबाट प्रभावित भई 'कुहुकुहु' आवाजको रहस्यमाथि प्रश्न गरेका छन् । उक्त धुन कुन पङ्छीबाट निस्किएको हो भनी आफैंमाथि प्रश्न खडा गर्दै 'कुहुकुहु' धुनमाथि मन्त्रमुग्ध हुन्छन् ।

**संरचना**

यस कविताको बाह्य संरचनाका रूपमा १६ हरफे पङ्क्तिपुञ्ज रहेका छन् । यसमा जम्मा ४ श्लोक रहेका छन् । पृष्ठ २ (पृ.३२-३३)को लघुसंरचना यस कविताको बाह्य संरचना देखिन्छ । यसैगरी आन्तरिक संरचनाअन्तर्गत प्रत्येक दुई-दुई हरफमा अन्त्यानुप्रासीय योजना रहेको छ । आख्यान तथा स्वच्छन्दभावको सुगठित संयोजन यस कविताको आन्तरिक संरचना हुन् । झिनो आख्यान तथा प्रगाढ भाव (उच्च) मिश्रित अन्त:सम्बन्ध छ ।

**भावविधान**

कविको उच्च काल्पनिक सौन्दर्यको स्वच्छन्द भावको प्रकटीकरण यस कविताको भावविधान रहेको छ । 'कुहुकुहु' आवाजसँगै लेखकका मनमा विविध आश्चर्यजनक प्रश्नहरू खडा हुनु र उक्त स्वरको मालिकको विषयमा त्यस्तो मधुर स्वर निकाल्ने पङ्छी कहाँ बस्छ फूलमा, झाँगमा, वासमा, मुनातिर वा कुनातिर भनी बसन्तको रसिलो यौवन सिर्जना गर्ने त्यस पङ्छी र त्यसको वासस्थान खोज्ने रहस्यमय स्वच्छन्दतावादी भावको उद्घाटन गर्नु यस कविताको भावविधान हो । अन्तत: कविको प्रगाढ कल्पनाको वर्णन यस कविताको भावपक्ष हो । शान्तरसको परिपाक रहेको कविताको भावभूमि यस्तो देखिन्छ ।

*को हँ ? को हँ ? वनमा कुन को हो ?*
*गर्छ क्या कुहुकुहु सुन ओहो !!*
*हैन हैन मत हैन म हैन !!*
*को हँ को हँ तर को चिनिदैन ।*

**लयविधान**

प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयविधान यस कवितामा पाइन्छ । ११ अक्षरे शालिनी छन्दलयको प्रयोगले कविता लयात्मक बनेको छ । बाह्य तथा आन्तरिक अनुप्रासले कवितामा साङ्गीतिकता, माधुर्य एवम् श्रुतिरमणीयता सिर्जना गरेको छ । वर्णन तथा शब्दको आवृत्तिले कवितामा गेयात्मक सौन्दर्य प्रदान गरेको छ । कवितामा लयको सफल निर्वाह भएको छ ।

**भाषाशैली**

सरल, सङ्क्षिप्त, स्वाभाविक एवम् सहज भाषिक शब्दहरूको प्रयोग यस कवितामा भएको छ । यसले गर्दा कविता बोधगम्य बनेको छ । तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको प्रयोगले कविताको भाषाशैलीमा विविधता सिर्जना गरेको छ । कविको एकालपीय कथनपद्धति शैली ढाँचामा कविताको भाव प्रवाह भएको छ । ठाउँठाउँमा विम्व, प्रतीक तथा अलङ्कारले कविता चोटिलो र प्रभावकारी समेत बनेको छ । समग्रमा भाषाशैली साङ्गीतिक, कलात्मक एवम् रागात्मक शैलीको रहेको छ ।

**उद्देश्य**

प्राकृतिक स्वच्छन्दतावादी-रहस्यवादी भावको उजागर गर्नु यस कविताको उद्देश्य रहेको छ । अर्थात् उच्च काल्पनिक सौन्दर्यबाट प्रकृतिको रहस्य बुझ्नु कविताको उद्देश्य हो । यसैगरी बालबालिकालाई 'कुहुकुहु' धुनको साङ्गीतिक मनोरञ्जनबाट प्रचुर कल्पनाशक्तिको

विकास गराई प्राकृतिक स्वच्छन्दतावादी जीवनदृष्टितर्फ प्रेरित गर्नु हो । साथै बालबालिकाको बौद्धिक, चेतनामूलक, मानसिक तथा संवेगात्मक क्षमताको विकास गराउनु कविताको मुख्य अभिप्राय रहेको देखिन्छ ।

## तस्वीर

### विषयवस्तु

अमूर्त वस्तुलाई मूर्त आयाम दिएर रचना गरिएको कविता 'तस्वीर' मा देवकोटाको उच्च कल्पनाको सौन्दर्यपूर्ण अभिव्यक्ति प्रकट भएको छ । मनोजगतलाई यस कविताको विषयवस्तु बनाइएको छ । निर्जीव वस्तु 'तस्वीर' लाई मानवीय आयाम दिई सजीव मानवस्वरूपसँग तुलना गरेर वर्णन गरिएको स्वच्छन्दतावादी रहस्यवादी भावको उद्घाटन यस कवितामार्फत् भएको छ ।

### संरचना

उक्त कवितामा दुई संरचना रहेका छन्- बाह्य तथा आन्तरिक । बाह्य संरचनाका रूपबाट हेर्दा यस कवितामा जम्मा ६ श्लोकको २४ पङ्क्तिपुञ्ज रहेको छ । पृष्ठ ३(पृ ३४-३६)को लघु संरचना रहेको छ । आन्तरिक संरचनाका रूपमा प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयसंरचना रहेको छ । आख्यान र भावको सुसङ्गठित संयोजन, कल्पना र सौन्दर्यको बहुल प्रयोग, झिनो आख्यानको गाढा भावव्यञ्जन तथा रहस्यवादी सौन्दर्यशील कलात्मक संयोजन संरचना रहेको छ ।

### भावविधान

यस कवितालाई भावविधानगत आधारमा हेर्दा बालकवि एवम्. स्वच्छन्दतावादी-रहस्यवादी कवि देवकोटाको उच्च कल्पनाको सौन्दर्यपूर्ण अभिव्यक्ति गर्नु हो । अमूर्त वस्तु तस्वीरलाई जीवन्त आयाम दिई चित्रको सौन्दर्यको चित्रण गर्नु, उक्त तस्वीर निर्माण गर्ने कलाकारको कलाकारिताको कलात्मक वर्णन गर्नु तथा कवि स्वयम्कै रहस्यवादी-स्वच्छन्द कल्पनाको उद्घाटन गर्नु यस कविताको भावविधान रहेको छ । बालबालिकालाई 'तस्वीर'को माध्यमबाट उच्च कल्पना तथा प्रकृतिको स्वच्छन्द जगत्प्रति आकर्षित गराई त्यसको महत्व र महिमाको सन्देश दिनु उक्त कविताको भावविधान हो भन्न सकिन्छ । शान्त रस र अद्भुत रसभावको परिपाक रहेको यस कविताको भावभूमि यस्तो छ-

*भनन भनन नानी ! के गरी भो तयार?*
*कति रससित राम्रो क्या मजा ! चठ क्या र?*
*सकल मुख दुरुस्तै पार्न सक्ने अपार*
*कति चतुर कुरा यो जो छ तस्वीर सारा ॥*

### लयविधान

यस कवितामा अन्त्यानुप्रासीय लयविधान रहेको छ । वर्ण र शब्दको सङ्गठित संयोजनले कविता लयात्मक बनेको छ । १५ अक्षरे मालिनी छन्दको श्रुतिमधुर लययोजना यस कवितामा पाइन्छ जसले कवितामा साङ्गीतिकता सिर्जना गरेको देखिन्छ । वर्ण र शब्दको सुगठित प्रयोगले कवितामा गेयात्मकता, श्रुतिमाधुर्यता एवम् सौन्दर्यात्मकता प्रदान गरको छ । लयगत रूपमा कविता स्तरीय बनेको छ ।

### भाषाशैली

भाषाशैलीका दृष्टिले 'तस्वीर' कवितामा सरल, सङ्क्षिप्त र सहज एवम् स्वाभाविक शब्दको प्रयोग भएको छ । तत्सम, तद्भव तथा आगन्तुक शब्दहरूको प्रयोगले कविताको भाषाशैलीमा विविधता सिर्जना गरेको छ । यस कवितामा कविको एकालापीय कथनपद्धति तथा सम्वादात्मक रूपमा प्रश्नोत्तरीशैलीको प्रयोग भएको छ । विम्व, प्रतीक र अलङ्कारको मिश्रित योजनाले कविताको भाषाशैली रागात्मक, कलात्मक तथा सौन्दर्यपूर्ण बनेको छ । समग्रमा कविताको भाषाशैली सरल, बोधगम्य र उपयुक्त रहेको छ ।

### उद्देश्य

बालबालिकाको सिर्जनात्मक, कलात्मक, बौद्धिक तथा मानसिक क्षमताको विकास गराउने यस कविताको उद्देश्य हो । उनीहरूलाई 'तस्वीर'को सौन्दर्यप्रंति ध्यानाकर्षण गराई उच्च कल्पना र गहिरो चिन्ताप्रतिको. दृष्टिकोण जगाउनुका साथै 'तस्वीर'को सुन्दरताप्रति अभिप्रेरित गराएर मनोरञ्जन दिई यसको उपयोग, औचित्य तथा महिमागान गराउनु उक्त कविताको उद्देश्य देखिन्छ ।

### 'हैंसा बूढीको मुख'

### विषयवस्तु

हास्य-व्यङ्ग्यात्मक शैलीमा बालबालिकालाई जिन्दगीको वास्तविकताबारे ज्ञान दिने उद्देश्यले लिखित कविता 'हैंसा बूढीको मुख' हो । मानिसको जीवनचक्रको अन्तिम घडीको चित्रणको मनोरञ्जनात्मक प्रस्तुतीकरण यस कवितामा भएको छ । बालबालिकाका निम्ति हास्यात्मक ढङ्गमा मनोरञ्जन दिएर वृद्ध र असहाय मानिसहरूको सेवा गर्नुपर्छ भन्ने उपदेशात्मक भाव यस कवितामा व्यक्त भएको छ । सामाजिक चालचलन र घरव्यवहारसम्बन्धी विषयवस्तुलाई लिएर उक्त कविताको चित्रण गरिएको छ ।

### संरचना

यस कविताका दुई संरचनामध्ये बाह्य संरचनाअन्तर्गत जम्मा ४० पङ्क्तिपुञ्ज रहेका छन् । यसमा १० श्लोकको लघु आयाम रहेको छ । पृष्ठ संख्याका रूपमा जम्मा ४ पृष्ठ (पृ.३७-४०) रहेका छन् । आन्तरिक संरचनाको रूपमा विषयवस्तु र भावको सङ्गठित संयोजन रहेको छ । झिनो आख्यान र गहिरो भावव्यञ्जन, अन्त्यानुप्रासीय लयविधान, बाह्य तथा अन्तःसङ्गीतमय संरचना, मानवीय जीवनको यथार्थप्रकटका निम्ति उच्च कल्पनाको सौन्दर्यमूलक भावाभिव्यक्ति प्रवाहित श्रृङ्खलित आन्तरिक संरचना रहेको छ ।

**भावविधान**

यस कवितामा कविको हास्य-व्यङ्ग्यात्मक शैलीमा बालबालिकालाई मनोरञ्जन दिई मानव जीवनको अन्तिम वृद्धावस्थाको चित्रण गरी हरेक व्यक्ति बूढाबूढी हुने गर्छन् र एकदिन मर्नुपर्छ भन्ने आध्यात्मिक-नियतिवादी भाव व्यक्त भएको छ । त्यसैले बूढाबूढीलाई जिस्काउने, गाली गर्ने, हेप्ने र पिट्ने गर्नुहुँदैन । यदि हामीले आज त्यसो गर्‍यौं भने भोलिका दिनमा हामी बूढाबूढी भएपछि अरूले पनि हामीलाई त्यसै गर्छन् । तसर्थ उनीहरूमाथि सद्भाव राख्नुपर्छ, सहयोग, सेवा र आत्मीयताको भावले हेर्नुपर्छ भन्ने नैतिक सन्देश दिनु उक्त कविताको भावभूमि हो । यसैगरी कविको स्वच्छन्दतावादी रहस्यवादी उच्च कल्पनाको कलात्मक अभिव्यक्ति प्रकट गर्नु यस कविताको भावविधान रहेको देखिन्छ । हास्यरसको प्रधानता रहेको यस कवितामा स्थायी भावको रूपमा हाँसो आएको छ । जस्तैः

*हेर धोति हिसिशून्य मुहार ।*
*चाउरीहरू बनी भरमार ।*
*छन् अनेक खहरेकन खोंच*
*क्या मजासँग चुनाउँछ शोच ॥*

यसरी उपर्युक्त कवितांशमा ईश्वरको सुन्दर सृष्टिबाट प्राप्त सुन्दर, कोमल, स्निग्ध बालजीवन, रूपवान यौवनजीवन तथा रूपपरिवर्तित विकृत अनुहार तथा शरीरको चित्रण गरी मानिसको जीवनचक्रको रहस्यमय परिवर्तन तथा जन्म-मृत्युको विचित्र सांसारिक प्रक्रियाको सत्यता प्रदान गर्नु यस कविताको भाव रहेको छ ।

**लयविधान**

लयगत आधारमा उक्त कविता सफल रहेको छ । अन्त्यानुप्रासीय लय योजनाको उचित प्रवाह यस कवितामा भएको छ । ११ अक्षरे मात्रा छन्दमा आधारित यस कविता छन्दअनुशासन युक्त रहेको देखिन्छ । वर्ण र शब्दहरूको नियोजित प्रयोगले कविता लयात्मक बनेको छ । समष्टिमा लयविधानगत दृष्टिले कविता सङ्गीतमय, श्रुतिमधुर, गेयात्मक एवम् रमणीय बनेको छ ।

**भाषाशैली**

भाषाशैलीको कोणबाट हेर्दा यहाँ सरल, सङ्क्षिप्त, स्वाभाविक शब्दहरूको प्रयोग भएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूले कवितालाई सौन्दर्यपूर्ण बनाएका छन् । कविप्रौढोक्ति कथनशैलीको आत्मपरक प्रस्तुतीकरणबाट कविताको भाषाशैली सरल र बोधगम्य बनेको छ । विम्व, प्रतीक र अलङ्कारको प्रयोगले कविताको भाषाशैली स्तरीय बनेको छ । समग्रमा कविताको भाषाशैली लयात्मक, कलात्मक, रागात्मक एवम् श्रुतिमधुर रहेको छ ।

**उद्देश्य**

हास्यव्यङ्ग्यात्मक प्रस्तुतीकरणको माध्यमबाट बालबालिकालाई मनोरञ्जन दिई उनीहरूलाई नैतिक चरित्रको ज्ञानदिनु अनि वृद्धा र असहायप्रति सद्भाव जगाउनु यस कविताको उद्देश्य रहेको छ । स्वच्छन्दतावादी-रहस्यवादी कोणबाट मानवजीवनको विविध अवस्थाबारे जानकारी गराउने र आफूभन्दा ठूलाहरूको मानमर्यादा तथा असहाय र अशक्तहरूको सेवा गर्नु

मानवधर्म हो भन्ने मानवतावादी-अध्यात्मवादी सन्देशमार्फत उनीहरूको बौद्धिक, मानसिक, संवेगात्मक पक्षको विकास गराउनु यस कविताको ध्येय रहेको छ भन्न सकिन्छ ।

**'गाउँदिने कथा'**

### विषयवस्तु

गाउँखाने कथासँग सम्बन्धित बालमनोरञ्जनात्मक साहित्यिक विधाको 'कथा' विधाअन्तर्गत बालकवि देवकोटाद्वारा लिखित बालकाव्य रचना हो 'गाउँदिने कथा' । कल्पनालाई कविताको साङ्गीतिक मालामा उनेर मनोरञ्जनपूर्ण शैलीमा बालबालिकासामु प्रस्तुत गरिएको यस कथाको विषयवस्तु बुद्धिपरीक्षा र चेतनाबोधसम्बन्धी रहेको छ । बालबालिकाहरूमा उच्च कल्पनाशक्तिको विकास तथा बौद्धिकताको जाँच गर्ने अभिप्रायले उक्त कविताको विषयवस्तु सार्थक देखिन्छ ।

### संरचना

यस कविताको बाह्य संरचनाअन्तर्गत ३२ हरफको पङ्क्तिपुञ्ज रहेको छ । यसमा ८ टुक्रा (श्लोक) छन् । यसैगरी पृष्ठसंख्याका आधारमा यहाँ जम्मा ३ पृष्ठ (पृ.४१-४३) को अघु आयाम रहेको छ । आन्तरिक संरचनाका रूपबाट हेर्दा प्रत्येक दोस्रो र चौथो हरफको अन्तमा अन्त्यानुप्रासीय संरचना रहेको छ । विषयवस्तु र भाषाको सुगठित संरचना, कल्पना र सौन्दर्यको अधिक प्रयोग, झिनो आख्यान एवम् गाढा भावव्यञ्जन तथा स्वच्छन्दतावादी/रहस्यवादी काल्पनिक सौन्दर्यात्मक अनि कलात्मक संरचना रहेको छ ।

### भावविधान

भावविधानगत कोणबाट हेर्दा यस कविता उच्च भावको देखिन्छ । काल्पनिक सौन्दर्यको वर्णन गरी बालशक्तिको विकास गरी नवीन विषयवस्तुसम्बन्धी चेतना प्रदान गर्नु उक्त कथाको मूलभाव हो । उनीहरूलाई विविध प्रकारका गाउँ खाने कथा सुनाएर त्यसको जवाफ स्वरूप प्राप्त हुने उत्तरले बालबालिकाको ज्ञान, शिक्षा, विवेक, चेतना, धारणा आदिमा समेत सकारात्मक प्रभाव पार्नु र उनीहरूको मानसिक एवम् चेतनामूलक पक्षहरूको विकास गर्नु उक्त कथाको भावभूमि हो । यस कथामा स्थायी भावको रूपमा अद्भुत रस आएको छ । जस्तै-

*दुइटा ओडार काला काला*
*त्यसमा दुइटा तारा*
*माथि झाँग छ तल झाडी*
*त्यो हो के त प्यारा ?*

### लयविधान

उपर्युक्त कथामा लयविधानको सुनियोजित प्रयोग भएको छ । प्रत्येक दुई-दुई हरफको अन्त्यमा प्रयोग भएका शब्दहरूले कथा लयात्मक बनेको छ । लयको उचित संयोजनले कथा मर्मस्पर्शी, सङ्गीतात्मक, गेयात्मक, रमणीय तथा श्रुतिमधुर बनेको छ । समग्रमा लयको प्रयोग सशक्त र प्रभावपूर्ण रूपमा भएको छ ।

### भाषाशैली

भाषाशैलीका रूपबाट हेर्दा यसमा सरल, सङ्क्षिप्त र स्वाभाविक शब्दहरू प्रयोग भएका छन् । यद्यपि कहीँ जटिल मिश्रित कथनपद्धति उक्तिढाँचाको प्रश्नोत्तर शैली उक्त कविताको भाषाशैली रहेको छ । प्रस्तुत विम्व, प्रतीक र अलङ्कारले कथा रोचक बनेको छ । समष्टिमा कथाको भाषाशैली सङ्गीतमय, रमणीय, कलात्मक, रागात्मक एवम् लयात्मक बनेको छ । भाषाशैलीका रूपबाट कथा स्तरीय रहेको छ ।

## उद्देश्य

'गाउँदिने कथा'को मूल उद्देश्य बालबालिकालाई मनोरञ्जन दिई मानसिक एवम् बौद्धिक शक्तिको विस्तार गराउनु हो । असीम कल्पना सामर्थ्यको प्रष्फुटन, विकास तथा प्रबर्द्धन गर्नु उक्त कथा उद्देश्यमूलक रहेको देखिन्छ । रहस्यवादी-स्वच्छन्दवादी कोणबाट प्राकृतिक नवीन वस्तुहरूको ज्ञानको चेतनाबोध बालमस्तिष्कमा गराउनु उक्त कथाको उद्देश्य रहेको पाइन्छ ।

## 'पृथ्वी–भकुण्डो'

## विषयवस्तु

बालबालिकाले खेलेर मनोरञ्जन लिने खेल साधन भकुण्डोलाई लिएर यहाँ कविता रचिएको छ । बालबालिकालाई मनोरञ्जनका साथै बौद्धिक तथा चेतनाको विकासको अभिप्रायसँग सम्बन्धित उक्त कविताको विषयवस्तु 'प्रकृतिजगत' रहेको छ । पृथ्वीको रमणीय र स्वच्छन्द मैदानमा बालबालिकाले मनोरञ्जनका निम्ति खेल्ने खेल विशेष वस्तु 'भकुण्डो'को चित्रात्मक प्रस्तुति यस कवितामा भएको छ ।

## संरचना

यस कवितामा बाह्य संरचना अन्तर्गत ८ पङ्क्तिपुञ्ज रहेको छ । श्लोक संख्या भने २ वा प्राय लघुसंरचनाको १ पृष्ठ (पृ.४४) रहेको देखिन्छ । अन्त संरचनामा चाहिँ प्रत्येक दुई-दुई हरफको अन्त्यमा अनुप्रासीय संरचना, भाव र आख्यानको मिश्रित संयोजन, कल्पना र सौन्दर्यको प्रस्तुतीकरण, झिनो आख्यान तथा प्रखर भावव्यञ्जन संरचना रहेको छ ।

## भावविधान

भावविधानका रूपबाट हेर्दा यस कवितामा स्वच्छन्दतावादी-रहस्यवादी उच्च काल्पनिक सौन्दर्य चित्रित गहिरो भावप्रकट भएको छ । पृथ्वीको सुन्दर चउरमा बालमनोरञ्जनको निम्ति प्रयोग गरिने भकुण्डोको पीडालाई महशुस गर्दै कहिले पूर्व त कहिले पश्चिम अनि कहिले उत्तर त कहिले दक्षिण पुग्ने भकुण्डोको यात्राबाट उक्त खेल खेल्ने व्यक्ति पनि खेलमा रमाउँदै-रमाउँदै एकदिन मृत्युको मुखमा पुग्छ । तर उसलाई जीवनको अनुभव हुँदैन कि खेल मनोरञ्जनकै..... बन्दछ । यसरी पृथ्वीको हराभरा मैदानमा गुड्ने भकुण्डो जसरी एकदिन फुटेर जान्छ, त्यसैगरी मानव जीवनको अन्त्य अवश्य हुन्छ । यो कुरा उसलाई थाहा हुँदैन भन्ने रहस्यवादी जीवनदृष्टिको अभिव्यक्ति यस कविताको भावपक्ष हो । यसरी पृथ्वीलाई स्वर्ग ठानी रमाउनु मानवको भूल हो, भ्रम हो भन्ने रहस्यवादी दार्शनिक विचार प्रस्तुत गर्नु यस कविताको भाव रहेको देखिन्छ । समग्रमा जीवनको वास्तविकता वा नियतिवादी प्रक्रियाको उद्घाटन उक्त कविताको भावभूमि हो । अद्भुत स्थायीभाव युक्त रसले यस कवितालाई रसिलो बनाएको छ । जस्तै-

*भकुण्डो पृथ्वीको लडिबुडि गराई फननन*
*दिंदो लात्तीपात्ती दिन दिन घुमाई छिनछिन ।*
*सधैं पूर्वै फेंक्दो दिन दगुरिने पश्चिम गरी*
*भकुण्डो खेल्ने को कुन दिन छ अड्ने कुन हरि ?*

**लयविधान**

लयविधानका दृष्टिले यसमा कविताका प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयविधान प्रयोग भएको छ । वर्ण र शब्दको सिलसिलाबद्ध संयोजनले कवितामा लयात्मकता ल्याएको छ । १७ अक्षरे शिखरिणी छन्दको प्रयोग उक्त कवितामा पाइएकोले लयविधान साङ्गीतिक, श्रुतिमुधर, रमणीय एवम् गेयात्मक बनेको छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र सहज भाषाशैलीको प्रयोग भएको छ । सरल र छोटा शब्दहरूको प्रयोगबाट कविता बोधगम्य बनेको छ । शब्दस्रोतका रूपमा तद्भव, अगन्तुक, हिन्दी (बहुत) स्रोतका शब्द रहेका छन् । यसैगरी अनुकरणात्मक शब्द-लडिबुडी, झिलिमिली, हिलिलिली, लात्तीपात्ती आदिको प्रयोग भएको छ । विविध विम्व, प्रतीक र अलङ्कारले भाषाशैली कलात्मक बनेको छ । कविनिबद्धवक्तृ प्रौढोक्ति शैलीमा प्रस्तुत कविताको भाषाशैलीले कविता लयात्मक, रागात्मक र कलात्मक बनेको छ ।

**उद्देश्य**

बालबालिकालाई भकुण्डो खेलको माध्यमबाट मनोरञ्जन दिई उनीहरूको शारीरिक तथा बौद्धिक क्षमताको विकास गराउनु यस कविताको उद्देश्य हो । यसैगरी पृथ्वीको प्राकृतिक सौन्दर्यचेतनातर्फ आकर्षित गराउनु र स्वच्छन्दतावादी-रहस्यवादी भावप्रति उन्मुख गराई बालबालिकाको चौतर्फी सीपको विकास गराउनु उक्त कविताको उद्देश्य रहेको छ ।

**'जुनि'**

**विषयवस्तु**

भाववाचक नाम शब्दसँग सम्बन्धित कविताको शीर्षक हो 'जुनि' । मानव चोला (जीवन)लाई सत्मार्गमा लगाई सार्थक जीवन बिताउन दिएको मानव सन्देशका रूपमा उक्त कविता उद्यृत छ । बुद्धिपरीक्षा र चेतनाबोधसम्बन्धी विषय लिएर लेखिएको यस कविता बालबालिकालाई नैतिक शिक्षा दिने उनीहरूलाई सत् मार्गमा लगाउने उपदेशात्मक कविताको रूपमा आएको छ ।

**संरचना**

कविताका दुई संरचनामध्ये यस कविताको बाह्य संरचनाका रूपमा यहाँ जम्मा १२ हरफे पङ्क्तिपुञ्ज रहेको छ जसमा ३ श्लोक छन् । आन्तरिक संरचनाका रूपमा चाहिँ शास्त्रीय लयढाँचाको अन्त्यानुप्रासीय लय संरचना रहेको छ । यसमा भाव र आख्यानको अन्त:संयोजन तथा झिनो आख्यान र गहिरो भाव प्रकट भएको छ । वर्ण र शब्दको आवृत्तिले कविताको आन्तरिक संरचनापक्ष प्रबल बनेको छ ।

**भावविधान**

खराब नियत र गलत विचारले मानिसलाई नराम्रो मार्गमा लगाउँछ । चोर्ने, ढाँट्न, दु:खदिने, ठग्ने स्वभाव हुने व्यक्ति नीच कीरा अर्थात् भ्रmींगा हो , अल्छी र सुताहा व्यक्ति अजिंगर हो, अरूलाई नराम्रो गरी ठूलो बन्न चाहने व्यक्ति हात्ती वा घोडा जस्तै पशु बन्छ जसलाई बुद्धिवान् व्यक्तिले प्रयोग गरेर आफ्नो फाइदा लिन्छन् । फोहरी विचारले मान्छेलाई अन्धो बनाइदिन्छ, परोपकार नगर्ने व्यक्ति उन्यू समान हुन्छ भन्ने उक्तिमार्फत मानवप्राणीलाई श्रेष्ठ र महान् बन्नुपर्छ भन्ने उपदेशात्मक शिक्षा दिनु उक्त कविताको भाव विधान रहेको देखिन्छ । यसरी बहुमूल्य मानवजुनिको सही रूपले परिचालन गर्ने आदर्श दार्शनिक सन्देश दिनु यस कविताको भाव हो भन्न सकिन्छ । घृणा र जुगुण्सा जस्ता स्थायीरसभावले युक्त यस कविताको भाव यस्तो रहेको छ -

*गन्दा विचारहरूले बनिजान्छ गन्धे*
*जो दान दिन्न जगमा उ उन्यू छ भन्ने*
*'ढुँगो हुने निहुरको हिल बन्छ' भन्दे*
*'चोला सपार् मकन' कान दिएर सुन्दे ॥*

**लयविधान**

लयगत कोणबाट हेर्दा यस कविताको लय प्रत्येक दुई-दुई हरफको अन्तमा अन्त्यानुप्रासीय लय योजनाको प्रयोग भएको छ । यसले गर्दा कविता साङ्गीतिक, श्रुतिमधुर, गेयात्मक तथा लयात्मक बनेको छ । यस कवितामा १४ अक्षरे बसन्ततिलका छन्दको प्रयोग भएको छ जसले कविता रमणीय बन्न पुगेको छ । समग्रमा कविताको बाह्य तथा अन्त:लय विधानले कविता सुन्दर बनेको छ ।

**भाषाशैली**

भाषाशैलीको पक्षबाट काविताको मूल्याङ्कन गर्दा स्तरीय भाषाशैलीको प्रयोग यहाँ पाइन्छ । सरल, सङ्क्षिप्त, सहज र स्वाभाविक शब्द संयोजनले भाषाशैली सरल एवम् बोधगम्य बनेको छ । स्रोतका आधारमा हिन्दी (मकन), तद्भव, आगन्तुक शब्दको प्रयोग भएको छ । विविध विम्व, प्रतीक र अलङ्कारले कविता सौन्दर्यपूर्ण बनेको छ । कविको उच्च कल्पनाको एकालापीय शैली अर्थात् उपदेशात्मक शैलीले कविताको भाषाशैली प्रवाहपूर्ण बनेको छ । समग्रमा उक्त कविताको शैलीविधान कलात्मक, रागात्मक तथा साङ्गीतिक रहेको छ ।

**उद्देश्य**

मानव जीवनलाई विषयवस्तु बनाई यसैको स्वच्छन्द र रहस्यपूर्ण चित्रण मार्फत बालबालिकालाई मनोरञ्जन दिई उनीहरूलाई मानवीय नैतिक सन्देश दिनु, सत्मार्गमा लगाउनु उनीहरूको बौद्धिक, मानसिक एवम् चेतनामूलक र संवेगात्मक पक्षको विकास गराउनु उक्त कविताको उद्देश्य रहेको देखिन्छ ।

**'झांगघर'**

**विषयवस्तु**

सुनको विहान कविता सङ्ग्रहको अन्तिम कविता 'झांगघर' हो । प्रकृतिका सुन्दर वन्यलहराहरूद्वारा निर्मित घरको उच्च सौन्दर्यात्मक कल्पनामा आधारित यस कवितामा मानवीयता अर्थात विश्वमानवताको सन्देश व्यक्त भएको छ । विश्वबन्धुत्व वा विश्वप्रेम भावनालाई विषयवस्तु बनाई उक्त कविता रचिएको छ । विश्वका सबै मानवजाति एक हौं, एकले अर्कोलाई आत्मीयपूर्ण समभावले हेर्नुपर्छ भन्ने मूलभावभूमिमा यस कविता सार्थक रहेको छ ।

**संरचना**

संरचनागत रूपका आधारमा यस कवितामा दुई संरचना, बाह्य तथा आन्तरिक रहेका छन् । बाह्यअन्तर्गत १२ हरफे पङ्क्तिपुञ्ज तथा जम्मा ३ श्लोकको लघु संरचना पर्दछ । आन्तरिक संरचनाका रूपमा प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लययोजना छ । भाव र आख्यानको सङ्गठित संयोजन रहेको छ । यसरी नै स्वच्छन्दतावादी-रहस्यवादी सौन्दर्यशील तथा कलात्मक संयोजन यसमा भएको छ । कल्पना र सौन्दर्यको बहुलप्रयोग तथा झिनो आख्यान एवम् गाढा भावव्यञ्जन यस कविताको अन्तःसङ्गीतका रूपमा आएको छ ।

**भवविधान**

भावविधानको दृष्टिबाट हेर्दा यस कवितामा कविको स्वच्छन्दतावादी- रहस्यवादी उच्च कल्पना तथा गहिरो भाव व्यक्त भएको छ । जसरी प्रकृतिको सुन्दर जङ्गलमा वनस्पति लहराहरू मिलेर आत्मीयभावसँग एक गुच्छाको घर बनाई बस्छन्, त्यसैगरी विश्वमा छरिएर रहेका समग्र मानवजातिहरू पनि समग्र विश्वको एक घर बनाई बस्नुपर्छ जसमा मानवता, समानता, स्वतन्त्रता, भातृत्वता, विश्वबन्धुत्वता जस्ता आत्मीय भावहरू अनि दुःख सुखका अनुभव अनुभूतिलाई साझा भावको रूपमा बाँड्न सकियोस् भन्ने असीम इच्छा कविले यस कविताको भावभूमिका रूपमा प्रकट गरेका छन् । यसरी समग्र विश्वमानवमा धार्मिक, राजनैतिक, सामाजिक, साँस्कृतिक, आर्थिक, शैक्षिक, भौगोलिक, साहित्यिक, वैज्ञानिक, कानुनी एवम् संचारजस्ता विविधपक्षमा आत्मीयता, एकता र अखण्डताको भाव सिर्जना गर्नु यस कविताको भाव रहेको छ । यसैगरी बालबालिकामा समता र एकताको प्रेमभाव सिर्जना गराउनु अर्को भावभूमि रहेको देखिन्छ । यस कवितामा शान्त रसको स्थायीभाव प्रवाह रहेको छ । जस्तै-

*घर एक बनाउँ मिली सबले*
*जग होस पृथ्वी तर स्वर्ग पुले ।*
*सरि होस दिल-फूल खुशी रहने*
*लहराहरू तुल्य विचार हुने ॥*

**लयविधान**

'झांगघर' कविताको लयविधानलाई हेर्दा शास्त्रीय छन्दको १२ अक्षरे तोटक छन्दको प्रयोग भएको पाइन्छ । प्रत्येक दुई-दुई हरफको अन्तमा भएको अन्त्यानुप्रासीय लय योजनाले कविता

लयात्मक, श्रुतिमधुर, साङ्गीतिक एवम् रमणीय बनेको छ । समष्टिमा कवितामा वर्ण र शब्दको आवृत्तिले कवितालाई लयगत सौन्दर्य प्रदान गरेको छ ।

**भाषाशैली**

भाषा र शैलीको सुगठित संयोजनले यस कविताको भाषाशैली लयात्मक बनेको छ । सुन्दर पद र पदावलीको प्रयोग, सङ्क्षिप्त, सरल र सहज भाषिक शिल्प विधान आदिले कविताको भाषाशैली सरल र बोधगम्य भएको छ । कविको एकालपीय आत्मकथनात्मक शैलीमा उक्त कविताको वर्णन गरिएको छ । यसले गर्दा भाषाशैली सुनियोजित तथा प्रवाहपूर्ण बनेको छ । शब्दस्रोतका रूपमा तत्सम, तद्भव तथा आगन्तुक (दिल) रहेका छन् यसले भाषाशैलीगत विविधता ल्याएको छ । यसैगरी विविध विम्व, प्रतीक तथा अलङ्कारले कविता साङ्गीतिक, श्रुतिमधुर, लयात्मक, कलात्मक, रागात्मक एवम् सौन्दर्ययुक्त र रमणीय समेत बनेको छ ।

**उद्देश्य**

बालबालिकालाई प्रकृतिका स्वच्छन्द वनस्पति एवम् पंक्षी जगतका स्वच्छ, निर्मल, भावप्रति अभिप्रेरित गरी उनीहरूलाई मनोरञ्जन दिनु झ्यांगघर कविताको उद्देश्य हो । प्राकृतिक वस्तुहरूलाई मानवीय आयाम दिई बालबालिकामा एकअर्काप्रति प्रेमभाव जगाउनु, एकताको भावना सिर्जना गर्नु, मानवताको पाठ सिकाउनु आत्मीयता, भातृत्वता तथा विश्व बन्धुत्व जस्ता भावहरू प्रदान गर्नु यस कविताको उद्देश्य रहेको देखिन्छ । समग्रमा उनीहरूको बौद्धिक, मानसिक, संवेगात्मक, सामाजिक, साँस्कृतिक विकास गर्नु यसको अभिप्राय हो ।

### ५.८.१ 'सुनको विहान' (कविता सङ्ग्रह)को काव्यप्रवृत्तिगत मूल्याङ्कन

'सुनको विहान' भित्रका सम्पूर्ण कविताहरूको अध्ययन तथा विश्लेषण गर्दा मोटामोटी रूपमा निम्न प्रवृत्तिहरू देखापर्दछ :

१. विषयवस्तुगत प्रवृत्ति

२. लयविधानगत प्रवृत्ति

३. रसविधानगत प्रवृत्ति

४. भाषाशैली एवम् उक्तिढाँचागत प्रवृत्ति

५. उद्देश्यगत प्रवृत्ति

६. कृतिगत प्रवृत्ति

### १. विषयवस्तुगत प्रवृत्ति

यसअन्तर्गत-१.प्रकृतिसम्बन्धी ('सुनको विहान', 'वर्षा', 'सौन्दर्य-उपासना', 'फूलपरी', 'झ्यांगघर', 'पृथ्वी-भकुण्डो'), २.भक्तिभावनासम्बन्धी ('पाप लाग्छ'), ३.सामाजिक चालचलन तथा घरव्यवहार ('पैसा', 'मास्टरजी', 'हैंसा बूढीको मुख'), ४.पशुजगत ('सिंह र मूसो'), ५.देशप्रेम तथा राष्ट्रभक्ति ('पल्टन', 'धूलो', 'नेपाली सलाई बट्टा'), ६.मनोजगत ('कुहुकुहु', 'तस्वीर'), ७.बुद्धिपरीक्षा तथा चेतनासम्बन्धी ('गाउँदिने कथा', 'जुनि'), पङ्छीजगत सम्बन्धी ('किताब-चरो') गरी जम्मा ८ किसिमका विषयवस्तुगत प्रवृत्ति पाइन्छ ।

### २. लयविधानगत प्रवृत्ति

यसअन्तर्गत १.मात्रा छन्दमा ('सुनको विहान', 'मास्टरजी', 'सौन्दर्य-उपासना', 'किताब-चरो', 'हैंसा बूढीको मुख'), २.अनुष्टुप छन्द ('पाप लाग्छ'), ३.वसन्ततिलका ('पैसा', 'जुनि'), ४.शिखरिणी छन्द ('सिंह र मूसो', 'फूलपरी', 'पृथ्वी-भकुण्डो'), ५.मुक्त छन्दलय ('वर्षा', 'गाउँदिने कथा'), ६.गीतिलय ('पल्टन'), ७.शार्दूलविक्रीडित छन्द ('धूलो') ८.पृथ्वी-छन्द ( 'नेपाली सलाई बट्टा'), ९.शालिनी छन्द ('कुहुकुहु'), १०.मालिनी छन्द ('तस्वीर'), ११.तोटक छन्द ( 'झांगघर') गरी जम्मा ११ किसिमका छन्दविधान प्रवृति पाइन्छ ।

### ३. रसभावविधानगत प्रवृत्ति

यसअन्तर्गत-१.वीर रसभावप्रधान ('सुनको विहान', 'पल्टन'), २.शान्तरस भाव ('पाप लाग्छ', 'फूलपरी', 'किताब-चरो', 'धूलो', 'नेपाली सलाई बट्टा', 'कुहुकुहु', 'झांगघर') ३.रौद्ररस ( 'पैसा'), ४.अद्भूत रसभाव ('सिंह र मूसो', 'वर्षा', 'सौन्दर्य-उपासना', 'तस्वीर', 'गाउँदिन कथा', 'पृथ्वी-भकुण्डो'), ५. हास्यरस ('मास्टरजी', 'हैंसा बूढीको मुख') ६.विभत्सरस ('जुनि') गरी जम्मा ६ किसिमका रसभावगत प्रवृत्ति पाइन्छ ।

### ४. भाषाशैली एवम् उक्तिढााचागत प्रवृत्ति

यसअन्तर्गत-१.कवि प्रौढोक्ति उक्ति ढाँचा ('सुनको विहान', 'पैसा', 'वर्षा', 'मास्टरजी', 'सौन्दर्य-उपासना', 'फूलपरी', 'किताब-चरो', 'धूलो', 'कुहुकुकु', 'तस्वीर', 'हैंसा बूढीको मुख', 'जुनि', झांगघर', 'नेपाली सलाई बट्टा'), २.कविनिबद्धवक्तृप्रौढोक्ति ('पाप लाग्छ', 'पल्टन', 'पृथ्वी-भकुण्डो'), 'सिंह र मूसो', 'गाउँदिने कथा') गरी जम्मा २ किसिमका उक्ति ढाँचागत प्रवृत्ति पाइन्छ ।

### ५. उद्धेश्यगत प्रवृत्ति

यसअन्तर्गत-१.राष्ट्रप्रेम-भावसम्बन्धी ('सुनको विहान', 'पल्टन', 'धूलो', 'नेपाली सलाई बट्टा') २.नैतिक उपदेशमूलक ('पाप लाग्छ'), ३.चेतनामूलक शिक्षासम्बन्धी ('पैसा', 'सिंह र मूसो', 'मास्टरजी', 'जुनि'), ४.प्राकृतिक सौन्दर्यप्रतिको आकर्षण ('वर्षा', 'सौन्दर्य-उपासना', 'फूलपरी', 'कुहुकुहु', 'झांगघर'), ५.कल्पनाशक्तिको विकास सम्बन्धी ('किताब-चरो', 'तस्वीर', 'गाउँदिने कथा'), ६. श्रद्धा तथा सम्मानगत उद्देश्य ('हैंसा बूढीको मुख'), ७.खेलजगतप्रति प्रेरित उद्देश्य ( 'पृथ्वी-भकुण्डो') गरी जम्मा ७ किसिमका उद्देश्यगत प्रवृत्ति पाइन्छ ।

### ६. कृतिगत प्रवृत्ति

यसअन्तर्गत-१.स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्ति ('सुनको विहान', 'वर्षा', 'सौन्दर्य-उपासना', 'फूलपरी', 'तस्वीर', 'किताब-चरो', 'कुहुकुहु', 'गाउँदिने कथा', 'झांगघर'), २.आदर्शवादी ('पाप लग्छ', 'धूलो'), ३.हास्यव्यङ्ग्यात्मक प्रवृत्तिगत ('पैसा', 'मास्टरजी', 'हैंसाबूढीको मुख'), ४.अस्ति□ववादी ('सिंह र मूसो', 'पल्टन', 'नेपाली सलाई बट्टा', 'पृथ्वी-भकुण्डो', 'जुनि') गरी जम्मा ४ किसिमका कृतिगत प्रवृत्ति पाइन्छ ।

समष्टिमा देवकोटाका बालकविताकृति 'सुनको विहान' (कविता सङ्ग्रह) विषय वस्तुगत प्रंवृत्तिका आधारमा, लयविधानगत, रसविधानगत, भाषाशैली एवम् उक्तिढाँचागत, उद्देश्यगत र कृतिगत प्रवृत्तिका आधारमा मूल्याङ्कन गर्दा प्रकृतिजगत विषयवस्तुअन्तर्गत सबैभन्दा बढी जम्मा छ ओटा कविता र भक्तिभावनासम्बन्धी सबैभन्दा कम जम्मा १ कविता, मात्रा छन्दअन्तर्गत

बढीमा ५ ओटा तथा कममा अनुष्टुप, गीतिलय, शार्दूलविक्रिदित, पुथ्वी, शालिनी, मालिनी र तोटक छन्दका जम्मा १/१ ओटा रहेका छन् । त्यसैगरी रसभाव अन्तर्गत सबैभन्दा बढी शान्तरसका ७ ओटा तथा कम रौद्र र विभत्सका १/१ ओटा छन् ।

यसरी नै भाषाशैली एवम् उक्तिढाँचागत प्रवृत्तिका आधारमा सबैभन्दा बढी कविप्रौढोक्ति कथनपद्धतिको जम्मा १४ ओटा तथा कविनिबद्ध वक्तृप्रौढोक्ति कथनपद्धतिको जम्मा ५ ओटा रहेका छन् । उद्देश्यगत प्रवृत्तिका आधारमा हेर्दा सबैभन्दा बढी प्राकृतिक सौन्दर्यप्रतिको आकर्षणतर्फ सबैभन्दा बढी जम्मा ५ ओटा तथा कम नैतिक उपदेशमूलक, श्रद्धासम्मान एवम् खेलजगतप्रति प्रेरित उद्देश्य सम्बन्धी १/१ ओटा रहेका छन् । कृतिगत प्रवृत्तिका आधारमा भने स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्तिअन्तर्गत सबैभन्दा बढी जम्मा ९ ओटा तथा आदर्शवादी प्रवृत्तिमा कम २ ओटा रहेका छन् ।

समष्टिमा देवकोटाको बालकविता कृति 'सुनको विहान' (कवितासङ्ग्रह) भित्रका जम्मा १९ ओटा कविताहरूको अध्ययन तथा विश्लेषण गर्दा उनका कविताहरू स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्ति अनुरूप प्राकृतिक सौन्दर्यतर्फको आकर्षण गराउने उदेश्यले रचिएको पाइन्छ । यिनै उद्देश्यमा केन्द्रित रहेर बालबालिकालाई सुन्दर प्राकृतिक चित्रणबाट मनोरञ्जन दिई उनीहरूलाई नैतिक उपदेशसम्बन्धी, राष्ट्रप्रेम भाव एवम् देशभक्ति, चेतनामूलक, कल्पनाशक्तिको विकास, श्रद्धा-सम्मान, खेलजगतसम्बन्धी तथा प्राकृतिक सौन्दर्यप्रतिको आकर्षणप्रति प्रेरित गराउने उद्देश्यका कोणबाट 'सुनको विहान' कविताकृति बालबालिकाहरूका निम्ति एक सफल, प्रभावकारी, उत्कृष्ट तथा महत्वपूर्ण बालकृति हो भनी ठोकुवा गर्न सकिन्छ ।

## **५.९ 'चिल्ला पातहरू' (कविता सङ्ग्रह)को विश्लेषण**

'चिल्ला पातहरू' बाल साहित्यकार लक्ष्मीप्रसाद देवकोटाद्वारा वि.सं.२०१२-१३ सालमा रचिएको हो र उनको मृत्युपछि वि.सं. २०२३ सालमा उनकी धर्मपत्नी मनदेवी देवकोटाद्वारा प्रकाशन गरिएको हो । देवकोटाका ३ प्रमुख बालकविताकृतिहरूमध्ये एक उत्कृष्ट बालकविता कृति हो । बालबालिकालाई मनोरञ्जन दिई बौद्धिक तथा मानसिक विकास प्रभावकारी निर्वाह गर्न सफल यस काव्यकृतिमा जम्मा २२ वटा बालकविताहरू सङ्कलित छन् । ती निम्न छन् :

'प्रार्थना', 'नेपाली राष्ट्रिय गान', 'राष्ट्रभाषा नेपाली', 'मातृभूमिप्रति', 'आरोहीप्रति', 'मीन पचास', 'भोटेले साइकल देख्छ', 'वसन्तपरी', 'प्रेम', 'गहुँको सम्झना', 'चिल्लापातहरू', 'साउन', 'सडेको सुकुल', 'हाम्रो दोष', 'चिडियाहरू', 'कुखुरोप्रति', 'एक अयारे साँझ', 'माघको खुलेको विहान', 'सालपाते फट्याङ्ग्रालाई', 'ठूला र सानासँग', 'तीन स्वर्गवासी बच्चाको सम्झना', 'तारा' । उपर्युक्त कविताहरूको विश्लेषण निम्न रूपमा क्रमशः गर्न सकिन्छ ।

उपर्युक्त कविताहरुमध्ये 'नेपाली राष्ट्रिय गान', 'आरोहिप्रति साउन', 'सडेको सुकुल', 'हाम्रो दोष', 'एक अयारे साँझ', 'माघको खुलेको विहान', 'सालपाते फट्याङ्ग्रोलाई' गरी ८ ओटा कविताहरु बालकविता प्रवृत्तिभन्दा भिन्न स्वभावका रहेको हुँदा ती कविताहरुलाई बालकविता मान्न सकिँदैन । यसप्रकार यहाँ तिनीहरुको विश्लेषण गर्न आवश्यक देखिँदैन । त्यसैले 'चिल्लापातहरुको' भित्रका बाँकी १४ ओटा कविता रचनालाई मात्र बालकविताका रुपमा विश्लेषण गरेर हेर्न सकिन्छ । ती निम्न छन्-

**'प्रार्थना'**

## विषयवस्तु

देवकोटाका बालकविताकृति 'चिल्ला पातहरू' (कविता सङ्ग्रह)को प्रथम कविताशीर्षक हो 'प्रार्थना' । भक्तिभावसम्बन्धी विषयवस्तु लिएर रचिएको उक्त कवितामा विद्याकी देवी सरस्वतीसँग प्रार्थना गरिएको छ । ज्ञान, विवेक, विद्या र सत्मार्गकी माता सरस्वतीबाट हामीलाई सत्बुद्धि र असल शिक्षा प्राप्त होस् भनी उच्च सौन्दर्यपूर्ण-रहस्यवादी काल्पनिक भाव यस कवितामा व्यक्त गरेका छन् ।

## संरचना

यस कविताको संरचना बाह्य तथा आन्तरिक रहेका छन् । बाह्य संरचनाअन्तर्गत जम्मा २० हरफको पङ्क्तिपुञ्ज रहेको छ । यसमा ५ श्लोक छन् । पृष्ठ संख्या १ को अघु आयामगत संरचना यसको बाह्य संरचना हो । यसैगरी आन्तरिक संरचनाका रूपमा यस कवितामा प्रत्येक दोस्रो र चौथो हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयसंरचना रहेको छ । भाव र आख्यानको सुगठित संयोजन, कल्पना र सौन्दर्यको अधिक प्रयोग, झिनो आख्यान तथा गाढा भावव्यञ्जनले उक्त कविताको अन्तः संरचना साङ्गीतिक रहेको छ ।

## भावविधान

भावविधानका दृष्टिले 'प्रार्थना' कवितामा सरस्वतीप्रति गहिरो भक्तिभावको प्रकट भएको छ । सरस्वतीका हामी भक्त हौं, सरस्वती हाम्रा माता हुन् जसले हामीलाई  हटाएर ज्ञानको उज्यालो छर्दछिन । त्यसैले सरस्वती देवी विद्याकी दाता, स्वदेशकी माता ज्ञानकी ज्योति हुनाले उनको प्रार्थना गर्नुपर्छ भन्ने देवकोटाको स्वच्छन्दतावादी-रहस्यवादी उच्चकल्पनाको सौन्दर्यपूर्ण भाव अभिव्यक्त भएको छ । यस कवितामा शान्त रसको स्थायीभाव रहेको छ । जस्तै -

*सरस्वतीका कुमार हामि*
*सरस्वतीको पुकार गर्छौं ॥*
*उनकै स्तनपान समस्त विद्या,*
*पियर दूध त्यो स्वदेश भर्छौं ॥*

## लयविधान

लय विधानका रूपमा उक्त कवितामा प्रत्येक दुई-दुई हरफको अन्तमा अन्त्यानुप्रास लययोजना रहेको छ । यसले गर्दा कविता लयात्मक, साङ्गीतिक, श्रुतिमाधुर्य, गेयात्मक र रमणीय बनेको छ । वर्ण र शब्दको आवृत्तिले कवितालाई सौन्दर्य प्रदान गरेको छ जसले गर्दा कविता लय विधानगत रूपमा उच्च र स्तरीय बन्न पुगेको छ ।

## भाषाशैली

यस कविताको भाषाशैली सरल, सम्प्रेष्य, सहज र स्वाभाविक रहेको छ । यसले गर्दा कविताको भाषिकशिल्प विधान लयात्मक र साङ्गीतिक समेत बनेको छ । सरल भाषाको प्रयोगले

कविताको भाषाशैली सुबोध्य बनेको देखिन्छ । थोरै र सङ्क्षिप्त शब्दहरूबाटै कविताको भाषाशैली भावपूर्ण रहेको छ । कविको बहुबचनबोधक आत्मपरक शैलीको प्रवाहमय प्रस्तुतीकरण भएको छ । समग्रमा कवितामा कलात्मक, रागात्मक, लयात्मक, भाषाशैलीको प्रयोग भएको छ ।

**उद्देश्य**

सरस्वतीदेवीको भक्तिभावपूर्ण प्रार्थनाबाट बालबालिकामा मनोरञ्जन दिई विद्याप्रति सकारात्मक भाव जगाएर उनीहरूलाई बौद्धिक, नैतिक, चारित्रिक, सामाजिक, सांस्कृतिक विकास गराउनु यस कविताको उद्देश्य हो ।

समग्रमा विषयवस्तु, संरचना, भावविधान, लयविधान, भाषाशैली तथा उद्देश्यका रूपबाट 'प्रार्थना' कविता बालबालिकाका उपयोगीमूलक रहेको देखिन्छ ।

**'राष्ट्रभाषा नेपाली'**

**विषयवस्तु**

नेपाल राष्ट्रमा बोलिने नेपाली भाषा 'राष्ट्रभाषा नेपाली' हो । सञ्चारको प्रमुख साधन मानिने वस्तु भाषा हो । जनसम्पर्क, ज्ञान-विज्ञानको आदानप्रदान तथा विचार विनिमयको तथा सरकारी कामकाजको रूपमा अपरिहार्य ठानिएको नेपाली भाषाको मह□वको महिमागान यस कवितामा भएको छ । देशप्रेम एवम् राष्ट्रभक्तिलाई विषयवस्तु बनाई रचिएको उक्त कवितामा कविले स्वच्छन्द कल्पनाको सौन्दर्यपूर्ण अभिव्यक्तिमार्फत नेपाली भाषाप्रति गहिरो भाव व्यक्त गरेका छन् ।

**संरचना**

यस कवितामा बाह्य र आन्तरिक दुई संरचना रहेका छन् । बाह्य संरचनाअन्तर्गत जम्मा २४ हरफको पङ्क्तिपुञ्ज रहेको छ । यसमा जम्मा ६ श्लोक छन् भने पृष्ठसंख्या २ (पृ. ४-५) को लघु संरचना रहेको छ । आन्तरिक संरचनाका रूपमा प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लय संरचना यहाँ पाइन्छ । कल्पना र सौन्दर्यको अधिक प्रयोग तथा झिनो आख्यान अनि गाढा भावव्यञ्जनयुक्त आन्तरिक संरचना देखिन्छ ।

**भावविधान**

नेपाली राष्ट्रभाषाको उच्च महिमागान गाउनु यस कविताको मूलभाव हो । 'राष्ट्रभाषा नेपाली'लाई सुनका टुक्रा, हिमालकी उच्च दिव्य छोरी, पियुषकी निर्झर, कडोरकी रसना-जुहार, राष्ट्रको प्राण, सबैको आमा, गाँस विकास, नेपालकी दिलकी मुहार, अतीत, वर्तमान र भविष्य तथा विशाल जल सागर आदिका रूपमा गरिएको आत्मीय भाव नै यस कविताको भावविधान हो । नेपाली भाषा नै यस कविताको भावविधान हो । नेपाली भाषा नै समग्र नेपालीको सर्वश्व हो, प्राण हो भन्ने स्वच्छन्दतावादी रहस्यवादी जीवनदृष्टिको उच्च कल्पनाको सौन्दर्यात्मक अभिव्यक्ति गर्नु तथा समग्र नेपालीमा भाषागत प्रगाढमाया, स्नेह र आस्थाको भावना जगाउनु उक्त कविताको भावाभिव्यक्ति रहेको देखिन्छ । शान्त, वीर तथा अद्‌भुत रसको मिश्रित स्थायीभावले युक्त यस कविताको भाव यस्तो देखिन्छ ।

*स्वराष्ट्रभाषा ! सबकी पियारी*

*समानकी छौं सुखकी भकारी !*
*सुवर्णदाता बहुमूल्य सारा !*
*कुवेरका छन् तिमिमा हजारौं !*

**लयविधान**

यस कवितामा प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयको प्रयोगले कविताको लयविधान लयात्मक बनेको छ । गीति चेतनामय साङ्गीतिक लयले कविता श्रुतिमधुर बनेको छ । ११ अक्षरे मात्रा छन्दको लयविधान यस कविताको रहेको छ । वर्ण र शब्दको आवृत्तिले कविताको बाह्य तथा अन्तः लयविधान श्रुतिरमणीय एवम् गीतिमय रहेको देखिन्छ ।

**भाषाशैली**

यस कविताको भाषाशैली स्तरीय छ । कलात्मक शब्द संयोजनले भाषाशैली मनोरञ्जनपूर्ण बनेको छ । सङ्क्षिप्त, सहज र स्वाभाविक शब्दको प्रयोगले कविता सरल र बोधगम्य भएको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दले भाषाशैलीमा विविधाता प्रदान गरेको छ । यसैगरी प्रयुक्त विम्व, प्रतीक, अलङ्कारले कवितालाई रसिलो एवम् सुन्दर बनाएको छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिई नेपाली भाषाप्रति माया-स्नेह भाव जगाउनु अनि राष्ट्रभाषाको महत्वबोध गराउनु यस कविताको उद्देश्य हो । यसैगरी उनीहरूको बौद्धिक, मानसिक, संवेगात्मक एवम् चेतनाको विकास गराउनु यस कविताको उद्देश्य रहेको देखिन्छ ।

**'मातृभूमिप्रति'**

**विषयवस्तु**

जन्मभूमि नेपालप्रति समर्पण गरेर लेखिएको कविता हो 'मातृभूमि प्रति' । आफू जन्मेको भूमि स्वर्गभन्दा पनि प्यारो हुन्छ भन्ने भाव कविले यहाँ व्यक्त गरेका छन् । प्राकृतिक विषयवस्तुलाई लिएर रचिएको यस कवितामा स्वदेशप्रति स्वच्छन्दतावादी उच्च कल्पनाको सौन्दर्यात्मक गहिरो भाव व्यक्त भएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा २१ हरफे पङ्क्तिपुञ्ज रहेका छन् । पृ.१ (पृ.६)को लघु आयामगत संरचना रहेको छ । आन्तरिक संरचनाका रूपमा प्रत्येक हरफमा अन्त्यानुप्रासीय लय संयोजन देखिन्छ । भाव र आख्यानको सुसंङ्गठन, कल्पना र सौन्दर्यको अधिक प्रयोग, झिनो आख्यान र गाढा भाव तथा स्वच्छन्दतावादी-रहस्यवादी उच्चकल्पनाको तीव्रता आदि अन्तः संरचना हुन् ।

**भावविधान**

मातृभूमिको सौन्दर्यात्मक महिमागान गाउनु यस कविताको भावविधान हो । आफू जन्मेको स्थानलाई स्वर्गीय देवी 'पार्वती', धराकी स्वर्ण चुली, सत्यताकी तपोवन, ज्ञानकी निर्झरी, हिम-स्तनी, जलभण्डारको सागर, स्फटिकको बुर्जा, विश्वकी महिली वीज, विश्वप्रेमी आदिका उपनामले स्वदेशी भूमिको महत्व र गुनगान गाउनु उक्त कविताको मूलभाव हो । प्राकृतिक सौन्दर्यले पूर्ण रहेको नेपालप्रति उच्च काल्पनिक सौन्दर्यगाथा गाउनु र नेपालीहरूमा आफ्नो राष्ट्रिय भावजगाउनु अनि देशप्रेम र मातृभूमिको महत्वबोध गराउनु यस कविताको भावभूमि हो । शान्त रसको स्थायीभावयुक्त यस कविताको भाव यसरी झल्कन्छ-

*स्वर्गभूकि ! पार्वती हे ! सगरमाथा सुन्दरी !*
*रेणुदेखिन् तारासम्मन् पुगी दगुर्छिन् लरवरी !*
*पोरख तिम्रो माधुरी ! हे अश्रुत, श्रुतमा छरवरी !*
*हे धराकी स्वर्गचुली ! प्रातः तिम्रो सुष्टिको !*

**लयविधान**

लयविधानगत रूपमा यस कवितामा लयको प्रवाह सशक्त ढङ्गमा भएको छ । प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयको प्रयोगले कविता लयात्मक, साङ्गीतिक एवम् श्रुतिमधुर बनेको छ । वर्ण र शब्दको आवृत्तिले कविता साङ्गीतात्मक भएको छ । बाह्य तथा अन्त : लय संरचनाले कविताको लयविधान प्रभावकारी बनेको छ ।

**भाषाशैली**

भाषाशैलीको आधारमा यस कवितामा छोटा, सङ्क्षिप्त, सरल र सहज शब्दहरूको प्रयोग भएको छ । संस्कृत, तत्सम र तद्भव स्रोतका शब्दको उचित संयोजनले यसको भाषाशैली स्तरीय भएको छ । जटिल शब्दका भाषाशैली पनि कहीँ पाइन्छ तर बोधगम्यता भने अवश्यै भेटिन्छ । विम्व, अलङ्कार, प्रतीकले कविताको भाषाशैली कलात्मक, रागात्मक, श्रुतिरमणीय तथा स्तरीय रहेको छ । समग्रमा सरल, बोधगम्य, सम्प्रेष्य तथा सुन्दर भाषाशैलीको प्रयोग भएको छ ।

**उद्देश्य**

स्वदेशको प्राकृतिक - स्वच्छन्दतावादी - जीवनदृष्टिको उच्चकाल्पनिक चित्रणबाट बालबालिकालाई मनोरञ्जन प्रदान गरी उनीहरूमा मातृभूमिप्रति प्रगाढ आस्था माया-ममता र बफादारी भावना सिर्जना गराउनु यसको मूल उद्देश्य हो । यिनै स्वच्छन्द वर्णनबाट बालबालिकाको बौद्धिक, मानसिक, संवेगात्मक तथा राष्ट्रिय भावनाको प्रष्फुटन, विकास र विस्तार गर्नु उक्त कविताको उद्देश्य रहेको छ ।

**'मीनपचास'**

**विषयवस्तु**

विगतका दिनहरूमा शिशिर ऋतुको ठण्डी मौसम (पुस-माघ)मा हुने जाडो विदाको पर्यायवाची रूप हो 'मीनपचास' । यस समयको आधारमा बालकवि देवकोटाले उक्त कविता रचना गरेका हुन् । शिशिर यामको सुख्खा, ठण्डी र शीत-तुषारोले उदास अवस्थाका प्राकृतिक

एवम् भौतिक वस्तुहरूको सौन्दर्यात्मक चित्रण यस कवितामार्फत भएको छ । प्रकृतिजगतका विषयवस्तुद्वारा उक्त समयको उच्च काल्पनिक स्वच्छन्दतावादी वर्णन यहाँ पाइन्छ ।

**संरचना**

यस कविताका बाह्य र अन्तः दुई संरचना रहेका छन् । बाह्य संरचना अन्तर्गत जम्मा ३२ हरफको पङ्क्तिपुञ्ज रहेको छ भने यसमा जम्मा ८ श्लोक छन् । यहाँ पृ. २ (पृ. ११-१२)को लघुसंरचना रहेको देखिन्छ । अन्तःसंरचनाका रूपबाट हेर्दा भाव र आख्यानको सफल संयोजन, कल्पना र सौन्दर्यको अधिक प्रयोग, झिनो आख्यान तथा गाढाभाव व्यञ्जनयुक्त संरचना रहेको छ ।

**भावविधान**

भावविधान दृष्टिले यस कवितामा कविको प्रकृतिप्रतिको उच्च सौन्दर्य प्रकट भएको छ । मीनपचासको शिशिर ऋतुको ठण्डी याममा प्रकृति पनि उदास हुन्छिन् । प्रकृतिको अङ्ग पनि ढिलासुस्ती चल्छ, वनस्पतिहरू सब सुख्खा हुन्छन्, रूखपातहरू झरेर जङ्गल नाङ्गो र उदासिन हुन्छन्, सूर्यको प्रकाश मन्द हुन्छ, हावा, वतासका गति सुस्त हुन्छन् भन्ने रहस्यवादी-सौन्दर्यवादी भाव व्यक्त भएको छ । प्रकृतिलाई मानवीकरण गरी मान्छेको वृद्धाअवस्थामा देखिने नैराश्य, निर्बलता, कमजोरी, विकृत शारीरिक अवस्था, मानसिक शिथिलता जस्ता विशेषताको कल्पना गरी प्राकृतिक ऋतुचक्र अनुरूप पुस-माघको जाडो र कठोर मौसमको चित्रण मानवीकृत रूपमा गर्नु यस कविताको भाव विधान रहेको देखिन्छ । उक्त कवितामा अद्भुत र शान्तरसको भाव व्यक्त भएको छ । जस्तै-

*आयो मीनपचास ! काँच हुनको इच्छा छ पानीकन !*
*माछो सम्मत खोज्छ ओत ! जनले खोज्दछन् खुलेका दिन !*
*टाढा सूर्य भए सुदूर दखिना क्या पातलो घाम छ !*
*छाया घेर परी रुँदी प्रकृतिको दिग्दारको याम छ !*

**लयविधान**

प्रत्येक दुई-दुई हरफको अन्तमा अन्त्यानुप्रासीय लय योजनाले कविता लयात्मक बनेको छ । १९ अक्षरे शार्दूलविक्रीडित छन्दलय ढाँचाले कविताको लय, साङ्गीतिक, श्रुतिमधुर एवम् रमणीय बनेको छ । वर्ण र शब्दहरूको संयोजित विन्यासले कविताका बाह्य तथा अन्तःलय सिर्जना गरेको छ । लयका रूपमा कविता स्तरीय रहेको छ ।

**भाषाशैली**

यस कवितामा स्तरीय भाषाशैलीको प्रयोग भएको छ । सरल, सङ्क्षिप्त, र सहज शब्दहरूको प्रयोग भएको छ । भाषाशैली सरल र बोधगम्य बनेको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोगले कविताको भाषाशैली विविधतामय रहेको देखिन्छ । कविप्रौढोक्ति कथनपद्धतिको धाराप्रवाह एकलापीय वर्णनशैली यसको भाषाशैली रहेको छ । विम्व, प्रतीक र अलङ्कारको समेत प्रयोगबाट कविता च्वाट्ट, रसिलो बनेको छ । समग्रमा यस कविताको भाषाशैली रागात्मक, कलात्मक एवम् सौन्दर्यपूर्ण रहेको छ ।

**उद्देश्य**

प्राकृतिक सौन्दर्यको चित्रणबाट बालबालिकामा मनोरञ्जनप्रदान गरी उनीहरूको मानसिक, संवेगात्मक, बौद्धिक एवम् सिर्जनात्मक क्षमताको विकास गराउनु 'मीनपचास' कविताको उद्देश्य हो । समग्रमा उपर्युक्त कविता विषयवस्तु, संरचना, भावविधान, लयविधान, भाषाशैली तथा उद्देश्यका रूपमा स्वच्छन्दतावादी-सौन्दर्यवादी जीवनदृष्टिका आधारमा बालोपयोगी भन्न सकिन्छ ।

**'भोटेले साईकल देख्छ'**

**विषयवस्तु**

कहिल्यै साईकल नदेखेको भोटेले जीवनमा प्रथम पटक साईकल (मोटर साईकल) देख्दा साईकलको विविध अवस्थाको आश्चार्यजनक वर्णनमा आधारित कविता हो 'भोटेले साईकल देख्छ' । हँस्यौली-ठट्यौली शैलीको मनोजगत विषयवस्तुमा केन्द्रित उक्त कवितामा साइकलको ( मोटरसाईकलको) जादुमय कार्यको सौन्दर्यात्मक चित्रण गरिएको छ भने भोटेको त्यसप्रतिको आकर्षण आन्तरिक मनोवृत्तिको चित्रण समेत गर्ने कोशिस उक्त कवितामा गरिएको छ ।

**संरचना**

यस कवितामा जम्मा दुई संरचना रहेका छन्-बाह्य र आन्तरिक । बाह्य संरचनाका रूपमा जम्मा ३९ हरफे पङ्क्तिपुञ्ज रहेको छ । त्यसमा ७ श्लोक रहेका छन् । पृष्ठगत रूपमा २ पृष्ठ (पृ. १३-१४) को लघु संरचना रहेको छ । यसैगरी आन्तरिक संरचनामा चाहिँ प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लय संरचना छ । आख्यान र भावको प्रगाढ संयोजन उच्च कल्पना र सौन्दर्यको अधिक प्रयोग, झिनो आख्यान तथा गाढा भाव व्यञ्जन रहेको छ ।

**भावविधान**

केरुङको हिमाली क्षेत्रबाट सहरमा झरेको भोटेले देखेको साइकलको वर्णनमा केन्द्रित उक्त कविताको मूलभाव नेपालीहरूको गरिबीको चित्रण गर्नु, अशिक्षा, बेरोजगार, असभ्य, गरीव-निमुखा, निम्न आर्थिक अवस्था भएका पिछडिएका नेपाली भोटेजातिको आर्थिक, सामाजिक, शैक्षिक तथा भौगोलिक अवस्थाको चित्रण गर्नु यस कविताको केन्द्रीय भाव रहेको छ । देशमा आर्थिक, सामाजिक, सांस्कृतिक, शैक्षिक अवस्थामा सुधार हुनुपर्छ र समग्र नेपालीलाई शिक्षित-सभ्य र स्वावलम्वी बनाउनुपर्छ भन्ने भाव यस कविताको देखिन्छ । हास्य रसको परिपाक भएको उक्त कविताको एक अंश यस्तो छ :

*बाइसीगल त्यो लदैंन*

*झर ! झर ! मोंरा झदैंन*

*गुरगुर पांग्रा अर्दैन !*

*कास्दो जुद्धा साङकमा,*

*खाल्डो छन, पर्दना !*

**लयविधान**

सरल, सङ्क्षिप्त र स्वाभाविक बनेको छ । छोटा र अर्थपूर्ण शब्दप्रयोगले कविता लयात्मक बनेको छ । प्रत्येक दुई-दुई हरफको अन्त्यमा मात्राछन्दको अन्त्यानुप्रासीय लय विधान रहेको देखिन्छ जसले कविताको लय गेयात्मक, सांगीतिक तथा श्रुतिमधुर बनेको पाइन्छ । समग्रमा बाह्य तथा अन्तः संरचनाले कविताको लय उत्कृष्ट एवम् विशिष्ट बनेको छ ।

### भाषाशैली

भाषाशैलीका कोणबाट हेर्दा यस कवितामा स्तरीय भाषाशैलीको प्रयोग भएको छ । तामाङ जातिको स्थानीय भाषाको सहज र स्वाभाविक प्रयोगले कवितामा रमणीयता र श्रुतिमाधुर्य सिर्जना गरेको छ । अशिक्षित समाजको भाषिक प्रयोग भएपनि प्रस्तुतीकरण शैली सरल र सम्प्रेष्य रहेको छ । कविता बोधगम्य हुनु, मनोरञ्जनात्मक हुनु आदि कविताको कलात्मक एवम् रागात्मक भाषाशैलीको सुनियोजित संयोजन रहेको देखिन्छ । विम्व, प्रतीक र अलङ्कारको समेत उपयोगबाट भाषाशैली थप रसिलो बनेको छ । कविनिबद्ध वक्तृप्रौढोक्ति शैलीको सुमधुर अभिव्यक्ति शैलीले कविताको भाषाशैली सौन्दर्यात्मक बनेको छ ।

### उद्देश्य

उपर्युक्त कविताको उद्देश्य बालबालिकालाई मनोरञ्जन तथा बौद्धिक ज्ञान दिनु हो । साइकल (मोटरसाइकल)को रमणीय चित्रणबाट उक्त वस्तुप्रतिको आकर्षण सिर्जना गरी त्यसबारे जानकारी गराउनु यस कविताको उद्देश्य हो । समग्रमा व्यक्तिको मनोवृत्तिको सूक्ष्मचित्रण रहस्यमय सौन्दर्यात्मक रूपले गर्नु यस कविताको उद्देश्य हो भन्न सकिन्छ ।

## 'वसन्त-परी'

### विषयवस्तु

प्रकृतिका ऋतु 'वसन्त'लाई एक सुन्दरी परीको रूपमा सौन्दर्यपूर्ण ढङ्गमा गरिएको स्वच्छन्दवादी रहस्यवादी कविता हो 'वसन्त-परी' । प्रकृतिका सुन्दर र हराभरा जगतलाई स्वर्गकी अप्सराको रूपमा चित्रण गरी वसन्तऋतुको महिमागान गाइएको छ । प्रकृतिलाई विषयवस्तु बनाई त्यसैको सौन्दर्यगाथा गाउनुमा नै उक्त कविताको विषयवस्तु सार्थक देखिन्छ ।

### संरचना

यस कवितामा प्रयुक्त बाह्य संरचनाअन्तर्गत जम्मा २९ वटा पङ्क्तिपुञ्ज रहेका छन् जसमा ७ श्लोक देखिन्छन् । पृष्ठ संख्या २ (पृ. १५-१६)को लघु आयामगत संरचना यस कविताको बाह्य संरचना हुन् । यसैगरी आन्तरिक संरचनाका रूपमा भाव र आख्यानको सुगठित संयोजन, कल्पना र सौन्दर्यको प्रचुर प्रयोग, अन्त्यानुप्रासीय लयसंरचना स्वच्छन्दवादी-रहस्यवादी प्रवृत्तिगत संरचना तथा बाह्य तथा अन्तःसंरचनाको साङ्गीतिक संरचना रहेको छ ।

### भावविधान

वसन्तऋतुको हराभरा, सुन्दर र रमणीय प्रकृतिजगतको सौन्दर्यगाथाको स्वच्छन्द एवम् रहस्यमय उद्घाटन गर्नु यस कविताको मूल भाव हो । वसन्त ऋतुको शान्त, सुन्दर, रमणीय एवम् सौन्दर्यात्मक चित्रण गर्नु यस कविताको भावविधान देखिन्छ । प्रकृतिलाई स्वर्गकी अप्सराको

रूप सौन्दर्यसँग तुलना गरी उच्च काल्पनिक एवम् स्वच्छन्दतावादी रहस्यवादी जीवनदृष्टि प्रस्तुत गर्नु उक्त कविताको केन्द्रीय भाव रहेको छ । मूलभूत रूपमा देवकोटाको आफ्नै स्वच्छन्द कल्पनाको अभिव्यक्तिमार्फत बालबालिकालाई मनोरञ्जन दिई प्राकृतिक सौन्दर्यप्रति आकर्षण गराउनु यस कविताको मूल भाव देखिन्छ । यस कवितामा शान्त रस स्थायी रसभावको रूपमा आएको छ जसको भाव यहाँ प्रस्तुत गरिन्छ-

*वसंत परी क्यै चलिरहिथिन्*
*फूल सरले नचिरेकी*
*सग्लै हृदय गरेकी !*

**लयविधान**

यस कवितामा प्रयुक्त मात्राछन्दको अनुप्रास योजनाले कविता लयदार बनेको छ । वर्ण र शब्दको आवृत्तिले कविता लयात्मक बनेको छ । अन्तः तथा बाह्य अनुप्रास संयोजनले कविताको लय साङ्गीतिक, गेयात्मक, श्रुतिमधुर रहेको छ । लय विधानको दुष्टिले कविता उत्कृष्ट रहेको देखिन्छ ।

**भाषाशैली**

उपर्युक्त कवितामा सरल, सङ्क्षिप्त र स्वाभाविक भाषाशैलीको प्रयोग भएको छ । यसले भाषालाई सम्प्रेष्य तथा बोधगम्य बनाएको छ । आत्मपरक वर्णनात्मक भाषाशैलीको प्रयोगले कविताको भाषाशैली रागात्मक, कलात्मक एवम् सौन्दर्यात्मक बनेको छ । यसैगरी विम्व, प्रतीक तथा अलङ्कारको मिश्रित संयोजनले कविता उच्चकोटिको बनेको छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिई प्रकृतिको स्वच्छन्दताप्रति प्रेरित गर्नु यस कविताको उद्देश्य हो । यसको साथै उनीहरूमा अधिक भन्दा अधिक स्वच्छन्द कल्पनात्मक, सिर्जनात्मक शक्तिको विकास गराउनु अनि बौद्धिक, मानसिक, संवेगात्मक क्षमताको विस्तार गर्नु यस कविताको मूलभूत उद्देश्य हो ।

समग्रमा 'वसन्त-परी' कविता स्वच्छन्दतावादी-प्राकृतिक रहस्यवादी तथा काल्पनिक उच्च उडानका दुष्टिले विषयवस्तु, संरचना भावभूमि, लय, भाषाशैली र उद्देश्यका आधारमा बालबालिकाको मनोरञ्जनात्मक एवम् बौद्धिक विकासका निम्ति उपयोगी रहेको देखिन्छ ।

**'प्रेम'**

**विषयवस्तु**

भाववाचक नाम शब्दको गाढा अर्थ बुझाउने अमूर्त शब्द 'प्रेम' हो । यसै शब्दको भावको आधारमा 'प्रेम' कविता रचिएको छ । मनोजगतलाई विषयवस्तु बनाई लेखिएको यस कवितामा देवकोटाले प्रेमको नक्कली र विकृत क्रियाकलापप्रति व्यङ्ग्यप्रहार गर्दै यसको सही अर्थ र उचित रूपमा उपयोग गर्नुपर्ने सन्देश व्यक्त गरेका छन् । प्रेम क्षणभङ्गुर र शुन्य हुन्छ, यो दिव्य स्वप्नको भ्रम हो भन्ने कुरा यस कवितामा प्रकट भएको छ ।

**संरचना**

'प्रेम' कविताका बाह्य संरचनाअन्तर्गत जम्मा २२ हरफे पङ्क्तिपुञ्ज रहेको छ जसमा ३ श्लोकको कविता रहेको छ । पृष्ठ १ को लघु संरचना तथा कविता आफैंमा पूर्ण रहेको छ । आन्तरिक संरचनाका रूपमा उक्त कवितामा भाव र आख्यानको सङ्गठित योजना देखिन्छ । कल्पना र सौन्दर्यको अधिकता, अनियमित अन्त्यानुप्रासीय लय संरचना तथा बाह्य तथा अन्तः संरचना दुबैबाट कविताको संरचना प्रवल रहेको छ ।

**भावविधान**

जीवित प्राणीजगतका निम्ति अपरिहार्य वस्तु 'प्रेम'को चित्रण गर्नु यस कविताको भावभूमि हो । प्रेम मानवदेखि लिएर देवतासम्मलाई पनि आवश्यक छ, प्रेमविना सृष्टिको संचालन हुन सक्दैन । यद्यपि यो शुन्य वस्तु हो जुन एउटा सपनासरी देखिन्छ र आफैं विलाएर जान्छ भन्ने भाव यस कवितामा व्यक्त भएको छ । 'प्रेम' शिवले उमालाई श्रुङ्गार बनाउन सपनेको एक झलक हो । यो कहिल्यै दुई व्यक्तिको निजी घर हुन सक्दैन जहाँ समान भाव र उत्तिकै अधिकार होस् । यसरी प्रेमको संसारमा चलेको सङ्कीर्ण र घृणित जीवनको उपहास गरी प्रेमको रूप र सत्कार्यप्रति मानव जीवनलाई लगाउनुपर्ने स्वच्छन्दतावादी-रहस्यवादी उच्च काल्पनिक भाव प्रस्तुत गर्नु यस कविताको मूलभाव हो । शान्त, करुण, श्रृङ्गार र अद्भुत रसले युक्त यस कवितामा श्रृङ्गार रसको 'रति/प्रेम' भाव प्रकट कविताका केही अंश यस्तो छ -

*तारीफ लाख झूले उपवनमा*
*केवल आँखा रमायो*
*अरूले अलिकति देखेकोले*
*पूरा हृदय समायो*
*अरूसरि देखे अरूले जसकन*
*उसले अलग भै बोलायो ।*

**लयविधान**

लयविधानगत रूपमा कवितामा प्रयुक्त मात्रा छन्दको अन्त्यानुप्रासले कविता लयात्मक बनेको छ । वर्ण र शब्दको आवृत्तिले कविताको लय साङ्गीतिक, गेयात्मक तथा श्रुतिमधुर बनाएको छ । कविताको बाह्य तथा अन्तः संरचनाले कविताको लय सौन्दर्यात्मक भएको छ । समग्रमा कविताको लयविधान रमणीय बनेको छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र स्वाभाविक शब्दको प्रयोग भएको छ । यसले गर्दा कविता सरल, सुबोध्य र सम्प्रेष्य बनेको छ । कविको एकालापीय आत्मपरक अभिव्यक्ति तथा वर्णनात्मक प्रस्तुतीकरण शैलीबाट भाषाशैली प्रवाहमय बनेको छ । विम्ब, प्रतीक तथा अलङ्कारको यदाकदा प्रयोगले कविताको भाषाशैली रसिलो र सौन्दर्यमय समेत बनेको छ । समग्रमा उक्त कवितामा कलात्मक, रागात्मक, लयात्मक, श्रुतिमधुर भाषाशैलीको प्रयोग भएको छ ।

**उद्देश्य**

प्रेमको चित्रणबाट बालबालिकालाई मनोरञ्जन दिई उनीहरूमा बौद्धिक, मानसिक, संवेगात्मक तथा काल्पनिक शक्तिको विकास गर्नु यसको मुख्य उद्देश्य हो । यसैगरी बालबालिकालाई सच्चा प्रेमको पाठ सिकाउनु यस कविताको उद्देश्य रहेको देखिन्छ ।

**'गहुँको सम्झना'**

**विषयवस्तु**

बालसाहित्यकार देवकोटाको प्राकृतिक वस्तुप्रति उच्चकल्पनाको स्वच्छन्दतावादी-रहस्यवादी भाव सिर्जित कविता 'गहुँको सम्झना' हो । गहुँको हरियाली दृश्यको स्मरणका रूपमा कविले सौन्दर्यात्मक चित्रण गरेका छन् । जीवित प्राणीको प्राण आधार खाद्यवस्तु गहुँको सौन्दर्यात्मक स्वच्छन्द वर्णन मार्फत प्रकृतिको सुन्दर वर्णन यस कवितामा गरिएको छ । जसमा प्रकृतिलाई नै विषयवस्तु बनाइएको छ र यसैमा उक्त कविता आधारित छ ।

**संरचना**

यस कवितामा बाह्य तथा आन्तरिक दुई संरचना रहेका छन् । बाह्य अन्तर्गत १६ हरफे कवितापुञ्ज देखिन्छ । पृष्ठ १ को लघु संरचना यस कविताको बाह्य संरचना हो आन्तरिक संरचनाका रूपमा प्रत्येक दुई-दुई हरफको अन्त्यमा अन्त्यानुप्रासीय लयसंरचना छ । भाव र आख्यानको सङ्गठित संयोजन, उच्च कल्पनाको प्रचुर प्रयोग, स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक सौन्दर्यको भावगत अन्तः संरचना आदि आन्तरिक संरचना हुन् ।

**भावविधान**

यस कविताको भावको रूपमा प्रकृतिजगतको स्वच्छन्द चित्रण तथा असीम कल्पनाको सौन्दर्यात्मक अभिव्यक्ति प्रकट गर्नु रहेको छ । सृष्टिको रहस्यमय क्रियाकलापको वर्णन गर्नु यस कविताको भाव विधान हो । प्रकृतिप्रतिको आकर्षण, स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्तिको उद्घाटन प्रचुर कल्पनाको प्रस्तुतीकरण, वनस्पतिजगत्को सौन्दर्यपूर्ण चित्रण, गहुँको सुन्दरता, क्रियाकलाप, चर्तिकला एवम् जादूमय प्रवृत्तिको वर्णन गरी बालबालिकालाई प्राकृतिक सौन्दर्यप्रति आकर्षण गरी बौद्धिक तथा कल्पनात्मक शक्तिको विकास गर्नु यस कविताको भावविधान देखिन्छ । शान्त रसको स्थायी रसभावको परिपाक उक्त कवितामा भएको छ । जस्तै-

*गहूँका खेतमा प्रातका भेटमा लच्कन धाउँछे*
*शीतको दाना रूपले समाई हावामा बिलाउँछे ।*
*इन्द्रेणी झल्के त्यो शवन मलाई जिज्ञासा पछ्याउँछे !*
*नाकले मुसुमुसु वायुमा पैल्याई, मुसकानले जिस्काउँछे !*

**लयविधान**

यस कवितामा लयविधानको सशक्त निर्वाह भएको छ । लोकलय वा झ्याउरे लयको प्रयोगले कविता लयात्मक, साङ्गीतिक, गेयात्मक र श्रुतिमधुर बनेको छ । कविताको बाह्य तथा आन्तरिक संरचनाले कविताको लय प्रवाहमय, रमणीय र सुन्दर बनेको छ । समग्रमा लयको सफल प्रयोग यहाँ भएको छ ।

**भाषाशैली**

यस कविताको भाषाशैली सरल, सङ्क्षिप्त, सहज र स्वभाविक रहेको छ । जसले गर्दा कविता बोधगम्य र सम्प्रेष्य बनेको छ । कविता प्रस्तुतीकरणको शैली कविप्रौढोक्ति रहेको छ । कविताको एकालापीय कथनपद्धतिमा वर्णित कविता भाषाशैलीगत रूपमा लयात्मक एवम् प्रवाहमय बनेको छ । विम्व, प्रतीक तथा अलङ्कारको संयोजित योजनाले कविता लयात्मक, रागात्मक, कलात्मक एवम् सौन्दर्यात्मक देखिन्छ । समग्रमा भाषाशैली उत्कृष्ट छ ।

**उद्देश्य**

गहुँको हरियाली सौन्दर्यपूर्ण चित्रणमार्फत बालबालिकालाई मनोरञ्जन दिई प्राकृतिक-स्वच्छन्दतावादी रहस्यवादी जीवनजगतप्रति प्रेरित गरी उनीहरूको बौद्धिक, मानसिक, संवेगात्मक, सिर्जनात्मक तथा कल्पनाशक्तिको विकास गराउनु यस कविताको उद्देश्य हो ।

समग्रमा 'गहूँको संझना' कविता विषयवस्तु, संरचना, भावविधान, लयविधान, भाषाशैली, तथा उद्देश्यअनुरूप बालबालिकाका निम्ति मनोरञ्जक तथा बौद्धिक दुबै कोणबाट प्रभावकारी रहेको छ भन्न सकिन्छ ।

**'चिल्ला पातहरू'**

**विषयवस्तु**

वनस्पतिका सुन्दर हरियाली पातलाई विशिष्ट रूपमा वर्णन गरी रचिएको कविता हो 'चिल्लापातहरू' । प्रकृतिजगत विषयवस्तु भएको यस कवितामा कविको स्वच्छन्दतावादी, प्रकृतिवादी-रहस्यवादी जीवन दुष्टिको उदेघाटन भएको छ । उच्च काल्पनिक भावहरूको सौन्दर्यपूर्ण अभिव्यक्ति उक्त कवितामा पाइन्छ ।

**संरचना**

यसको बाह्य संरचनाअन्तर्गत जम्मा २० हरफको पङ्क्तिपुञ्ज तथा ४ श्लोक संरचना रहेको छ । पृष्ठ संरचनाको रूपमा १ पृष्ठको लघु आयामगत संरचना देखिन्छ जुन आफैंमा पूर्ण छ । आन्तरिक संरचनाका रूपमा अन्त्यानुप्रासीय लय संयोजन, उच्च कल्पना र सौन्दर्यको प्रयोग, झिनो आख्यान एवम् गाढा भावव्यञ्जनको मिश्रित यस कविता संरचना रहेको छ ।

**भावविधान**

भावविधानगत दृष्टिले उक्त कविता उच्च रहेको छ । स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक जीवनजगतको रागात्मक, कलात्मक एवम् सौन्दर्यात्मक चित्रण गर्नु यस कविताको भावविधान हो । बालबालिकालाई प्रकृतिको सुन्दर हरियाली वातावरणतर्फ आकर्षित गराउनु तथा मनोरञ्जनात्मक रूपमा उनीहरूको बौद्धिक, मानसिक, संवेगात्मक एवम् कल्पनाशक्तिको विकास गराउनु यस कविताको भावविधान हो । यसैगरी कवि स्वयम्को स्वच्छन्दतावादी-उच्चकल्पनाको अभिव्यक्ति प्रकट गर्नु यस कविताको भावविधान रहेको छ । विशेषगरी सुन्दर वृक्षका नरम र चिल्ला पातहरूको सौन्दर्यको वर्णन गर्नु यस कविताको भाव हो भन्न सकिन्छ । यस कवितामा शान्त रस व्यञ्जित भएको छ । जस्तै-

*ए चिपि चिल्ला रूख चल्ला !*
*हावादीले छयाप छयाप हाली*

*तेल, मुसारी तिम्रो केश, के*
*रूख आमाले उर हल्ला ?*

**लयविधान**

लयविधानका दृष्टिले कविता श्रुतिमधुर बनेको छ । कवितामा छन्द विहीन लय अर्थात गीतिलयको प्रयोग भएको छ जसले कविता साङ्गीतिक, लयात्मक, श्रुतिमधुर बनेको देखिन्छ । वर्ण र शब्दको अन्त्यानुप्रासले कविताको लय रागात्मक एवम् सौन्दर्यात्मक बनेको छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र स्वाभाविक शब्दको प्रयोग भएको छ जसले कविताको भाषाशैली बोधगम्य र सम्प्रेष्य बनेको छ । तत्सम, तद्भव र आगन्तुक स्रोतका शब्दको मिश्रित प्रयोगले कवितामा विविधता सिर्जना भएको पाइन्छ । तीव्र कल्पनाको कविप्रौढोक्ति वर्णनात्मक शैलीको सफल प्रयोग भएको छ । ठाउँ-ठाउँमा विम्व, प्रतीक तथा अलङ्कारको सुनियोजित संयोजनबाट कविताको भाषाशैली रागात्मक, कलात्मक, लयात्मक एवम् सौन्दर्यपूर्ण बनेको छ ।

**उद्देश्य**

बालबालिकालाई प्राकृतिक वनस्पतिको कलात्मक चित्रणद्वारा मनोरञ्जन दिई उनीहरूलाई स्वच्छन्दवादी रहस्यवादी जीवनतर्फ प्रेरित गराई बौद्धिक, सिर्जनात्मक, मानसिक एवम् संवेगात्मक क्षमताको विकास गराउनु यस कविताको उद्देश्य रहेको छ ।

**निष्कर्ष**

बालप्रतिभाका निम्ति 'चिल्लापातहरू' कविता विषयवस्तु, संरचना, भावविधान, लयविधान, भाषाशैली तथा उद्देश्यगत रूपबाट प्रिय एवम् सार्थक बनेको देखिन्छ ।

**'चिडियाहरू'**

**विषयवस्तु**

पंक्षीजगतलाई विषयवस्तु बनाएर रचिएको कविता हो 'चिडियाहरू' । यस कवितामा पङ्छी अर्थात् चराचुरुङ्गीको स्वच्छन्द, निश्छल, शान्त र निर्मल स्वभावको कलात्मक चित्रण गरिएको छ ।

**संरचना**

यस कवितामा बाह्य संरचना अन्तर्गत जम्मा तेह्र हरफ पङ्क्तिपुञ्जको तीन श्लोक रहेका छन् जसमा पृष्ठ एक (पृ.२६)को लघुतम संरचना पाइन्छ । आन्तरिक संरचनाअन्तर्गत विषयवस्तु र भावबीचको अन्तः संयोजन, कल्पना र सौन्दर्यको अधिकता, झिनो आख्यान तथा गाढा भावव्यञ्जनगत संरचना रहेको छ ।

**भावविधान**

प्रस्तुत कवितामा कविको पङ्छीप्रतिको स्वच्छन्दतावादी-रहस्यवादी भावको तीव्र कल्पनाचेतको अभिव्यक्ति भएको छ । चिडियाहरूको स्वच्छन्द, निश्छल, स्फूर्त र आनन्दमय जीवनप्रतिको मोह एवम् आकर्षणभाव प्रकट गर्नु उक्त कविताको भावविधान हो । मानवजीवनलाई पङ्छीजस्तै स्वच्छन्द, स्वच्छ, स्फूर्त, शान्त, निश्छल, निश्वार्थ र आनन्दमय बनाउन सक्नुपर्छ जसले सांसारिक दुःखलाई बिर्सेर स्वर्गीय सुखको अनुभूति गर्न सक्छ भन्ने उच्च काल्पनिक सौन्दर्यवादी चेत प्रदान गर्नु उक्त कविताको भावविधान रहेको पाइन्छ । विविध रसयुक्त यस कविताको शान्त 'शम' रसभावको एक कवितांश यस्तो छ-

*पंख बढेका ! जाओ कूजन*
*मेरो ऊषाका गान !*
*बोलिरहुँला ! तिम्रा स्वरमा*
*उपहास गरी अवसान !*

**लयविधान**

यस कवितामा मात्रा छन्दको अन्त्यानुप्रासीय लययोजनाको सुगठित संयोजन पाइन्छ । वर्ण र शब्दको उचित प्रयोगले बाह्य तथा अन्तः सङ्गीत लय सिर्जना भएको छ । अनुशासनविहीन अन्त्यानुप्रास योजनाबाट कविताको लयविधान रागात्मक, साङ्गीतिक, लयात्मक एवम् श्रुतिमधुर बनेको छ ।

**भाषाशैली**

प्रस्तुत कवितामा सरल, सङ्क्षिप्त र सहज भाषाशैलीको प्रयोग भएको छ । हिन्दी, संस्कृत तथा ठेट नेपाली शब्द संयोजनले भाषिक कलात्मकता सिर्जना गरेको छ । कविको एकालापीय शैली एवम् कविप्रौढोक्ति उक्तिको कथनपद्धति यस कविताको शैलीशिल्प रहेको छ । बिम्ब, प्रतीक र अलङ्कारको समेत मिश्रण रहेको यस कविताको भाषाशैली सरल, सुबोध्य, सम्प्रेष्य, कलात्मक, रागात्मक एवम् सौन्दर्यपूर्ण रहेको देखिन्छ ।

**उद्देश्य**

उपर्युक्त कविताको उद्देश्य बालबालिकालाई मनोरञ्जन दिनु, चराको जस्तै स्वच्छन्द, स्वतन्त्र र आनन्द जीवनतर्फ आकर्षित गराउनु, पङ्छी अर्थात् चिडियाहरूको जीवनचित्रण कलात्मक रूपमा गर्नु, स्वच्छन्दतावादी-रहस्यवादी तीव्र कल्पनाचेतको प्रकटीकरण गर्नु रहेको छ । उनीहरूमा कल्पनाशक्ति, स्मरणशक्ति, मानसिक एवम् संवेगात्मक पक्षको समेत विकास गराउनु उक्त कविताको उद्देश्य रहेको पाइन्छ ।

**'कुखुरोप्रति'**

**विषयवस्तु**

यस कवितामा पङ्छीजगतलाई विषयवस्तु बनाइएको छ । घरपालुवा पङ्छी कुखुरोलाई सम्बोधन गरेर लेखिएको उक्त कविता-शीर्षक 'कुखुरोप्रति' हो । यसमा कविले निद्रादेवीको काखमा

रातभर चिरनिद्रामा आनन्दित रहेर मृतावस्थामा पुगेका मानवको स्वप्नरूपी चेतनालाई जागृत गराई स्वचालित अवस्थामा ल्याउने साधन तत्वका रूपमा कुखुरोलाई उभ्याएका छन् ।

**संरचना**

प्रस्तुत कविताको बाह्य संरचनामा सात श्लोकको जम्मा अट्ठाइस हरफे कवितापुञ्ज रहेको छ जसमा पृष्ठ दुई (पृ. २७-२८)को लघुआयामको संरचना रहेको छ । आन्तरिक संरचनाका रूपमा चाहिँ विषवयस्तु र भावबीचको सुगठित संयोजन, मसिनो आख्यान तथा गहिरो भावव्यञ्जन, कल्पना र सौन्दर्यको कलात्मक समीकरण रहेको छ ।

**भावविधान**

स्वच्छन्द घरपालुवा प्राणी कुखुरोको तिखो आवाजबाट रातभर निद्रामा रहेर अचेतनतुल्य अवस्थामा सांसारिक स्वप्नको चिरआनन्दमा पुगेका समग्र मानव जातिलाई विहानै जगाई आफ्नो नित्यकर्मप्रति प्रेरित गराउने घरको एक सच्चा पहरेदारको रूपमा कुखुरोलाई मान्नु यस कविताको भावविधान हो । कुखुरोलाई मानवीकृत आयाम दिई यसको स्वरलाई मानवीय चेतनाको प्रतीकका रूपमा व्यक्त गर्नु उक्त कविताको भावभूमि रहेको पाइन्छ । कुखुरोको डाँकोसँगै मानिस ब्युँझन्छ र ऊ आफ्नो पेशा, कर्तव्य र जिम्मेवारीप्रति उत्तरदायी भएर जीवनमा अगाडि बढ्दछ भन्ने भाव यसमा रहेको छ । विविध रसयुक्त यस कवितामा वीर रसको (जोश, उत्साह) स्थायीभावले कविता भावपूर्ण बनेको छ ।

**लयविधान**

उपर्युक्त कवितामा लययोजनाको कलात्मक संयोजन पाइन्छ । शार्दूलविक्रीडित छन्द (१९ अक्षर) को अन्त्यानुप्रासीय लय प्रवाहले कविता साङ्गीतिक, श्रुतिमधुर, लयात्मक एवम् रागात्मक बनेको छ । बाह्य तथा अन्तःलय सिर्जनाले कवितामा सौन्दर्य प्रदान गरेको छ जसमा अनुप्रासको उचित प्रयोग भएको पाइन्छ । जस्तै-

*मीठो मिर्मिरेको अगाडि मधुर सिरसिर हवामा हुँदा,*
*प्रातः स्पन्दनका, निदालु नभमा, नाडी फिका ब्यूँझँदा,*
*स्वप्नामा मिसिँदा अचेत विपना, घण्टा नघन्कीकन,*
*तैँ दुष्ट पहरा प्रभातहरूको, कुर्लिस जनोद्बोधन ।*

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त, सहज शब्दहरूको प्रयोग भएको छ । तीनै स्रोतका शब्दहरूको मिश्रित योजनाले भाषाशैलीमा कलात्मकता सिर्जिएको छ । विम्व, प्रतीक तथा अलङ्कारयुक्त पद/पदावलीबाट कवितामा भाषाशैलीगत सौन्दर्य देखा परेको छ । कविनिबद्ध वक्तृप्रौढोक्ति कथनपद्धतिको वर्णनात्मक शैलीद्वारा कविको स्वच्छन्द भाव व्यक्त भएको छ । समष्टिमा यस कवितामा प्रयुक्त भाषाशैली सरल, बोधगम्य, सम्प्रेष्य तथा स्तरीय रहेको छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिनु, कल्पना र सौन्दर्यप्रति आकर्षित गराउनु, बौद्धिक चेतनाको विकास गराउनु, कुखुरोको औचित्य र महत्वबोध गराउनु, यसलाई घरको एउटा असल

चौकीदारको रूपमा प्रस्तुत गर्नु तथा मानवलाई अँध्यारो जगतबाट उज्यालो विहानीतर्फ मार्गनिर्देशन गर्ने सहयोगी वस्तुको रूपमा कुखुरोलाई सम्बोधन गर्नु उक्त कविताको उद्देश्य रहेको पाइन्छ ।

**'ठूला र सानासँग'**

**विषयवस्तु**

ठूला मानिस र साना मानिसलाई सम्बोधन गरी रचित कविता-शीर्षक हो 'ठूला र सानासँग' । मनोजगतलाई विषयवस्तु बनाएर लेखिएको यस कवितामा कविले जीवनका उकाली-ओरालीहरूमा साहित्यिक यात्रा गर्ने क्रममा ठूला र साना दुबै स्तरका मानिससँगको सम्बन्ध गरेका र साना अर्थात गरीब मानिसहरू भित्रि मनले उदार भावका हुने तर धनीहरू स्वार्थी हुने कुराको यथार्थ चित्रण गरेका छन् ।

**संरचना**

यस कवितामा बाह्य संरचनाका रूपमा दुई श्लोकको जम्मा ९ हरफे कवितापुञ्ज रहेको छ जसमा लघुतम संरचना पृष्ठ एक (पृ. ३२)को सङ्क्षिप्त आयाम भेटिन्छ । आन्तरिक संरचनाका रूपमा भने भाव र आख्यानको कलात्मक संयोजन, झिनो आख्यान तथा गहिरो भावव्यञ्जन, कल्पना र सौन्दर्यको तादात्मीकरण अन्तः सम्बन्ध रहेको छ ।

**भावविधान**

प्रस्तुत कवितामा मानवतावादी स्वरभाव व्यक्त भएको छ । नेपाली र नेपालीप्रतिको समानता, स्वतन्त्रता, अखण्डता, सार्वभौमसत्ता एवम् भातृत्वप्रेमभाव बोकेर साहित्यिक यात्रामा लागेका कविलाई जीवनमा परेका शारीरिक र मानसिक पीडा निराकरणका निम्ति ठूला भनौदा साथीहरूबाट सहयोग नमिलेको तर साना अर्थात न्युन आर्थिक स्रोतका साथीहरूले भने आर्थिक रूपले सहयोग गरी उनका प्राण बचाउन उल्लेख्य सहयोग गरेको स्मरण-भाव व्यक्त गर्दै धनी मानिसको स्वार्थ र नीच प्रवृत्तिमाथि व्यङ्ग्य प्रहार गर्नु तथा गरीब एवम् सानाको खुला आत्माको उदार दिल भावप्रति श्रद्धा-सम्मान गर्नु उपर्युक्त कविताको भाव पक्ष हो । स्वार्थी प्रवृत्तिका मानवप्रति रूष्टता प्रकट गर्दै मानवतावादी सन्देश प्रदान गर्नु यसको भावभूमि रहेको छ । विविधरसले मिठासयुक्त कवितामा रौद्र रसको 'रीस/असन्तोष' भाव प्रकट भएको छ ।

**लयविधान**

यस कवितामा लयको सशक्त प्रयोग भएको पाइन्छ । मुक्त छन्दको बाह्य र अन्तःअनुप्रासीय योजनाको कलात्मक संयोजनले कविताको लय सङ्गीतमय, लयात्मक, कलात्मक, रागात्मक तथा श्रुतिरमणीय रहेको देखिन्छ । प्रस्तुत कविताको लय सौन्दर्यपूर्ण रहेको छ । जस्तै-

*दुःखीदेखी मुठी कसे, छाती सारो पारी,*
*धन नै शक्ति भनी बसे, मानव छ कैदमा !*
*तिनले खोक्रो ओठलाई चुचकारे खेदमा ।*
*महलमा मिसिन काहीँ ! पग्लिँदो भयो हैं रसना ए !*

**भाषाशैली**

यस कविताको भाषाशैली सरल, सङ्क्षिप्त र स्वाभाविक रहेको छ जसले कविता बोधगम्य एवम् सम्प्रेष्य समेत बनेको पाइन्छ । विविध स्रोतगत भाषाशैली, कविनिबद्ध वक्तृप्रौढोक्ति कथनपद्धतिको आत्मपरक शैलीले कविताको भाषाशैली आलङ्कारिक, कलात्मक, रागात्मक एवम् स्तरीय बन्न पुगेको छ ।

**उद्देश्य**

बालबालिकालाई मानवतावादी नैतिक-चारित्रिक उपदेशमूलक शिक्षा दिनु, आध्यात्मिक जीवनतर्फ प्रेरित गर्नु, गरीब, दुःखी, असहाय, अशक्त र वृद्धाहरूको दया-माया, सेवा र सहयोगको भाव राख्नु एवम् उनीहरूको बौद्धिक तथा चेतना पक्षको विकास गराउनु उक्त कविताको उद्देश्य पाइन्छ ।

**'तीन स्वर्गबासी बच्चाको सम्झना'**

**विषयवस्तु**

प्रस्तुत कवितामा मनोजगतलाई विषयवस्तु बनाइएको छ । कवि (देवकोटा)को तीन मृत सन्तानका स्मरणस्वरूप रचिएको शोक-भावयुक्त मार्मिक कविता हो 'तीन स्वर्गबासी बच्चाको सम्झना' । यस कवितामा कविले जीवनका दुःखद् घटनाहरूलाई कलात्मक प्रस्तुत गरेका छन् ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा साढे तीन श्लोकको पाँच हरफ पङ्क्तिपुञ्ज रहेको छ जसमा पृष्ठ १ (पृ.३३)को लघु संरचना भेटिन्छ । यसैगरी आन्तरिक संरचनाका रूपमा विषयवस्तु र भावको कलात्मक अन्तःसम्बन्ध, मसिनो आख्यान तथा गाढा भावव्यञ्जन, भाव र सौन्दर्यको उचित संयोजन तथा कल्पनाको तीव्रता पाइन्छ ।

**भावविधान**

उल्लिखित कविता भावविधानका दृष्टिले मार्मिक रहेको छ । कविको आफ्नै पारिवारिक घटनाको तीव्र कल्पनारूपी भाव-वेदनाको कारुणिक तथा मर्मस्पर्शी भावको यथार्थ चित्रण गर्नु यस कविताको भावपक्ष रहेको छ । उक्त कवितामार्फत कविको स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टि प्रस्तुत भएको छ । यसैगरी उनका स्वर्गवासी सन्तानहरूको स्मरण, चरित्र, स्वभाव, कार्य आदिको जीवन्तता प्रकट गर्नुका साथै कविको अतीततर्फको मानसिक पीडा शान्त गर्नु उक्त कविताको भावभूमि हो । विविध रसले युक्त यस कवितामा करुण रसको 'शोक स्थायी'को प्राचुर्य रहेको छ । जस्तै-

*ज्येठो थियो हिले कमल, प्रतिभाको ज्वाला*
*बुद्धि उसकी गहिरी अति, शान्त उसको चाला*
*बाँझो माटो, घाम थोरै पात कीरा लागी,*
*बोल्न छोड्यो, लुच्छ माली, बेहोश, मलाई त्यागी !*

**लयविधान**

उपर्युक्त कवितामा मात्रा छन्दको अन्त्यानुप्रासीय लययोजनाको प्रवाह रहेको छ । प्रत्येक दुई-दुई हरफको अन्त्यमा आएका वर्ण र शब्दका आवृत्तिले कवितामा अन्त्यानुप्रास लय सिर्जना भएको छ । बाह्य तथा अन्तःअनुप्रासले कविता लयात्मक, श्रुतिमधुर, साङ्गीतिक तथा कलात्मक बनेको छ । समष्टिमा लयको सफल प्रयोग रहेको छ ।

**भाषाशैली**

यस कविताको भाषाशैली सरल, सङ्क्षिप्त र सहज रहेको छ जसले गर्दा कविता बोधगम्य एवम् सम्प्रेष्य बन्न पुगेको छ । भाषिक शब्द स्रोतगत विविधता, आत्मालापी कविप्रौढोक्ति उक्तिढाँचाको वर्णनात्मक शैलीशिल्प, भाषाशैलीगत आलङ्कारिकता आदिको कारण कविताको भाषाशैली कलात्मक, रागात्मक, सौन्दर्यपूर्ण तथा स्तरीय समेत बन्न पुगेको पाइन्छ ।

**उद्देश्य**

प्रस्तुत कविताको उद्देश्य स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिको प्रस्तुतीकरण, काल्पनिकता एवम् सौन्दर्यको प्रष्फुटन र विकास गर्नु, अतीतको स्मरण, काल्पनिक तथा बौद्धिक शक्तिको विकास गराउनुका साथै कारुणिकताको बोध गराउनु उक्त कविताको उद्देश्य रहेको देखिन्छ ।

**'तारा'**

**विषयवस्तु**

प्रकृतिजगतलाई विषयवस्तु बनाई रचिएको 'पुतली' (कवितासङ्ग्रह)को अन्तिम कविता शीर्षक हो 'तारा' । यस कवितामा कविले राति आकाशमा चमचम चम्कने हजारौँ ताराहरूको सौन्दर्यात्मक चित्रण गरेका छन् जसमा कविको स्वच्छन्दतावादी-रहस्यवादी भावको उच्च कल्पनाचेतको प्रकट भएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाका रूपमा जम्मा आठ श्लोकको बत्तीस हरफ कवितापुञ्ज रहेको छ जसमा पृष्ठ दुई (पृ.३४-३५)को लघु आयामको संरचना पाइन्छ । आन्तरिक संरचनामा चाहिँ विषयवस्तु र भावको कलात्मक संयोजन, मसिनो आख्यान तथा गाढा भावव्यञ्जन, तीव्र कल्पना र उच्च सौन्दर्यको अन्तः समीकरण रहेको छ ।

**भावविधान**

प्रस्तुत कवितामा स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक जीवनदृष्टिको सौन्दर्यवादी चेतको प्रकटीकरण भएको छ जुन उक्त कविताको भावविधान हो । सारा प्राणीजगत राति निद्राको स्वप्नतुल्य असीम आनन्दमा सुस्ताइरहेका बेला उनीहरूको एक सच्चा पहरेदार बनेर अन्धकार संसारलाई उज्यालो प्रदान गर्ने मोतीका दानातुल्य चमकदार ताराहरूको चमत्कारिक कार्यको सौन्दर्यको उच्च महिमागान गाउनु उक्त कविताको भाव रहेको पाइन्छ । रातविषे उज्यालोको ज्योतिले सांसारिक शीतलता प्रदान गर्ने 'तारा'को मूल्य, महत्व र सुन्दरताको अभिव्यक्ति प्रकट

गर्नु कविताको भावभूमिगत आशय भेटिन्छ । यस कवितामा शान्त, श्रृङ्गार, अद्भूत रसको मिश्रित प्रयोग पाइन्छ जसमा श्रृङ्गार रसभावको कलात्मक संयोजनको अधिकता रहेको छ ।

**लयविधान**

उपर्युक्त कवितामा लयको कलात्मक प्रयोग भएको पाइन्छ । मात्रा छन्दको अन्त्यानुप्रासीय लयविधानले कविता सुन्दर बन्न पुगेको छ । वर्ण तथा शब्दको उचित प्रयोगबाट कविताको बाह्य तथा अन्तःअनुप्रास सिर्जना भएको छ जसले कवितामा लयात्मकता, सङ्गीतात्मकता, श्रुतिमधुरता तथा सौन्दर्यात्मकता समेत झल्किएको छ । उक्त लयको सौन्दर्यपूर्ण प्रस्तुति यसरी भएको छ-

*अथवा सुन्दरताकी रानी*
*ढल्की हेर्दा देश हिमानी*
*चुँडिन गएका मुक्त हार*
*बरबर छरियो दानादार ?*

**भाषाशैली**

उल्लिखित कविताको भाषाशैली सरल, बोधगम्य तथा सम्प्रेष्य रहेको छ । छोटा, सरल र स्वाभाविक शब्दचयन, बहुभाषिक स्रोतगत शब्द संयोजन आदिका कारण भाषाशैली आलङ्कारिक बनेको छ । कविप्रौढोक्ति कथनपद्धतिको आत्मपरक वर्णनात्मक शैली उक्त कविताको भाषिक शिल्पविधान रहेको छ । समग्रमा कवितामा कलात्मक, रागात्मक, लयात्मक, सौन्दर्ययुक्त भाषाशैलीको उपयोग भएको छ ।

**उद्देश्य**

कविको प्रकृतिप्रतिको स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिको सुन्दरताको आकर्षणभाव प्रकट गर्नुका साथै बालबालिकालाई प्राकृतिक सौन्दर्यप्रति प्रेरित गर्नु र उनीहरूलाई मनोरञ्जनात्मक शैलीमा शिक्षा दिई बौद्धिक-काल्पनिक क्षमताको विकास गराउनु 'तारा' कविताको प्रमुख उद्देश्य रहेको पाइन्छ ।

## ५.९.१ 'चिल्लापातहरू' (कवितासङ्ग्रह)को काव्यप्रवृत्तिगत मूल्याङ्कन

१. विषयवस्तुगत प्रवृत्ति
२. लयविधानगत प्रवृत्ति
३. रसविधानगत प्रवृत्ति
४. उक्तिढाँचागत प्रवृत्ति
५. उद्देश्यगत प्रवृत्ति
६. कृतिगत प्रवृत्ति

### १. विषयवस्तुगत प्रवृत्ति

यसअन्तर्गत- १. भक्तिभावनासम्बन्धी विषयवस्तुमा आधारित कविता ('प्रार्थना'), २. देशप्रेम तथा राष्ट्रभक्तिभावसम्बन्धी ('राष्ट्रभाषा नेपाली'), ३. प्रकृतिजगत ('मातृभूमिप्रति', 'मीनपचास', 'वसन्त-परी', 'गहुँको सम्झना', 'चिल्लापातहरू', 'तारा'), ४. मनोजगत

('भोटेले साइकल देख्छ', 'प्रेम', 'ठूला र सानासँग', 'तीन स्वर्गबासी बच्चाको सम्झना') तथा ५. पंक्षीजगत ('चिडियाहरू', 'कुखुरोप्रति') गरी जम्मा ५ किसिमका विषयवस्तुगत प्रवृत्ति पाइन्छ ।

## २. लयविधानगत प्रवृत्ति

यसअन्तर्गत- १. मुक्त छन्दलयमा आधारित ('वसन्त-परी', 'चिडियाहरू', 'ठूला र सानासँग'), २. गीति लय ('चिल्लापातहरू'), ३. शार्दूलविक्रीडित ('मीन पचास', 'कुखुरोप्रति'), ४. लोकलय/वार्णिकछन्द ('गहुँको सम्झना'), ५. मात्राछन्द ('तीन स्वर्गवासी बच्चाको सम्झना', 'मातृभूमिप्रति', 'वसन्तपरी', 'प्रेम', 'प्रार्थना', 'भोटेले साइकल देख्छ', 'तारा', राष्ट्रभाषा नेपाली') गरी जम्मा पाँच किसिमका लयविधानगत प्रवृत्ति पाइन्छ ।

## ३. रसविधानगत प्रवृत्ति

यस अन्तर्गत-१. शान्त रसभावसम्बन्धी ('प्रार्थना', 'मातृभूमिप्रति', 'वसन्त-परी', 'गहुँको सम्झना', 'चिल्ला पातहरू', 'चिडियाहरू', २.वीररस-भाव ('कुखुरोप्रति'), ३. अद्भुत ('मीनपचास', 'साउन'), ४.हास्यभाव ('भोटेले साइकल देख्छ'), ५.श्रृङ्गार ('प्रेम', 'तारा', 'राष्ट्रभाषा नेपाली'), ६.रौद्र ('ठूला र सानासँग'), ७. करुण रसभाव प्रधान, 'तीन स्वर्गवासी बच्चाको सम्झना') गरी जम्मा ७ किसिमका रसभावगत प्रवृत्ति रहेको पाइन्छ ।

## ४.उक्तिढाँचागत प्रवृत्ति

यसअन्तर्गत-१.कविप्रौढोक्ति कथनपद्धतिगत उक्तिढाँचासम्बन्धी ('प्रार्थना', मातृभूमिप्रति', 'मीनपचास', 'वसन्त-परी', 'प्रेम', २. कविनिबद्ध वक्तृप्रौढोक्ति, 'भोटेले साइकल देख्छ', 'गहुँको सम्झना', 'चिडियाहरू', 'कुखुरोप्रति', 'राष्ट्रभाषा नेपाली') ('ठूला र सानासँग', 'तीन स्वर्गवासी बच्चाहरूको सम्झना', 'तारा') गरी दुवै किसिमको उक्तिढाँचाको प्रयोग पाइन्छ ।

## ५. उद्देश्यगत प्रवृत्ति

यसअन्तर्गत-१.भक्तिभाव तथा ईश्वरस्तुति सम्बन्धी ('प्रार्थना'), २.देशप्रेम ('राष्ट्रभाषा नेपाली', 'मातृभूमिप्रति'), ३.प्राकृतिक सौन्दर्यप्रतिको आकर्षण ('मीनपचास', 'वसन्त-परी', 'चिल्लापातहरू', 'तारा') ४.हास्यमनोरञ्जनात्मक ('भोटेले साइकल देख्छ') ५.कल्पनाशक्तिको विकास ('गहुँको सम्झना', 'चिडियाहरू', 'तीन स्वर्गवासी बच्चाको सम्झना') ६.चेतनामूलक शिक्षा ('प्रेम', 'कुखुरोप्रति', 'ठूला र सानासँग') गरी जम्मा छ किसिमका उद्देश्यगत प्रवृत्ति रहेको पाइन्छ ।

## ६.कृतिगत प्रवृत्ति

यस अन्तर्गत- १.स्वच्छन्दतावादी रहस्यवादी प्रवृत्ति ('प्रार्थना', 'मातृभूमिप्रति', 'मीनपचास', 'वसन्त-परी', 'गहुँको सम्झना', 'चिल्लापातहरू', 'कुखुरोप्रति', 'ठूला र सानासँग', 'तारा', 'राष्ट्रभाषा नेपाली', २. हास्यव्यङ्ग्यात्मक ('भोटेले साइकल देख्छ'), ३. आलोचनात्मक प्रवृत्ति ( 'प्रेम') गरी तीन किसिमका कृतिगत प्रवृत्तिहरू पाइन्छ ।

उपर्युक्त विषयवस्तु, लयविधान, रसविधान, उक्तिढाँचा, उद्देश्य तथा कृतिगत प्रवृतिको समष्टिगत मूल्याङ्कन गर्दा 'चिल्लापातहरू' (कवितासङ्ग्रह) भित्रका जम्मा १४ वटा कविताहरूमध्ये विषयवस्तुगत प्रवृत्तिअन्तर्गत सबैभन्दा बढी प्रकृतिजगतसम्बन्धी जम्मा ६ ओटा कविता तथा सबैभन्दा कम भक्तिभावना एवम् ईश्वरस्तुति एक ओटा कविता रहेका छन् ।

यसैगरी लयविधानगत प्रवृत्तिका आधारमा सबैभन्दा बढी मात्रा छन्दअन्तर्गत आठओटा तथा सबैभन्दा कम मन्दक्रान्ता छन्द, वार्णिक छन्दसम्बन्धी एक ओटा कविता रहेका छन् । रसविधानगत प्रवृत्तिका आधारमा हेर्दा सबैभन्दा बढी शान्त रसभावको जम्मा ६ ओटा तथा सबैभन्दा कम हास्य, वीर, अद्‌भुत, रौद्र तथा करण रसका जम्मा एक कविता रहेका छन् ।

उक्तिढाँचागत प्रवृत्तिका आधारमा सबैभन्दा बढी कविनिबद्ध वक्तृप्रौढोक्ति कथनपद्धतिमा जम्मा ८ ओटा तथा सबैभन्दा कम कविनिबद्ध वक्तृप्रौढोक्ति शैलीको जम्मा ६ वटा कविता रहेका छन् । उद्देश्यगत प्रवृत्तिका आधारमा सबैभन्दा बढी प्राकृतिक सौन्दर्यप्रति आकर्षणका जम्मा ४ ओटा तथा सबैभन्दा कम भक्तिभाव एवम् ईश्वरस्तुति तथा हास्यमनोरञ्जन सम्बन्धी जम्मा एक/एक ओटा कविता रहेका छन् ।

यसैगरी कृतिगत प्रवृत्तिका आधारमा सबैभन्दा बढी स्वच्छन्दतावाढी-रहस्यवादी प्रकृतिअन्तर्गत जम्मा १० ओटा तथा सबैभन्दा कम हास्यव्याङ्ग्यात्मक र आलोचनात्मकसम्बन्धी जम्मा एक/एक ओटा कविता रहेका छन् ।

उपर्युक्त कविता प्रवृत्तिका आधारमा देवकोटाको 'चिल्लापातहरू' (कवितासङ्ग्रह) को मूल्याङ्कन गर्दा प्रकृतिसम्बन्धी विषयवस्तु, मुक्तलयको बाहुल्यता, शान्तरस प्रधान, कविनिबद्ध वक्तृप्रौढोक्ति कथनपद्धति, प्राकृतिक सौन्दर्यप्रतिको आकर्षण तथा स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्तिको प्रचुर प्रयोगका दृष्टिले उक्त कृति बालोचित रहेको पाइन्छ । बालबालिकालाई प्राकृतिक सौन्दर्यको कलात्मक चित्रणबाट मनोरञ्जन दिई तीव्र कल्पनाशक्तिको विकास गराउने तथा प्रकृतिप्रतिको आकर्षणभाव सिर्जना गर्नुका साथै मानसिक, बौद्धिक तथा संवेगात्मक पक्षको समेत विकास गराउन महत्वपूर्ण भूमिका रहेको हुँदा 'चिल्लापातहरू' बालबालिकाका निम्ति 'पुतली' र 'सुनको विहान' पछिको तेस्रो मध्यमस्तरीय कवितासङ्ग्रह रहेको देखिन्छ । अत्यन्त उपयोगीमूलक छ भन्न सकिन्छ ।

## ५.१० 'छाँगासँग कुरा' (कवितासङ्ग्रह)को विश्लेषण

बालसाहित्यकार लक्ष्मीप्रसाद देवकोटाको अन्तिम बालकविता कृति हो 'छाँगासँग कुरा' । वनारस प्रवासकालीन समयमा (वि.सं. २००४तिर) रचना गरिएको तथा निकै पछि (वि.सं. २०२६) मोहनराज शर्माको सम्पादकत्वमा झापा प्रकाशन भद्रपुर, झापाले प्रकाशनमा ल्याएको स्वच्छन्दतावादी-रहस्यवादी काव्यप्रवृत्तिको उत्कृष्ट बालकविता कृति हो । बालबालिकालाई प्राकृतिक सौन्दर्यको माध्यमबाट मनोरञ्जन दिई उनीहरूको काल्पनिक, बौद्धिक तथा मानसिक पक्षको प्रष्फुटन, विकास र विस्तारका निम्ति उक्त कृति बालबालिकाका निम्ति निकै लोकप्रिय रहेको छ ।

यस कृतिमा जम्मा तेह्रओटा बालकविताहरू रहेका छन् । ती यस प्रकार रहेको पाइन्छ- १.'प्रबोधगान', २.'गुलाफ', ३.'भङेरी', ४.'कोइली',५.'पहाड', ६.'झर्ना झरेको', ७.'चरोकवि', ८.'एउटा झार', ९.'छाँगासँग कुरा' १०. 'रुखको आफ्नो कथा', ११. 'चराहरूको बोली', १२.'बालखा र गाई', १३.'बादलसँग सवाल-जवाफ' रहेका छन् ।

उपर्युक्त कविताहरुमध्ये 'प्रबोधगान', 'पहाड', 'झर्ना झरेको', 'रुखको आफ्नो कथा' गरी ४ ओटा कविताहरु बालबालिकाका निम्ति ज्ञान र मनोरञ्जनका दृष्टिले जटील शैलीको रहेको हुँदा

ती रचनाहरुलाई बालकविता भन्न सकिँदैन । यसैले 'छाँगासँग कुरा' का बाँकी अन्य ९ ओटा कविताहरु मात्र बालोपयोगी रहेको पाइन्छ । जसको विश्लेषण निम्न क्रममा गर्न सकिन्छ -

**'गुलाफ'**

**विषयवस्तु**

वसन्त ऋतुमा हरियाली वनपाखामा ढकमक्क फुलेर सुगन्ध फैलाउने सुन्दर फूललाई सम्बोधन गरी रचिएको कविता हो 'गुलाफ' । यस कवितामा प्रकृतिजगतलाई विषयवस्तु बनाइएको छ जसमा कविको स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिको तीव्र कल्पनाभाव प्रकट भएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचना-अन्तर्गत एक्काइस श्लोकको जम्मा एकसय अठसट्ठी हरफे पङ्क्तिपुञ्ज रहेको छ जसमा पृष्ठ दश (पृ. ५-१४)को लघुतम संरचना पाइन्छ । यद्यपि कवितामा पूर्ण आयामगत संरचना रहेको देखिन्छ । आन्तरिक संरचनाका रूपमा विषयवस्तु र भावको कलात्मक संयोजन, झिनो आख्यान तथा गाढा भावव्यञ्जन, तीव्रकल्पना र उच्च सौन्दर्यको समीकरण आदि रहेका छन् ।

**भावविधान**

कविको सुन्दर र हरियाली प्रकृतिजगततर्फको मोह, आकर्षण र स्वच्छन्दतावादी-रहस्यवादी चेतको सौन्दर्यपूर्ण अभिव्यक्ति यस कविताको भावभूमि रहेको छ । प्रकृतिको काखमा फूलेको सुवासित गुलाफको आकर्षण, माया-मोह, आनन्द, कौतूहलता, मूल्य र महत्वको कलात्मक चित्रण गर्नु उक्त कविताको भावविधान रहेको पाइन्छ । यसरी मानवलाई प्रकृतिको सुन्दरतातर्फ प्रेरित गर्नु यसको औचित्य ठहर्छ । शान्त, अद्‌भुत, श्रृङ्गार आदि रसको मिश्रणले सुन्दर बनेको यस कवितामा श्रृङ्गार रसको 'रति/प्रेम' स्थायीभाव यसरी प्रकट भएको छ-

*मुसुक्क हाँसी कलिको मिठास,*
*भरी सबैतर्फ फिंजाइ वास ।*
*टुना गरी चित्त समस्त हर्छ ।*
*स्वभाव मिठो जनमाथि छर्छ ॥*

**लयविधान**

प्रस्तुत कवितामा ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय लय योजनाको कलात्मक संयोजन रहेको छ । वर्ण र शब्दको आवृत्तिले कवितामा बाह्य तथा अन्तः सङ्गीतलय सिर्जना भएको छ । लयविधानका दृष्टिले कविता लयात्मक, श्रुतिमधुर, साङ्गीतिक एवम् रागात्मक बन्न पुगेको छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र स्वाभाविक शब्दहरूको प्रयोग भएको छ । स्रोतका रूपमा विविध स्रोतशब्द रहेका छन् जसले गर्दा भाषामा शैलीशिल्पगत आलङ्कारिता सिर्जना

भएको देखिन्छ । कविप्रौढोक्ति उक्ति ढाँचाको एकालापीय वर्णनात्मक शैलीको सुन्दर प्रवाहले कविता रमणीय एवम् श्रुतिमधुर बनेको छ । समष्टिमा कविताको भाषाशैली कलात्मक, रागात्मक, लयात्मक, सरल, बोधगम्य एवम् सम्प्रेष्य रहेको छ ।

**उद्देश्य**

प्राकृतिक सौन्दर्यतर्फको आकर्षण, गुलाफको सौन्दर्यको चित्रण र त्यसप्रतिको मोह र आनन्दभाव सिर्जना, तीव्रकल्पना र शक्तिको विकास, गुलाफको औचित्य र महत्वको महिमागान, स्वच्छन्दतावादी-रहस्यवादी जीवनदृष्टिको उद्घाटन तथा बालबालिकामा मनोरञ्जनात्मक शैलीमा उनीहरूको हार्दिक तथा बौद्धिक पक्षको विकास गराउनु 'गुलाफ' कविताको उद्देश्य रहेको पाइन्छ ।

**'भङेरी'**

**विषयवस्तु**

सुन्दर बगैंचा र हरियाली वृक्षहरूमा स्वतन्त्र रूपमा स्वच्छन्द, विचरण गर्ने पङ्छीलाई सम्बोधन गरी लिखित कविता हो 'भङेरी' । यस कविताको विषयवस्तु पङ्छीजगत हो र यसैको वर्णनचित्रणद्वारा मानवलाई हिंसारूपी चेतनाको बीज छर्नु उक्त कविताको अभिप्राय रहेको छ ।

**संरचना**

यस कविताको बाह्य संरचना अन्तर्गत जम्मा बीस श्लोकको सय पङ्क्तिपुञ्ज रहेका छन जसमा सात पृष्ठ (पृ.१५-२१) को लघुतम आयामको संरचना पाइन्छ । यसैगरी आन्तरिक रूपमा विषयवस्तु र भावको कलात्मक संयोजन, तीव्रस्वच्छन्दवादी कल्पना र उच्च सौन्दर्यको जादूगरी समीकरण रहेको छ ।

**भावविधान**

फुर्र फुर्र नाच्दै रमाउने स्वच्छन्द स्फूर्त पङ्छी भङेरीको डर, भय र गासको भित्री पीडाको कारुणिक वेदनाको प्रकटीकरण गर्नु तथा समस्त मानव प्राणीप्रति आजको दुनियाँमा डर, त्रास, भय र सन्त्रासरूपी जीवन जिउन विवश छ भन्ने प्राणीजगतको मानसिक पीडाको यथार्थता चित्रणद्वारा स्वतन्त्रता, मानवता, समानता, भातृत्वता, परोपकारिता, सेवा, दया-माया तथा हत्याहिंसा रहित भयरहित जीवनको अभीष्ट सहित चेतनाको सन्देश प्रदान गर्नु यस कविताको भाव विधान हो । विविध रसयुक्त कवितामा करुण रसको 'शोक/चिन्ता' स्थायीभावको परिपाकले कविता मर्मस्पर्शी बनेको छ । जस्तै-

*हान्दछन कि त मलाइ गुलेली,*
*पाश थाप्छ कि कुनै तन जेली ?*
*हान्दछन् कि त शिला शिशु साना ।*
*त्रास यो ढुकढुकाउँछ नाना ॥*

**लयविधान**

प्रस्तुत कवितामा ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय लययोजना रहेको छ । वर्ण र शब्दको कलात्मक संयोजनले कवितामा बाह्य तथा आन्तरिक अनुप्रास सिर्जना भएको

छ । लयका कोणबाट हेर्दा कविता साङ्गीतिक, श्रुतिमधुर, लयात्मक तथा रागात्मक रहेको पाइन्छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र सहज शब्दहरूको प्रयोग पाइन्छ । शब्दस्रोतगत विविधता, शैलीशिल्पगत आलङ्कारिकता, कविनिबद्ध वक्तृप्रौढोक्ति उक्ति, वर्णनात्मक एकालापीय शैली युक्त कविताको भाषाशैलीगत नवीनता हो । यसरी भाषिक कलात्मकता रागात्मकता, गेयात्मकता तथा सौन्दर्यात्मकता साथै सरलता, बोधगम्यता र शैलीगत विशेषता रहेका छन् ।

**उद्देश्य**

भङेरीको स्वच्छन्द जीवनशैलीको चित्रण गर्नु, यसको आन्तरिक पीडा र समस्याको उद्घाटन गर्नु, तत्कालीन मानवजातिको भययुक्त परिवेशको सङ्केत गर्नु, मानवलाई हत्या हिंसारूपी चेतनाको सन्देश दिनु, पङ्छी र प्रकृतिप्रतिको स्वच्छन्द आकर्षणभाव जगाई मनोरञ्जनपूर्ण रूपले बालबालिकाको काल्पनिक तथा बौद्धिक क्षमताको विकास गराउनु उक्त कविताको उद्देश्य पाइन्छ ।

**'कोइली'**

**विषयवस्तु**

वसन्त ऋतुमा प्रकृतिको सुन्दर वनपाखामा श्रुतिमधुर साङ्गीतिक धुन छर्दै हिंड्ने पङ्छी विशेषलाई सम्बोधन गरी रचना गरिएको कविता शीर्षक हो 'कोइली' । पङ्छीजगतलाई विषयवस्तु बनाई लेखिएको यस कवितामा कविको कोइलीप्रतिको स्वच्छन्दतावादी सौन्दर्यात्मक अभिव्यक्ति प्रकट भएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाका रूपमा जम्मा सात श्लोकको अठ्ठाइस हरफे कवितापुञ्ज रहेको छ जसमा पृष्ठ तीन (पृ. २२-२४)को लघुतम आयामको पूर्ण संरचना पाइन्छ । आन्तरिक कोणबाट हेर्दा विषयवस्तु र भावबीच कलात्मक संयोजन, मसिनो आख्यान तथा गाढा भावव्यञ्जन, तीव्र सौन्दर्यात्मक कल्पनाचेतको अन्तः समीकरण रहेको छ ।

**भावविधान**

कोइलीको स्वच्छन्द, सहज र स्वतःस्फूर्त जीवनशैलीको कलात्मक चित्रणद्वारा कविको पङ्छीजगतप्रतिको स्वच्छन्दतावादी-रहस्यवादी उच्च काल्पनिक प्रवृत्तिको सौन्दर्यपूर्ण अभिव्यक्ति गर्नु यस कविताको भावभूमि हो । यसैगरी सुन्दर पङ्छी 'कोइली'को रूपरङ्ग र स्वभावको मूल्यमह□व र महिमागानद्वारा मानवजगतलाई स्वच्छन्द पङ्छीरूपी प्राकृतिक जीवनतर्फ आकर्षण गर्नु उक्त कविताको भावविधान रहेको पाइन्छ । विविध रसले मिठासपूर्ण बनेको कवितामा शान्त रसको प्रधानता पाइन्छ ।

*झऱ्यो अनौठा जब स्वर्गबाट*

*रंगीन यो सिर्जन धेर ठाँट,*

*खुले सरी 'सम्सम' नामद्वारा*

*खुल्यो गला कोइलीको अपार ।*

**लयविधान**

प्रस्तुत कवितामा ११ अक्षरे मात्रा छन्दको अन्त्यानुप्रासीय लय योजना रहेको छ । वर्ण र शब्दको आवृत्तिले कवितामा बाह्य तथा अन्तःलय सिर्जना भएको छ । लयका आधारमा कविता साङ्गीतिक, लयात्मक, श्रुतिमधुर एवम् रागात्मक बनेको छ ।

**भाषाशैली**

यस कविताको भाषाशैली सरल, सुबोध्य र सम्प्रेष्य रहेको छ । यसमा विविध स्रोतका शब्दको प्रयोग पाइन्छ । कविप्रौढोक्ति कथनपद्धतिको स्वच्छन्द वर्णनात्मक शैलीशिल्पको उचित संयोजन तथा आलङ्कारिक भाषाशैलीको प्रयोग यहाँ पाइन्छ । समष्टिमा उक्त कवितामा कलात्मक, रागात्मक, लयात्मक तथा सौन्दर्यपूर्ण स्तरीय भाषाशैलीको प्रवाह भएको छ ।

**उद्देश्य**

कोइलीको स्वच्छन्द जीवनशैलीको चित्रणद्वारा प्रकृति तथा पङ्छीप्रतिको तीव्र आकर्षण भाव देखाउनु यस कविताको उद्देश्य हो । यसैको माध्यमबाट बालबालिकालाई मनोरञ्जन दिई उनीहरूको काल्पनिक, बौद्धिक तथा प्राकृतिक स्वच्छन्दतावादी चेतनाको विकास गराउनु 'कोइली' कविताको उद्देश्य रहेको पाइन्छ ।

**'चरो-कवि'**

**विषयवस्तु**

कविले आफूलाई प्रकृतिको सुन्दर वनपाखामा स्वतन्त्र विचरण गर्ने स्वच्छ, सुन्दर र स्वतस्फूर्त पङ्छी चरोको स्वच्छन्द आयामको रूपमा प्रस्तुत गरेका छन् । विषयवस्तु पङ्छीजगत रहेको यस कवितामा कविले चरो जस्तै स्वच्छन्द बनेर मानवलाई साहित्यरूपी अमृत रसपान गराउने अभीष्ट राखेका छन् ।

**संरचना**

यसको बाह्य संरचनामा जम्मा ४ श्लोक बाह्र हरफे कवितापुञ्ज रहेको छ । जसमा पृष्ठ दुई (पृ.३३-३४)को लघुतम आयामको पूर्ण संरचना पाइन्छ । यसैगरी आन्तरिक संरचनाअन्तर्गत भाव र आख्यानको संयोजन, झिनो आख्यान तथा गहिरो भाव व्यञ्जन तथा तीव्र कल्पनाको सौन्दर्यात्मक अन्तःसमीकरण रहेको छ ।

**भावविधान**

प्रकृतिमा स्वच्छन्द विचरण गर्ने पङ्छी 'चरो' ले जसरी आफ्ना मधुर साङ्गीतिक धुनद्वारा प्राणीहरूलाई आफूतर्फ आकर्षण गर्न सक्छ । त्यसैगरी कविले पनि आफ्ना साहित्यरूपी सिर्जनाद्वारा मानवहरूलाई अमृतरस पान गराउन सकूँ भन्ने उच्च कल्पनाको गहिरो भाव प्रकट हुनु यस

कविताको भावविधान रहेको छ । साहित्यका मधुर साङ्गीतिक कोसेली पाठक सामु पस्किएर उनीहरूलाई चरम आनन्द दिनु कविको आशय हो । शान्त, श्रृङ्गार तथा अद्‌भुत रसको कलात्मकता रहेको यस कवितामा शान्तरसको 'शम' स्थायी भाव यसरी प्रकट भएको छ-

*प्रकृतिमा गुँड एक बनाउँछु,*
*र हरियो सुख-गान म गाउँछु ।*
*जन सबै नबुझुन्, न त अर्थ होस*
*हृदय यो रसभित्र बहाउँछु ॥*

**लयविधान**

प्रस्तुत कवितामा १२ अक्षरे मात्राछन्दको अन्त्यानुप्रासीय लय रहेको छ । वर्ण र शब्दको आवृत्तिले कविताको लय साङ्गीतिक, श्रुतिमधुर, लयात्मक तथा रागात्मक रहेको पाइन्छ । समष्टिमा उक्त कविता लयका दृष्टिले सफल रहेको छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र स्वाभाविक शब्दहरूको प्रयोग भएको छ जसले गर्दा कविता बोधगम्य र सम्प्रेष्य समेत बन्न पुगेको देखिन्छ । कविको स्वच्छन्दतावादी तीव्र काल्पनिक चेतको कविप्रौढोक्ति उक्तिढाँचागत सुन्दर वर्णनात्मक शैलीको भाषाशैली यसमा पाइन्छ । विविध स्रोतका शब्दहरूले भाषिक आलङ्कारिकता, कल्पनात्मकता, रागात्मकता तथा सौन्दर्य प्रदान गरेको छ ।

**उद्देश्य**

कविको स्वच्छन्दतावादी-रहस्यवादी तीव्र कल्पना भावको सौन्दर्यात्मक प्रकटीकरण गर्नु यस कविताको उद्देश्य हो । साथै उनको मानव सेवाका असीम इच्छा प्रकट हुनु बालबालिकालाई मनोरञ्जनात्मक रूपबाट शिक्षा दिई उनीहरूको कल्पनाशक्ति तथा बौद्धिक शक्तिको विकास गराउनु यस कविताको उद्देश्य रहेको पाइन्छ ।

**'एउटा झार'**

**विषयवस्तु**

यस कविताको विषयवस्तु प्रकृतिजगत रहेको छ जसमा एक सामान्य वनस्पति विशेष 'झार'को कलात्मक चित्रण गरिएको छ । झारको सुन्दर वर्णनमा कविको स्वच्छन्दतावादी प्रवृत्तिको भाव प्रस्तुत भएको छ ।

**संरचना**

प्रस्तुत कवितामा बाह्य संरचनाअन्तर्गत जम्मा ८ श्लोकको चौसठ्ठी हरफे कवितापुञ्ज रहेको छ जसमा पृष्ठ पाँच (पृ.३५-३९) को लघुतम आयामको पूर्ण संरचना पाइन्छ । आन्तरिक संरचनाका रूपमा विषयवस्तु र भावको सम्बन्ध, मसिनो आख्यान तथा गाढा भावविधानका साथै तीव्र काल्पनिक सौन्दर्य चेतको कलात्मक समीकरण रहेको छ ।

**भावविधान**

उपर्युक्त कविताको भावविधान गहिरो र मर्मस्पर्शी देखिन्छ । प्राकृतिक वनस्पति विशेष झारको स्वच्छन्द वर्णन गर्नु तथा यसको रूप, रङ्ग, स्वभाव, जीवनशैलीतर्फ कविको तीव्र

कल्पनाचेत अभिव्यक्त हुनु, मानवलाई सहरी कोलाहल जीवनबाट प्रकृतिको स्वच्छन्द जीवनतर्फ प्रेरित गर्नु, झारको सौन्दर्यको महत्वको महिमागान गाउनु यस कविताको भावविधान रहेको पाइन्छ । शान्त, अद्‌भुत र श्रृङ्गार रसभावयुक्त उक्त कवितामा अद्‌भुत रसको ‘आश्चर्य’ स्थायीभाव यसरी प्रकट भएको छ-

*चलमल छ हवामा चल्मले एक झार*
*पल-पल नहिली त्यो सुख्खा पाउ क्यार र ?*
*झलमल त्यसमाथी शीतको चल्छ दाना,*
*टलपलसित हिल्दै रत्नको दिन्छ भान ॥*

**लयविधान**

यस कवितामा १५ अक्षरे मालिनी छन्दको अन्त्यानुप्रासीय लययोजना रहेको छ । वर्ण र शब्दको आवृत्तिले कवितामा बाह्य तथा आन्तरिक लयसिर्जना भएको छ । समग्रमा यसमा सङ्गीतमय, रागात्मक, श्रुतिमधुर लयको कलात्मक प्रस्तुति पाइन्छ ।

**भाषाशैली**

यस कवितामा सरल, सङ्क्षिप्त र स्वाभाविक भाषिक शब्दहरूको प्रयोग भएको पाइन्छ । तत्सम, तद्‌भव र आगन्तुक स्रोतका शब्दको कलात्मक समीकरणले भाषाशैली आलङ्कारिक बनेको छ । शिल्पशैलीका रूपमा कविप्रौढोक्ति भक्तिको वर्णनात्मक शैली यसमा पाइन्छ । समष्टिमा कलात्मक, रागात्मक, बोधगम्य, सरल, सम्प्रेष्य र सौन्दर्ययुक्त भाषाशैलीको प्रयोग यस कवितामा भएको छ ।

**उद्देश्य**

प्राकृतिक वनस्पतिको सौन्दर्यप्रतिको आकर्षण, स्वच्छन्द काल्पनिक चेतको प्रकट, झारको हरियाली रूपरङ्गको कलात्मक वर्णन, त्यसको औचित्य र सुन्दरताको महिमागानका साथै बालबालिकालाई मनोरञ्जन दिई उनीहरूमा कल्पना र बौद्धिक क्षमताको विकास गराउनु यस कविताको उद्देश्य रहेको पाइन्छ ।

**‘छाँगासँग कुरा’**

**विषयवस्तु**

प्रकृतिको हिमाली काखबाट स्वच्छन्द रूपमा बहने जलप्रवाहको शान्त, निर्मल एवम् पवित्र स्रोत छाँगासँग मनोवाद गरेको चित्रात्मक मनोविम्वमा आधारित कविता शीर्षक हो ‘छाँगासँग कुरा’ । यस कविता सङ्ग्रहको प्रतिनिधि कवितामा कविको छाँगा (पानीका फोहरा) प्रतिको तीव्र कल्पनाको सौन्दर्यचेत प्रकट भएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा १२ श्लोक रहेको छ जसमा छयानब्बे हरफे कवितापुञ्ज रहेको पाइन्छ । यसमा पृष्ठ सात (पृ. ४०-४६) को लघुआयामको संरचना रहेको छ । आन्तरिक संरचनाका रूपमा विषयवस्तु र भावको कलात्मक संयोजन, झिनो आख्यान तथा गाढा भावव्यञ्जन, कल्पना र भावको सुन्दर समीकरण रहेको पाइन्छ ।

**भावविधान**

कविको स्वच्छन्दतावादी-रहस्यवादी भावको सौन्दर्यपूर्ण अभिव्यक्ति गर्नु यस कविताको भावपक्ष हो । स्वच्छन्द बहने हिमाली जलप्रवाह (छाँगा)को रूपसौन्दर्यको चित्रण यसको औचित्य, मूल्य र महत्वको महिमागान गाउनु यस कविताको भावविधान रहेको पाइन्छ । अचेतन जड तत्व छाँगा (पानीको फोहरा)लाई मानवीय चेतना आयाम प्रदान गरी यससँग गरेको कुराकानीको सन्दर्भबाट छाँगाको रहस्यमय प्रवृत्तिको समेत उद्घाटन गर्नु उक्त कविताको भावभूमि देखिन्छ । शान्त, श्रृङ्गार र अद्भुत रसभावको मिश्रित संयोजन रहेको यस कवितामा अद्भुत रसको स्थायी भाव 'आश्चर्य' यसरी व्यक्त भएको छ-

*छाँगा, छाँगा ! छर्छरे छर्र छाँगा,*
*पानीका छन् झर्भरे धेर हाँगा ।*
*जान्छस् उफ्री छड्छडाई तँ काँ-काँ,*
*मीठो लाग्यो छालको छङ्ङ भाका ॥*

## लयविधान

प्रस्तुत कवितामा ११ अक्षरे शालिनी छन्दको अन्त्यानुप्रासीय लयको प्रयोग भएको छ । वर्ण र शब्दको आवृत्तिले कवितामा बाह्य तथा आन्तरिक लयसिर्जना भएको पाइन्छ । लयका कोणबाट कविता साङ्गीतिक, रागात्मक, लयात्मक तथा श्रुतिरमणीय बनेको छ ।

## भाषाशैली

यस कवितामा सरल, सुबोध्य र सम्प्रेष्य भाषाशैलीको प्रयोग भएको छ । विविध स्रोतका सरल, सङ्क्षिप्त र सहज भाषाका शब्दशैलीको उपयोगबाट कविताको भाषाशैली आलङ्कारिक बनेको छ । कविको स्वच्छन्दतावादी चेतको कविनिबद्ध वक्तृप्रौढोक्ति कथन एवम् सम्वादमूलक वर्णनात्मक शैलीशिल्पले कविताको भाषाशैलीमा लयात्मक, रागात्मक, सौन्दर्य तथा रमणीयता प्रदान गरेको छ ।

## उद्देश्य

प्राकृतिक सौन्दर्यप्रतिको आकर्षण, स्वच्छन्द काल्पनिक चेतको प्रकटीकरण, स्वच्छ जलप्रवाह छाँगाको शान्त र निर्मल स्वभावको वर्णनचित्रण माध्यमबाट बालबालिकालाई मनोरञ्जन दिई उनीहरूको काल्पनिक, बौद्धिक तथा संवेगात्मक शक्तिको विकास गराउनु यस कविताको उद्देश्य रहेको पाइन्छ ।

## 'चराहरूको बोली'

## विषयवस्तु

प्रकृतिको हरियाली वनपाखामा मधुर साङ्गीतिक धुन छर्दै स्वच्छन्द विचरण गर्ने पङ्छी जातिलाई सम्बोधन गरी रचिएको कविता शीर्षक हो 'चराहरूको बोली' । पङ्छीजगत विषयवस्तु रहेको यस कवितामा कविको चराहरूको मीठो सङ्गीतमय स्वरप्रतिको आकर्षणभाव प्रकट भएको छ ।

## संरचना

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा १४ श्लोक तथा एकसय अठसट्ठी हरफे पङ्क्तिपुञ्ज रहेको छ जसमा पृष्ठ बाह्र (पृ.५६-६७)को संरचनाका रूपमा भाव र आख्यानको

कलात्मक संयोजन, झिनो आख्यान तथा गाढा भावव्यञ्जन, स्वच्छन्दतावादी चेतको तीव्र कल्पना र सौन्दर्यको समीकरण रहेको छ ।

**भावविधान**

कविको चराहरूप्रतिको स्वच्छन्दतावादी रहस्यवादी भावको उच्च कल्पनाको सौन्दर्यात्मक अभिव्यक्ति प्रकट गर्नु यस कविताको भावभूमि हो । पङ्छीका मधुर, सङ्गीतमय, मीठा धुनहरूले सारा प्राणीलाई आनन्द र प्रफुल्ल बनाउँछ सबैदुःख पीडालाई बिर्साइदिन्छ अनि मानव मन-मस्तिष्कलाई सुखको चिर शान्ति प्रदान गर्दछ भन्ने रहस्यमय भाव यस कवितामा व्यक्त भएको छ । यसरी चराहरूको प्रवृत्ति चित्रणद्वारा तिनीहरूको मूल्य, महत्व र औचित्य प्रकाश पार्नु यस कविताको भावविधान रहेको पाइन्छ । शान्त, श्रृङ्गार तथा अद्भुत रसको मिश्रण रहेको यस कवितामा शान्त रसको 'शम' स्थायीको परिपाक यसरी भएको छ-

*मीठो लाग्छ मलाई बोल वनको आनन्दको झोल झैं*
*राम्रा फूल र पातबीच वनमा मीठा चरा टोल झैं ।*
*हावा शीतलमा सुगन्ध मगमग् सपना हरियो बन,*
*त्यस्मा खल्बल कंठको चुलबुले क्या हर्छ मेरो मन ॥*

**लयविधान**

यस कवितामा १९ अक्षरे शार्दूलविक्रीडित छन्दको अन्त्यानुप्रास लयको साङ्गीतिक प्रवाह भएको छ । नियमित वर्ण, मात्रा र शब्दको आवृत्तिले बाह्य तथा अन्तःअनुप्रास लयसिर्जना भएको पाइन्छ । लयका दृष्टिले कविता सङ्गीतमय, रागात्मक, श्रुतिमधुर तथा लयात्मक रहेको देखिन्छ ।

**भाषाशैली**

प्रस्तुत कवितामा सरल, सुबोध्य एवम् सम्प्रेष्य भाषाशैलीको कलात्मक, प्रयोग भएको पाइन्छ । विविध स्रोतका शब्द संयोजनले भाषाशैलीगत अलङ्कार सिर्जना भएको छ । सङ्क्षिप्त, सामान्य र सहज भाषाको प्रयोगले कविता सरल बनेको छ । शिल्पशैलीको आधारमा कविप्रौढोक्ति स्वच्छन्दतावादी आत्मपरक शैलीको प्रयोग यसमा पाइन्छ । समष्टिमा यस कवितामा कलात्मक, रागात्मक, ओजस्वी, मर्मस्पर्शी र मधुर शब्दयुक्त भाषाशैलीको प्रयोग रहेको छ ।

**उद्देश्य**

कविको पङ्छीजगतप्रतिको स्वच्छन्दतावादी रहस्यवादी तीव्र कल्पनाको सौन्दर्यवादी चेत प्रकट गर्नु यस कविताको उद्देश्य हो । बालबालिकालाई मनोरञ्जन दिई प्रकृतिको स्वच्छन्द जीवनजगततर्फ प्ररित गर्नु तथा उनीहरूको काल्पनिक एवम् बौद्धिक क्षमताको विकास गराउनु यस कविताको उद्देश्य रहेको पाइन्छ ।

**'बालख्ख र गाई'**

**विषयवस्तु**

मान्छे र पशुको मनोजगतलाई विषयवस्तु बनाई रचिएको मिश्रित कविता शीर्षक हो 'बालख्ख (बालिका) र गाई' । यस कवितामा कविले सानी बालिका र गाईका प्रेमबीच रोचक सम्वादात्मक वर्णनको कलात्मक चित्रण गरेका छन् ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा ४ श्लोकको बाह्र हरफे पङ्क्तिपुञ्ज तथा पृष्ठ दुई (पृ.६८-६९)को लघुआयामको संरचना रहेको छ । यसैगरी आन्तरिक रूपमा विषयवस्तु र

भावको कलात्मक संयोजन मसिनो आख्यान तथा गाढा भावव्यञ्जन, तीव्रकल्पना र सौन्दर्यको समीकरण तथा कविको स्वच्छन्दतावादी काव्यचेतको शिल्पगत आन्तरिक संरचना रहेको पाइन्छ ।

**भावविधान**

कविको स्वच्छन्दतावादी तीव्र कल्पना भावको सौन्दर्यात्मक अभिव्यक्ति गर्नु यस कविताको भाव रहेको छ । मानव र पशुबीचको आत्मीय प्रेमभाव प्रकट गर्नु, अबोल बालिका र गाईको भावानात्मक सम्बन्धको रहस्यमय प्रवृत्तिको कलात्मक चित्रण गर्नु यस कविताको भावपक्ष हो । मूक प्राणीहरू पनि विनाआवाज आफ्नो भावनाहरू एक अर्कासामु प्रकट गर्न सक्छन् भन्ने कुरा बालिका र गाईको रहस्यात्मक अन्तर्सम्बन्धबाट व्यक्त भएको छ । बालिका र गाईको काल्पनिक सम्बादद्वारा बालबालिकालाई मनोरञ्जन दिई साना बच्चाहरू र पशुप्राणी 'गाई'लाई मायाप्रेमको भावले हेर्नुपर्छ भन्ने उपदेशात्मक शिक्षा प्रदान गर्नु यस कविताको भावविधान रहेको पाइन्छ । यस कवितामा शान्त, अद्भुत, हास्य तथा वीररसभावको कलात्मक संयोजन रहेको छ जसमा शान्त रसको 'शम' स्थायी भाव प्रकट भएको छ–

**लयविधान**

प्रस्तुत कवितामा मात्रा छन्दको अन्त्यानुप्रासीय लयको प्रयोग भएको छ । वर्ण र शब्दको आवृत्तिले कवितामा बाह्य तथा अन्तःलय सिर्जना भएको छ । लय विधानका दृष्टिले कविता साङ्गीतिक, लयात्मक, श्रुतिमधुर र सौन्दर्यपूर्ण रहेको छ । लयको कलात्मक प्रयोग यसरी भएको छ–

*बालख–रसिली आँखिली हँसीलो धाई*
*हँसिली देउ न दूध लौ मलाई ।*
*गाई – हँसिली खुशिली बिजूली चेलि*
*दिउँला है रस साफ घुर्घरेली ।*

**भाषाशैली**

यस कविताको भाषाशैली सरल, सङ्क्षिप्त र सहज रहेको छ । विविध भाषिक स्रोतका शब्दहरूको प्रयोग यसमा पाइन्छ । कविनिबद्ध वक्तृप्रौढोक्ति, कथनशैली, सम्वादात्मक, चित्रात्मक, वर्णनात्मक शैलीशिल्पको कलात्मक भाषाशैलीले कवितालाई आलङ्कारिक बनाएको छ । समग्रमा कलात्मक, रागात्मक, चित्रात्मक, सम्वादात्मक, सरल, सुबोध्य एवम् सम्प्रेष्य भाषाशैलीको सशक्त प्रयोग उक्त कवितामा रहेको पाइन्छ ।

**उद्देश्य**

बालबालिकालाई मनोरञ्जन दिनु, मान्छे र पशुबीचको आत्मीय प्रेमभाव प्रकट गर्नु, कल्पना र बौद्धिक पक्षको विकास गराउनु, स्वच्छन्दतावादी रहस्यवादी काव्यचेतको सौन्दर्यात्मक अभिव्यक्ति गर्नु, बालिका तथा पशुमनोविश्लेषण गर्नु यस कविताको उद्देश्य रहेको पाइन्छ ।

**‘बादलसँग सवालजवाफ’**

**विषयवस्तु**

कविले बादलसँग सम्वाद गरेको रहस्यमय काल्पनिक मनोवृत्तिको प्रकट गरिएको कविताशीर्षक हो ‘बादलसँग सावालजवाफ’ । प्रकृतिलाई विषयवस्तु बनाई बादलको उत्पत्ति र अवसानको जादूगरी प्रवृत्तिको चित्रण यस कवितामा गरिएको छ ।

**संरचना**

यस कविताको बाह्य संरचनाअन्तर्गत जम्मा २३ हरफे कविता पुञ्ज तथा चार प्रश्नोत्तर खण्डरहेको छ । पृष्ठ तीन (पृ.७०-७२) को लघु नाटकीय संरचना यसमा पाइन्छ । आन्तरिक संरचनामा भने विषयवस्तु र भावको कलात्मक समीकरण, मसिनो आख्यान तथा गहिरो भावसंयोजनका साथै तीव्र कल्पना र उच्च सौन्दर्यको तादात्मीकरण संरचना रहेको छ ।

**भावविधान**

कविको स्वच्छन्दतावादी-रहस्यवादी तीव्र कल्पनाज्वारको कलात्मक एवम् नाटकीय ढङ्गमा व्यक्त गर्नु यस कविताको भावविधान हो । आकाशको चारैतिर फैलिएर पृथ्वीमा जलवृष्टि गराउने जादूगरी शक्ति र चरित्ररूपी बादललाई मानवीय आयाम दिई बादलको जन्म, जीवनशैली, कार्य तथा अन्त्यवस्थाको रहस्यात्मक चित्रणद्वारा यसको औचित्य, मूल्य र महत्वको सौन्दर्यात्मक रूपमा प्रकट गर्नु यस कविताको भाव रहेको पाइन्छ । विविध रसभावले रसिलो र मीठो बनेको यस कवितामा वीर रसको ‘उत्साह’ स्थायीभाव प्रकट भएको छ ।

सवाल- बादल, बादल, भन रे बादल तिम्रो घर कहाँ छ ?

जवाफ- जल, जल, जल, जल टलपल टलपल सागर बन्छ जहाँ !

**लयविधान**

प्रस्तुत कवितामा सम्वादात्मक शैलीको अन्त्यानुप्रासीय लय र योजना रहेको छ । प्रश्नोत्तर शैलीमा प्रयुक्त वर्ण र शब्दहरूको उचित प्रयोगले कवितामा बाह्य तथा अन्तःलय सिर्जना भएको छ । लयका आधारमा कविता साङ्गीतिक, श्रुतिमधुर, लयात्मक रहेको पाइन्छ ।

**भाषाशैली**

उपयुक्त कवितामा छोटा, सरल र स्वभाविक शब्दहरूको उपयोग गरिएको छ । तीनै किसिमका स्रोतबाट शब्द चयन गरिएकोले कविताको भाषा आलङ्कारिक समेत बनेको छ । शैलीशिल्पका रूपमा कविनिबद्ध वक्तृप्रौढोक्ति कथनपद्दतिको संवादमूलक नाटकीय शैली रहेको छ जसले गर्दा कविता रोचक, कलात्मक, रागात्मक, सरल, सुबोध्य, सम्प्रेष्य र श्रुतिरमणीय बन्न पुगेको छ ।

**उद्देश्य**

बादलको स्वभाव-चरित्र, कार्य, औचित्य र मूल्यको बोध गराउनु, स्वच्छन्दतावादी-रहस्यवादी प्राकृतिक सौन्दर्यप्रति आकर्षण भाव जगाउनु, बालबालिकालाई मनोरञ्जन दिनु, र बौद्धिक शक्तिको प्रष्फुटन विकास र विस्तार गराउनु आदि उक्त कविताको उद्देश्य रहेको छ ।

## ५.१०.१ 'छाँगासँग कुरा' (कविता सङ्ग्रह)को काव्यप्रवृत्तिगत मूल्याङ्कन

१. विषयवस्तुगत प्रवृत्ति
२. लयविधानगत प्रवृत्ति
३. रसविधानगत प्रवृत्ति
४. उक्तिढाँचागत प्रवृत्ति
५. उद्देश्यगत प्रवृत्ति
६. कृतिगत प्रवृत्ति

### १. विषयवस्तुगत प्रवृत्ति

यसअन्तर्गत- १.प्रकृतिजगतसम्बन्धी विषयवस्तुमा आधारित कविता ('गुलाफ', 'एउटा झार', 'छाँगासँग कुरा', 'बादलसँग सवालजवाफ'), २.पंक्षीजगतसम्बन्धी ('भङेरी', 'चरो-कवि', 'चराहरूको बोली', 'कोइली'), ३.मनोजगतसम्बन्धी ('बालख्खा र गाई') गरी जम्मा तीन किसिमको विषयवस्तुगत प्रवृत्ति पाइन्छ ।

### २. लयविधानगत प्रवृत्ति

यस अन्तर्गत-१. मात्रा छन्दलयका कविता ('गुलाफ', 'भङेरी', 'कोइली', 'चरो-कवि', 'बालख्ख र गाई'), २.मालिनी छन्दअन्तर्गत ('एउटा झार'), ३.शालिनी छन्द अन्तर्गत ('छाँगासँग कुरा'), ४.शार्दूलविक्रीडित छन्दअन्तर्गत ('चराहरूको बोली'), ५.मुक्त छन्दअन्तर्गत ('बादलसँग सवाल-जवाफ') गरी जम्मा पाँच किसिमका लय विधानगत प्रवृत्ति पाइन्छ ।

### ३. रसविधानगत प्रवृत्ति

यसअन्तर्गत-१.शान्त रसभावयुक्त ('कोइली', 'चरो कवि', 'चराहरूको बोली', 'बालख्ख र गाई'), २.श्रृङ्गार रसभाव ('गुलाफ'), ३.करूण रसभाव ('भङेरी') ४.वीर रसभाव ('छाँगासँग कुरा', 'बादलसँग सवाल-जवाफ'), ५.अद्‌भुत रसभाव ('एउटा झार') गरी जम्मा पाँच किसिमका रसविधानगत प्रवृत्ति पाइन्छ ।

### ४.उक्तिढाँचागत प्रवृत्ति

यसअन्तर्गत-१.कविनिबद्ध वक्तृप्रौढोक्ति शैलीअन्तर्गत ('छाँगासँग कुरा', 'चराहरूको बोली', 'बालख्ख र गाई', 'बादलसँग सवाल-जवाफ', 'भङेरी'), २. कविप्रौढोक्ति शैली ('गुलाफ', 'कोइली', 'चरो-कवि', 'एउटा झार'), गरी जम्मा तीन किसिमका भाषाशैलीगत उक्तिढाँचा कथनपद्धतिगत प्रवृत्ति पाइन्छ ।

### ५.उद्देश्यगत प्रवृत्ति

यसअन्तर्गत- १.प्राकृतिक सौन्दर्यप्रति आकर्षित गराउनु ('गुलाफ', 'कोइली', 'एउटा झार', 'छाँगासँग कुरा'), २.चेतनामूलक शिक्षा दिनु ('भङेरी'), ३.कल्पनाको विकास गराउनु ('चरो-कवि',

'बादलसँग सवाल-जवाफ', 'चराहरूको बोली') ४.खेलजगत सम्बन्धी उद्देश्य ('बालख्ख र गाई') गरी जम्मा चार किसिमका उद्देश्यहरू रहेको पाइन्छ ।

### ६. कृतिगत प्रवृत्तिगत (भावधारागत प्रवृत्ति)

यसअन्तर्गत-१.स्वच्छन्दतावादी प्रवृत्ति (‘गुलाफ’, ‘कोइली’, ‘चराहरूको बोली’, ‘चरो-कवि’, ‘छाँगासँग कुरा’, ‘एउटा झार’, ‘बालख्ख र गाई’, ‘बादलसँग सवाल-जवाफ’ २.अस्तित्ववादी ( ‘भङेरी’) गरी जम्मा दुई किसिमका भावधारागत प्रवृत्ति पाइन्छ ।

उपर्युक्त विषयवस्तु, लयविधान, रसविधान, भाषाशैलीगत उक्तिढाँचा, उद्देश्य तथा कृतिगत प्रवृत्तिको समष्टिगत मूल्याङ्कन गर्दा ‘छाँगासँग कुरा’ (कवितासङ्ग्रह) भित्रका जम्मा ९ ओटा कविताहरूमध्ये विषयवस्तुगत प्रवृत्तिअन्तर्गत सबैभन्दा बढी प्रकृतिजगतसम्बन्धी जम्मा र पंक्षीजगत्सम्बन्धी ४/४ ओटा कविता तथा सबैभन्दा कम मनोजगतसम्बन्धी एक ओटा कविता रहेका छन् ।

लयविधानगत प्रवृत्तिका आधारमा सबैभन्दा बढी मात्रा छन्दका ५ ओटा तथा कम ‘मालिनी’, ‘शालिनी’, ‘शार्दूलविक्रीडित’ तथा ‘मुक्त’ छन्दका एक/एक ओटा कविता रहेका छन् । रसविधानगत प्रवृत्तिका आधारमा सबैभन्दा बढी ‘शम’ स्थायीभावयुक्त शान्तरसको ४ कविता तथा कम श्रृङ्गार, करूण र अद्‌भुत रसभावका एक/एक ओटा कविता रहेका छन् ।

भाषाशैलीगत उक्तिढाँचाका आधारमा सबैभन्दा बढी कविनिबद्ध वक्तृप्रौढोक्ति शैलीको ५ ओटा तथा कम कविप्रौढोक्ति उक्तिढाँचाको ४ कविता रहेको छ । उद्देश्यगत प्रवृत्तिका आधारमा सबैभन्दा बढी प्राकृतिक सौन्दर्यप्रति आकर्षणभाव जगाउने ४ ओटा र कम चेतनामूलक तथा खेलजगतसम्बन्धी एक/एक ओटा कविता रहेको छ । कृतिप्रवृत्तिगत भावधाराका आधारमा सबैभन्दा बढी स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्तिका ८ ओटा तथा कम अस्तित्ववादी प्रवृत्तिका एक ओटा कविता रहेको छ । समग्रमा स्वच्छन्दतावादी काव्यचेतको उर्वरता उनका यस कृतिमा पाइन्छ ।

देवकोटाका उल्लिखित कविताप्रवृत्तिका आधारमा ‘छाँगासँग कुरा’को मूल्याङ्कन गर्दा प्रकृतिजगतसम्बन्धी विषयवस्तु, मात्रा छन्दको बाहुल्यता, शान्तरसभावप्रधान, कविनिबद्ध वक्तृप्रौढोक्तिगत कथनपद्धति, प्राकृतिक सौन्दर्यप्रतिको आकर्षण तथा स्वच्छन्दतावादी-रहस्यवादी प्रवृत्तिको प्रचुर प्रयोग पाइन्छ । बालबालिकाहरूलाई प्राकृतिक सौन्दर्यको कलात्मक चित्रणबाट मनोरञ्जन दिई कल्पनाशक्तिको विकास गराउन तथा प्रकृतिप्रतिको आकर्षणभाव सिर्जना गर्नुका साथै उनीहरूको सिर्जनात्मक, बौद्धिक र संवेगात्मक विकासका निम्ति प्रभावकारी रहेको हुँदा ‘छाँगासँग कुरा’ बालकृति बालबालिकाहरुका निम्ति चिल्लापातहरुपछिको चौथो मध्यमस्तरीय बालोपयोगी कवितासङ्ग्रह हो भन्न सकिन्छ ।

## ५.११ ‘कटक’ (खण्डकाव्य)को विश्लेषण

बालसाहित्यकार लक्ष्मीप्रसाद देवकोटाले उनको वनारस प्रवासकाल अन्तर्गत वि.सं. २००४ मा रचित बालकाव्य हो ‘कटक’ । यसको प्रकाशन चाहिं वि.सं. २०२६ सालमा झापा प्रकाशन, भद्रपुर, नेपालबाट मोहनराज शर्माको सम्पादकत्वमा भएको हो । यसमा गोर्खाली वीरहरूको ऐतिहासिक वीरताको बयान ओजस्वी नेपाली लोकलयमा गरिएको छ । राष्ट्रिय ऐतिहासिक वीरतापूर्ण घटना र वीरचरित्रलाई लोकगीतका भाकामा व्यक्त गर्ने पाश्चात्य स्वच्छन्दतावादी शैली ढाँचामा रचिएको वीरगाथा काव्यको नमुना ‘कटक’ खण्डकाव्य हो ।

बालबालिकालाई मनोरञ्जनात्मक रूपबाट देशप्रेम, भक्तिभाव तथा कर्मशीलताको पाठ सिकाउनु यस खण्डकाव्यको ध्येय रहेको छ ।

**विषयवस्तु**

नेपालको इतिहास यस खण्डकाव्यको विषयवस्तु हो जसमा नेपालका इतिहासमा वि.सं. १८७१ तिर नेपाली वीरहरूले अङ्ग्रेजी शैन्यशक्तिसँग वीरतापूर्ण सङ्घर्ष गरेको इतिहास प्रसिद्ध घटनाको चित्रण गरिएको छ । ऐतिहासिक सेरोफेरोमा घटित क्रियाकलापको वर्णन उक्त खण्डकाव्यको विषयवस्तु बनेको छ ।

**शीर्षक**

'कटक' शब्दको अर्थ युद्ध हो । यहाँ नेपालीले अङ्ग्रेजी सैन्यसँग गरेको लडाइँलाई लिएर युद्धसँग सम्बन्धित घटनाचित्रणका रूपमा यस कविताको शीर्षक सार्थक बनेको छ ।

**आख्यानात्मक संरचना**

**(क) कथावस्तु**

'कटक' खण्डकाव्यको संरचनात्मक पक्षलाई हेर्दा यसमा जम्मा ३ शीर्षक तथा १६ वटा उपशीर्षक रहेका छन् । तीन शीर्षक रहेका कथावस्तुलाई आदि, मध्य र अन्त्यको श्रृङ्खलाबद्ध घटनाक्रममा मिलाइएको छ । खण्डकाव्यको आदि भागमा काली, वीरभद्र र भीमसेनको स्तुति तथा नेपाली वीरताको गाथा गरी काली एवं चण्डी र रुद्रका ताण्डव नृत्यको स्मरणका साथ राजा गीर्वाणयुद्ध विक्रमलाई सलामी टक्रयाई नेपाली फौज निडरताका साथ युद्धमा बढेको छ । मध्यभागमा वीर बलभद्रसिंह, अमरसिंह थापा, भक्ति थापा, रणधीर आदि नेपाली सेनाप्रमुखले थोरै सैन्यबलका भरमा नेपालमाथि आक्रमण गर्ने अङ्ग्रेजी सैन्यविरुद्ध बहादुरीका साथ लडेको तथा अन्त्य खण्डमा गोर्खालीका राष्ट्रिय स्वाभिमान, जातिप्रेम तथा विजयगानको कथा वर्णन रहेको छ ।

**पात्रविधान**

कथावस्तुलाई गति दिई आरम्भदेखि अन्त्यसम्म पुऱ्याउन र उद्धेश्यमूलक फलप्राप्तिका निम्ति पात्र अपरिहार्य हुन्छ । जसअनुसार नेपाली पात्रहरूमा देवी (काली), वीरभद्र, भीमसेन, बलभद्रसिंह, अमरसिंह थापा, भक्ति थापा, रणजीतसिंह, रणधीर तथा राजा गीर्वाणयुद्धविक्रम शाह रहेका छन् । यसैगरी अङ्ग्रेजी सैन्यतर्फ हेस्टिङ, अक्टरलोनी, विल्सन, मोर्ले, जिलेस्पी, कार्पेन्टर, क्याम्बलमेली, लड्लो, फस्टरकेली, बेडशा, उड, लेटर, बेडलक आदि प्रमुख रहेका छन् । यसको साथै यहाँ नेपाली सेनाको समूह, अङ्ग्रेजी सेनाको समूह आदि समूह पात्रको रूपमा आएका छन् । यहाँ कविले नेपाली सेनाका प्रमुख सेनानी बलभद्र र अमरसिंह थापाका वीर चरित्रको बहादुरीको जोशिलो चित्रण गरेका छन् । मूलतः यस खण्डकाव्यमा प्रस्तुत गरिएका पात्रहरू वि.सं. १८७१ मा भएको नेपाल-अङ्ग्रेज युद्धसँग सम्बन्धित सैनिकहरू नै हुन् र ती कविकल्पित नभई ऐतिहासिक सत्यपात्र हुन् ।

**परिवेश विधान**

परिवेशका रूपमा यस खण्डकाव्यमा नेपालदेखि भारतसम्मको प्राकृतिक भू-भाग आएको छ । वि.सं. १८७१ मा भएको नेपाल-अङ्ग्रेजबीचको युद्धकालीन समय यहाँ परिवेशको रूपमा आएको देखिन्छ । यसैगरी तत्कालीन वि.सं. २००४ तिरको नेपालको सामाजिक, साँस्कृतिक,

शैक्षिक, राजनैतिक परिवेश नेपाली परिवेशको चित्रण यसमा भएको छ। निरङ्कुशतन्त्रको विरुद्धको युगीन परिवेश यहाँ झल्किएको छ । समग्रगमा बह्य तथा आन्तरिक सूक्ष्म मनोजगतीय परिवेशको वीरताको चित्रण उच्च कल्पना र सौन्दर्यात्मक स्वच्छन्द परिवेश 'कटक' खण्डकाव्यको परिवेश विधान रहेको देखिन्छ ।

### आयाम

प्रस्तुत खण्डकाव्यको आयाम सङ्क्षिप्त रहेको छ । एक शब्दको शीर्षक विधान रहेको उक्त 'कटक' खण्डकाव्य व्याकरणिक दृष्टिले भाववाचक नाम शब्द हो । यसको समानर्थी शब्दः युद्ध, लडाइँ हुन् । लघु संरचनात्मक आयाम भएको यस खण्डकाव्यमा तीन शीर्षकमा जम्मा १६ वटा उपशीर्षकहरू रहेका छन् । ती निम्न छन् - १.'विगुलगान', २.'रणमार्च', ३.'कालीगान', ४.'चण्डीधारा', ५.'रणजागरण', ६.'रणसलामी', ७.'निडरध्वनि', ८.'सिमानागान', ९.'तयारीगान', १०.'वीर बलभद्र' (कलङ्गा गान), ११.'जैतगढगान', १२.'अङ्ग्रेजी नीतिगान', १३.'खुकुरी गान', १४.'वीरगान', १५.'तुलनागान', १६.'गोर्खाली पाराको गान' । जसमध्ये १-८ ले आदि भागको, ९-१५ सम्म मध्य भागको र १६ औं उपशीर्षकले अन्त्यभागको निर्माण भएको छ । यसका कूल १६ खण्डमा विभाजित कविता-काव्यको पङ्क्तिपुञ्ज क्रमशः ५, ३, २, ३, ५, ६, ५, २, ९, २१, ४, ७, ७, ६, ७ र ५ गरी जम्मा ९७ श्लोकहरू छन् । यहाँ समग्र ८७० पङ्क्ति संख्या रहेका छन् जसमा जम्मा २१७ $^{१}/_{२}$ चतुष्पदी श्लोकको समान परिमाण हुन आउँछ। नेपाल-अङ्ग्रेजबीचको युद्धघटना तथा नेपाली वीरभावको अन्तःसयोजनले खण्डकाव्यको आयाम पूर्ण बनेको छ।

### भावविधान

भावविधानका दृष्टिले 'कटक' खण्डकाव्य उच्च रहेको छ । देशभक्ति, राष्ट्रिय स्वाभिमान, नेपाली सेनाका वीरता, जातिप्रेम, समानता, स्वतन्त्रता तथा राष्ट्रिय एकताको भाव यस खण्डकाव्यमार्फत अभिव्यक्त भएको छ । अङ्गीरस (प्रधानरस) उत्साह स्थायी भावयुक्त काव्यमा वीर रस, भयानक, अद्भुत, करुण तथा शान्त रस आदि गौण रसको समेत परिपाक रहेको छ । यसरी नेपाली सेनाका ऐतिहासिक वीरताको गानबाट बालबालिकालाई मनोरञ्जन दिई उनीहरूलाई नेपालीहरूको एकता, राष्ट्रप्रेम तथा स्वाभिमानको भाव सिर्जनातर्फ प्रेरित गराउने मूलभाव यस काव्यमा अभिव्यक्त भएको छ ।

### लयविधान

'कटक' खण्डकाव्यमा नेपाली लोकलय (वार्णिक लय)को प्रयोग भएको छ । यसको लय नेपाली काव्यभाषाका आधारमा चयन गरिएको छ । यसमा स्वतःस्फूर्त स्वच्छन्द र विविधतापूर्ण लयविधान रहेको देखिन्छ । उक्त काव्यका श्लोकहरूमा अन्त्यानुप्रास, मध्यानुप्रास तथा अन्तरअनुप्रासको प्रयोग भएको पाइन्छ । श्लोकहरूमा उन्मुक्त पङ्क्तिविधान तथा उपखण्डहरूको प्रयोग भएको छ । लयविधानका दृष्टिले हेर्दा यस खण्डकाव्यमा साङ्गीतिक, श्रुतिमधुर, लयात्मक, गेयात्मक तथा प्रवाहपूर्ण लयढाँचाको उपयोग भएको छ ।

### भाषाशैली

यस खण्डकाव्यमा सरल, सङ्क्षिप्त तथा स्वाभाविक शब्दहरूको प्रयोग भएको छ । अनुप्रासीय शैलीले भाषाशैलीमा माधुर्य सिर्जना गरेको छ । शब्दप्रयोगका रूपमा तीनैओटा स्रोतका

शब्दहरूको समुचित प्रयोगले शब्दगत विविधता देखापरेको छ । अनुकरणात्मक शब्दसंयोजनले काव्यको भाषाशैली प्रभावकारी तथा साङ्गीतिक झङ्कारका साथै ओजस्वी वीरभावको प्रवाह रहेको छ । कविनिवद्ध वक्तृप्रौढोक्ति कथनपद्धतिको उपयोग, गौडी रीति तथा ओज गुणको प्रयोगका साथै सूक्ष्म आख्यानको आन्तरिक नाटकीकरण समेत यसमा भएको देखिन्छ । यहाँ विविध विम्व सन्दर्भ र अर्थालङ्कारहरूको सहजप्रयोग गरिएको पाइन्छ । जस्तै- भीमसेन, बलभद्र, काली, रुद्र, चण्डी, नृसिंह आदिका विम्व सन्दर्भबाट काव्यमा वीरभाव जगाउन खोजिएको छ जुन प्राचीन पूर्वीय हिन्दू पुराणका धार्मिक गायासँग साम्बन्धित छन् । यसैगरी पाश्चात्यजगत्बाट ग्रीसका 'लिभोनी' र 'होरेसियस'को सन्दर्भ ल्याइएको छ । यसैगरी अलङ्कारका रूपमा उपमा, रूपक र समानन्तर आदिको प्रयोग तथा प्रकृतिको मानवीकरण गर्ने स्वच्छन्दवादी काव्यशिल्पयुक्त भाषिकशैली विधानको प्रयोग भएको पाइन्छ । अङ्ग्रेजी सेना (उपमेय) का रूपमा 'बाँदर', 'कुइरे', 'गधा' जस्ता ग्रामीण बिम्ब (उपमान) को प्रयोगले काव्यको भाषाशैली चोटिलो, कलात्मक, रागात्मक एवम् उच्च समेत बनेको देखिन्छ ।

**उद्देश्य**

बालबालिकालाई नेपालको ऐतिहासिक घटनाको जानकारी गराउनु यस 'कटक' खण्डकाव्यको मूल उद्देश्य हो । केटाकेटीहरूलाई युद्धको वर्णन सुनाएर जातीय, राष्ट्रिय, स्वाभिमान, कर्मशीलता तथा घटना विवरणको पूर्वस्मृति सम्बन्धी धारणा प्रदान गर्नु उक्त काव्यको अर्को उद्देश्य रहेको छ । समग्रमा उनीहरूलाई सत्य-तथ्य राष्ट्रिय घटनाहरूको चित्रणबाट मनोरञ्जन तथा बौद्धिक एवम्  ज्ञानबर्द्धक अनि चिन्तनशील चेतनाको विकास गराउनु यसको उद्देश्य हो भन्न सकिन्छ ।

### ५.११.१ 'कटक' (खण्डकाव्य) को काव्यप्रवृत्तिगत मूल्याङ्कन

१. नेपालीको वीरताको ऐतिहासिक भावभूमिमा आधारित प्रथम बाल खण्डकाव्य कृति हुनु ,

२. वार्णिक वा लोकलयमा आधारित हुनु ,

३. भाषिक सरलता, सुकोमलता, लयात्मकता, कलात्मकता, श्रुतिमधुरता, बोधगम्यता एवम् सम्प्रेष्यता ,

४. बिम्ब, प्रतीक तथा अलङ्कारको कलात्मक संयोजन,

५. तीव्र कल्पना र उच्च सौन्दर्यको प्रस्तुतीकरण,

६. ऐतिहासिकता, राष्ट्रियता, मनोरञ्जनात्मकता, गीतिमयता, उपदेशात्मकता, बौद्धिकता, राष्ट्रियता, मनोरञ्जनात्मकता, गीतिमयता, उपदेशात्मकता, बौद्धिकता, राष्ट्रियता एवम् प्रकृति प्रेम,

७. स्वतन्त्रता, समानता, जातीयता साहसी, धैर्य, वीरता, स्वाभिमानजस्ता मानवतावादी स्वरको प्रकट,

८. स्वच्छन्दतावादी यथार्थवादी प्रवृत्तिको वरण आदि ।

माथिका यिनै प्रवृत्तिको कोणबाट 'कटक' खण्डकाव्य बालबालिकाका मनोरञ्नात्मक, सिर्जनात्मक तथा बौद्धिक विकासका निमित्त बालोपयोगी रहेको देखिन्छ ।

## छैटौं परिच्छेद

# बालसाहित्यिक कोणबाट देवकोटाको मूल्याङ्कन

### ६.१ बालसाहित्यकार देवकोटा

लक्ष्मीप्रसाद देवकोटाका बालसाहित्यिक क्षेत्र अन्तर्गत कविता र खण्डकाव्य गरी २ पाटा रहेका छन् । यस खण्डकाव्यबाट नै देवकोटाले आफ्नो बालकविता यात्रा शुभारम्भ गरे पनि कविताबाट प्रसिद्धि हासिल गर्न पुगे । देवकोटालाई नेपाली बालसाहित्यजगतको बालकविता विधाद्वारा चर्चित बनाउने उनका बालकविता सङ्ग्रहहरू-'पुतली', 'सुनको विहान', 'चिल्लापातहरू' तथा 'छाँगासँग कुरा' हुन् । बालबालिकाका रुचि, स्वभाव, उमेर र क्षमता र परिस्थिति अनुकूलका विषयवस्तुमा आधारित कविताहरूको सङ्गालो मानिने उपर्युक्त कृतिहरूद्वारा देवकोटाको बालकवित्व निर्धारण गर्न सकिन्छ । बालबालिकालाई मनोरञ्जन तथा बौद्धिक ज्ञान प्रदान गर्न उत्कृष्ट ठानिएका उनका बालकविताकृतिहरू ऐतिहासिक, परिमाणात्मक एवम् गुणात्मक दृष्टिले अत्यन्त महत्वपूर्ण रहेका छन् । यिनै बालोचित कविताकृतिका आधारमा देवकोटाको बालसाहित्यक मूल्याङ्कन गर्दा उनी आधुनिक बालकविता फाँटका शिखर व्यक्तित्व एवम् लोकप्रिय बालसाहित्यकार ठहरिएका छन् ।

यसैगरी बालसाहित्यकार देवकोटाको बालसाहित्यिक मूल्याङ्कनको अर्को पाटो खण्डकाव्य क्षेत्र हो अर्थात उनका प्रकाशित उत्कृष्ट खण्डकाव्यका कोणबाट देवकोटा सफल बालखण्डकाव्यकार व्यक्तित्वका रुपमा चर्चित छन् । 'राजकुमार प्रभाकार' तथा 'कटक' खण्डकाव्य बालबालिकाका निम्ति निकै रोचक र प्रभावकारी रहेका छन् । प्रेम, कल्पना , राष्ट्रियता तथा प्राकृतिक सौन्दर्यले समेत पूर्ण देखिने उनका उक्त बालकाव्य एवम् खण्डकाव्यहरू बालबालिकालाई मनोरञ्जन तथा बौद्धिक विकास प्रदान गर्ने दृष्टिले उँचो रहेका देखिन्छन् । यसैगरी प्रौढहरूलाई समेत चेतनाको सन्देश प्रवाह गर्न सफल यिनै दुई कृतिहरूद्वारा देवकोटाको बालखण्डकाव्यकार व्यक्तित्व मूल्याङ्कन गर्न सकिन्छ । आधुनिक बालसाहित्यको विधिवत सूत्रपातकर्ता, बालसाहित्यका क्षेत्रमा प्रथम बालकाव्यका रचनाकार, ऐतिहासिक विषयवस्तुद्वारा राष्ट्रिय गौरवको प्रस्तुतकर्ता , काल्पनिक भावद्वारा प्रेमाख्यान एवम् प्राकृतिक छटाको सौन्दर्यपूर्ण चित्रणकर्ता आदिका कोणबाट लक्ष्मीप्रसाद देवकोटा आधुनिक बालसाहित्यका निर्माता तथा प्रभावशाली बालखण्डकाव्यकार प्रतिभा हुन् भन्ने कुरा सिद्ध हुन्छ ।

### ६.२ बालकाव्य प्रवृत्तिको आधारमा देवकोटा

#### ६.२.१ विषयवस्तुगत विविधता

जीवनजगतका जुनसुकै विषयवस्तुलाई अङ्गालेर साहित्यको सिर्जना गर्न सकिने भएतापनि प्रयुक्त विषयले रागात्मकता प्राप्त गर्नैपर्दछ । अझ बालसाहित्यमा त विषयवस्तु सरस भएन भने त्यसले बालकहरूलाई आकर्षित गर्नै सक्दैन । लक्ष्मीप्रसाद देवकोटाले बालकहरूको कलिलो दिमागले मन पराउने र पचाउन सक्ने विभिन्न किसिमका विषयवस्तु ग्रहण गरेका छन् । उनका केही बालकविताहरू राष्ट्रियताको भावनाले ओतप्रोत छन् भने केहीमा मनोवैज्ञानिक पक्षको सहज उद्घाटन पाइन्छ । त्यस्तै बुद्धिपरीक्षा र चेतनाबोध तथा सामाजिक चालचलन तथा घरव्यवहार, प्रकृतिका सुन्दर छटाहरू, पशुपङ्छी तथा कीराफट्याग्रा, मनोरञ्जनात्मक

एवम् हास्यात्मक प्रसङ्गहरू साथै बालस्वभावकेन्द्रित कुराहरू पनि देवकोटाको बालकवितामा समाविष्ट विषयवस्तुहरू हुन् ।

### ६.२.२ लयविधान

लय कविता तथा गीतको विधागत वैशिष्ट्य हो । लक्ष्मीप्रसाद देवकोटाले आफ्ना बालकविताहरूमा नेपालीका ४ छन्दढाँचामध्ये गद्यछन्द बाहेक वर्णमात्रिक छन्द र मात्रिक छन्द ढाँचाको प्रचुर प्रयोग गरेका छन् साथै गीतिलयको लोकछन्दको उपयोग पनि उनका कविता तथा खण्डकाव्यमा रहेको पाइन्छ । लयधर्मी पदयोजना, पङ्क्तिगत अनुप्रास, अर्थ र लयको समीकरण, लयतरङ्ग, गीतितत्व र स्वभाविक प्रवाहशीलताले कवि देवकोटा बालकविता/खण्डकाव्यहरू अझ उत्कृष्ट बनेका छन् । उनका यी बालकृतिहरूमा कतै लोकलयको मधुर रन्को भेटिन्छन् भने सहज-स्वभाविक गीतिलयमा रचिएका उनका काव्यकृतिहरू कोमल स्वर-व्यञ्जन वर्णको आन्तरिक आवृत्तिले अझ श्रुतिमधुर बनेका छन् । विविध छन्दविधानका ढाँचाभित्रको अन्तःसङ्गीत र अन्तर्लय नै बालकवि देवकोटाका कृतिहरूको अविष्मरणीय पहिचान हुन् ।

### ६.२.३ रसविधान

मानव मनका विभिन्न भाव तथा सहचारीभावहरूको सूक्ष्म अङ्कन गर्दै काव्यकृतिलाई सरस, बनाउनु बालसाहित्यकार देवकोटाको अर्को प्रवृत्ति हो । श्रृङ्गार ( प्रेम/वात्सल्य), शान्त (शम), वीर(उत्साह), हास्य (हाँसो), उद्‌भुत (आश्चर्य), विभत्स (घृणा), करुणा (शोक/चिन्ता) तथा रौद्र (रीस) आदि रसभावमूलक विषयवस्तुको प्रतिपादन गरिएको उनका बालकृतिहरूमा सहज सम्प्रेष्यता पाइन्छ । श्रृङ्गार, शान्त र अद्‌भुत रसको बाहुल्यता रहेका उनका कविताहरू रसभावका दृष्टिले रसिलो, मिठासपूर्ण र श्रुतिमधुर देखिन्छन् । जुनसुकै विषयलाई ग्रहण गरेपनि त्यसलाई रोचक एवम् अनुकूल बनाएर प्रस्तुत गर्नु उनको प्रवृत्ति हो भन्न सकिन्छ ।

### ६.२.४ भाषाशैली एवम् कथनपद्धति

कुनैपनि सिर्जनात्मक रचनाहरूमा भाषाशैलीको विशेष महत्व रहन्छ । यस अनुरुप नै देवकोटाले बालसाहित्य सुहाउँदो भाषाशैलीको प्रयोग गरेका छन् । छोटा, सरल, सहज शब्दको संयोजन, तत्सम, तद्‌भव र आगन्तुक स्रोतका शब्दचयन तथा झर्रा नेपाली र अनुकरणात्मक शब्द समीकरण उनका कविताहरूमा पाइन्छन् । लयात्मक एवम् अनुप्रासयुक्त शब्दप्रयोग, उखान टुक्का तथा गाउँखाने कथाका ग्राम्य शब्दहरूको प्रयोग उनका भाषिक प्रयोग हुन् । कलात्मक, साङ्गीतिकता, लयात्मकता, रागात्मकता, सौन्दर्यात्मकता, आलङ्कारिकता, सरलता, बोधगम्यता, श्रुतिमधुरता एवम् सम्प्रेष्यता आदि पक्षहरू देवकोटाका भाषाशैलीगत प्रवृत्ति हुन् । यसैगरी पौराणिक, धार्मिक, सामाजिक तथा ऐतिहासिक बिम्ब प्रतीकहरूको समेत प्रयोग उनका भाषाशैलीमा भेटिन्छन् जसले कविता ट्वाक्क र रसिलो बनाएको छ । उनका बालरचनाहरूमा बालरञ्जित प्रसादगुण, पाक्तचाली रीति, अविधा र व्यञ्जनार्थ किसिमका अर्थयुक्त शब्दसंयोजन पाइन्छ । सङ्क्षेपमा भन्नुपर्दा भाषागत सरलता, सरसता एवम् शैलीगत रोचकताका साथै व्याकरणिक अनुशासन देवकोटाका भाषाशैलीगत प्रवृत्ति हुन् ।

कथ्य कुराको कथन (प्रस्तुत) गर्ने तरिका नै कथन पद्धति हो । बालकवि लक्ष्मीप्रसाद देवकोटाले कथ्यको कथन गर्ने विभिन्न तौरतरिका र ढाँचाहरूको उपयोग गरी आफ्नो पहिचान

बनाएका छन् । उनका कृतिहरूमा प्रथम-पुरुषप्रधान साथै तृतीय पुरुषप्रधान दुबै किसिमको कथनपद्धति पाइन्छ । कवि प्रौढोक्ति तथा कविनिबद्ध वक्तृप्रौढोक्ति उक्तिढाँचाका वर्णनात्मक, विवरणात्मक, सम्वादात्मक, संस्मरणात्मक तथा सम्बोधनमूलक प्रक्रियामा उनका कृतिहरूले आयाम प्राप्त गरेको छन् । कविको भावात्मक आत्मकथन प्रमुख रूपमा ग्रहण गर्नु नै बालसाहित्यकार देवकोटाको प्रस्तुतिमूलक प्रवृत्ति रहेको देखिन्छ ।

### ६.२.५ उद्देश्यगत प्रवृत्ति

हरेक साहित्य रचनाका उद्देश्य रहेका हुन्छन् । यसरी उद्देश्य किटान गर्दा कुनै पनि वर्ग, समूह, उमेर, रुचि, क्षमता अनुकूलका उद्देश्यहरू चयन गरिन्छ । बालसाहित्यकार देवकोटाको बालकविता रचनाका पनि बालबालिकाको बाह्य तथा आन्तरिक क्षमता प्रष्फुटन, विकास र विस्तारका निम्ति विविध उद्देश्यहरू रहेका छन् । उनका समग्र बालकृतिभित्रका कविताहरूको अध्ययन र विश्लेषण गर्दा बालोपयोगी निम्न उद्देश्य रहेका भटिएका छन् । ती यस प्रकार छन्- बालबालिकाहरूलाई हास्य-मनोरञ्जन दिनु, नैतिक उपदेशमूलक शिक्षा दिनु, बौद्धिक चेतनामूलक शिक्षा दिनु, खेलजगतप्रति प्रेरित गराउनु, ईश्वरीय प्रेमभाव सिर्जना गराउनु, सामाजिक मेलमिलाप तथा प्रेमभावको विकास गर्नु, राष्ट्रप्रेमभाव जगाउनु, ठूला र मान्यजनप्रति श्रद्धा-सम्मान गर्नु, खेलजगतप्रति प्रेरित गराउनु, प्राकृतिक सौन्दर्यप्रतिको आकर्षण पैदा गराउनु तथा कल्पना शक्तिको विकास गराउनु उपर्युक्त उद्देश्यका आधारमा देवकोटाका बालकृतिहरू बालबालिकाका निम्ति अत्यन्तै उपयोगी तथा प्रभावकारी देखिन्छ जसले गर्दा उनलाई एक सफल बालसाहित्यकार हुन् भन्दा त्यति अत्युक्ति नहोला ।

### ६.२.६ कृतिगत प्रवृत्ति

कवि वा रचनाकारको सिर्जनामा स्वतः स्फूर्त प्रवाह हुने विचारधारागत मान्यता कृतिगत प्रवृत्ति हो । रचनाकारले साहित्य सिर्जना गर्दा कसैले एकै खाले विचारलाई प्रस्तुत गरेको हुन्छ त कसैले एकभन्दा बढी । जे होस् विविध मान्यतावरण गरेर साहित्यसिर्जना गरेपनि साहित्यकारको कुनै एक दृष्टिगत मान्यता रहेकै हुन्छ । यो नितान्त आवश्यकीय ठहर्छ । देवकोटाका बालकृतिभित्र पनि बहुमान्यता देखा परेका छन् अर्थात धेरै सिद्धान्त वा विचारलाई अवलम्वन गरेर उनले कविता काव्य सिर्जना गरेको पाइन्छ । यस अन्तर्गत आदर्शवाद, नीतिवाद, अस्तित्ववाद, प्रगतिवाद एवम् स्वच्छन्दतावाद जस्ता काव्य मान्यता देखिन्छन् । अधिक काव्यप्रवृत्तिहरू देखापरेपनि बालसाहित्यकार देवकोटालाई नेपाली बालसाहित्यिक क्षेत्रमा चिनाउने मान्यता उनको स्वच्छन्दतावादी मान्यता नै हो । प्रकृतिका विविध छटाहरूलाई भाव र कल्पनामा उनेर बालकविताहरूका रूपमा बालबालिकासामु कलात्मक रूपमा पस्कने चातुर्य प्रतिभा देवकोटाको मूल प्रवृत्ति स्वच्छन्दतावादी-प्रवृत्ति ने हो ।

## ६.३ उत्तरवर्ती बालसाहित्यिक स्रष्टाका नमुना स्रोत

जयपृथ्वीबहादुर सिंह, लेखनाथ पौड्याल तथा पारसमाणि प्रधान आदिले सुरुगरेका बालसाहित्यिक बीजारोपणलाई फुलाउने, फलाउने र त्यसको स्वाद बालबालिकाहरूलाई चखाउने बालसाहित्यिक ढुकुटीका नेतृत्वकर्ता हुन् बालसाहित्यका लक्ष्मीप्रसाद देवकोटा । अन्योलग्रस्त अवस्थामा यत्रतत्र छरिएर रहेका बालकविताहरूलाई व्यवस्थित गर्ने क्रममा बालसाहित्यको निश्चित खाका तयार पार्ने र बालसाहित्य लेखनको विधिवत सूत्रपात गर्ने अग्रणी व्यक्तित्वका रूपमा चर्चित देवकोटालाई उत्तरवर्ती बालसाहित्यिक स्रष्टाका नमुना स्रोत मानिन्छ ।

नेपाली बालसाहित्य फाँटका दोस्रो चरण (१९९७-२०३६)का निर्माता एवम् प्रथम बालकवि लक्ष्मीप्रसाद देवकोटा वि.सं. १९९७ सालमा 'राजकुमार प्रभाकर' (बालकाव्य) खण्डकाव्य प्रकाशन गरी बालसाहित्यमा देखा परे । प्रचुर कल्पना र सौन्दर्यलेयुक्त कृति बालबालिकाका सिर्जनात्मक, बौद्धिक तथा ज्ञानबर्द्धक दृष्टिले निकै चर्चाको शिखर चढ्न सफल भए । बालसाहित्य लेखनको औपचारिक शिलान्यास उनको यसै खण्डकाव्यबाट भयोभने पछि उनी एक सशक्त बालसाहित्यकारकै रूपमा लोकप्रिय बने । देवकोटाको यसै विद्धतालाई कोशेढुङ्गो सावित गरी धेरै स्रष्टाहरूले उनका उनुयायी बनेर बालसाहित्यलाई विकास र विस्तारको चरम चुलीमा पुऱ्याए र अझै पनि अग्रगतिमा लम्किरहेका देखिन्छन । देवकोटालाई नमुना स्रोतका रूपमा स्थापित गर्दै थुप्रै बालस्रष्टाहरूले बालसाहित्य एवम् बालकविताक्षेत्रमा उल्लेख्य योगदान दिएको देखिन्छ । यसअन्तर्गत बालसाहित्यकार तथा गीतकार माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली, ध्रुवकृष्ण दीप, जनकप्रसाद हुमागाईं, शारदारमण नेपाल, दैवराज न्यौपाने तथा दुर्गालाल श्रेष्ठ आदि रहेका छन् भने अन्य स्रष्टाहरू पनि यसतर्फ तल्लीन रहेको पाइन्छ ।

वस्तुतः देवकोटाले सुरू गरेको बालसाहित्य लेखनले आज निकै मौलाउने र फस्टाउने उचित वातावरण पाएको छ । यसै सिलसिलामा बालकविताका साथै बालकथा, बालउपन्यास, बालजीवनी, बालनिबन्ध, बालनाटक आदि हाँगाहरूमा सिर्जना भएका छन् ती बालबालिकाहरूमा सिर्जनात्मक, बौद्धिक तथा ज्ञानबर्द्धक दृष्टिले अन्त्यन्त अपरिहार्य र अभिन्न साहित्यिक क्षेत्रको रूपमा देखापरेका छन् । यसको औपचारिक नमुनास्रोत बालसाहित्यकार देवकोटा हुन् ।

# सातौं परिच्छेद

# उपसंहार

महाकवि देवकोटाको बालकविताको अध्ययन शीर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रको मूल उद्देश्य लक्ष्मीप्रसाद देवकोटाको सामान्य चिनारी दिँदै बालसाहित्य सिद्धान्तका आधारमा उनको **बालकविताको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन** गर्नु हो ।

प्रस्तुत शोधपत्रको पहिलो परिच्छेदमा शोधपत्रको परिचय दिइएको छ । शोधपत्रको परिचय दिने क्रममा शोधपत्रको शीर्षक, शोधकार्यको प्रयोजन, समस्याकथन, शोधकार्यको उद्देश्य, शोधशीर्षकसँग सम्बन्धित पूर्वकार्यको विवरण, शोधकार्यको औचित्य र महत्व, शोधकार्यको क्षेत्र र सीमा, शोधकार्य गर्दा सामग्री सङ्कलन गर्ने तरिका र शोधविधि तथा शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ । प्रस्तुत शोधपत्रको दोस्रो परिच्छेदमा लक्ष्मीप्रसाद देवकोटाको परिचय, वंशाणुगत पृष्ठभूमि तथा जन्म, बाल्यकाल, शिक्षा, पारिवारिक जीवन तथा घटनाकार्य, भ्रमण, देह्वसान र सम्मान तथा पुरस्कारको चर्चा गरिएको छ । शोधपत्रको तेस्रो परिच्छेदमा देवकोटाका कवितायात्रा र काव्यप्रवृत्तिको चित्रण गरिएको छ । कवितायात्राअन्तर्गत नेपथ्यकालीन चरण तथा सार्वजनिक चरणमा विभाजन गरिएको छ । सार्वजनिक चरणअन्तर्गत पनि विशुद्ध स्वच्छन्दतावादी चरण तथा स्वच्छन्दतावादी-प्रगतिवादी चरण रहेको छ । साथै दुबै चरणका कविता प्रवृत्तिको समेत उल्लेख गरिएको छ । चौथो परिच्छेदमा बालकविता सिद्धान्त र नेपाली बालकविताको विकासक्रमको चर्चा गरिएको छ । बालकविताको स्वरूप, परिभाषा, वर्गीकरण, नेपाली बालकविताका पृष्ठभूमिगत चरण विभाजन तथा तिनका समष्टिगत प्रवृत्तिको चित्रण गरिएको छ ।

प्रस्तुत शोधपत्रको पाँचौं परिच्छेदमा महाकवि देवकोटाको बालकविताको अध्ययन गरिएको छ । यसअन्तर्गत देवकोटाको बालसाहित्यिक पृष्ठभूमि, प्रेरणा र प्रभाव, बालसाहित्यलेखनको थालनी, बालसाहित्यलेखनसम्बन्धी उनको धारणा, बालकवितायात्राको मोड र प्रवृत्ति, बालकविताकृति 'राजकुमार प्रभाकर' (खण्डकाव्य), 'पुतली', 'सुनको विहान', 'चिल्लापातहरू' तथा 'छाँगासँग कुरा' (कवितासङ्ग्रह) र 'कटक' (खण्डकाव्य) को अध्ययन, विश्लेषण तथा काव्यप्रवृत्तिगत मूल्याङ्कन गरिएको छ । शोधपत्रको छैटौं परिच्छेदमा बालसाहित्यकोणबाट देवकोटाको मूल्याङ्कन गरिएको छ । यसअन्तर्गत उनको बालसाहित्यिक योगदान तथा बालकाव्यप्रवृत्ति तथा उत्तरवर्ती बालसाहित्यिक स्रष्टाका नमुना स्रोतका रूपमा उनको चर्चा गरिएको छ । विषयवस्तुगत विविधता लयविधान, रसविधान, भाषाशैली, कथनपद्धति, उद्धेश्यगत प्रवृत्ति तथा कृतिगत प्रवृत्तिको चित्रण गरिएको छ ।

**महाकवि देवकोटाका बलकविताको अध्ययन** शीर्षक रहेको प्रस्तुत शोधपत्रमा लक्ष्मीप्रसाद देवकोटाको चिनारी, बालसाहित्यिक सर्वेक्षण, अध्ययन, विश्लेषण तथा नेपाली बालकवितात्मक रूपबाट उनको औचित्य मूल्याङ्कन गरिएको छ । यो शोधपत्र त्रिभुवन विश्वविद्यालयको शैक्षिक प्रयोजनको लागि तयार पारिएको हो । बालसाहित्यिक गतिविधि तथा नेपाली बालसाहित्यफाँटमा उनले गरेका योगदानका बारेमा विभिन्न कोणबाट विशेष अध्ययन तथा अनुसन्धान हुनु जरुरी देखिन्छ । अध्ययन तथा अनुसन्धानका केही सम्भावित विषय र शीर्षक यस प्रकार रहेको पाइन्छ -

१. लक्ष्मीप्रसाद देवकोटाका बालसाहित्यिक गतिविधिको समग्र सर्वेक्षणात्मक अध्ययन ।

२. पत्रपत्रिकामा छरिएर रहेका उनका अप्रकाशित बालकविता रचना तथा प्रकाशित बालकविताको अध्ययन ।

३. अन्य बालसाहित्यकारहरूको बालकविताकृतिसँग िवकोटाका बालकविताकृतिको तुलनात्मक अध्ययन आदि ।

बालसाहित्यका विभिन्न विधामध्ये बालकविता एक स्वतन्त्र र प्रमुख विधा हो । नेपाली साहित्यका अन्यविधाहरूका तुलनामा लेखन एवम् विकासका क्रमले कान्छो विधाको रूपमा देखिएको यसको प्रभाव र विस्तार उल्लेख्य रूपमा बढ्दै गइरहेको छ । वि.सं. १९५८ तिर जयपृथ्वीबहादुर सिंहद्वारा शैक्षिक सामग्रीको अभावपूर्ति गर्ने क्रममा सिर्जना भएर विकसित र विस्तारित हुँदै लेखनाथ पौड्यालबाट लेखन आरम्भ गरिएको हो । यस परिप्रेक्ष्यमा बालकविताफाँटमा देखापरेका बालसाहित्यकारहरू लेखनाथ पौड्याल, पारसमणि प्रधानपछि देखापरेका लक्ष्मीप्रसाद देवकोटा विशेष उत्कृष्ट बालसाहित्यकार हुन् ।

वि.सं. १९९७ को 'राजकुमार प्रभाकर' खण्डकाव्यको प्रकाशनद्वारा नेपाली बालसाहित्यकाशमा देखापरेका बालसाहित्यकार लक्ष्मीप्रसाद देवकोटा आधुनिक बालसाहित्य सिर्जनाका प्रथम स्तम्भकार हुन् । विषय र शिल्प दुबै दृष्टिले उनी सर्वथा नवीन एवम् उत्कृष्ट बालसाहित्यकार बनेका छन् । देवकोटा ऐतिहासिक, परिमाणात्मक तथा गुणात्मक तीनै कोणबाट उत्कृष्ट देखिन्छन । उनका पुतली, सुनको विहान र चिल्लापातहरू गुणात्मकताका दृष्टिले अग्रस्थानमा रहेका छन् । प्रथम प्रकाशित बालकृति तथा दुई खण्डकाव्य र ४ ओटा बालकवितासङ्ग्रहका आधारमा उनको ऐतिहासिक एवम् परिमाणात्मक वैशिष्ट्य निर्धारण गर्न सकिन्छ । वस्तुगत, आत्मगत तथा प्राकृतिक सौन्दर्यको उच्च कलात्मक आयोजना गरी बालबालिकाहरूलाई मनोरञ्जन र शिक्षाको युगल उपलब्धि हासिल गराउने उनका बालसाहित्यिक कृतिहरू गुणात्मक दृष्टिले प्रशंसनीय रहेका छन् । नेपाली बालसाहित्यको ऐतिहासिक परम्पराका रुपमा युगान्तकारी प्रतिभाका नमुना भएर रहेका लक्ष्मीप्रसाद देवकोटा नेपाली बालकविताका एक उदाहरणीय उज्वल नक्षत्र हुन् ।

## सन्दर्भग्रन्थ सूची :


- अवस्थी, महादेव, लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, नेपाली केन्द्रीय विभाग (मानविकी तथा सामाजिकशास्त्र सङ्काय) त्रि.वि. कीर्तिपुर, २०५६ ।
- ………………, लक्ष्मीप्रसाद देवकोटाको खण्डकाव्यकारिता, काठमाडौंः एकता बुक्स डिस्ट्रिव्यूटर्स प्रा.लि. थापाथली, २०६१ ।
- ………………, नेपाली बालसाहित्यको सयवर्ष (१९५८-२०५८), अप्रकाशित लेख ।
- कटवाल, सीता, नेपाली बालकविताको अध्ययन, अप्रकाशित विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग (मानविकी तथा सामाजिकशास्त्र सङ्काय) त्रि.वि. कीर्तिपुर, २०५० ।
- घिमिरे, मोहनप्रसाद, बालसाहित्यकार माधवप्रसाद घिमिरे लेखकीय विधागत योगदान, अप्रकाशित विद्यावारिधि शोधपत्र, नेपाली केन्द्रीय विभाग (मानविकी तथा सामाजिकशास्त्र सङ्काय) त्रि.वि. कीर्तिपुर, २०५६ ।
- जोशी, कुमारबहादुर, महाकवि देवकोटा र उनका महाकाव्य, काठमाडौंः सहयोगी प्रकाशन २०३१ ।
- ………………, महाकवि देवकोटाका कवितायात्रा र त्यसको मोड उपमोडको विवेचना, अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, नेपाली केन्द्रीय विभाग (मानविकी तथा सामाजिकशास्त्र सङ्काय) त्रि.वि. कीर्तिपुर, २०४२ ।
- ………………, देवकोटाका कवितायात्राको विश्लेषण र मूल्याङ्कन, काठमाडौंः साझाप्रकाशन, २०४७ ।
- ………,देवकोटाका प्रमुख कविताकृतिको कालक्रमिक विवेचना, काठमाडौंः सिद्धार्थ वनस्थली प्राज्ञिक परिषद्, २०४८ ।
- त्रिपाठी, वासुदेव र अन्य, नेपाली कविता भाग-४, काठमाडौं, साझा प्रकाशन, पुल्चोक, २०६० ।
- देवकोटा, लक्ष्मीप्रसाद, समर्पण, राजकुमार प्रभाकर, काठमाडौंः साझा प्रकाशन, २०२४ ।
- प्रधान, भिक्टर, बालसाहित्यको सिद्धान्त र शोधप्रक्रिया (अप्रकाशित लेख) ।
- बन्धु , चूडामणि, देवकोटा, काठमाडौंः साझाप्रकाशन, २०३५ ।
- बन्धु, चूडामणि र अन्य, नेपाली बालसाहित्यको सर्वेक्षण (वि.सं.२०३५), प्रस्तुत सर्वेक्षण प्रतिवेदन, नेपाली केन्द्रीय विभाग (मानविकी तथा सामाजिक शास्त्र सङ्काय) त्रि.वि. कीर्तिपुर, २०४२ ।
- बन्धु, चूडामणि, देवकोटा, काठमाडौंः साझाप्रकाशन, २०५१ ।
- मल्ल, कोमलवदन र अन्य, प्ररम्भिक बाल्यवस्था विकासको सिद्धान्त, काठमाडौंः डिनको कार्यालय, शिक्षा सङ्काय त्रि.वि. कीर्तिपुर, २०५० ।
- रिमाल, अम्विकादेवी, खण्डकाव्यकार लक्ष्मीप्रसाद देवकोटाका खण्डकाव्यकारिताको वर्णनात्मक अप्रकाशित विद्यावारिधि शोधग्रन्थ, नेपाली केन्द्रीय विभाग (मानविकी तथा सामाजिकशास्त्र सङ्काय) त्रि.वि. कीर्तिपुर (२०३९-४२) ।
- लाल, रेवतीरमण, मैथिली बालगीत, काठमाडौंः नेबासास, २०५० ।
- विकल, रमेश, बालसाहित्य, काठमाडौंः नेबासास, २०५० ।
- हुमागाईं, जनकप्रसाद, नेपाली साहित्यमा बालसाहित्यको स्थान, काठमाडौंः प्र. चैतन्य सिटौला, २०४५ ।

**पत्रपत्रिका सूची :**


- देवेन्द्रप्रसाद उपाध्याय, 'आशुकवि लक्ष्मीप्रसाद देवकोटा', भारती, (वर्ष १, अङ्क १०, २००६) पृ.१७-५४ ।
- स्वयम्भूलाल श्रेष्ठ, 'महाकवि देवकोटा : सङ्क्षिप्त जीवनी र केही संस्मरण', भानु, (वर्ष ५, अङ्क.....,) पृ. १८५ फागुन ।
- वासुदेव त्रिपाठी, 'देवकोटाको काव्य-सिर्जनाः उनैका आत्मस्वीकृतिहरू, भानु (वर्ष ५, अङ्क १२), पृ.४३७-४१ ।
- महादेव अवस्थी, 'राजकुमार प्रभाकर', गरिमा (वर्ष ३, अङ्क ११, पूर्णाङ्क ३५, २०४२ कार्तिक), पृ. ७९ ।
- वासुदेव त्रिपाठी, 'महाकवि देवकोटाद्वारा आफ्नै कवितायात्रामा सङ्कलित कविताक्रान्ति र उनका उत्तरार्द्ध कवितायात्राका थालनी एवम् दिशाबोध', गोधुली (अङ्क ५, वर्षाशरद्, २०५१ ) ।
- प्रमोद प्रधान, 'यसरी अगाडि बढेको छ बालकविता', मधुपर्क (वर्ष ३०, अङ्क ५, पूर्णाङ्क ३४०, २०५४ असोज), पृ. ६ ।